CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै मानिस दाजुभाइ हुन्

शक्षा। सं

महात्मा गान्धीको

जीवनी र विचार

उहाँको आफ्नै शब्दमा

नेपाल गान्धी शतवार्षिक समारोह समिति
काठमाडौं ।
२०२६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०२६ सालमा

नेपाल गान्धी शतवार्षिक समारोह समितिद्वारा प्रकाशित

तथा

जोरगणेश प्रेस प्रा० लि०, काठमाडौंद्वारा मुद्रित

© यूनेस्को, १९५८

Unesco, 1958

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

२०१३ सालको कार्तिक महीनातिर नयाँ दिल्लीमा भएको नवौं संयुक्त राष्ट्र शिक्षा विज्ञान तथा संस्कृति संगठनले उहाँकेको प्रतिनिधि मण्डलको प्रस्तावमा एउटा संकल्प पारित गर्दै 'गान्धीजीका चुनिएका विचारहरूको एउटा संकलन उहांको व्यक्तित्वको एउटा अध्ययनसमेत संलग्न गरेर निकाल्ने प्रवन्ध मिलाउन महानिर्देशकलाई' अधिकार दियो ।

महाधिवेशनले यसरी जसको आध्यात्मिक प्रभाव संसारभरि फैलिएको छ ती मानिसको व्यक्तित्व तथा लेख दुवैप्रति श्रद्धाञ्जलि अर्पण गर्ने संयुक्त राष्ट्र शिक्षा विज्ञान तथा संस्कृति संगठनलाई अवसर दिने इच्छा गऱ्यो ।

पाठ्यसामग्रीको चयन व्यापक जनसाधारणलाई अपील गरी हुने तथा गान्धीजीको लेख तथा व्यक्तित्वका विभिन्न पक्षहरूको जानकारी दिने र अरू बढी प्रचार गर्ने हेतुले गरिएको छ ।

भारतका उपराष्ट्रपति, महामहिम सर सर्वपल्ली राधाकृष्णनले कृपापूर्वक एउटा छोटो भूमिका लेखिदिन स्वीकार गर्नुभएको छ – जुन भूमिकामा गान्धीजीको दर्शनका प्रमुख विशेषताहरू र मानिसहरूमा मैत्रीभावना र समझदारी बढाउनमा उहाँले पाउनु भएको प्रभावको वर्णन गरिएको छ ।

उहाँको साह्रै नै अमूल्य सहयोगको लागि महामहिम सर्वपल्ली राधाकृष्णनप्रति र यस पुस्तक तयार गर्न मद्दत दिनुभएका भारतीय अधिकारीहरूप्रति पनि संयुक्त राष्ट्र शिक्षा विज्ञान संस्कृति संगठन ज्यादै आभारी छ ।

साहित्य अकादमीका सचिव, श्री कृ. र. कृपलानीप्रति पनि, उहाँले गर्नुभएको उच्चकोटिको सहायताको लागि, विशेष कृतज्ञता ज्ञापन गरिएको छ ।

प्रस्तुत प्रकाशन अंग्रेजीपछि फ्रेञ्च र स्पेनिशमा पनि प्रकाशन गर्ने योजना गरिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीषय सूचि

प्रस्तावना		...	प्रन्ध्र
परिच्छेद १	आत्मकथासम्बन्धी	...	३
परिच्छेद २	धर्म र सत्य	...	७१
परिच्छेद ३	साधन र साध्य	...	१०५
परिच्छेद ४	अहिंसा	...	१०८
परिच्छेद ५	आत्म–अनुशासन	...	१३६
परिच्छेद ६	अन्तर्राष्ट्रिय शान्ति	...	१४८
परिच्छेद ७	मानिस र मेशिन	...	१५६
परिच्छेद ८	अधिकतामा न्यूनता	...	१६२
परिच्छेद ९	प्रजातन्त्र र जनता	...	१७३
परिच्छेद १०	शिक्षा	...	१८९
परिच्छेद ११	नारी	...	१९९
परिच्छेद १२	विविध	...	२०९
शब्दावलि		...	२२५
मूल स्रोत		...	२२८
चुनिएको ग्रन्थसूची		...	२४२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तावना

महापुरुषको जन्म कहिले कहीं मात्र हुन्छ। कैयौं शताब्दी गुज्रन सक्छ यस्तो कुनै घटनाविना। ऊ चिनिन्छ उसको जीवनीबाट मात्र। ऊ पहिले जिउँछ, अनि अरूलाई भन्छ– त्यस्तै उनीहरू पनि जिउन सक्तछन्। त्यस्तै एउटा महापुरुष गान्धीजी हुन्। उनका भाषण र लेखहरूबाट ठूलो बुद्धि र विचार पुऱ्याएर श्री कृष्ण कृपलानीले गर्नुभएको यो संकलनले गान्धीजीको मनको स्थिति, उनका विचारहरूको विकास र उनले अप्नाएका व्यावहारिक विधिहरूको बारेमा पाठकहरूलाई केही ज्ञान दिनेछ।

गान्धीजीको जीवन भारतको धार्मिक परम्परामा आधारित थियो जुन परम्पराले सत्यको गहिरो खोज, जीवनको अगाध श्रद्धा, अनासक्तिको आदर्श र परमात्माको ज्ञानको लागि सबै कुरा त्याग गर्ने तत्परतामा जोड दिएको छ। सत्यकै अनवरत खोजीमा उनले जीवन लगाए : 'यही लक्ष्य प्राप्तिको लागि म बाँच्छु, हिंड्छु र अस्तित्व राख्तछु।'

त्यो जीवन जसको कुनै आधार छैन, गहिराइ छैन, त्यो एउटा खोक्रो जीवन हो। यस्तो पनि भन्नेहरू छन्– हामी त्यही गर्छौं, जो उचित देख्तछौं। यस्तो होइन। उचित हो भनेर जानेको बखतमा पनि हामी उचित नै रोज्दछौं र गर्दछौं भन्ने केही छैन। हामी शक्तिशाली भावनाहरूको दबावमा पर्दछौं र गलित गर्दछौं र हामीमा भएको प्रकाश-लाई धोका दिन्छौं। 'अहिलेको अवस्थामा हामीहरू, हिन्दू सिद्धान्तअनुसार, पूरा मानव भइसकेका छैनौं; हाम्रो तल्लो भाग अझै पशु नै छ; हाम्रो तल्लो चेतना-माथि प्रमद्वारा विजय गर्नाले मात्रै हामीभित्र भएको पशुत्वलाई निर्मूल गर्न सकिन्छ।' गर्नु-बिराउनु, आत्मान्वेषण गर्नु र कठोर नियममा बस्नुको प्रक्रियाद्वारा नै मानिस कष्टपूर्ण पाइला चाल्दै पूर्णताको बाटोमा लाग्छ।

गान्धीजीको धर्म युक्तिसंगत र आचार प्रधान धर्म हो। आफ्नो विवेकले नदेखेको मतलाई अथवा आफ्नो आत्मालाई नजँचेको आदेश–उपदेशलाई मान्न उनी तयार थिएनन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म हा त्मा गा न्धी

हामीले ईश्वरलाई, हाम्रो बुद्धिले मात्र होइन हाम्रो सम्पूर्ण अस्तित्वले नै विश्वास गर्न थाल्यौं भने, हामीले सम्पूर्ण मानवजातिलाई नै जाति, वर्ग, राष्ट्र, धर्म कुनै पनि कुराको भेदभाव नराखी प्रेम गर्न थाल्नेछौं । हामी त्यसबेला मानवजातिको एकताको लागि काम गर्ने हुनेछौं । 'मेरा सारा कार्यकलापको उत्पत्ति नै मानवजातिप्रतिको मेरो अपरिवर्तनीय प्रेमबाट भएको हो।' 'मेरो लागि आफन्त, पराई, स्वदेशी, विदेशी, गोरा, काला, हिन्दू, अहिन्दू– मुसलमान, पारसी, क्रिश्चियन, यहुदी कोही पनि फरक छैन । म भन्न सक्छु– मेरो हृदयले यस्तो भेदभाव कहिल्यै गर्न सकेको छैन ।' 'उपासनापूर्ण अनुशासनको लामो प्रक्रियाद्वारा चालीसभन्दा बढी सालदेखि मैले सबैलाई घृणा गर्न छोडेको छु ।' सबै मानिस दाजुभाइ हुन् र कुनै पनि मानिस अर्को मानिसको लागि पराइ हुनु हुन्न । हाम्रो उद्देश्य सर्वोदय अर्थात् सबैको कल्याण हुनुपर्छ । ईश्वर त्यो साझा सम्बन्ध हो जसले सबै मानिसहरूलाई एक सूत्रमा बाँध्छ। हाम्रो सबैभन्दा ठूलो शत्रुसँग नै किन नहोस् यस्तो सम्बन्ध तोड्नुको माने हो ईश्वर आफैलाई टुक्राटुक्रा पार्नु । सबैभन्दा दुष्टमा पनि मानवता रहन्छ ।'*

यही विचारले मानिस राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै किसिमका समस्याहरू समाधान गर्ने बेस उपायको रूपमा अहिंसालाई अप्नाउँछ भने कुनै अस्वाभाविक पनि हैन । गान्धीजी आफूलाई कल्पनावादी होइन कि व्यावहारिक आदर्शवादी भन्थे । अहिंसा भनेको सन्त र ऋषिमुनिहरूको लागि मात्र होइन, यो साधारण मानिसहरूको लागि पनि हो । 'अहिंसा हाम्रो जातिको नियम हो, जस्तो हिंसा पशुको हो । पशुमा भएको आत्मा सुषुप्तावस्थामा रहन्छ र त्यसले शारीरिक शक्तिको बाहेक अरू कुनै नियम जान्दैन । मानिसको मर्यादालाई माथिल्लो नियम अर्थात् आत्माको बलको पालना गर्नुपर्ने हुन्छ ।'

अहिंसाको सिद्धान्तलाई व्यक्तिगत तहबाट उठाई सामाजिक तथा राजनैतिक तहसम्म पुऱ्याउने मानव इतिहासमा सबभन्दा पहिलो व्यक्ति गान्धीजी नै हुन् । उनले राजनैतिक जीवनमा प्रवेश गरेको नै अहिंसाको प्रयोग गरी त्यसको औचित्य स्थापना गर्नको निमित्त थियो ।

*हेर्नुहोस्: महाभारत : असाधुश्चैव पुरुषो लभते शीलम् एकदा, १२.२५९.११

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'कतिपय साथीहरूले मलाई राजनीति र सांसारिक जीवनमा सत्य र अहिंसाको कुनै स्थान छैन भनी भनेका छन् । म त्यो कुरा मान्न सक्तिन । व्यक्तिगत मुक्ति पाउने साधनको रूपमा मेरो तिनीहरूसँग केही मतलब छैन । दैनिक जीवनमा तिनीहरूलाई लगाउनु र प्रयोग गर्नु मेरो सधैंको उपासना रहेको छ ।' 'मेरो लागि, धर्मविनाको राजनीति, सदाको लागि वर्जित फोहोर मात्र हो । राजनीतिको चासो राष्ट्रहरूसँग हुन्छ र त्यो राजनीति जसको चासो राष्ट्रहरूको कल्याणसँग हुन्छ मानिसको चासोमध्येको हुनुपर्छ जुन मानिस धार्मिक रूपले प्रवृत्त हुन्छ, अर्थात् ईश्वर र सत्यको उपासक हुन्छ । ईश्वर र सत्य मेरो लागि पर्यायवाची कुरा हुन्, कसैले मलाई ईश्वर भनेको असत्य अथवा अत्याचारका ईश्वर हुन् भनी भन्यो भने म उनको पूजा नैं गर्न छोडि-दिन्छु । राजनीतिमा पनि, यसैकारण हामीले स्वर्गको राज्य स्थापना गर्नुपर्छ ।'

भारतको स्वतन्त्रताको संग्राममा, उनको जोड थियो कि हामीले अहिंसा र सहिष्णुताको सभ्य तरीका अप्नाउनु पर्छ । भारतको स्वतन्त्रताको लागि उनले जुन अड्डी लिए त्यो बिलायत-प्रतिको कुनै घृणामा आधारित थिएन । हामीले पापलाई घृणा गर्नुपर्छ पापीलाई होइन । 'मेरो लागि देशभक्ति मानवता जत्तिकै हो । म देशभक्त छु किनकि म मानव र मानवतावादी छु । भारतको भलाइको लागि म बिलायत अथवा जर्मनीको नोक्सान गर्न चाहन्न ।' उनको विश्वास थियो कि भारतको लागि उचित काम गर्नमा मद्दत दिएर उनले अंग्रेजहरूको सेवा गरे । परिणाममा भारतीय जनताले मुक्ति पाएको मात्र होइन मानवजातिकै नैतिक शक्तिमा वृद्धि हुन गयो ।

अहिलेको आणविक प्रसारणको सन्दर्भमा, संसारलाई बचाउने हो भने, हामीले अहिंसाका सिद्धान्तहरूको पालन गर्नु पर्छ । गान्धीजी भन्थे : 'अणुबमले हिरोशिमाको मटियामेट गर्‍यो भन्ने पहिलो खबर सुन्दा मैले एउटा मांसपेशीलाई चलाइन । उल्टो आफूलाई भनें: "अब पनि संसारले अहिंसालाई अप्नाउँदैन भने निश्चय नै यसले मानव जाति-लाई आत्महत्याको बाटोमा धकेल्नेछ ।" कुनै पनि अब हुने संघर्षमा कुनै पनि पक्षले आणविक हतियारको प्रयोग गर्ने छैन भनी भन्न सक्तैनौं । हामीसँग आज यस्तो शक्ति भैसकेको छ जसद्वारा हामीले निमेषभरीमा नै, कयौं शताब्दी लगाएर मिहेनत र वलिदानद्वारा सावधानीपूर्वक निर्माण गरेका सारा कुरा निर्मूल पार्न सक्तछौं । प्रचारको संगठित कार्यद्वारा हामी मानिसको मनलाई आणविक युद्धको लागि तयार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गराउँछौं । उत्तेजनात्मक वक्तव्यहरू निःशंक उड्ने गर्छन् । हामी शब्दैमा पनि धावा बोल्छौं; निष्ठुर फैसला, द्वेष भावना, क्रोध यी सबै हिंसाका घुसघुसे रूप हुन् ।

अहिलेको अवस्थामा जब हामीले आफूलाई विज्ञानले ल्याएको नयाँ स्थितिको अनुकूल बनाउन सकेका छैनौं, अहिंसा, सत्य र समझदारीको सिद्धान्तलाई अप्नाउनु सजिलो कुरा छैन । तर यतिमै हामीले प्रयत्न गर्न छोड्नु हुँदैन । राजनैतिक नेताहरूको हठले हाम्रो मनमा डर र त्रास पैदा गर्छ भने, संसारमा जनसाधारणको सामान्य ज्ञान र विवेकले हामीलाई आशा दिन्छ ।

आधुनिक कालमा भइरहेको परिवर्तनको बढ्दो गतिले अब एकसय वर्षमा संसारमा कस्तो हुने हो हामी जान्दैनौं । भविष्यमा हुने विचार र भावनाको प्रवाहलाई हामी अहिले सोच्न सक्तैनौं । समय बित्दै जाला, तर सत्य र अहिंसाका महान् सिद्धान्त-हरू हामीलाई बाटो देखाउन रहिरहलान् । क्लान्त र अशान्त संसारमाथि रखवारी गरिरहने ती मौन तारा हुन् । गान्धीजी जस्तै हामी पनि सदैं गइरहेको बादलमाथि सूर्य चम्कन्छ भन्ने विश्वासमा दृढ हुन सक्तछौं, ।

हामी यस्तो युगमा बाँचेका छौं जसलाई आफ्नो पराजयको र नैतिक अशिष्टताको ज्ञान छ, जसमा पुराना मान्यताहरू टुट्दै छन्, परिचित आदर्शहरू ढल्किंदै र चर्किंदै छन् । असहिष्णुता र द्वेषभावना बढ्दो छ । महान् मानव समाजलाई जुन सिर्जनात्मक ज्वालाले सल्काएको हो त्यसको तेज कम हुँदै गइरहेको छ । गजबको विचित्रता र विभिन्नता भएको मानव मनबाट बुद्ध अथवा गान्धी, नेरो अथवा हिटलर जस्ता विपरीत चरित्रहरूको उत्पत्ति भएको छ । हाम्रो लागि गौरवको कुरा हो कि इतिहासका सबभन्दा ठूला व्यक्तित्वमध्ये एउटा हाम्रो युगमा बाँचे, हामीसँगै हिंडडुल गरे, हामीसँग कुरा-कानी गरे र हामीलाई सभ्यतापूर्ण जीवनयापनको तरीका सिकाए । जसले कसैको खराबी गर्दैन ऊ कसैदेखि डराउँदैन । ऊसँग छिपाउनुपर्ने कुरा केही हुँदैन र यसैले निर्भय हुन्छ । उसको आँखा सोझो हुन्छ । उसको पाइला दरो हुन्छ, उसको शरीर सोझो हुन्छ, र उसका कुराहरू प्रत्यक्ष र सीधा हुन्छन् । प्लेटोले धेरै अगाडि भनेका थिए: ' संसारमा जहिले पनि थोरै मात्र सत्प्रेरित मानिसहरू हुन्छन् जसको परिचय अमूल्य हुन्छ ।'

सर्वपल्ली राधाकृष्णन् ।

१५ अगष्ट १९५८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संकलन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद १

आत्मकथासम्बन्धी

मेरो उद्देश्य साँच्चिका आत्मकथा लेख्नु होइन । म खालि सत्यसम्बन्धी मेरा असंख्य प्रयोगहरूको किस्सा भन्न लागेको हुँ । र मेरो जिन्दगी नै यी प्रयोगहरू सिवाय अरू केही नभएको हुनाले यो सत्य हो कि यस किस्साले आत्मकथाको रूप लिनेछ । तर यसका प्रत्येक पृष्ठले खालि मेरा प्रयोगहरूको मात्र चर्चा गर्‍यो भने म पर्वाह गर्दिन । १

राजनैतिक क्षेत्रमा मैले गरेका प्रयोगहरू अहिलेसम्ममा भारतमा मात्र होइन, केही हद सम्म 'सभ्य' संसारमा पनि विदित भइसकेका छन् । मेरो लागि तिनीहरू धेरै महत्वका छैनन्, र तिनीहरूबाट मलाई प्राप्त भएको 'महात्मा' को उपाधि पनि यसैले, कमै महत्वको छ। बराबर यो उपाधिले मलाई अति नै कष्ट दिने गरेको छ, र मैले सम्झन सकेको एक छिन छैन जब यसले मलाई आनन्द दिएको छ भन्न सकियोस् । तर आध्यात्मिक क्षेत्रमा जुन प्रयोगहरू मैले गरें त्यो वनाउन जरुर म मन पराउँछु– जुन प्रयोगहरू मलाई मात्र थाह छ, र जसबाट यस्तो शक्ति मैले हासिल गरेको छु जुन मैले राजनीतिक क्षेत्रमा काम गर्नको निमित्त पाएको छु । यी प्रयोगहरू साँच्चिनै आध्यात्मिक छन् भने, त्यस अवस्थामा आत्मश्लाघाको लागि कुनै स्थान हुन सक्तैन । तिनीहरूबाट मेरो विनम्रतामा योगसम्म हुन सक्ला । जतिजति म सोच्छु र बितेको समयतिर फर्कन्छु, उतिउति स्पष्टसँग म आफ्नो सीमित शक्तिको महसूस गर्छु । २

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म जे हासिल गर्न चाहन्छु– विगत तीस वर्षदेखि मैले जे हासिल गर्नको निमित्त तनमनले कोशिस गर्दै आइरहेको छु – त्यो हो आत्म-ज्ञान, परमेश्वरको दर्शन, मोक्षको प्राप्ति । यही लक्ष्य प्राप्तिको लागि म बाँच्छु, हिँड्छु र अस्तित्व राख्छु । लेखेर तथा बोलेर म जे जति गर्छु, र राजनैतिक क्षेत्रमा म जे जति जोखिम उठाउँछु, यी सबै यही लक्ष्यतिर निर्दिष्ट छन् । तर जस्तो मैले आजसम्म विश्वास गर्दै आएको छु जुन कुरा एकजनाको निमित्त सम्भव हुन्छ त्यो कुरा सबैको निमित्त पनि सम्भव हुने हुनाले, मेरा प्रयोगहरू वन्द कोठाभित्र गरिने नगरी खुल्लम खुल्ला गरिने गरी आएका हुन्, र जहाँसम्म मलाई लाग्छ यतिले तिनीहरूको आध्यात्मिक महत्त्वलाई कम गर्दैन । कतिपय कुराहरू छन् जुन आफूलाई र आफूलाई वनाउनेलाई मात्र थाह हुन्छ । यिनीहरू स्पष्टतः अकथनीय छन् । म यहाँ जुन प्रयोगहरूको चर्चा गर्न लागिरहेको छु ती त्यस्ता होइनन् । तर यत्तिकै हुन् कि तिनीहरू आध्यात्मिक छन् वा भनूं नैतिक छन्; किनकि धर्मको सार नै नैतिकता हो । ३

यी प्रयोगहरू केही मात्र पनि पूर्णावस्थामा पुगेका छन् भनी म दावा गर्न सक्तिन । तिनीहरूवारे मेरो दावा एउटा वैज्ञानिकको भन्दा ज्यादा छैन जसले, आफ्ना प्रयोगात्मक क्रियाहरू हुनसम्मको यथार्थता, दूरदर्शिता र सूक्ष्मताद्वारा परिचालन गरेको भए तापनि, आफ्नो निष्कर्ष वारेमा कहिल्यै पनि यही नै अन्तिम हो भनी दावा गर्दैन, वरु यसको वारेमा आफ्नो दिल खुल्ला राखेर बस्तछ । मैले गहिरिएर आत्म-परीक्षा गरेको छ, आफूलाई पूर्ण तवरले खोजेको छु, र प्रत्येक मानसिक अवस्थालाई जांचेको र विश्लेषण गरेको छु । तैपनि आफूले निकालेको निष्कर्ष अन्तिम वा अचूक हुन् भनी दावा गर्न सकेको छैन । एउटा कुराको भने म अवश्य दावा गर्दछु र त्यो यो हो । मेरो लागि ती निष्कर्षहरू सर्वांशतः ठीक देखिन्छन् र केही कालको लागि अन्तिम पनि लाग्दछ । त्यसो नभए मैले कुनै पनि काम तिनीहरूमा आधारित गर्दिनथें । तर हरघडि मैले स्वीकार वा इन्कारको प्रक्रिया चलाएको छु, र त्यही अनुसार काम गरेको छु । ४

मेरो जिन्दगी एउटा अविभाज्य पूर्णाङ्ग हो, र मेरा क्रियाकलापहरू एक अर्कामा घुस्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



महात्मा गान्धी चर्खा चलाइ रहनुभएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्छन् । तिनीहरू सबैको उत्पत्ति मानवजातिप्रतिको मेरो कहिल्यै· तृप्त नहुने प्रेमबाट भएको हुन्छ । ५

गान्धीहरू बनियाँ जातका हुन् र शुरूमा शायद दाल चामलका पसले थिए । तर मेरा बाज्येका पालादेखि तीन पुस्तासम्म तिनीहरू काठियावाड राज्यमा प्रधान मन्त्री भए । ...... मेरा बाज्ये जरुर पनि सिद्धान्तवादी हुनुहुन्थ्यो होला । दरबारिया षड्यन्त्रले उहाँलाई पोरबन्दर छोड्न कर लाग्यो । त्यसबेला उही त्यहाँका दिवान हुनुहुन्थ्यो । त्यहाँबाट उहाँ जुनागढमा आश्रय लिन पुग्नुभयो । त्यहाँ उहाँले नवाबलाई बायाँ हातले सलाम गर्नुभयो । यस्तो अशिष्टतादेखि कसैले प्रश्न गर्दा उहाँले यस प्रकार स्पष्टीकरण दिनुभयो ।: " मेरो दायाँ हात पहिले नै पोरबन्दरको सेवामा अर्पित भ सकेको छ ।" ६

मेरा पिताज्यू आफ्नो जातिको प्रेम गर्ने, सत्यवादी. बहादुर र उदार, तर गरम मिजासको हुनुहुन्थ्यो । केही मात्रासम्म उहाँ व्यसनी पनि हुनुहुन्थ्यो होला । किनकि चालीस वर्ष नाघेपछि पनि उहाँले चौथो विहे गर्नुभयो । तर उहाँ धर्मपरायण हुनुहुन्थ्यो र निष्पक्षपातिताको निमित्त उहाँले परिवारको भित्र र बाहिर उत्तिकै नाउँ कमाउनुभएको थियो । ७

मेरो आमाले मेरो स्मृतिमा लगाउनुभएको अमिट छापचाहीं उहाँका पवित्र जीवन हो । उहाँ असाध्यै धर्मपरायण हुनुहुन्थ्यो । नित्य प्रार्थना नगरी उहाँ कहिल्यै भोजन गर्नु हुन्नथ्यो । ... ... उहाँ असाध्य ठूलठूला भाकलहरू गर्नुहुन्थ्यो र रत्ति यताउति नगरीकन तिनीहरूलाई पूरा गर्नु हुन्थ्यो । बिसन्चोले पनि यसमा कुनै असर पर्दैनथ्यो । ८

यी नै मातापिताको कोखमा म पोरबन्दरमा जन्मिएँ । मेरो बाल्यकाल पोरबन्दरमा बित्यो । म स्कूलमा भर्ना भएको सम्झन्छु । अलि मुश्किलैले मात्र मैले पाठहरू कण्ठस्थ पार्न सकेको थिएँ । त्यसबेला, मैले अरू साथीहरूको संगतमा परेर, हामीलाई अनेकौं किसिमले गाली गर्नु बाहेक केही सिकेको सम्झना नभएको कुराले स्पष्टसँग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के देखाउँछ भने मेरो बुद्धि जरुर पनि बोझो र सम्झना शक्ति कच्चा भएको हुनुपर्छ । ९

त्यो वेला म धेरै नै लाज्छी थिएँ र सभा-संगतबाट परै बस्थें । मेरा साथी-संगाती भन्नु नै मेरा पुस्तक र पाठहरू थिए । ठीक समयमा स्कूल पुग्नु र स्कूल छुट्ने बित्तिकै सरासर घरतिर दगुर्नु मेरो दैनिक प्रक्रिया थियो । सांच्चै नै म दगुरेर जाने गर्दथें, किनकि कसैसँग कुराकानी गर्ने ममा धैर्य थिएन । मेरो कुरालाई कसैले त्यसै उडाइदेला भन्ने पनि मलाई डर थियो । १०

हाईस्कूलमा पहिलो वर्षमा छँदा जांचमा एउटा घटना घटेको थियो । त्यो उल्लेखनीय छ । शिक्षा निरीक्षक, श्री गाइल्स निरीक्षणमा आएका थिए । हिज्जेको लागि उनले पांचवटा लवजहरू हामीलाई लेख्न लगाए । तिनमा एउटा **Kettle** (चियादानी) थियो जुनमा मैले गल्ती गरेछु । जुत्ताको ईशाराले गुरुले मलाई सम्झाउन खोजे । तर त्यसरी सम्झाइन मैले मानिन । सँगै बसेको साथीको पाटीबाट मैले त्यो शब्द बनेका अक्षरहरू सारी लेओस् भनी उनी चाहन्थे भन्ने कुरा बुझ्न मेरो समझको बाहिर थियो, किनकि मैले सम्झेको थिएँ गुरुको उपस्थिति नै त्यहाँ हामीले यसरी सारी लिन नपाओस् भन्ना निमित्त थियो । नतीजा यो भयो कि म बाहेक अरू सारा लडकाहरूले त्यो शब्दको हिज्जे शुद्ध गरेको पाइयो । मैमात्र बेवकूफ भएको रहेछु । गुरुले मलाई पछिबाट यो बेवकूफी सम्झाउन खोजे, तर केही लागेन । अर्कालि लेखेको कुरा ' सारी लिने ' कला मैले सिक्न सकिन । ११

तेह्र वर्षको उमेरमा मेरो विवाह भएको कुराको यहाँ उल्लेख गर्नु पर्दा मलाई दुःख लाग्छ । अहिले मेरो संरक्षणमा भएका त्यो उमेरका केटाकेटीहरूलाई देख्दा, र मेरो आफ्नै विवाहको बारे सोच्दा, मलाई आफूप्रति माया गर्न र मेरो गति भोग्न नपरेका तिनीहरूलाई बधाई दिन मन लाग्छ । यस्तो असंगत बाल-विवाहको पक्षमा म कुनै पनि नैतिक तर्क देख्तिन । १२

विवाहको मतलब त्यो वेला मेरो लागि राम्रा राम्रा लुगाहरू लगाउन पाउनु, बाजा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बज्नु, जन्ति जानु, भोज खानु र नचिनेकी लडकीसंग खेल्न पाउनु बाहेक अरू केही भए जस्तो लाग्दैन । विषयको इच्छा त पछि मात्र आयो । १३

अनि अहो ! त्यो पहिलो रात । दुईजना अनजान केटाकेटीहरू जीवनको सागरमा अनायास हुत्याइए । पहिलो रातमा मैले के कस्तो गर्नु पर्छ भन्ने कुरामा भाउज्यूले मलाई सिकाउनुभएको थियो । मेरी जहानलाई सिकाउने को थियो म जान्दिन । यसबारेमा मैले उनीसंग सोधेको छैन, न म कहिल्यै सोध्ने नै छु । पाठक यसमा निःशंक हुन सक्नु हुन्छ कि लाजले हामी मुखामुख पनि गर्न नसकिरहेका थियौं । निस्सन्देह हामी धेरै लज्जाशील थियौं । उनीसंग कसरी कुरा गर्ने, र के भन्ने ? भाउज्यूको सिकाइले मलाई धेरै अगाडि बढाउन सकेन । साँच्चै भन्ने हो भने यस्ता कुराहरूमा सिकाइको कुनै जरुरत पनि छैन । ... हामीले बिस्तार बिस्तारै एक अर्कालाई चिन्न थाल्यौं, र धक नमानी आपसमा कुराकानी गर्न थाल्यौं । हामीहरू उही उमेरका थियौं । त्यसो भए तापनि पतिको अधिकार धारण गर्न मलाई धेरै समय लागेन । १४

मैले मान्नु पर्छ मैले उनलाई धेरै मन पराएको थिएँ । स्कूलमा पनि म उनलाई सम्झन्थे, र रात कहिले होला र उनलाई कहिले भेट्न पाउँला भनी सोचिरहन्थें । छुट्टिएर बस्नु साह्रै गाह्रो लाग्थ्यो । राती पनि गफसफ गरेर म उनलाई अबेरसम्म जाग्राम राख्थें । यस्तो प्रबल वासनाको साथ–साथै कर्तव्यप्रति पनि जल्दो ममता नभएको भए, म या त रोग र असामयिक मृत्युको शिकार हुन्थें, या त भारपूर्ण अस्तित्वमा डुब्थें । तर हररोज बिहान निर्धारित कामहरू गर्नुपर्थ्यो, र ढाँट्नु-वर्नु सवालै थिएन । यही पछिल्लो कुराले नै मलाई कैयौं भडखालबाट बचाएको छ । १५

मेरो योग्यताको विषयमा मेरो त्यत्तिको राम्रो विचार पनि थिएन । मैले कहिल्यै इनाम अथवा छात्रवृति पाएँ भने म आश्चर्य-चकित हुन्थें । आफ्नो चरित्रको भने म राम्रो संभार गर्थें । अलिकति पनि आँच आयो भने पनि मेरा आँखाबाट आँसु चुहुन्थे । हप्काइ खानुपर्‍यो अथवा गुरुको दृष्टिमा हप्काइ खानुपर्ने देखिएँ भने, मेरो लागि असह्य हुन्थ्यो । एकचोटि मैले शारीरिक सजायें पाएको अहिले पनि सम्झन्छु । त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सजायँले त्यति साह्रो मेरो चित्त दुखेन जति मेरो गल्ती भयो भन्ने कुराले दुख्यो । म मनभरी रोएँ । १६

समय-समयमा हाईस्कूलमा जुन थोरै साथीहरू बनाएको थिएँ । तिनीहरूमा घनिष्ट भन्न लायकका दुईजना थिए । यी मित्रतामध्ये एउटा. . . म मेरो जिन्दगीको एउटा दुःखपूर्ण घटना सम्झन्छु । यो धेरै रह्यो । मैले यसलाई एउटा सुधारकको भावनामा बनाएको थिएँ । १७

मैले देखेको छु मैले गल्ती हिसाब गरेको रहेछु आफूले जसलाई सुधार्न खोजेको हो सुधारकले त्यससंग घनिष्टता बढाएर हुँदैन । सच्चा मित्रता भनेको आत्माको सादृश्य हो जुन संसारमा विरलै पाइन्छ । उस्तै उस्तै प्रकृतिहरूको वीचमा मात्र मित्रता भनेको पूर्णतः मूल्यवान् र स्थायी हुन्छ । मित्रहरू भनेका आपसमा मिलीजुली काम गर्ने हुन्छन् । मित्रतामा त्यसैले सुधारको लागि धेर कम ठाउँ हुन्छ । मेरो मतमा सबै किसिमको शुद्ध घनिष्टतावाट परै वस्न उचित हुन्छ; किनकि मानिस धर्मभन्दा पाप ज्यादा छिटो ग्रहण गर्ने हुन्छ । र जो परमेश्वरसँग मित्रता चाहन्छ त्यसले एक्लै बस्न उचित हुन्छ, अथवा त्यसले सम्पूर्ण विश्वलाई नै आफ्ना मित्र बनाउनु पर्छ । म ठीक नहोउँला, तर मेरो घनिष्ट मित्रता बढाउने प्रयत्न विफल भयो । १८

यो मित्रको साहसी कामले ममा जादू गरेको थियो । उनी धेरै टाढा र असाधारण किसिमले छिटो दगुर्न सक्थे । उच्च र लामो फाल हाल्ने काममा उनी खप्पीस थिए । उनी जत्ति पनि शारीरिक सजायँ सहन सक्तथे । आफ्ना साहसी कामहरू उनी बराबर मलाई देखाउँथे र, आफूमा नभएको गुण अरूमा देख्ता मानिस जसरी चकित हुने गर्दछन्, म पनि उस्तै चकित हुन्थे । यसको अतिरिक्त म पनि उनी जस्तै हुन पाए हुन्थ्यो भन्ने उत्कट अभिलाषाले ममा घरजम गर्न पुग्यो । म दगुर्न र फाल हाल्न सक्तिनथें । म पनि उनी जत्तिकै बलियो किन नहुने ? १९

म कातर थिएँ । भूतप्रेत, चोर डाँकू, र सर्पको भय मलाई लागिरहन्थ्यो । राती ढोका बाहिर पाइला हाल्न पनि साहस गर्न सक्तिनथें । अन्धकार मेरो लागि भयावह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो। अँध्यारोमा सुत्नु मेरो लागि असम्भवप्राय: थियो, किनकि एकातिरबाट भूतप्रेत, अर्कोतिरबाट चोरडांकू र तेस्रोतिरबाट सर्पहरू आउन लागेको कल्पना गर्न थाल्थें। यसैले कोठामा बत्ती नबाली सुत्ने कुरै हुँदैनथ्यो। २०

मेरा मित्रलाई मेरा यी सारा कमजोरी थाहा थियो। उनी मलाई सुनाउँथे कि हातैले जिउँदो सर्प समाउन सक्थे, चोरडाँकूसंग भिडिन सक्थे र भूतप्रेंतमा विश्वास गर्दैनथे। र यी सबै कुरा, वास्तवमा मासु खाने गर्नाले भएको हो। २१

यो सबै कुराको प्रभाव ममा राम्रै पर्न गयो। मलाई लाग्न थाल्यो कि मासु भनेको खानु पर्दोरहेछ, यसले मलाई बलियो र साहसी बनाइदिने छ, र सारा देशले मासु खाने गर्न थाल्यो भने, अंग्रेज उपर सजिलैसंग विजय प्राप्त गर्न सकिन्छ। २२

लुकीछिपी यस्तो खाना खाने अवसर पाउने अवस्थामा घरमा खानेकुरा खाने कुरै भएन। आमाले बोलाएर खाना खाऊ, किन नखाने भनी सोध्ने भैहाल्यो। म 'आज खान मन छैन, पेट गडबड छ' भनी टारिदिन्थें। यस्तो कुरा बनाउँदा मनमा कुनै किसिमको संकोच लाग्दैन भन्ने होइन। मैले ढांटिरहेको थिएँ। मलाई थहा थियो भन्ने कुरा आफ्नै आमाको अगाडि ढाँटिरहेको थिएं। मलाई यो पनि थहा थियो कि मैले मासु खान थालेको थहा पाउनु भयो भने बा-आमाले सारै चित्त दुखाउनु हुने थियो। यो कुराले मलाई सारै पीर परिरहेको थियो।
मैले यसैकारण मनमनै भन्न थालें: मासु खानु जरुरी भए तापनि देशमा 'खाना' सुधार कार्यक्रम लागू गर्नु जरुरी भए तापनि, बाबु-आमालाई छल्नु र ढांट्नु मासु नखानुभन्दा खराब छ। उहाँहरूको जीवनभरी, यसैले, मासु खानु भनेको बोल्नैनपर्ने कुरा हुनु पर्छ। उहाँहरू नभएपछि आफूले स्वच्छन्द गर्न पाउने भएपछि, म मासु खुल्लम खुल्ला नै खान थाल्नेछु, तर त्यस्तो मौका नआएसम्म मैले मासु खाने छैन।
यो निर्णय मैले मेरो साथीलाई सुनाएं, र त्यो बेलादेखि मैले फेरि मासु खाएको छैन। २३

मेरो साथीले एकचोटि मलाई एउटा रण्डी कोठीमा लगे। त्यहाँ मलाई सिकाई-वरी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भित्र पठाए । त्यहाँ सबै पहिले नै मिलाइएको रहेछ । बीलको भुक्तानी पनि, दिइ-सकिएको रहेछ । पापको मुखभित्र म पसिसकेको थिएँ, तर अनन्त दयाका सागर परमेश्वरले बचाइदिनुभयो । पापको यो ओढारभित्र पुगेपछि म कानो र लाटो भएँ । पलंगमा पल्टेकी आइमाईनिर बसें, तर मेरो मुख थुनिएको थियो । स्वभावैले तिनको धैर्यको बाँध टुट्यो र मलाई गाली र अपमान गर्दै बाहिर जाने ढोका देखाइदिइन् । तब मलाई यस्तो लाग्यो मानों मेरो पुंसत्वमै चोट पर्‍यो, र लाजले भुतुक्कै पनि भएँ । तर मलाई बचाइदिनु भएकोमा त्यो वेलादेखि परमेश्वरलाई धन्यवाद दिएको छ । मेरो जिन्दगीमा घटेका अरू यस्ता चारवटा घटनाहरू पनि म सम्झन्छु । तिनीहरू सबैजसोमा मेरो आफ्नै कोशिशले भन्दा मेरै भाग्यले मलाई बचाएको छ । शुद्ध आचारसम्बन्धी नियमको दृष्टिले हेर्ने हो भने यी सबै घटनाहरू निश्चय नै नैतिक पतन मानिनु पर्छ, किनकि वासनाको प्रवृत्ति छँदै थियो , र यो वास्तविक काम गर्नु जत्तिकै हो । तर साधारण दृष्टिबाट, शारीरिक रूपले पापकर्म गर्नबाट बचेको मानिस न्छ । र त्यत्तिकै अर्थमा म पनि बचेको थिएँ । २४

जस्तो हामीलाई थहा छ, मानिस आफूलाई जतिसुकै रोक्न कोशिश गरे तापनि, बराबर लोभको वशीभूत हुन पुग्छ, त्यस्तै हामीलाई यो पनि थहा छ कि विधिले बराबर हात हाल्छ र उसले नचाहे पनि उसलाई बचाइदिन्छ । यो सबै कसरी हुन्छ– मानिस कतिसम्म स्वतन्त्र हुन्छ र कतिसम्म परिस्थितिको वशमा हुन्छ– स्वतन्त्र इच्छाले कतिसम्म काम गर्छ र प्रारब्धको कतिसम्म हात हुन्छ– यो सबै रहस्य हो र रहस्यमय नै भएर रहने छ । २५

मेरी जहानसंग झगडा भएको कारणमध्ये एउटा निःसन्देह यही साथीको संगत पनि थियो । म माया र ईर्ष्या उत्तिकै गर्ने पति थिएँ, र यी साथीले मेरी जहान बारेको मेरो शंकाको ज्वालालाई भडकाइदिए । मैले उनको सत्यवादितामाथि कहिल्यै शंका गर्न सकिनथें । र उनको कुरा सुनेर बराबर मेरी जहानलाई दुःख दिने अपराध जुन मैले गरेको थिएँ त्यसको लागि म आफूलाई कहिल्यै क्षमा गर्न सक्तिन । शायद हिन्दू–स्त्रीले मात्रै यस्तो अचाक्ली सहन सक्तछे, र यसैकारण मैले आइमाईलाई सहिष्णुताको अवतार सम्झेको छु । २६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शंकाको घुन त्यही बेला मात्र निर्मूल भयो जब मैले अहिंसालाई सम्पूर्णरूपले बुझ्न थालें । त्यसपछि मात्रै मैले ब्रह्मचर्यको महत्व पनि देखे र सम्झें कि स्वास्नी भनेको लोग्नेकी कमारी नभै साथी र सहभागी रहिछन्, सुख र दुःखमा बराबर भाग लिने हिस्सेदार रहिछन्– आफ्नो बाटो आफैंले रोज्नमा लोग्ने जत्तिकै फुक्का रहिछन् । जब म शंका र सन्देहमा ती अन्धकार दिनहरूको सम्झना गर्छु, तब म मेरो मूर्खता र आफ्नो कामासक्त निष्ठुरताको सिकसिकोले प्लावित हुन्छु, र म मेरो साथीप्रतिको अन्ध–भक्तिलाई निन्दा गर्न थाल्छु । २७

छः-सात वर्षदेखि सोह्र वर्षसम्म म स्कूलमा थिएँ जहाँ मलाई धर्मबाहेक सबै किसिमका कुराहरू सिकाइयो । साँच्चै भनूँ त शिक्षकहरूबाट मैले अलिकति पनि प्रयत्न नगरिकन तिनीहरूले दिनसक्ने कुरो पनि पाउन सकिन । तैपनि मैले आफ्नो चारैतिर जहाँ पायो उहींबाट टापटुप गर्दै गएँ । 'धर्म' शब्दको प्रयोग मैले यहाँ फराकिलो अर्थमा गरेको छु, जसको मतलब हुन्छ आत्मानुभूति वा आत्मज्ञान । २८

तर एउटा कुरोले भने ममा जरो गाड्यो–त्यो हो नैतिकता नै सबै कुराको आधार हो भन्ने दृढ विश्वास, सबै नैतिकताको मूल नै सत्य हो भन्ने दृढ धारणा । सत्य नै मेरो एक मात्र उद्देश्य भयो । दिन पर दिन यसको आयतन बढ्न थाल्यो, र यस सम्बन्धी मेरो परिभाषा पनि दिन दुगुना फराकिलो हुँदै आइरहेको छ । २९

छूआछूतलाई म हिन्दू धर्मको एउटा सबभन्दा ठूलो कलंक सम्झन्छु । यो कुराको ज्ञान मलाई दक्षिण अफ्रिकाको संघर्षमा भोग्नपरेको तीतो अनुभवबाट भएको होइन । न, म कुनै वखत 'एग्नष्टिक्' (भौतिक तत्वभन्दा पर केही छैन भन्ने) मत मान्ने भएर, भएको हो । क्रिश्चियन धर्मसम्बन्धी साहित्यको अध्ययनबाट मैले यो विचार स्थिर गरेको हूँ भनी सम्झनु पनि उत्तिकै भूल हुनेछ । यी विचारहरूको शुरूआत त्यो वेला भएको थियो जब म बाइबल वा बाइबलका अनुसरणकर्ताहरूको न मोहमै परेको थिएँ न परिचय नै पाएको थिएँ ।

यो विचारको उदय ममा हुँदा म बाह्रवर्षको पनि भएको थिइन । ऊका नाम गरेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकजना कूचिकार, अछूत, हाम्रो घरमा चर्पी सफा गर्न आउँथ्यो । उसलाई छुन किन नहुने, छोएर किन खराब हुन्छ भनी म आमासंग बराबर सोध्ने गर्थें । संयोगले कहिल्यै उसलाई छोइहालें भने चोख्याउने काम गर्न भनिन्थ्यो, र मैले मानिहालें भने पनि अस्पृश्यतालाई धर्मले स्वीकृति दिएको छैन, यसो हुनुपर्छ भने यो असम्भव हो भनेर स्मित हास्यले विरोध जनाउँदै मान्दथें । म धेरै नै कर्तव्यपरायण र आज्ञाकारी बालक थिएँ र जहांसम्म बा–आमाको सम्मानको उपयुक्त हुन्थ्यो, मेरो बराबर उहाँहरूसंग यस विषयमा तकरार पर्थ्यो । मैले आमालाई भनिदिएँ कि ऊकालाई छुनु पाप हो भनी सम्झनु उहांको सरासर गल्ती हो । ३०

मैले १९४४ सालमा मैट्रिक पास गरें । ३१

मैट्रिक पास भएपछि मेरा मान्यजनहरू मलाई कलेजमा पढाउन चाहन्थे । भावनगरमा एउटा कलेज थियो । छन् त वम्बईमा पनि थियो । तर भावनगरको सस्तो भएकोले त्यहीं गएर समलदास कलेजमा भर्ना हुने निश्चय गरें । त्यहाँ गएपछि मैले आफूलाई पूरा समुद्रमा परेको पाएँ । हर कुरा गाह्रो थियो । प्राध्यापकहरूको वक्तव्यमा चाख लिने कुरा त परै जावस्, बुझ्नसम्म पनि पटक्क सकिएन । यसमा उनीहरूको कसूर थिएन । त्यस कलेजका प्राध्यापकहरूको नाम उत्तम दर्जाको भनी साह्रै चलेको थियो । तर म त्यस्तो कच्चा थिएँ । पहिलो सत्र सकिएपछि, म घर फर्कें । ३२

एउटा चतुर र विद्वान् ब्राह्मण, परिवारको एउटा पुरानो साथी र सल्लाहकार . . . म छुट्टीमा छँदा हामीलाई भेट्न आए । मेरो आमा र दाज्यूसंगको कुरैकुरामा उनले मेरो पढाइको बारेमा पनि सोधेछन् । म समलदास कलेजमा छु भन्ने सुनेर उनले भने: 'समय बदलिसकेको छ . . . मेरो कुरा मान्ने हो भने त उसलाई बिलायत पठाइदिनु पर्छ । मेरो छोरा केवल राम भन्छ 'वायरिष्टर' हुनु कुनै गाह्रो छैन । तीन वर्षमा त ऊ फर्किहाल्छ । खर्च पनि चार पाँच हजारभन्दा बढी लाग्ने छैन । बिलायतमा पास गरी फर्केको 'वायरिष्टर' लाई सम्झनुहोस् । कस्तो ढाँचाले त्यो बस्छ ! खोज्नुमात्र पर्छ ऊ दिवान तुरून्तै भै हाल्छ । म त साँच्चै भन्छु मोहनदासलाई यही साल बिलायत पठाइदिनोस् ।' ३३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमा अन्योलमा पर्नुभयो । ··· जवान मानिसहरू विलायत गएपछि आफ्ना हुँदैनन् भनी कसैले सुनाइदिएको रहेछ । कसैले फेरि 'त्यहाँ जानेहरू मासु खान्छन्' भनेर पनि सुनाएको रहेछ; अझ एक थरिले त 'त्यहां मानिसहरू रक्सी नखाई बस्न सक्तैनन्' पनि भनिदिएको रहेछ । 'यो सब हो ?' उहाँले मसंग सोध्नुभयो । मैले भनें : 'तपाईं ममा विश्वास गर्नु हुन्न ? म तपाईंलाई ढाँट्दिन । म किरिया खाएर भन्छु, म ती कुनै पनि कुरा छुन्न । त्यहाँ त्यस्तो कुनै खराबी भएको भए जोशीजीले मलाई जान दिनु होला ? ······ मैले मदिरा, महिला, मासु नछुने किरिया खाएँ । यति भएपछि मलाई आमाले जाने वचन दिनु भयो । ३४

अध्ययनको लागि लण्डन आउने विचारले यथार्थ रूप लिनु अगाडि लण्डन भनेको के रहेछ जान्ने उत्सुकतालाई तुष्ट गर्न यहाँ आउने मनसुवालाई मैले मनमनै पालेको थिएँ । ३५

अठाह्र वर्षको उमेरमा म विलायत गएँ. . . हर कुरा विचित्र थियो– मानिस, रहनसहन, र वासस्थान पनि । अंग्रेजी शिष्टाचारको सम्बन्धमा म बिल्कुलै नौलो थिएँ । र निरन्तर आफूप्रति सचेत थिएँ । यसको अतिरिक्त शाकाहारी व्रतको असुविधा पनि छँदै थियो । मैले खान हुने खानेकुराहरू पनि स्वादहीन र खल्ला थिए । यसैले मैले आफूलाई दोधारमा पाएँ । बिलायत सह्य भएन, त्यसो भनेर भारत फर्कूं त्यो चिताउने कुरो थिएन । अब यहाँ आई नै हालियो, तीनवर्ष काट्नै पर्छ, अन्तरहृदयले यसो भन्थ्यो । ३६

मलाई खाना के बनाउने भन्ने कुरामा घरपट्टिनी अकमक्क परिन् ।. . . साथी* सधैं मलाई मासु खान सल्लाह दिन्थे, तर म सधैं आफ्नो किरिया खाएको कुरा सम्झाउँथें र चूप लाग्थें । . . . एकदिन उनले मलाई बेन्ढामको 'उपयोगिता सिद्धान्त' पढेर सुनाए । म वाल्ल परें । भाषा मैले बुझ्न सक्नेभन्दा धेरै गाह्रो थियो । उनी व्याख्या गर्न थाले । मैले भनें : 'विन्ति मलाई माफ गर्नुहोस् । यी कुराहरू मेरो

*एक महीनासम्म रिचमण्डमा सँगै बसेको सज्जन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मगजले भ्याउने कुरा होइनन् । म मान्छु मासु खानु जरुरी छ । तर म आफ्नो प्रतिज्ञा भङ्ग गर्न सक्तिन । यस विषयमा म बहस पनि गर्न चाहन्न ।' ३७

म हर रोज दश–बाह्र माइल हिंड्थे, सस्तो चमेनालयमा जान्थें र पेटभरी रोटी खान्थें, तर चित्त भने कहिल्यै बुझ्दैनथ्यो । यसरी घुमफिर गर्दा एकदिन मैले फारिङ्गडन स्ट्रीटमा एउटा शाकाहारी चमेनालय देखें । यो देख्ता मलाई त्यस्तो आनन्द भयो जस्तो एउटा बालकलाई आफूले खोजेको वस्तु पाउँदा हुन्छ । भित्र पस्नु अगाडि मैले त्यहाँ ढोकानिर ऐनाझ्यालमुनि बिक्री गर्न राखिएका किताबहरू देखें । तिनमा साल्ट रचित 'शाकाहारको पक्षमा' भन्ने पुस्तक पनि थियो । एक शिलिङ्गमा मैले यो पुस्तक किनें र सरासर भोजन कक्षमा गएँ । बिलायत आएको यत्तिका दिनपछि बल्ल आज मनग्य भोजन खाएँ । परमेश्वरले मलाई सहायता दिए ।

साल्टको यो किताब मैले आद्योपान्त पढें र यसबाट म साह्रै नै प्रभावित भएँ । यो पुस्तक पढेदेखि नै म रोजेर शाकाहारी भएको हुँ भने पनि हुन्छ । आमाको अगाडि किरिया खाएको दिनलाई मैले धन्यवाद दिएँ । त्यो बेलासम्म मैले सत्य र आफूले खाएको किरियाको लागि मात्र मासु बारेको थिएँ, तर भित्र दिलले प्रत्येक भारतीय मासु खाने होओस् भन्ने चाहन्थें, र म पनि एकदिन खुल्लंखुल्ला फुक्का दिलले त्यस्तै हुँला, र अरूलाई पनि यस्तै गर्न लगाउँला भनी विचार गरिरहन्थें । तर अहिले मेरो रोजी शाकाहारतिर गयो र यसैको प्रचार मेरो जीवनको उद्देश्य भयो । ३८

जुन मानिसले आफ्नो धर्म छोडेर नयाँ धर्म ग्रहण गरेको हुन्छ त्यसको त्यो नयाँ धर्मप्रतिको उत्साह यसैमा जन्मेको मानिसको भन्दा ज्यास्ति हुन्छ । शाकाहार त्यो बेला बिलायतमा भर्खरै चलेको मत थियो, र मेरो लागि पनि त्यस्तै भयो, किनभने, जस्तो हामीले देखेका छौं म त्यहाँ एउटा सन्देहरहित मांसाहारी भएर गएको थिएँ, र पछि गएर तर्कनाशक्तिले शाकाहारीमा परिवर्तित भएँ । नवीन मतावलम्वीको उत्साहले लवालव भएर मैले म बसेको ठाउँ, बेज्वाटरमा एउटा शाकाहारी मण्डल स्थापना गर्ने निश्चय गरें । उहीं बस्ने, सर एड्विन आर्नल्डलाई यसको उपाध्यक्ष भै दिन आमन्त्रण गरें । 'द भिजिटेरियन' (शाकाहारी) का सम्पादक डा. ओल्डफिल्ड अध्यक्ष भए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म चाहीं सचिव बनें । ३९

शाकाहारी समाजको कार्यकारिणी समितिमा म छानिएँ, र यसको प्रत्येक बैठकमा उपस्थित हुने गर्न थालें, तर सधैं मेरो मुखमा बुजो लागेको अनुभव हुन्थ्यो । ... यसको मतलब यो होइन कि मलाई कहिल्यै केही बोल्न मन लाग्दैनथ्यो । तर आफ्ना कुरा कसरी भन्ने हो त्यसैमा अलमलिन्थें । ... यो संकोच बिलायतमा बसेसम्मै भयो । कतै सामाजिक भेटघाटमा जांदा पनि छः सातजना मानिसको उपस्थितिले मलाई बोल्न नसक्ने तुल्याइदिन्थ्यो । ४०

मैले भन्नुपर्छ कि, कहिलेकहीं हाँसोको पात्र हुनुको अतिरिक्त मेरो स्वाभाविक संकोच कुनै किसिमको हानीको कुरा भएको छैन । वास्तवमा म देख्न सक्छु कि, यसको विपरीत, यसबाट मलाई फाइदै भएको छ । बोलनमा मेरो संकोच, जुन कुनै बेला एक झिझाइ मात्र थियो, अब एउटा आनन्दको कुरा भएको छ । यसको सबभन्दा ठूलो फाइदा के भएको छ भने यसले मलाई शब्दको किफायतीपन सिकाएको छ । ४१

१९४७ सालमा पेरिसमा एउटा ठूलो प्रदर्शनी भएको थियो । यसको लागि भएको विस्तृत तयारीको बारेमा मैले पढेको थिएँ, र मलाई पेरिस हेर्ने ठूलो इच्छा पनि थियो । यसैले मैले 'एक पन्थ दुइ काज' गरेर जाने विचार गरें । त्यो प्रदर्शनीको एउटा खास आकर्षण 'एफेल टावर' थियो, जुन फलामै फलामले बनेको १००० फीट अग्लो थियो । त्यहाँ निःसन्देह अरू पनि चाखलाग्दा कुराहरू थिए, तर तिनमा प्रमुख त्यो टावर थियो, कारण त्यो बेलासम्म मानिसहरूको धारणा त्यो जत्तिको उचाई बनौट खडै रहन सक्तैन भन्ने थियो । ४२

त्यो प्रदर्शनीको आयतन र विभिन्नताबाहेक अरू केहीको पनि मलाई सम्झना छैन । एफेल टावरको बारे भने म राम्ररी सम्झन्छु किनकि यसको माथि म दुइ तीनचोटि गएको थिएँ । पहिलो तल्लामा एउटा चमेनालय थियो, र अग्लो ठाउँमा बसेर दिवाभोजन गरेको छु भन्ने आत्मतुष्टि लिनको लागि पनि मैले यसमा सात शिलिङ्ग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अन्दाजी सात रूपैंयाँ) खर्च गरें ।

पेरिसका प्राचीन गिर्जाघरहरू अझै मेरा स्मृतिपटलमा छन् । तिनीहरूको भव्यता र सौम्यता अविस्मरणीय छन् । 'नटर डाम' को गजबको बनोट र सुन्दर मूर्तिहरूले खूब मिहेनतसाथ यसको भित्री भागमा गरिएको सजावट साँच्ची नै बिर्सन नसकिने छन् । त्यसबेला मलाई यस्तो लाग्यो यस्ता यस्ता धर्म मन्दिर बनाउन पैसाको खोला बगाउनेहरूको मनमा ईश्वरको प्रेमबाहेक केही हुन सक्तैन । ४३

एफेल टावरको विषयमा एउटा कुरा मैले भन्नै पर्छ । यसको आज के काम छ म केही जान्दिन । तर त्यसबेला मैले यसको ठूलो निन्दा साथै तारीफ गरिएको पनि सुन्थें । मलाई सम्झना छ यसलाई निन्दा गर्नेमा प्रमुख टल्स्टाय थिए । उनको भनाई थियो–एफेल टावर मानिसको मूर्खताको स्मारक हो, नकि बुद्धिमानीको । तमाखु, उनको तर्क थियो, सबै किसिमका अमलहरूमा सबभन्दा खराब हो, किनकि यसको अम्मली कुनै रक्सीबाजको पनि हिम्मतभन्दा बाहिरको अपराध गर्न तयार हुन्छ; रक्सीले मान्छेलाई बहुला बनाउँछ, तर तमाखुले उसको बुद्धिलाई छोप्छ र उसलाई हावामा महल बनाउन लगाउँछ । एफेल टावर पनि मानिसले यस्तै प्रकारको प्रभावमा आएर सृष्टि गरेको एउटा रचना हो । एफेल टावरमा कुनै कला छैन । प्रदर्शनीको वास्तविक सौन्दर्यलाई यसले कुनै पनि प्रकारले कुनै पनि देन दिएको छ भन्न सकिंदैन । एउटा नयाँ चीज र अद्वितीय आयामको कुरा भएकोले मानिसहरू यसलाई हेर्न ओइरिए र यसमा चढे । यो त प्रदर्शनीको खेलौना थियो । जबसम्म हामीहरू बालक हुन्छौं हामीलाई खेलौनाले आकर्षित गर्छ, र त्यो टावर पनि यस कुराको प्रमाण थियो हामी पनि सबै केटाकेटी हौं जसलाई नक्कली चीजबीजले आकर्षित गर्छ एफेल टावरले गरेको भनेको काम शायद यही होला । ४४

म जाँचमा उत्तीर्ण भएँ, १९४८ सालको जून महीनाको दश तारीखका दिन कचहरी ('बार') मा बोलाइएँ, र एघार तारीखका दिन हाई कोर्टमा मेरो नाम दर्ता भयो । बाह्र तारीखको दिन म घरतिर रमाना भएँ । ४५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो दाज्यूले ममा ठूलो आशा राख्नुभएको थियो । धन सम्पति, नाम र कीर्तिको इच्छा उहाँमा ठूलो थियो । उहाँको हृदय ठूलो र उदार थियो । यसको साथै, प्रकृति पनि सरल भएको हुनाले उहाँले धेरै साथीहरू जमाउनुभएको थियो, जसको माध्यमबाट उहाँ मलाई आफ्ना कुराहरू सुनाउन चाहनु हुन्थ्यो । उहाँले यो पनि भनिठान्नुभएको थियो कि मेरो खूबै चल्ति होला, र यही आशाले उहाँले घर खर्च खूबै बढाउनुभएको थियो । साथसाथै मेरो चल्ति बढाउनको लागि चाहिने क्षेत्र तयार गरिदिनमा पनि उहाँले कुनै प्रयत्न गर्न बाँकि राख्नुभएन । ४६

तर बम्बईमा चार–पांच महीनाभन्दा बढी बस्न मलाई सम्भव भएन, किनकि दिनपर दिन बढिरहेको खर्चलाई पुग्ने आम्दानी त्यहाँ हुन सकेन ।

यसरी मेरो जिन्दगीको प्रारम्भ भयो । वकिल (बारिष्टर) को पेशा एउटा नराम्रो वृत्ति पाएँ–देखावट धेरै, ज्ञान थोरै । मेरो जवाफदेहीको भावना चकनाचूर भएको अनुभव भयो । ४७

निराश भएर, मैले बम्बई छोडें र राजकोट गई कार्यालय खोलें । यहाँ एक किसिमले ठीकै चल्यो । दरखास्त, निवेदनपत्रहरू मसौदा गरेर महीनाको खालासाला रू. ३००।- कमाउन थालें । ४८

त्यही वेला पोरबन्दरको एउटा मीमान महाजनको कोठीबाट मेरो दाज्यूलाई यस प्रकार लेखी आयो : हामी दक्षिण अफ्रिकामा बेपार गर्छौं । हाम्रो त्यहाँ एउटा ठूलो कोठा छ, र अदालतमा त्यहाँ हाम्रो एउटा ठूलो मुद्दा परिरहेको छ जसमा हामी चालीस हजार पाउण्ड (अन्दाजी आठ लाख रुपैयाँ) को दावी गरिरहेका छौं । यो मुद्दा चलेको धेरै भैसक्यो । हामीले ठूलठूला वकिल र बारिष्टरहरू लगाएका छौं । तपाईंले आफ्नो भाइलाई पठाइदिनु भयो भने हाम्रो लागि र उनको लागि धेरै फाइदा हुनेछ । उनले हाम्रो वारिसलाई हामीले भन्दा राम्रो सल्लाह दिनसक्ने छन् । साथै उनलाई संसारको एउटा नयाँ भाग हेर्ने र नयाँ नयाँ मानिसहरूसंग परिचय गर्ने मौका मिल्नेछ । ४९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनत यो 'बारिष्टर' भएर जाने कुरो मात्र थिएन । कोठीको एउटा नोकर भएर जाने कुरा थियो । तर म कुनै न प्रकारले भारत छोड्न चाहन्थें । साथै एउटा नयाँ मुलुक हेर्ने र नयाँ नयाँ कुराको अनुभव गर्ने लोभ पनि थियो । यसको अतिरिक्त दाज्यूलाई एकसय पाँच पाउण्ड (अन्दाजी दुइ हजार एकसय रुपैयाँ) पठाएर घरखर्चमा सघाउ पनि पुऱ्याउनसक्ने थिएँ । यसैले कुनै आनाकानी नगरी मैले आफ्नो कार्यालय बन्द गरें, र दक्षिण अफ्रिका जाने तयारी गर्न थालें । ५०

दक्षिण अफ्रिका जान लागेको वेलामा, बिलायतमा जान लागेको वेलामा जस्तो वियोग वेदनाको अनुभव भएन । आमा वितिसक्नुभएको थियो । संसारको र बाहिरफेराको यात्राको पनि मैले केही अनुभव पाइसकेको थिएँ, र बम्बईबाट राजकोट सराई पनि असाधारण काम थिएन ।

यो पटक मलाई मेरी जहानसंग छुट्टिनुपरेको दुःख मात्र लाग्यो । बिलायतबाट फर्केपछि मेरो अर्को बालक जन्मेको थियो । हाम्रो प्रेम तैपनि वासनाबाट अलग भनी भन्न सकिदनथ्यो, तैपनि यो बिस्तार–बिस्तारै शुद्ध हुँदै गइरहेको थियो ।यूरोपवाट फर्केदेखि यता हामी धेरै कम मात्र संगै बस्न पाएका थियौं; अब म, जस्तोसुकै उदासीन भए पनि, उनको गुरु पनि भएकोले र कुनै कुराहरू सुधार गर्न मैले उनलाई मद्दत गरेकोले त्यो सुधारको कामलाई जारी नै गर्ने हो भने अरूसंगै बस्नुपर्ने आवश्यकतालाई हामी दुवैले अनुभव गरेका थियौं । तर दक्षिण अफ्रिकाको आकर्षणले वियोगलाई सह्य बनाइदियो । ५१

नेटलको बन्दरगाह डर्वन हो जसलाई नेटल बन्दरगाह पनि भन्छन् । अब्दुल्ला शेठ त्यहाँ मलाई लिन आएका रहेछन् । जहाज बन्दरगाहमा आइपुग्दा, मानिसहरू जहाजमा आई आफ्ना साथीहरूलाई भेट्न आइरहेको हेरिरहँदा, भारतीयहरू त्यहाँ सम्मानको दृष्टिले हेरिदा रहेनछन् भन्ने देखें । अब्दुला शेठलाई चिनेका मानिसहरूले पनि उनी प्रति जुन तरीकाले व्यवहार गरे त्यसमा एक किसिमको तल्लो तहको भावना नदेखी सकिन, र यसले मलाई नरमाइलो लाग्यो । अब्दुल्ला शेठ यसमा अभ्यस्त भइसकेका रहेछन् । जजसले मलाई हेरे अलि–अलि अचम्मको भावनाले हेरे । मेरो लुगाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई अरू भारतीयहरूवाट छुट्टै देखाइदिएको थियो । मैले लामो कोट लगाएर फित्ता बाँधेको थिएँ । ५२

म पुगेको दोश्रो हो कि तेश्रो दिनमा, उनले मलाई डर्बन अदालतमा लिएर गए । त्यहाँ उनले मलाई अनेकौं मानिसहरूसंग परिचय गराए र उनको मुक्तियारसंगै वसाले । न्यायाधीशले आँखा नझिकिकन मलाई हेरिरहे र अन्तमा मलाई मेरो फित्ता फुकाल्नू भने । मैले यसो गर्न मानिन र अदालत छोडेर हिंडें । ५३

म पुगेको सातौं हो कि आठौं दिनमा, मैले (प्रिटोरिया जानको लागि) डर्बन छोडें । मेरो लागि पहिलो श्रेणीको ठाउँ लिइराखिएको थियो । . . . रेल नेटलको राजधानी, मारित्जवर्गमा, वेलुका ९ वजेतिर पुग्यो । यस स्टेशनमा वरविछौना दिने गरिन्थ्यो । रेल्वेको एउटा नोकर आयो र मलाई पनि चाहिन्छ कि भनेर सोध्यो । 'चाहिंदैन' मैले भनें, 'मसंगै छ ।' ऊ गयो । तर त्यसपछि एउटा यात्री आयो, र मलाई माथिदेखि तलसम्म हेर्‍यो । उसले देख्यो म एउटा 'रंगीन' मान्छे रहेछु । यसले उसलाई विचलित पार्‍यो । ऊ निस्क्यो र एक दुइजना सरकारी मानिसहरू लिएर फेरि आयो । उनीहरू सबै चूपचाप उभिए, जब अर्को एकजना कर्मचारी मकहाँ आयो र भन्यो, "हिंड्नोस्, तपाईं मालगाडीको डब्बामा जानु पर्छ ।'

'तर मैले पहिलो दर्जाको टिकट पाएको छु,' मैले भनें ।

'त्यसको मतलब छैन,' अर्कोले भन्यो, 'म भन्छु, तिमीले मालगाडीको डब्बामा जानु पर्छ ।'

'म भन्छु, मलाई डर्बनमा यही डब्बामा यात्रा गर्न दिइएको थियो, र म यसैमा जान्छु ।'

'हुन्न, पाइन्न,' त्यो कर्मचारीले भन्यो । 'तिमीले यो डब्बा छोड्नै पर्छ, होइन भने जवर्जस्ती गरी निकाल्न पुलिसलाई बोलाउने छु ।'

'हुन्छ, बोलाऊ । म जान्न ।'

पुलिस आइपुग्यो । उसले मलाई हात समातेर वाहिर निकाल्यो । मेरो मालताल पनि वाहिर निकालियो । मैले अरू डब्बामा जान मानिन र रेल छुट्यो । म गएँ र हातेवाय्ग एउटा लिएर, प्रतीक्षालयमा बसें, र अरू सामान जहाँ थियो त्यही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोडेको थिएँ । रेल्वे अधिकारीहरूले यसको जिम्मा लिएका थिए ।

जाडोको याम थियो र दक्षिण अफ्रिकाको माथिल्लो क्षेत्रको जाडो औधी चर्को हुन्छ । मारित्जवर्ग पनि उचाईमा भएकोले जाडो कटकटाउँदो थियो । मेरो ओभरकोट मेरो भारीमा थियो, तर फेरि अपमानित हुनु पर्ला भनेर माग्ने आँट गरिन, यसैले म त्यसै बसे र जाडोले लुग्लुग् कामिरहें । कोठामा वत्ती थिएन । मध्यराततिर एउटा यात्री आयो र सम्भवतः मसंग कुरा गर्न चाहन्थ्यो । तर म कुरा गर्ने मनःस्थितिमा थिइन ।

मैले आफ्नो कर्तव्य सोच्न लागें । आफ्नो अधिकारको निमित्त लड्ने कि भारत फर्कने हो, अथवा यो अपमानलाई वास्ता नगरेर प्रिटोरिया जाने र मुद्दा सकिएपछि भारत फर्कने हो कि ? आफ्नो काम नसिध्याइकन भारत फर्कनु सरासर भाग्नु हुन्थ्यो । जुन कष्ट मैले भोग्नुपरेको हो त्यो बाहिरी मात्र हो—रंगभेदको गहिरो रोगको लक्षण मात्र हो । मैले जहाँसम्म हुन्छ, त्यो रोगलाई जरैदेखि उखेल्न कोशिश गर्नुपर्छ, र त्यस प्रक्रियामा आउने कष्टहरू भोग्नुपर्छ । गल्तिको सुधार मैले त्यो हदसम्म मात्र खोज्नुपर्छ जुन रंगभेदको पूर्वाग्रहलाई हटाउन आवश्यक हुन्छ ।

यसरी मैले प्रिटोरीया जाने अर्को रेल चढ्ने विचार गरें । ५४

मेरो पहिलो काम प्रिटोरियामा भएका सारा भारतीयहरूको सभा बोलाउनु र तिनीहरूको सामू ट्रान्स्भलमा तिनीहरूको अवस्थाको चित्र प्रस्तुत गर्नु थियो । ५५

यस सभामा मैले दिएको वक्तव्य जिन्दगीमा सबभन्दा पहिले दिएको मेरो सार्वजनिक भाषण भने पनि हुन्छ । म आफ्नो विषयमा पूरा तयारी गरेर गएको थिएँ । त्यो विषय थियो– वेपारमा सत्यताको अवलम्बन गर्नु । वेपारीहरूले सधैं बेपारमा यो कुरा सम्भव हुँदैन भनी भनेको सुनेको थिएँ । मलाई त्यसबेला यस्तो लाग्दैनथ्यो, न अहिले नै लाग्दछ । आज पनि वेपारी साथीहरू छन्, जो भन्ने गर्छन् कि सत्य र बेपार संगसंगै जान सक्तैन । वेपार, उनीहरूको भनाइ अनुसार, धेरै व्यावहारिक काम हो, र सत्य धर्मको कुरा; उनीहरूको तर्क छ– व्यवहार एउटा कुरा हो, धर्म बिल्कुलै अर्को । शुद्ध सत्य, उनीहरू भन्छन्, व्यापारमा हुनै सक्तैन, मानिसले सुहाउँदो मात्रामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र सत्य बोल्न सक्तछ। आफ्नो भाषणमा मैले यो कुराको धूमधाम खण्डन गरें र बेपारीहरूलाई आफ्नो कर्तव्यप्रति सजग तुल्याएँ, जुन कर्तव्य दोहोरो थियो। सत्यवादी हुनुपर्ने तिनीहरूको जवाफदेही परदेशमा अझै ठूलो छ, किनभने एकमुठी भारतीयहरूको व्यवहार नै लखौंलख आफ्ना देशवासीहरूको व्यवहारलाई नाप्ने नापो हुन्छ। ५६

सडक छेउको पेटीको प्रयोगसम्बन्धी नियमका परिणामहरू पनि मेरो लागि गम्भीरै भए। म सधैं प्रेशिडेन्ट स्ट्रीट भएर खुल्ला मैदानमा डुल्न निस्कन्थें। प्रेशिडेन्ट (राष्ट्रपति) क्रुगरको निवासस्थान यहीं सडकमा थियो— एउटा साधारण, तडक भडक नभएको र बगैंचा विनाको घर वरिपरिका अरू घरहरूबाट नछुट्टिने। प्रिटोरियाका अनेकौं लखपतिहरूका घरहरू नै भडकिला र चारैतिरबाट बगैंचाले घेरिएका थिए। प्रेशिडेन्ट क्रुगरको सादापन वास्तवमा प्रशिद्धै थियो। घर अगाडि पुलिस पालोको उपस्थितिले मात्रै यो कुनै सरकारी पदाधिकारीको घर हो भनी संकेत गर्थ्यो। म सधैंजसो यही पालोनिरबाट पेटीको बाटो कुनै रोकटोक नभै हिंड्ने गर्थें।

त्यो पालोमा बस्ने मान्छेको बराबर अदली–बदली भइरहन्थ्यो। एकदिन, यिनमा एकजनाले, मलाई कुनै किसिमको सूचना नदिई, पेटीबाट नहिंड्नूसम्म नभनी, मलाई धकेली लात्तले हानेर सडकमा पुऱ्याइदियो। म जिल्ल परें। किन यसो गरेको भनी मैले उसलाई सोध्न पाएको थिइन, घोडा चढ्दै त्यहींबाट हिंड्न लागेको श्रीमान् कोट्सले मलाई अभिवादन गर्दै भने: 'मैले सबै देखेको छु गान्धी। तपाईं उसमाथि मुद्दा चलाउनु हुन्छ भने खुशीसाथ म साक्षी बस्न तयार छु। मलाई साह्रै अपशोच छ तपाईंलाई यस्तो नराम्रो व्यवहार गरियो।'

'तपाईंले दुःख मान्नु पर्दैन,' मैले भनें। त्यो त्रिचरालाई के थाह? उसको लागि सबै रंगीन मानिस बराबर छन्। उसले हब्शीलाई पनि उस्तै व्यवहार गर्छ जस्तो मलाई गऱ्यो। व्यक्तिगत कुरालाई लिएर अदालतमा नजाने मैले नियम गरेका छु। यसैले म उसमाथि मुद्दा हाल्न चाहन्न।' ५७

यो घटनाले भारतीय प्रवासीहरूप्रतिको मेरो भावनालाई दृढ बनाइदियो। ...... मैले यसरी भारतीय प्रवासीहरूको कठिन अवस्थाको गहिरो अध्ययन गरें, पढेर र सुनेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र होइन, आफैले अनुभव गरेर पनि। मैले देखें— दक्षिण अफ्रिका स्वाभीमानी भारतीयको लागि उपयुक्त देश थिएन, र मेरो मन यो स्थितिलाई कसरी सुधार्नें भन्ने प्रश्नमै व्यस्त रहन थाल्यो। ५८

प्रिटोरियाको एक वर्षको प्रवासकाल मेरो जिन्दगीको साह्रै नै अमूल्य अनुभव थियो। यही त्यो ठाउँ हो जहाँ मैले सार्वजनिक कार्यमा शिक्षा लिने सुअवसर पाएँ र यसको लागि ममा भएको क्षमताको केही नापो प्राप्तगरें। यो त्यही ठाउँ हो जहाँ मेरो भित्रका धार्मिक भावना जीवित शक्ति भयो, र जहाँ मैले वकालतको सच्चा ज्ञान पाएँ। ५९

मैले थाह पाएँ वकिलको वास्तविक काम फुटेका पक्षहरूलाई मिलाउनु हो। यो शिक्षाको छाप ममा यस्तो अमिट रूपले पर्न गयो कि वकिल भएर काम गरेको बीस वर्षको अवधि मेरो समयको धेरैजसो भाग सय्यौं मुद्दाहरूलाई घराथसमै मिलाउनुमा बित्यो। त्यसमा मैले केही गुमाइन— न पैसा, न त आत्मा नै। ६०

हृदयको शुद्ध र उत्साहपूर्ण इच्छाको सधैं पूर्ति हुन्छ। मेरो आफ्नै अनुभवमा यो कुरा प्रमाणित भएको मैले बराबर देखेको छु। गरीबको सेवा मेरो अभ्यन्तरको इच्छा भएको छ, र यसैले मलाई सधैं गरीबहरूको माझमा फ्याँकिदिएको छ र उनीहरूको स्वार्थसित आफ्नो स्वार्थ जोड्न मलाई समर्थ तुल्याएको छ। ६१

मैले वकालत गरेको तीन चार महीना पनि भएको थिएन, र कंग्रेस* बाल्यावस्थामै थियो, जब एउटा झुत्रो लुगा लगाएको, हातमा हेड–गियर लिएको, अगाडिको दुइटा दाँत भाँचेको र मुखबाट रगत बगिरहेको, तामिली रुँदै–काँप्तै मेरो अगाडि उभिन आयो। उसलाई उसको मालिकले नराम्रोसंग पिटेको रहेछ। मैले उसको सबै कुरा मेरो कारिन्दाबाट सुनें, ऊ पनि तामिली नै थियो। बालसुन्दरम्— त्यो आउने

* भारतीयहरूलाई अधिकारच्युत गर्न नेटल व्यवस्थापिका सभामा आएको विधेयकको विरोधमा आन्दोलन गर्न गान्धीले संगठन गरेको नेटल भारतीय कंग्रेस।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्छेको नाम त्यही थियो— डर्बनको एकजना प्रसिद्ध यूरोपियन वासिन्दाको घरमा नोकरी गरिरहेको रहेछ । त्यो मालिकले, ऊसंग रिसाएर आत्मनियन्त्रण गुमाएछ र उल्लाई बेसरी कुटी पिटी दुइवटा दाँतै पनि भाँचिदिएको रहेछ।

मैले उसलाई एकजना डाक्टरकहाँ पठाइदिएँ। त्यसबेला गोरा डाक्टरहरू मात्र थिए। बालसुन्दरम्लाई लागेको चोटपटकवारे डाक्टरको प्रमाणपत्र खोजेको थिएँ। मैले यो प्राप्त गरें, र त्यो घ्राइतेलाई सीधा म्याजिष्ट्रेटकहाँ लिएर गएँ र कागजपत्र दिएँ। यो पढेर म्याजिष्ट्रेट रीसले आगो भए, र त्यो मालिकमाथि समन जारी गरे। ६२

वालसुन्दरम्को कुरा यसरी कवूलियत गरी काम गर्ने प्रत्येक श्रमिकको कानमा पुग्यो, र मलाई उनीहरूको मित्रको रूपमा मान्न लागे। यो कुराले मलाई साह्रै आनन्द लाग्यो। यसरी कवूलियतमा काम गर्ने श्रमिकहरूको नियमित रूपले मेरो कार्यालयमा ताँती लाग्न थाल्यो, र मैले तिनीहरूको सुख–दुःख थाह पाउने राम्रो अवसर पाएँ। ६३

मानिसहरू आफ्ना सहजातिहरूलाई हेला–अपमान गरेर कसरी आफ्नो इज्जत वढेको सम्झन्छन् भन्ने कुरा मेरो लागि सधैं रहस्य भएको छ। ६४

मैले आफूलाई समाजको सेवामा पूर्णरूपले व्यस्त पाउन सकेको मुख्य कारण आत्मज्ञान प्राप्त गर्ने मेरो अभिलाषा हो। परमात्माको प्राप्ति सेवाद्वारा मात्र हुन्छ भन्ने लागेकोले नै मैले सेवालाई आफ्नो धर्म बनाएको थिएँ। मेरो लागि सेवा भन्नु नै भारतको सेवा थियो, किनकि यसको निमित्त मैले कुनै खोजी गर्नु परेन, किनकि मेरो प्रकृत्ति त्यतैतिर थियो। म दक्षिण अफ्रिकामा घुम्नको निमित्त गएको थिएँ, काठियावाडको षड्यन्त्रवाट मुक्त हुन गएको थिएँ, आफ्नो जीविकोपार्जन गर्न गएको थिएँ। तर जस्तो मैले भनिसकेको छु, मैले आफूलाई परमात्माको खोजीमा, आत्मज्ञानको साधनामा लागिरहेको पाएँ। ६५

विलायती संविधानप्रति मेरो जस्तो भक्ति–भावना भएको मानिस मैले कहिल्यै देखेको छैन । म अब देख्न सक्छु– यस भक्तिभावनाको अन्तस्थलमा सत्यप्रतिको मेरो प्रेम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो। मेरो लागि भक्तिभावना अथवा, त्यसको लागि, अरू नै कुनै गुण जगाउनु कहिल्यै सम्भव भएको छैन। नेटलमा मैले भाग लिने गरेको प्रत्येक सभामा राष्ट्रिय गान गाइने गर्दथ्यो। मलाई त्यसवेला लाग्दथ्यो कि मैले पनि गानामा सम्मिलित हुनुपर्छ। यसको मतलब थो होइन कि मलाई अंग्रेजी शासनका खराबीहरूको केही ज्ञान थिएन। तर मलाई के लाग्थ्यो भने सालाखाला यो नहुने नै होइन। यसो हेर्दा अंग्रेजी शासन शासितहरूको लागि लाभदायकै हो भन्ने मेरो धारणा थियो।

दक्षिण अफ्रिकामा जुन रंगभेद देखें, त्यो मलाई लाग्थ्यो, अंग्रेजी परम्पराको बिलकुलै विपरीत थियो, र मेरो धारणा यो खालि अस्थायी र स्थानीय मात्र हो भन्ने थियो। यसउसले राजभक्तिमा आफूलाई अंग्रेजहरूभन्दा कम हुन दिन चाहन्नथें। खूब मिहेनत गरेर मैले 'राष्ट्रियगान' को लय सिकें र जहाँसुकै गाइए पनि यसमा सम्मिलित हुन थालें। कुनै किसिमको होहल्ला, तडकभडक नगरी राजभक्ति देखाउने मौका आयो भने म हर्गिज चुक्न दिन्नथें।

जिन्दगीमा मैले कहिल्यै पनि यस राजभक्तिबाट न कुनै किसिमको फाइदा उठाएँ, न कुनै स्वार्थपूर्ति नै गर्न खोजें। मेरो लागि यो ज्यादा कर्तव्यको रूपमा थियो, र कुनै किसिमको फाइदाको आशा नगरी यसको पालन गरें। ६६

दक्षिण अफ्रिकामा आएको तीन वर्ष भैसकेको थियो। मैले तिनीहरूलाई चिन्नपाएको थिएँ– र तिनीहरूले पनि मलाई चिन्न पाएका थिए। १९५३ सालमा मैले छः महीनाको लागि घर जाने अनुमति मागें, किनकि मैले देखिसकेको थिएँ मेरो दक्षिण अफ्रिकाको प्रवास थोरै समयको निमित्त भएको थिएन। त्यहाँ मैले वकालतको काम राम्रै चालू गरेको थिएँ, र मानिसहरूले मेरो उपस्थितिको आवश्यकता महसूस गर्न थालेको अनुभव गरिसकेको थिएँ। यसैले मैले घर गएर स्वास्नी छोराछोरी ल्याएर घरजम गरूँ भन्ने निधो गरें। ६७

स्वास्नी छोराछोरीसंग समुद्र-यात्रा गरेको यो मेरो पहिलो अवसर हो। जुन बखतको कुरा म लेखिरहेको छु, त्यो बेला, मेरो के धारणा थियो भने मानिसले सभ्य देखिनको लागि आफ्नो लुगा र चालचलन सकेसम्म यूरापियनहरूको टक्करको पार्नु जरुरत छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई लाग्थ्यो यसो गर्न सकेमा नै हामीले केही प्रभाव जमाउन सक्ने हुन्थ्यौं, र विना प्रभाव समाजको सेवा गर्नु सम्भव हुने छैन । . . . . यसैले मैले मेरा जहान–छोरा छोरीले लगाउने लुगाको ढाँचा निश्चत गरें । . ... पारसीहरू त्यो वेला भारतीयहरूमा सबैभन्दा सभ्य मानिन्थे, र यसैले, पूरा यूरोपेली ढाँचा नसुहाउने देखिएकोले, हामीले पारसी ढाँचा ग्रहण गर्‍यौं । . . . . त्यही विचार र अझ अरू अनिच्छाले तिनीहरूले काँटा चम्चाको प्रयोग पनि अपनाए । सभ्यताका यी प्रतीकहरूमाथिको मेरो मोह घटे पछि मात्र, उनीहरूले यी काँटा–चम्चाको प्रयोगलाई छोडे । नयाँ चलनमा धेरै कालसम्म अभ्यस्त भैसकेपछि, शायद तिनीहरूलाई आफ्नै पहिलेकै चलनमा फर्कन कम अप्ठचारो परेन होला । तर म आज देख्न सक्छु कि "सभ्यता" को त्यो बोझे कुरालाई मिल्काइ सकेपछि हामीहरू सबैले धेरै नै हल्का र फुक्का भएको अनुभव गर्न थालेका छौं। ६८

जहाजले डिसेम्बर महीनाको अठान्ह–उन्नैस तारीखको दिन डर्बन बन्दरगाहमा लंगूर खसाल्यो । ६९

बम्बईबाट रमाना भएको तेइस दिन नभएसम्मको लागि हाम्रो जहाजलाई "कारान्टीन" मा राख्ने आदेश दिइयो । तर यो "कारान्टीन" आदेशको पछाडि स्वास्थ्यको कारण भन्दा अरू नै थियो ।

डर्बनका गोरा वासिन्दाहरू हामीहरूलाई हाम्रै देशमा फर्काउनेबारे आन्दोलन गरिरहेका थिए, र यो आन्दोलन नै त्यो आदेशको एउटा कारण थियो । .... त्यो "कारान्टीन" आदेशको मुख्य उद्देश्य यसैले यात्रुहरू वा एजेन्ट कम्पनीलाई कुनै न कुनै किसिमले हैरान पारेर भारत फर्कन बाध्य गराउनु थियो । किनकि हामीलाई पनि धम्की दिइन थाल्यो : "तिमीहरू फर्कन्नौ भने तिमीहरू समुद्रमा धकेलिई खसालिने छौ । होइन र फर्कन मान्छौ भने, फर्कने बाटा खर्च पनि पाउने छौ । म सहयात्रुहरूको माझमा तिनीहरूको हौसला बढाउंदै घुम्न थालें । ७०

अन्तमा मलाई र यात्रुहरू सबैलाई आखिरी जनाउ दिइयो । ज्यानको माया छ भने आफूलाई सुम्पिदेऊ भनियो । यसको जवाफमा हामी सबैले नेटल बन्दरगाहमा उत्रने हाम्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिकारलाई दोहो-यायौं, र कुनै पनि हालतमा नेटल पस्ने हाम्रो दृढनिश्चय भएको सूचना दियौं।

तेइस दिन नाघेपछि जहाजहरूलाई बन्दरगाह पस्न अनुमति दिइयो, र यात्रुहरूलाई उत्रन दिने आदेश पास भयो। ७१

जहाजबाट उत्रन पाएका थिएनौं केही ठिटाहरूले हामीलाई चिनेछन् र "गान्धी, गान्धी" भनेर कराए। आधा दर्जन जति मानिसहरू दौड्दै आए र त्यसरी कराउनुमा सम्मिलित भए। . . .. हामी जति जति अगाडि बढ्दै गयौं भीड पनि बढ्दै गयो, र आखिरमा अगाडि बढ्नु नै असम्भव भयो। . , . . त्यसपछि तिनीहरूले मलाईढुंगा, मूढा र सडेका फूलहरूले हिर्काउन थाले। कसैले मेरो फित्ता खोसे, कसैले मलाई कुट्न–पिट्न र लात्तिले हान्न लागे। मैले सास थाम्न सकिन र एउटा घर अगाडिको बार समाती उभिएँ। तर यसबाट केही फाइदा भएन पिट्दै–मुड्कीले हान्दै उनीहरू सव ममाथि आइलागे। संयोगले मसंग चिनजान भएको पुलिस सुपरिन्टेन्डेन्टकी स्वास्नी त्यहीं बाटो जान लागेकी रहिछन्। ती बहादुर–महिलाले अगाडि बढेर, घाम नलागेपनि आफ्नो छाता खोली मेरो अगाडि भीडलाई छेकेर उभिइन्। यसबाट भीडको रीसमा बार लाग्यो, किनकि श्रीमती एलेक्जाण्डरलाई चोट नपारी मलाई मुक्क्याउन सजिलो थिएन। ७२

स्वर्गीय च्याम्वर्लेनले, उसवेला उपनिवेशसम्वन्धी राज्यमन्त्री थिए, ममाथि कुटपिट-गर्नेहरू उपर कारबाई गर्न नेटल सरकारलाई तार दिएछन्। श्री एस्कम्बेलाई मलाई बोलाउन पठाई, मैले पाएको चोट–पटकको निमित्त दुःख प्रकट गरेर भने: मलाई विश्वास गर्नुहोस्, तपाईंको जिउमा अलिकति मात्र चोट परे पनि मलाई दुःख हुनेछ . . . . तपाईं ती कुटपिट गर्नेहरूलाई चिनाइदिन सक्नुहुन्छ भने तिनीहरूलाई पक्रेर कारवाइ गर्नेछु। श्रीमान् च्याम्वर्लेन पनि त्यसै गर भन्नु हुन्छ।"

यसमा मैले निम्नप्रकार जवाफ दिएँ:

'म कसैमाथि मुद्दा चलाउन चाहन्न। एक दुइ जनालाई चिनाउन म सकुँला, तर तिनी-हरूलाई सजायँ दिलाएर फाइदै के हुन्छ? अर्को कुरा, यसमा म तिनीहरूलाई दोष दिन्न। भारतमा मैले नेटलमा वस्ने गोराहरूको बारे बढाइ चढाई बक्तव्य दिएर तिनीहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नराम्रो प्रचार गरें भन्ने कुराले तिनीहरूको कान भरिदिएको रहेछ । यस्ता कुराहरूमा विश्वास गर्न लागेपछि तिनीहरू, अग्निशर्मा हुने भै हाले । यस कुरामा दोषी त नेताहरू, र नरिसाउनु होला, तपाईंहरू नै हुनुहुन्छ । जनतालाई तपाईंहरूले यो राम्ररी पथप्रदर्शनगर्न सक्नु पर्थ्यो तर उल्टो तपाईंहरूले राय्टरको रिपोर्टलाई पत्याउनु भयो र मैले बढी–चढी प्रचार गरें भनी ठान्नु भयो । म कसैमाथि पनि दोषारोपण गर्न चाहन्न । म ढुक्क छु, सत्य कुरा खुलेपछि सबैलाई आफ्नो कर्तव्यमाथि खेद लाग्नेछ ।, ७३

उत्रने दिनमा, पहेंलो झण्डा झुकाउनेवित्तिकै, "नेटल एडभर्टाइजर" का एकजना प्रतिनिधि मसंग अन्तर्वार्ता लिन आए । उनले मसंग अनेकौं प्रश्न गरे, जसको जवाफमा माथि लगाइएको प्रत्येक दोषारोपणको खण्डन गर्न सकेको थिएँ । . . . . यो अन्तर्वार्ता र कुटपिट गर्नेहरूमाथि मुद्दा नचलाउने मेरो विचारले यस्तो गहिरो छाप पारेछ कि डर्बनका यूरोपियनहरू आफ्नो व्यवहारदेखि लज्जित भए । समाचारपत्रहरूले मलाई निर्दोष घोषणा गरेर भीडको निन्दा गरे । यसरी सोच विचारै नगरिकन मलाई दिइएको दण्ड मेरो लागि, अर्थात्, संघर्षको पक्षको लागि बरदान सिद्ध भयो । यसले गर्दा दक्षिण अफ्रिकामा भएको भारतीय समाजको इज्जत बढ्यो र मेरो काम सजिलो भयो । ७४

मेरो व्यवसाय सन्तोषजनकरूपले बढ्दै थियो, तर आफ्नो भने अझै चित्त बुझेको थिएन । . . . म अझै बेचैन थिएँ । म कुनै स्थायी किसिमको लोकोपकारी काम गर्न चाहन्थें । . . . यसैले मैले सानो अस्पतालमा काम गर्ने समय निकालें । आउनजान समेत गरी यसमा मलाई प्रत्येक दिन बिहान दुइघण्टा लाग्थ्यो । यस कामबाट मलाई केही शान्ति भयो । यसमा मैले गर्नुपर्ने मुख्य काम रोगीको वास्तविक कुरा पत्ता लगाउनु, त्यसलाई डाक्टरसमक्ष राखिदिनु भै निर्देशनपत्र दिनु थियो । यसले गर्दा म कष्ट भोगिरहेका भारतीयहरू, खासगरी कबूलियतमा काम गर्न आइरहेका तामिल, तेलिगु र उत्तर भारतका मानिसहरूको निकट सम्पर्कमा आएँ ।

यो अनुभवले मलाई त्यो बेला खूबै काम दियो जब मैले प्रथम बोर युद्धमा बिरामी र घाइते सिपाहींहरूको हेरविचार गर्ने काममा मैले आफ्नो सेवा अर्पण गरे । ७५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबभन्दा पछिल्लो बालकको जन्मले मलाई सबभन्दा ठूलो अग्निपरीक्षामा राखिदियो। प्रसव वेदना अकस्मात् शुरू भएको थियो। डाक्टर तुरुन्तै पाइएन। सुँडिनी वोलाई ल्याउन पनि केही समय लाग्यो। तिनी त्यहीं भएको भए पनि, त्यतिको कामलाग्ने थिएन। प्रसूतिको काम निर्विघ्न भएको कुरा मैले नै हेर्नु पर्‍यो। ७६

मलाई पक्का विश्वास छ कि बालकहरूलाई राम्ररी हुर्काउनको लागि आमा-बाबुहरूसंग बच्चाहरूको हेरविचार तथा सेवा सुश्रूषा गर्ने सामान्य ज्ञान हुनुपर्दछ। प्रत्येक चरणमा मले यस विषयको आफ्नो सावधानीपूर्ण अध्ययनको फाइदा देखेको छु। मैले यस विषयमा अध्ययन गरी नराखेको भए र आफूले जानेको कुरालाई काममा नलगाएको भए मेरा केटाकेटीहरूको आज जस्तो किसिमको स्वास्थ्य छ त्यो हुनै पाउने थिएन। हाम्रो एक किसिमको अन्धविश्वास छ कि केटाकेटीले पाँचवर्षको उमेरसम्म केही कुरा सिक्तैन। यसो होइन, वास्तवमा यसल पहिलो पाँच वर्षमा जे सिक्छ पछि जिन्दगीमा कहिल्यै सिक्तैन। बालकको शिक्षा गर्भैमा शुरू भै सक्छ। ७७

[यी कुराहरू बुझ्ने दम्पतीले कहिल्यै पनि, सन्तानको इच्छाले बाहेक, कामवासनाको पूर्तिको लागि मात्र यौनक्रियामा लाग्ने गर्दैन। मलाई जहांसम्म लाग्छ यौनक्रिया खानु र सुत्नु जस्तै आवश्यक स्वतन्त्र काम हो भनी मान्नु ठूलो अज्ञानता हो। संसारको अस्तित्व नै संतानोत्पत्तिको काममा रहेको छ, र संसार भनेको नै परमेश्वरको क्रीडास्थल र उहाँको महत्ताको प्रतिच्छाया भएकोले, सन्तानोत्पत्तिको कामलाई संसारको नियमित वृद्धिको हेतु नियन्त्रण गर्नु आवश्यक छ। जसले यस कुरालाई राम्ररी बुझ्दछ उसले कुनै पनि प्रकारले आपनो इच्छालाई नियन्त्रण गर्छ, आपनो सन्तानको शारीरिक, मानसिक तथा आध्यात्मिक उन्नतिलाई चाहिने ज्ञानले आफूलाई संयुक्त पार्छ र त्यो ज्ञानको फाइदा भविष्यको सन्तानलाई दिन्छ। ७८]

हाम्रो छलफल र पक्का विचार गरिसकेपछि मैले १९६३ सालमा (ब्रह्मचर्यको) व्रत लिएँ। त्यो वेलासम्म मैले आफ्ना विचारहरू मेरी जहानलाई भनेको थिइन तर व्रत लिने बेलामा मैले तिनीसँग सल्लाह गरें। तिनलाई कुनै विरोध थिएन। तर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई भने अन्तिम निर्णय गर्न साह्रै गाह्रो भयो । ममा त्यत्तिको ताकत पनि थिएन । आफ्नो इच्छालाई नियन्त्रण कसरी गर्ने ? आफ्नै जहानसंगको यौन सम्बन्धलाई तोड्नु त्यो बेला विचित्र नै देखिन्थ्यो । तर मैले परमेश्वरको अपरिमेय शक्तिमाथि विश्वास गरेर पाइलो बढाएँ ।

व्रत लिएको विगत बीस वर्षको अवधिमा फर्केर हेर्दा म आनन्द र आश्चर्यले विभोर हुन्छु । १९५८ सालदेखि नै आत्मनियन्त्रण गर्ने धेर–थोर सफल अभ्यास भएर आइरहेको थियो । तर व्रत लिइसकेपछि जुन स्वतन्त्रता र आनन्दको अनुभव मैले गरें त्यो १९६३ सालअगाडि कहिल्यै गरेको थिइन । व्रत लिनुभन्दा अगाडि जुनसुकै बेला पनि मलाई इच्छाले वशीभूत पार्न सक्थ्यो । तर अब यो व्रत त्यस्तो प्रलोभनको विरुद्ध एउटा अचूक ढालको रूपमा खडा भयो । ७९

तर यो नित्यप्रति बढ्दै जाने आनन्दको कुरा भए तापनि, मेरो लागि यो सजिलो कुरा भयो भनी सम्झनु हुन्न । छपन्न वर्ष भैसकेपछि पनि, यो कस्तो गाह्रो रहेछ भन्ने म बुझ्छु । दिन प्रतिदिन म बुझ्दै जान्छु कि यो तरवारको धारमा हिंड्नु जत्तिकै हो, र प्रत्येक क्षण म ईश्वरीय रखवारीको आवश्यकतालाई महसूस गर्छु ।

व्रत पालनमा गर्नुपर्ने पहिलो आवश्यक कुरा स्वादेन्द्रियको नियन्त्रण हो । स्वादेन्द्रियको पूर्ण नियन्त्रणले यस व्रतको पालनलाई धेरै सहज बनाइदिएको पाएँ, र यसैले मैले आफ्नो पथ्यसम्बन्धी प्रयोग शाकाहारीको दृष्टिले मात्र होइन ब्रह्मचारीको दृष्टिले पनि अनुसरण गर्न थालें । ८०

यसो भन्ने गरेको मलाई थाहा छ–आत्माले न पिउँछ, न खान्छ, यसैले मानिसले खाने-पिउने कुरासंग आत्माको केही मतलब छैन; मतलब छ त तिमी भित्रबाट बाहिर जे प्रकाश गर्छौं त्यसै कुराको, न कि बाहिरबाट भित्र जे राख्छौ त्यसको । निःसन्देह यसमा केही शक्ति छ । यस कुराको परीक्षा गर्नुमा नलागेर म आफ्नो यो दृढविश्वास प्रकट गर्नुमै सन्तोष मान्छु कि, परमेश्वरको भय लिएर बस्ने तथा परमेश्वरको साक्षात् दर्शन गर्ने साधकको लागि, खानेकुराको गुण र परिमाणसम्बन्धी संचालन गर्नु बोली र विचारमा संयम गर्नु जत्तिकै आवश्यक छ । ८१

Jagannath Bhattarai Collection: Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले ऐश-आरामको जिन्दगीबाट शुरू गरेको थिएँ, तर यससम्बन्धी प्रयोग अस्थायी थियो। मैले घरलाई राम्ररी सजाएको भए तापनि, मलाई यसको मोह थिएन। यसैले यो जिन्दगी प्रारम्भ गर्नुको साथसाथै मैले खर्च पनि घटाउन थालें। धोबीको हिसाब धेरै हुन्थ्यो, र यसको अतिरिक्त ऊ नियमित समयमा आउने गर्थ्यो, तापनि दुइ तीन दर्जन कमीज र कलर पनि मलाई नपुग्ने हुन थाल्यो। कलर दिह्लौं फेर्नु पर्थ्यो र कमीजहरू, दिह्लौं नभए पनि, एकदिन लगाएर बदल्नु पर्थ्यो। यसबाट खर्च दोब्बर हुन्थ्यो जुन मलाई अनावश्यक लाग्यो। यसैले आफ्नो खर्च घटाउनको लागि एउटा लुगा धुने सामान जोडें। लुगा धुने विषयको एउटा किताब किनें, यसबारे अध्ययन गरें र मेरी जहानलाई पनि सिकाएँ। यसबाट निश्चय मेरो काम बढ्न गयो, तर नौलो भएकोले मज्जै लाग्यो।

मैले आफैंले धोएको पहिलो कलर म कहिल्यै बिर्सन्न। मैले आवश्यकभन्दा बढी माडको प्रयोग गरेछु, इस्त्री राम्ररी तातेको रहेनछ र जल्ला भन्ने डरले चाहिने जति पनि थिचेनछु। नतिजा यो भयो कि, कलर राम्ररी नै कडा भए पनि, बढी भएको माड जति बराबर उप्किन लाग्यो। त्यही कलर लगाएर अदालत गएँ, र साथी–वकीलहरूको लागि उपहासको पात्र बनें, तर त्यो वेला पनि उपहासको लागि म अभेद्य नै रहन सक्थें। ८२

धोबीको अधीनबाट जसरी मैले मुक्ति लिएँ, त्यसरी नै नाउबाट पनि छुटकारा पाएँ। बिलायत जाने मानिसहरू सबै कमसेकम दाह्री खौरने कला त्यहाँ सिक्ने गर्दछन्, तर, जहाँसम्म थाहा छ, रौं काट्ने कला कोही पनि सिक्तैनन्। मैले त्यो पनि सिक्नु पर्‍यो। म एकदिन प्रिटोरियामा एकजना अंग्रेज रौं काट्ने कहाँ गएँ। उसले हेला गरेर मेरो रौं काट्न इन्कार गर्‍यो। मेरो चित्त दुख्ने भै हाल्यो, तर तुरुन्तै एउटा कैंची किनेर ल्याएँ र ऐना अगाडि बसेर कपाल काट्न बसें। अगाडिको त राम्रै भएछ, तर पछाडिको भागमा बिगारेछु। अदालतमा साथीहरू मरीमरी हाँसे।

'तिम्रो रौं के भएछ, गान्धी? मुसाले त काटेन?'

'होइन। गोरा नाउले मेरो कालो रौं काट्न मानेन, मैले भनें, 'यसैले जस्तोसुकै होस् आफले काट्न बसें।'

यो जवाफले साथीहरूलाई आश्चर्य लागेन। मेरो रौं काट्न नमान्नु नाउको दोष थिएन। काला मानिसहरूको रौं काट्न थाल्यो भने उसको व्यापारमा हानी हुने धेरै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्भावना थियो । ८३

लडाईं (बोर) को घोषणा हुँदा, मेरो व्यक्तिगत सहानुभूति बोरहरूसग थियो, तर त्यसवेला मेरो के विश्वास थियो भने, यस्तो कुरामा आफ्नो व्यक्तिगत मतलाई काममा लगाउने मेरो केही अधिकार थिएन ।

यस विषयमा भएको आन्तरिक संघर्ष एक एक गरेर मैले दक्षिण अफ्रिकामा भएको सत्याग्रहको इतिहासमा लेखिसकेको छु, र यसलाई यहाँ दोहोऱ्याउनु आवश्यक छैन । जान्न चाहनेलाई कृपया ती पृष्ठहरू पल्टाई हेर्न आग्रह गर्दछु । यहाँ यति भने पुग्छ कि अंग्रेजी शासन-प्रतिको मेरो भक्तिले मलाई त्यस युद्धमा अँग्रजहरूको साथ दिन लगायो । मलाई के लाग्यो भने, अँग्रेजी राज्यको नागरिकको हैसियतले अधिकारको माग गर्ने हो भने, अँग्रेजी साम्राज्यको सुरक्षामा भागलिनु पनि त मेरो कर्तव्य हो । मेरो त्यो वेलाको विचार थियो–भारतले आफ्नो पूर्ण मुक्ति अँग्रेजी साम्राज्यभित्र र द्वारा मात्र पाउन सक्नेछ । यसैले मैले जति सक्यो उति साथीहरू बटुलें, र ठूलो प्रयत्नले मघौरू बोक्ने सेना अर्थात् आयम्बुलेन्स् कोरको रूपमा तिनीहरूको सेवा स्वीकृत गराएँ । ८४

यसरी दक्षिण अफ्रिकामा भएका भारतीयहरूको सेवाले मलाई प्रत्यक चरणमा सत्यको नयाँ अर्थहरू खोलिदियो । सत्य भनेको एउटा विशाल रूख समान हो, जसले, जतिजति तपाईं यसको स्याहार गर्दै जानुहुन्छ, उतिउति बढी मात्रामा फल दिंदै जान्छ । सत्यको खानीभित्र जति गहिरो खोजी गर्नुहुन्छ, झन् झन् धेरै किसिमको सेवाको लागि बाटोको रूपमा, उति धेरै त्यहाँ दबिएर रहेका रूखहरूको पत्तो लाग्छ । ८५

मानिस र उसको काम दुइ विभिन्न कुरा हुन् । राम्रो कामले प्रशंसा र नराम्रो कामले निंदा पाउनुपर्ने हुनाले, राम्रो वा नराम्रो, कामको कर्ता सधैं अवस्था हेरी, सम्मान वा दयाको योग्य हुन्छ । 'पापलाई, न कि पापीलाई घृणा गर' भन्ने एउटा यस्तो नीतिवाक्य हो जसलाई, बुझ्न सजिलो भए पनि व्यवहारमा विरलै ल्याइन्छ, र कारण यही हो कि घृणाको विष संसारमा फैलिने गर्दछ ।

यो अहिंसा सत्यको खोजीको आधार हो । म प्रतिदिन बुझ्दै गैरहेको छु कि आधारको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा अहिंसामा खडा नभएसम्म यो खोजी निरर्थक हुन्छ। कुनै पनि व्यवस्थाको विरोध गर्नु र यसलाई आक्रमण गर्नु बिल्कुलै उचित छ, तर यसको निर्माताको विरोध गर्नु र यसलाई आक्रमण गर्नु आफ्नै विरोध गर्नु र आफैलाई आक्रमण गर्नु बराबर हो। किनकि हामीहरू सब उही बुरुशले उही रंग लगाइएका हौं, र यस्तै हुनाले हामीभित्र जो दिव्य शक्ति छन् ती असीम छन्। एक मात्र मानिसको हेला गर्नु पनि ती दिव्य शक्तिको हेला गर्नु हो, र यसरी उसको खति गर्नुको मतलब हुन्छ उसको साथसाथै सारा संसारको खति गर्नु। ८६

मेरो जिन्दगीमा घटेका अनेक किसिमका घटनाहरूले मलाई अनेक किसिमका धर्म र सम्प्रदायका मानिसहरूको निकट सम्पर्कमा ल्याएको छ, र तिनीहरू सबैसंगको अनुभवले यो कुराको पुष्टि गर्छ कि मैले आफन्त–पराई, स्वदेशी विदेशी, गोरा काला, हिन्दू–मुसलमान, पारशी –क्रिश्चियन, यहुदी अथवा अरू धर्मावलम्बी भन्ने भेद जानेको छैन। अर्को शब्दमा भन्ने हो भने, यस्तो भेदभाव मेरो हृदयले गर्ने सक्तैन। ८७

म सँस्कृतको प्रकाण्ड पण्डित होइन। मैले वेद र उपनिषद्को खालि अनुवादको भरमा मात्र अध्ययन गरेको छु। यसैले मेरो अध्ययन स्वभावतः विद्वत्तापूर्ण होइन। त्यस सम्बन्धी मेरो ज्ञान कुनै पनि हालतमा गहिरो छैन, तर मैले ती पुस्तकको अध्ययन एउटा हिन्दूको हैसियतले गर्नुपर्ने जति गरेको छु र मलाई गर्व छ मैले तिनीहरूको वास्तविक भावलाई बुझ्नसकेको छु। एक्काइस वर्षको अवस्थासम्ममा मैले अरू धर्महरूको पनि अध्ययन गरिसकेको थिएँ।

एक समय थियो जब म हिन्दू धर्म र क्रिश्चियन धर्मको बीचमा हल्लिरहेको थिएँ। मनःस्थिति ठीक भैसकेपछि मलाई के लाग्यो भने हिन्दूधर्मबाट मात्र मोक्ष सम्भव छ। अनि हिन्दू धर्मप्रतिको मेरो विश्वास झन् झन् प्रगाढ र प्रबुद्ध हुँदै गयो।

तैपनि मेरो विश्वास थियो कि छुआछूत हिन्दूधर्मको अंश होइन, र हो रहेछ भने यस्तो हिन्दूधर्म मेरो लागि होइन। ८८

इतिहासको रूपमा सबै आत्मजीवनीको नपुगवारे धेरै अगाडि जे पढेको थिएँ त्यो आज म धेरै राम्रोसंग बुझ्छु। मलाई थाहा छ कथामा मैले सम्झे जति लेख्तिन। सत्यको लागि

Jagannath Bhattarai Collection: Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति कुरा भन्ने र कति नभन्ने कसले भन्न सक्छ ? मेरो जिन्दगीमा भएका कुनै कुनै घटनाहरूबारे मैले दिएका प्रमाणहरूको अपूर्णताको अदालतमा के मूल्य होला ? माथि लेखिसकिएका परिच्छेदहरूबारे कोही मसंग सोधपूछ गर्न चाहन्छन् भने उसले शायद यी कुराहरूमा ज्यादा प्रकाश पार्न सक्तछन् र यो सोधपूछ विरोधी आलोचकको रूपको रहेछ भने, त्यसले आफूलाई 'मेरा कतिपय दावीहरूको खोक्रोपना' सावित गरेर चित्त बुझाउन सक्तछ ।

यसैले मलाई एक क्षण त यी परिच्छेदहरू लेख्नै छोडिदिउँ कि जस्तो पनि लाग्छ । तर भित्र अभ्यन्तरबाट रोक नलागेसम्म, मैले लेख्न रोक्नु हुन्न । यो नैतिक हिसाबले नै बेठीक सावित नभएसम्म एकपटक शुरू गरिसकेको कुनै पनि कुरालाई रोक्नु हुन्न भन्ने ऋषि वाक्यलाई मैले मान्नु पर्छ । ८९

'इन्डियन ओपिनियन्' * निस्केको पहिलो महीनामै, पत्रकारिताको मुख्य उद्देश्य सेवा हुनुपर्छ भन्ने मनमा लिएँ । समाचार पत्र एउटा ठूलो शक्ति हो, तर जस्तो बाँध नबाँधिएको पानीको प्रवाहले सारा गाउँलाई डुबाउँछ र बालीको सर्वनाश गर्छ, त्यस्तै अनियन्त्रित कलमले क्षति बाहेक केही गर्दैन । त्यो नियन्त्रण पनि बाहिरबाट गरिएको रहेछ भने, नियन्त्रण नहुनु भन्दा ज्याला विषालु हुन्छ । भित्रबाट गरिएको नियन्त्रण मात्र लाभदायक हुन्छ । यदि यो कुरा मनासिब हो भने, संसारका कति पत्रिकाहरू शुद्ध निस्कलान् र ? तर बेकारका पत्रिकाहरूलाई रोक्ने को ? फेरि जाँच्ने कसले ? कामलाग्ने र काम नलाग्ने, सामान्यतः असल र खराव जस्तै, संग संगै हिंड्छन्, र मानिसले आफ्नो रोजी रोज्नुपर्छ । ९०

मैले पढेको रस्किनको यो (अन्टु द लास्ट) पहिलो पुस्तक हो । स्कूल कलेजमा पढ्दा मैले पाठ्य–पुस्तकबाहेक केही पनि पढेको थिइन, र काममा लागेपछि पढ्ने मैले धेरै थोरै मात्र समय पाएँ । यसैले मैले किताबबाट धेरै ज्ञान पाएको छु भन्न सक्तिन । तर पनि मलाई लाग्छ यस किसिमको करबलले भएको रोकबाट मैले धेरै गुमाउनुपरेको छ । यसको विपरीत, सीमित भए पनि मेरो पढाइले मैले जति पढ्न पाएको छु त्यसलाई राम्ररी पचाउन मलाई समर्थ तुल्याएको छ । यी किताबहरूमध्ये जसले मेरो जिन्दगीमा तत्कालै र

* दक्षिण अफ्रिकामा गान्धीजीले निकालेको पत्रिका ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यावहारिक परिवर्तन ल्यायो त्यो हो 'अन्टु द लास्ट' । पछि मैले यसको गुजरातीमा अनुवाद गरें र यसको नाम 'सर्वोदय' (सबैको भलाई) राखें ।

मलाई लाग्छ मैले रस्किनको यस महान् पुस्तकमा मेरा कतिपय गूढ विश्वासहरू प्रतिविम्बित भएको पाएँ, र यसैकारण यसले मलाई आकर्षित गर्‍यो र मेरो जिन्दगीलाई मोड्यो । कवि भनेको नै त्यो हो जसले मानिसको मनमा सुषुप्तावस्थामा रहेको असल कुरालाई जगाउन सक्छ । कविहरूको प्रभाव सबैमा एकैनास पर्दैन, किनकि सबैको विश्वास एकै हिसाबले हुँदैन । ९१

अब त जोहनेस्वर्गमा मेरो वास स्थिर भइसकेको छ भनी मैले सोचिसकेपछि पनि, मेरो लागि जिन्दगी स्थिर हुनु लेखिएको थिएन । अब त शान्तिसंग सास फेर्न पाउँला भनी सोचेको मात्र थिएँ, एउटा सपनैमा नदेखेको घटना घट्यो । नेटलमा जुलूहरूको 'विद्रोह' मच्चिएको कुरा समाचारपत्रहरूमा आयो । जुलूहरूप्रति मेरो कुनै द्वेष भावना थिएन, तिनीहरूले भारतीयहरूको केही खराबी गरेका थिएनन् । मलाई 'विद्रोह' बारे न शङ्का नै थियो । तर त्यसवेला मलाई के लागेको थियो भने अंग्रेजी साम्राज्य नै संसारको कल्याणको लागि थियो । राजभक्तिको विशुद्ध भावनाले मलाई साम्राज्यप्रति कुनै खराब चिताउन दिएको थिएन । 'विद्रोह' को औचित्य वा अनौचित्यले मेरो निश्चयलाई केही असर पार्ला जस्तो थिएन । नेटलमा एउटा स्वयंसेवक रक्षा–दल थियो, र यसलाई अरू पनि मानिसको आवश्यक थियो । यो दललाई 'विद्रोह' दवाउनको निमित्त पठाइसकिएको छ भन्ने खवर पढें । ९२

'आन्दोलन' भएको ठाउँमा पुग्दा मैले के देखें भने 'विद्रोह' को नामलाई पनि सार्थक गर्ने कुरो त्यहाँ केही पनि रहेन छ । त्यहाँ विरोध भन्ने कुरोको नाम मात्र पनि थिएन । त्यहाँ भएको गडबडीलाई आन्दोलनको रूप दिइएको कारण के रहेछ भने एक–जना जुलू सरदारले उसको रैतिमाथि लगाइएको कर नतिर्ने आह्वान गरेका रहेछन्, र कर असूल गर्न गएको एकजना अधिकारीलाई भालाले घोपी हत्या गरिदिएका रहेछन् । जे भए पनि मेरो सहानुभूति जुलूहरूप्रति थियो, र प्रधान कार्यालय पुगेपछि, मलाई यो कुरा सुन्दा खुशी लाग्यो कि हाम्रो मुख्य काम घाइते जुलूहरूको सेवा सुश्रूषा गर्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनेछ । मुख्य चिकित्सक अधिकृतले हाम्रो स्वागत गरे । उनले सुनाए — गोराहरू जुलूहरूको सेवा सुश्रूषा त्यति साह्रो मनलगाई गर्दैनन्, घाउहरू पाक्तै गइरहेका छन्, र ऊ किंकर्तव्य विमूढ भएका छन् । हामीहरूलाई ती निर्दोष मानिसहरूकै लागि ईश्वरले पठाएका हुन् भनी हामी पुगेकोमा उनी खुशी भए, र उनले हामीलाई पट्टी बाँध्ने कपडा, घाउ नपाक्ने औषधी आदि दिए, र टहरामा बनाइएको अस्पतालमा हामीलाई लिएर गए । हामीलाई देखेर जुलूहरू साह्रै खुशी भए । गोरा सिपाहींहरू हाम्रो बीचको फलामको बारबाट चियाएर हामीलाई घाइतेहरूको उपचार गर्न दुरुत्साह गरिरहेका थिए । हामीले उनीहरूको कुराको वास्ता नगरेको हुनाले, उनीहरू रीसले चूर भए र जुलूहरूलाई भन्नु नभन्नु भने । ९३

हामीले जिम्मा लिएका घाइतेहरू लडाईंमा घाइते भएका होइनन् । तिनीहरूमध्ये केही शङ्कामा पक्रिएका रहेछन् । जर्नेलले कोर्राको प्रहारले तिनीहरूलाई नराम्रो घाउ पारिदिएको रहेछ । त्यो घाउ पनि, राम्रो उपचार नपाएकोले पाक्न गएको रहेछ । अरू त मित्रै जस्ता रहेछन् । 'दुश्मन' होइन भनी छुट्याइ माग्न दिइएको चिन्ह तिनीहरूले लगाइ राखेको भए पनि सैनिकहरूले गल्तिले तिनीहरूमाथि गोली चलाइदिएका रहेछन् । ९४

जुलू 'विद्रोह' नयाँ अनुभवहरूले पूर्ण थियो र त्यसले मलाई धेरै कुरा सोच्ने मौका दियो । लडाईं भनेको कत्तिको भयानक हुँदोरहेछ भन्ने कुरा मैले बोअर युद्धमा पनि त्यति साह्रो देखेको थिइन । साँच्चै भन्ने हो भने यो लडाईं लडाईं थिएन, मनुष्यको शिकार थियो । मलाई मात्र त्यस्तो लागेको होइन, धेरै अंग्रेजहरूको पनि त्यस्तै विचार थियो जोसंग मैले कुरा गर्न पाएको थिएँ । निर्दोष वस्तीमा सिपाहींहरूको राइफल पटाका पड्केजस्तै पड्केको खबर प्रत्येक दिन बिहान सुन्नु, र तिनीहरूको माझमा बस्नु साँच्चि नै एउटा परीक्षाको घडी थियो । तर मैले ती सब तीता कुराहरूलाई आँखा चिम्ली पिइ दिएँ, किनकि मेरो दलको मुख्य काम घाइतेहरूको सेवा सुश्रूषा गर्नु थियो । मैले देखिसकेको थिएँ — हामी मात्रै नभएको भए जुलूहरूको हेरविचार गर्ने कोही हुँदैनथ्यो । यो कामले, यसैले, मेरो अन्तरात्मालाई शान्ति दियो । ९५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन, वचन र कर्मले ब्रह्मचर्य पालन गर्न उत्सुक थिएँ, र बढीसेबढी समय सत्याग्रहमा लगाउन र यसको लागि लायक हुन आत्मशुद्धिको साधना गर्न पनि उत्तिकै उत्सुक थिएँ। यसैले मलाई खानासम्बन्धी कुरामा अरू पनि अदल बदल र अरू बढी संयम गर्न आवश्यक पर्न गयो । यसभन्दा अगाडि मैले जे जति अदल बदल गरें त्यसको उद्देश्य ज्यादाजसो स्वास्थ्यको दृष्टिले थियो, तर अबका प्रयोगहरू धार्मिक दृष्टिले थिए।

अनशन र पथपरहेजले मेरो जिन्दगीमा अब धेरै महत्वपूर्ण स्थान लिन लाग्यो। काम-वासना खासगरी स्वादको इच्छासंगै अस्तित्व राख्ने हुन्छ। मेरो हकमा पनि त्यस्तै भयो। कामवासना र स्वाद दुवैको संयम गर्नमा मैले पनि अत्याख कष्ट भोग्नुपऱ्यो, र तिनी-हरूलाई पूरा वशमा पार्नसकेको छु भनी म अहिले पनि भन्न सक्तिन। मैले आफूलाई साह्रै खञ्चुवा सम्झेको छु । साथीहरूलाई मैले संयम गरें भनी लागेको कुरा मलाई कहिल्यै संयम जस्तो लागेको छैन। मैले आज जति गर्न सकेको छु त्यति संयम गर्न नसकेको भए धेरै अगाडि नै मेरो गति पशुकोभन्दा पनि तल्लो तहमा पुगी उसै बेला मेरो पतन भैसकेको हुने थियो। तर, मलाई आफ्ना कमजोरीहरूको पूरा ज्ञान भएको हुनाले, मैले त्यसलाई हटाउन भरमग्दूर कोशिश गरें, र मिहेनत गरेको फलस्वरूप नै शरीरलाई आजसम्म धानी आफ्नो हिस्साको काम गरी आउन सकेको छु । ९६

मैले शुरू फलाहारबाट गरें, तर संयमको दृष्टिले फलाहार र अन्नाहारको बीचमा रोज्ने कुरा मैले ज्यादा पाइन । फलाहारमा पनि अन्नाहारमा जत्तिकै, अझ अभ्यस्त भएमा त बढी स्वादको लागि मानिस लालायित हुन सक्दोरहेछ भन्ने कुरा मैले देखें । यसैले मैले छुट्टीका दिनहरूमा एक छाक मात्र खानु वा भोकै बस्नुमा ठूलो महत्व दिन लागें। प्रायश्चित्त वा त्यस्तै केही गर्ने मौका पाएँ भने त्यो मौकालाई सहर्ष अनशनको लागि पनि उपयोग गर्न थालें ।

तर मैले के पनि देखें भने, शरीर अब धेरै राम्रोसंग छानिन गएको हुनाले खाना धेरै स्वादिलो हुन थाल्यो र रुचि बढ्न गयो । अनशनलाई पनि संयमको जत्तिकै शक्तिशाली आसक्तिको हतियार बनाउन सकिन्छ भन्ने मलाई लाग्यो । यस सम्बन्धमा मेरा पछिका यस्ता अनेकौं अनुभवहरू र अरू कुराहरू पनि प्रमाणको रूपमा प्रस्तुत गर्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्छ । म आफ्नो शरीरलाई सपार्न र सधाउन चाहन्थें, तर मेरो खास उद्देश्य संयम गर्नु र स्वाद उपर विजय प्राप्त गर्नुभएको हुनाले, मैले कहिले यो त कहिले उ गरी खानेकुरोको छनोट पनि गर्थें, साथै परिमाणमा संयम गर्थें । तर यस्तो लाग्थ्यो, मानो रुचि मेरो पछि पछि थियो । एउटा छोडेर अर्को लिने गर्दा त्यो पछि लिएकोले अगाडि लिएको भन्दा ताजा र बढी स्वाद दिने गर्‍यो । ९७

अनुभवले भने मलाई खानेकुराको स्वादमा लाग्नु ठीक छैन भर्ना सिकाएको छ । मानिसले शरीरको लागि खानुपर्छ, न कि स्वादको लागि । हर इन्द्रियले शरीरको र शरीरद्वारा आत्माको काम गर्न थालेपछि, यसको भोकै हराउँछ, र अनि मात्र प्रकृतिले खोजेको तरीकामा काम गर्न थाल्दछ ।

प्रकृतिसंग यस्तो तादात्म्य प्राप्त गर्ने काममा जति प्रयोगहरू गरे पनि थोरै हुन्छ र त्याग पनि कुनै पनि ठूलो हुँदैन । तर दुःखको कुरा छ, आजकाल स्थिति जोडतोडले उल्टो दिशातिर बग्दै गइरहेको छ । नाशवान् शरीरलाई सजाउनको निम्ति, यसको आयुलाई केही अस्थिर क्षण लम्ब्याउनको निम्ति हामी अरू असंख्य प्राणीहरूको ज्यान लिन कत्ति लाज मान्दैनौं; परिणाम यो हुन्छ कि हामी हत्या गर्छौं आफ्नै, शरीर र आत्मा दुवैको । ९८

जेल जीवनको मेरो पहिलो अनुभव १९६५ सालमा भयो । कैदीहरूले पालन गर्नुपर्ने नियमहरूमा कतिपय ब्रह्मचारीले, अर्थात् संयममा बस्न चाहनेले स्वेच्छापूर्वक पालन गर्नुपर्ने जस्तै रहेछन् भन्ने कुरा मैले देखें । उदाहरणको लागि एउटा नियम दिनको अन्तिम भोजन सूर्यास्त हुनुभन्दा अगाडि नै सिध्याउनुपर्ने थियो । भारतीय अथवा अफ्रिकाली कुनै पनि कैदीलाई चिया–कफी खाने अनुमति थिएन । मनलागे पकाइसकेको खानामा नूनसम्म थप्न सक्तथे, तर खालि मुखको स्वादको लागि तिनीहरू केही पनि खान पाउँदैनथे । ९९

अन्ततः यी नियमहरूमा, बडो मुश्किलैले भए पनि, हेरफर त भयो, तर दुवै संयमका राम्रा नियम थिए । बाहिरबाट लगाइएका रोकहरू मुश्किलैले मात्र सफल हुन्छन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर भित्रबाट लगाइएको परिणाम निश्चय नै राम्रो हुन्छ । यसैले जेलबाट निस्केपछि आफूमाथि मैले दुइटा नियम लगाइहालें । सकेसम्म चिया पिउनै छोडिदिएँ, र सूर्यास्त हुनुभन्दा अगाडि नै अन्तिम खाना खाइसक्ने गर्न थालें । यी दुइटै कुराको पालनमा अब केही गाह्रो लाग्दैन । १००

अनशनले, यदि यसको पालन संयमको उद्देश्यले गरियो भने पाशविक प्रवृत्ति रोक्नमा धेरै काम गर्छ,। मेरा कुनै कुनै साथीहरूले अनशन गरिसकेपछि साँच्ची नै आफ्नो पाशविक प्रवृत्ति र स्वादेन्द्रिय जागृत भएको पाएका छन् । भनाइको तात्पर्य हो, अनशन निरर्थक हुन्छ यदि यसको साथमा आत्म–नियन्त्रणको लागि अविराम इच्छा भएन भने । १०१

अनशन र यस्तै अनुशासन, यसैले, आत्म–नियन्त्रण साध्यगर्ने एउटा साधन मात्र हो, सम्पूर्ण होइन । अनशन भौतिक रूपले मात्र भै मानसिक रूपले पनि भएन भने, यसको अन्त बहानाबाजी र विपत्तिमा गएर हुनु अवश्यंभावी छ । १०२

टल्स्टाय फार्म* मा हामीले यस्तो नियम बनाएका थियौं जस अनुसार शिक्षकहरूले नगर्ने-गरेको कुरा शिष्यहरूलाई गर्न लगाउनु हुँदैनथ्यो, र यसैकारण तिनीहरूलाई केही कुरा गर्न दिइँदा तिनीहरूसंग सधैं संगै बसी सहयोग गरी काम गर्ने एकजना शिक्षक पनि हुन्थ्यो । केटाकेटीहरू यसैले जे जति सिक्थे प्रसन्न चित्तले सिक्थे । १०३

हामीले त्यति कसो सुन्ने गरेको, पाठ्यपुस्तकहरूको बारेमा, मलाई कहिल्यै कुनै कुराको अभाव खट्केन । प्राप्त हुनसक्ने किताबहरूको पनि धेरै प्रयोग गरेको मलाई सम्झना छैन । केटाकेटीहरूलाई थुप्रो किताबहरूको भारी बोकाउनु म बिल्कुलै आवश्यक

* टल्स्टाय फार्म र फोनिक्स फलोनो गान्धीले दक्षिण अफ्रिकामा खोलेका दुइ आश्रमहरू थिए जहाँ उनी र उनका सहयोगीहरूले आत्मानुशासन र सेवाको जीवन यापन गरे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठान्दिन । मलाई सधैं के लाग्छ भने शिक्षक नै शिष्यको वास्तविक पाठ्यपुस्तक हो । मेरा शिक्षकहरूले मलाई पाठ्यपुस्तकहरूबाट सिकाएको कुरा धेरै कम मात्र सम्झन्छु । पुस्तक बाहिरका जे जति उनीहरूले सिकाए त्यसको भने मलाई एक एक सम्झना अहिलेसम्म पनि छ ।

केटाकेटीहरू आँखाले भन्दा कम परिश्रम कानले गरी धेरै कुरा ग्रहण गर्ने गर्दछन् । आफ्ना केटाकेटीहरूसंग बसी मैले कुनै पनि किताब माथिदेखि तलसम्म पढेको मलाई याद छैन । तर मैले तिनीहरूलाई, विभिन्न किताबहरू पढेर जे जति जानेको छु त्यो सबै, मेरो आफ्नै भाषामा दिएँ, र म भन्न सक्छु अझै पनि यसको सम्झना तिनीहरूमा ताजै छ ।

किताबबाट सिकेका कुराहरू सम्झन उनीहरूलाई धेरै परिश्रम पर्थ्यो, तर मुखबाट शब्दको उच्चारण गरी जे मैले तिनीहरूलाई दिएँ त्यो कुरा तिनीहरू सजिलैसंग दोहऱ्याउन सक्तथे । पढ्नु तिनीहरूको लागि काम थियो, तर मेरो कुरा सुन्नु एउटा आनन्द हुन्थ्यो, जब म आफ्नो विषय आकर्षक बनाउन नसकी तिनीहरूलाई विरक्त पार्दिनथें । मेरो प्रवचन सुनी तिनीहरूले गरेको प्रश्नबाट तिनीहरूको बुझ्नसक्ने सामर्थ्यको म नापो लिन्थें । १०४

जस्तो शारीरिक शिक्षा शारीरिक कसरतबाट दिइन्थ्यो, त्यस्तै आध्यात्मिक शिक्षा पनि आध्यात्मिक कसरतबाट नै सम्भव थियो । र आध्यात्मिक कसरत पूर्णतः शिक्षकको चरित्र र जीवनचर्यामा भर पर्थ्यो । बालकहरूको बीचमा भए पनि नभए पनि शिक्षकलाई सधैं आफ्नो प्रश्न र समस्याको ध्याउन्नामा रहनु पर्थ्यो । १०५

म झूठो बोल्ने भए, बालकहरूलाई साँचो कुरा बोल्न सिकाउनु, मेरो लागि निरर्थक हुने थियो । कातर गुरुले आफ्ना शिष्यहरूलाई बहादुर बनाउन कहिल्यै सक्तैन, र संयमको परिचय नपाएको मान्छेले आफ्ना शिष्यहरूलाई संयमको महत्त्व सिकाउन सक्तैन । यसैले मलाई के लाग्यो भने मसंग बस्ने लडका–लडकीहरूको लागि मैले आफै एउटा स्थायी वास्तविक पाठ भै दिनुपर्छ । तिनीहरू यसरी मेरा शिक्षक भए, र मैले जानें –तिनीहरूको लागि मात्र हो भन्नु मैले असल हुनुपर्छ र सोझै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँन्नु पर्छ । म भन्नसक्छु –- टाल्सटाय फार्ममा मैले आफूमाथि बढ्दो मात्रामा लगाएको अनुशासन र नियम–निष्ठा खासगरी मेरा ती नै संरक्षणमा भएका बालकहरूले गर्दा भएको हो ।

तिनीहरूमा एकजना चञ्चल, मशहूर, झूठो बोल्ने र झगडालु थियो । एकपटक उसले असाध्यै उपद्रो गऱ्यो । मलाई साह्रै झोंक चल्यो । म आफ्ना शिष्यहरूलाई कहिल्यै सजांय दिन्नथें, तर यस पटक मलाई साह्रै रीस उठ्यो । मैले उसलाई सम्झाउन खोजें । मान्दै नमानी उल्टो आफ्नै मात्र कुरा माथि पार्न खोज्यो । केही नलागेपछि मैले नजीकै रहेको रुलर (रेखा खिच्ने यन्त्र) उठाएँ र पाखुरामा हानें । पिट्दा म कामेछु । उसले यो देखेछ । सबैको लागि नै यो साँच्चिकैको नौलो अनुभव रहेछ । त्यो ठिटो रोयो र माफी माग्यो । पिटेर दुखेको हुनाले ऊ रोएको होइन; चाहेको भए, सत्र वर्षको लक्का जवान, उसले ममाथि बदला लिन सक्थ्यो; तर यस्तो बल प्रयोग गर्नुपर्दा मेरो चित्त दुखेको उसले देखेछ । यसपछि उसले फेरि कहिल्यै पनि मेरो कुरा नमान्ने गरेन । तर मलाई अझै पनि त्यो बल प्रयोग गरेकोमा पछुताउ लाग्छ । मलाई अपसोच छ त्यो दिन मैले उसको अगाडि आफूभित्रको आत्मा होइन, पशुताको प्रदर्शन गरें ।

म सधैं शारीरिक सजायँको विरोधी रहेको छु । मलाई जहाँसम्म याद छ मैले एकैचोटि मात्र आफ्नो एकजना छोरालाई शारीरिक सजायँ दिएको थिएँ । यसै कारण आजसम्म पनि मैले निश्चित रूपले भन्न सकेको छैन — रुलरको प्रयोग गरेर मैले उचित गरें कि अनुचित । हुन सक्छ यो अनुचित नै थियो, कारण रीस र सजांय दिने इच्छाले यो दिइएको थियो । मलाई लागेको दुःखको मात्र यो अभिव्यक्ति भएको भए मैले यसलाई न्यायोचित नै संझने थिएँ । तर यस कुरामा मेरो उद्देश्य मिश्रित थियो । १०६

यसपछि पनि लडकाहरूको बदचलनका घटनाहरू भए, तर मैले कहिल्यै शारीरिक सजायँको उपाय लिइन । यसरी आफ्नो संरक्षणमा भएका लडका–लडकीलाई आध्यात्मिक प्रशिक्षण दिने प्रयत्नमा लागेर मैले आत्माको शक्तिलाई अझ बढी बुझ्दै जान लागें । १०७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसवेला मलाई जोहानेस्वर्ग र फोनिक्समा आउ–जाउ गर्नपर्थ्यो । एकचोटि जव म जोहानेस्वर्गमा थिएँ मैले आश्रमका दुईजना सदस्यहरूको नैतिक पतन भएको खबर पाएँ । सत्याग्रह संग्राममा विफल वा पराजय भएको खबरले मलाई त्यति चोट पार्दैनथ्यो होला, तर यो समाचार मेरो लागि वज्रप्रहार जस्तै भयो। मैले त्यही दिन फोनिक्स जाने रेलको यात्रा गरें । १०८

यात्रा गर्दा गर्दै मैले गर्नुपर्ने कर्तव्य मलाई स्पष्ट भए जस्तो लाग्यो । आफ्नो सरक्षणमा भएको वालक वा शिष्यको पतनको जिम्मेदार, केही मात्रामा भए पनि, संरक्षक वा शिष्य थियो भन्ने मलाई लाग्यो। यस सम्बन्धमा म पनि कति जिम्मेदार थिएँ भन्ने कुरा मलाई दिन जत्तिकै स्पष्ट भयो । मेरो जहानले मलाई यस विषयमा अगाडि नै जनाउ दिएकी थिइन्, तर विश्वास गर्ने स्वभावको भएको हुनाले, मैले उनको कुरालाई वास्ता गरेको थिइन । जजसले खराब काम गरेका हुन् तिनीहरूले मलाई लागेको र तिनीहरूको आफ्नै पतनको गहिराइ बुझ्न सकून् भन्ना निमित्त गर्नुपर्ने एउटै उपाय मेरो लागि कुनै प्रायश्चित हो भन्ने मलाई लाग्यो । यसैले मैले सात दिनसम्म अनशन गर्ने र साढेचार महीनासम्म दिनको एक छाक मात्र खाने प्रण गरें । १०९

मेरो प्रायश्चित्तले सबैलाई दुःख भएछ, तर यसले वातावरणलाई सफा पारिदियो । पापी हुनु भनेको भयंकर कुरा रहेछ भनी सबैले बुझे, र लडका–लडकीहरूसंगको मेरो सम्बन्ध झन् झन् बलियो र पवित्र भयो । ११०

मैले आफ्नो व्यवसायमा असत्य व्यवहार कहिल्यै गरिन, र ...... मेरो वकालतको धेरै जसो भाग सार्वजनिक कामको लागि थियो, जसको निमित्त चाहिनेभन्दा कम्ति नै खर्च लिन्थें, र त्यो पनि कहिले कहीं त म आफै बेहोर्थे...... । विद्यार्थी जीवनमा मैले के सुनेको थिएँ भने वकिलको व्यवसाय फटाहाको व्यवसाय हो । तर यस भनाइबाट मलाई केही असर परेन, किनकि मेरो इरादा झूठो बोलेर पैसा अथवा इज्जत कमाउनु थिएन ...... मेरो सिद्धान्तको, दक्षिण अफ्रिकामा धेरै पटक, परीक्षा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरियो। विपक्षीहरूले आफ्ना साथीहरूलाई कुरा सिकाएर ल्याएको मलाई बराबर थाह हुन्थ्यो र मैले पनि आफ्ना ग्राहक वा उसका साक्षीहरूलाई झूठो बोल्न लगाएँ भने, हामी पनि मुद्दा जित्न सक्थ्यौं। तर यो लोभलाई म सधैं संवरण गर्थें। मुद्दा जितिसकेपछि, मेरो ग्राहकले मलाई छलेको रहेछ भनी मलाई शङ्का लागेको एकैचोटि मात्र मलाई सम्झना छ। सधैं मेरो अभ्यन्तरको इच्छा के हुन्थ्यो भने आफ्नो ग्राहकको कुरा ठीक हो भने मात्र मैले जित्नुपर्छ। मेरो दस्तुरको निधो गर्दा मुद्दा जितेपछिको शर्त हाली कहिल्यै गर्ने गरेको म सम्झन्न। मेरो ग्राहकले जितोस् या हारोस्, म आफ्नो दस्तुरभन्दा एक पैसा बढी वा घटी आशा गर्दिनथें।

म हरेक ग्राहकलाई शुरूमै सम्झाइदिन्थें कि त्यसले मबाट झूठो मुद्दा बोक्ने वा साक्षीहरूलाई कुरा सिकाउने कामको आशा गर्नुपर्दैन। परिणामस्वरूप मेरो यस्तो इज्जत भयो कि झूठो मुद्दा मकहाँ आउँदै आएन। कोही कोही ग्राहकहरूले निःसन्देह साँचो मुद्दा मलाई दिने, र शङ्कास्पद मुद्दाहरू अरूलाई दिने गर्न लागे। १११

व्यवसायसम्बन्धी कामको सिलसिलामा ग्राहकहरू वा आफ्ना सहयोगीहरूबाट आफ्नो अज्ञानता नलुकाउने पनि मेरो बानी थियो। आफूले बुझ्न नसके जस्तो भएमा म मेरो ग्राहकलाई कुनै अरू नै वकिलको सल्लाह लिन परामर्श दिन्थें। यो स्पष्टवादिताले गर्दा मैले आफ्ना ग्राहकहरूको असीमित माया र विश्वास प्राप्त गरें। वरिष्ठ वकिलको परामर्श आवश्यक भएको बेलामा चाहिने दस्तुर तिर्न उनीहरू सधैं तत्पर रहन्थें। यस माया र विश्वासले मलाई मेरो सार्वजनिक काममा धेरै मद्दत दियो। ११२

१९७१ सालको सत्याग्रह आन्दोलन सकिएपछि, गोखलेबाट मैले लण्डन भएर घर फर्कने सन्देश पाएँ। ...... अगष्ट महीनाको चार तारीखका दिन लडाईंको घोषणा भयो। हामी छः तारीखका दिन लण्डन पुग्यौं। ११३

बिलायतमा बसेका भारतीयहरूले पनि लडाईंमा केही गर्नुपर्छ भन्ने मलाई लाग्यो। अंग्रेज विद्यार्थीहरू स्वेच्छाले सेनामा भर्ती भएका थिए, र भारतीयहरू पनि कत्ति कम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनु हुँदैन । यस कुरामा अनेकौं आपत्ति उठाइए । भारतीय र अंग्रेजहरूमा आकाश जमीनको फरक छ भन्ने तर्क गरियो । हामी नोकर थियौं र उनीहरू मालिक थिए । मालिकलाई परेको वेलामा नोकरले कसरी सहयोग दिन सक्थ्यो ? स्वतन्त्र हुन चाहने नोकरले मालिकलाई परेको बेला मौका छोप्नु के कर्तव्य होइन ? त्यसवेला यो कुरा मलाई पटक्क मन परेन । भारतीय र अंग्रेजको स्थितिको विभेद मलाई थहा थियो, तर हामी पूरा नोकरै भएका छौं भन्ने कुरा म विश्वास गर्न सक्तिनथें । मलाई त्यस बेला के लाग्दथ्यो भने यसमा ज्यादा दोष अंग्रेजी व्यवस्थाको भन्दा अंग्रेजी अधिकारीहरूको थियो, र उनीहरूलाई हामी प्रेमद्वारा हातमा लिन सक्थ्यौं । अंग्रेजहरूको सहयोग र सहायताद्वारा हाम्रो स्थितिको सुधार गर्ने हो भने, उनीहरूलाई परेको बेला उनीहरूको कुममा कुम जोडेर उनीहरूको सहायता प्राप्त गर्नु हाम्रो कर्तव्य हो । त्रुटिपूर्ण भए पनि यो व्यवस्था मलाई आज जस्तो सहनै नसकिने लाग्दैनथ्यो । तर यस व्यवस्थामा आस्था हराएकोले, आज त म अंग्रेज सरकारसंग सहयोग गर्न चाहन्न भने, अधिकारीवर्गमा समेत विश्वास गुमाइसकेका ती साथीहरू त्यस बेला साथ दिन कसरी सक्दथे ? ११४

मेरो विचार थियो—अंग्रेजलाई परेको वेलाबाट हामीले फाइदा उठाउन खोज्नु हुँदैन, र लडाईं चलुन्जेल हाम्रो मागमा जोड नदिनु धेरै नै राम्रो र दूरदर्शी हुनेछ । यसैले म आफ्नो विचारमा अडिग रहें र स्वयंसेवकको रूपमा भर्ती हुन खोज्नेहरूलाई आह्वान गरें । ११५

युद्धको अनैतिकतालाई हामी सबै मान्थ्यौं । मलाई हमला गर्नेमाथि कारवाइ गर्न म तयार भइन भने, युद्धमा भाग लिन मैले कम्ती नै मन गर्नुपर्थ्यो, खासगरी त्यो बेला जब मलाई युद्ध गर्नेहरूको उद्देश्यको औचित्य वा अनौचित्यको बारेमा केही थाहा थिएन । साथीहरूलाई वास्तवमा थाहा थियो कि मैले अगाडि बोअर युद्धमा काम गरेको थिएँ, तर त्यसपछि मेरो विचारमा परिवर्तन भैसकेको छ भनी उनीहरूले सम्झेका थिए ।

वास्तवमा त्यही विचार, जसले मलाई बोअर युद्धमा भाग लिन लगाएको थियो, अब यस मौकामा पनि ममाथि सवार थियो । मलाई बिल्कुलै स्पष्ट थियो कि लडाईंमा भाग लिनु भनेको कहिल्यै पनि अहिंसाको अनुकूल हुन सक्तैन । तर आपनो कर्तव्यबारे पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिस सधैं नै स्पष्ट हुन्छ भन्ने छैन। सत्यको उपासकलाई बराबर अंध्यारोमा भौंतारिनु पर्ने हुन्छ। ११६

दक्षिण अफ्रिका र बिलायतमा मधौरू बोक्ने कामको लागि मानिसहरूको भर्ती गरेर, र भारतमा मैदानैमा उत्रने कामको लागि रिकुटेहरू भर्ना गरेर मैले, लडाईंको उद्देश्यको होइन, कि अंग्रेजी साम्राज्य भन्ने संस्थाको मद्दत गर्न पुगेछु जसको वास्तविक हितकारी लक्षणमा मलाई त्यो वेला विश्वास लाग्थ्यो। लडाईं प्रतिको मेरो प्रतिरोध त्यो वेला आज जत्तिकै प्रवल थियो; त्यो वेला म राइफल नउठाउँथे न उठाउनै सक्तथें। तर मानिसको जिन्दगी भनेको एउटै सरल रेखा होइन; यो एउटा कर्तव्यहरूको झुप्पा हो जुन आपसमा बराबर बाझिने हुन्छन्। मानिसलाई निरतन्र एउटा कर्तव्यबाट अर्को कर्तव्यमा रोज्नुपर्ने हुन्छ। नागरिकको हैसियतले न उसवेला, नअहिल्यै पनि, लडाईं भन्ने कुराकै विरोधमा आन्दोलनको नेतृत्व गर्ने सुधारक, मैले लडाईंमा विश्वास गर्न तर डर अथवा नीच विचार, अथवा अंग्रेजी सरकारप्रतिको रीसले, भर्ती नभै बस्ने मानिसहरूलाई सल्लाह दिनु तथा नेतृत्व दिनुपर्थ्यो। मैले तिनीहरूलाई भन्न कत्ति हिचकिचाइन कि तिनीहरूले लडाईंमा विश्वास गरुञ्जेल तथा अंग्रेजी संविधानमा भक्ति गरुञ्जेल तिनीहरूले भर्ती भएर यसको समर्थन गर्नु तिनीहरूको कर्तव्य हो।……म प्रतिशोधमा विश्वास गर्दिन, तर चार वर्षअगाडि वेत्तिया नजीकैका गाउँलेहरूलाई मैले स्पष्ट भनिदिएको थिएँ कि अहिंसाको बारे केही नजान्ने मानिसहरू नै आफ्ना आइमाईहरूको इज्जत र संपत्तिको बल प्रयोगद्वारा रक्षा गर्न नसक्ने सम्मको नामर्द हुन्छन्। हालसालै पनि मैले हिन्दूहरूलाई……यहाँसम्म भनिदिएको थिएँ— अहिंसामा उनीहरूलाई विश्वास लाग्दैन र यसको पालन उनीहरू गर्न सक्तैनन् भने आफ्ना आइमाईहरूको हरण गरी लैजाने मानिसमाथि हतियार उठाएर उनीहरूको इज्जत बचाउन नसकेमा तिनीहरूले आफ्नो धर्म र मानवताकै विरोधमा अपराध गरेको ठहरिने छ। यो सबै सल्लाह र पहिलेदेखिको साधना समस्त रूपले अहिंसारूपी धर्मप्रतिको मेरो विश्वासको अनुकूल मात्र मान्दिन, यसको प्रत्यक्ष परिणाम पनि मान्दछु। असल सिद्धान्त सरल हुन्छ भन्नु, यसलाई जान्नु र झगडा–तगडा, गोलमाल आदिले परिपूर्ण भएको संसारमा यसको चलन गर्नु एउटा यस्तो काम हो जसको कठिनाइ मैले दिन प्रतिदिन बुझ्दै गैरहेको छु। र साथै यो नभै जिन्दगी जिउन लायक छैन भन्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वास पनि ममा दिनप्रतिदिन गाढा हुँदै गैरहेको छ। ११७

अहिंसाको तराजूमा मात्र तौलिएको मेरो व्यवहारको पक्षमा भन्नु केही छैन, संहारका शस्त्र उठाउने र रेडक्रसको काम गर्नेहरूको बीचमा म केही फरक देख्तिन। दुवैले लडाईंमा काम गर्छन् र यसको पक्षलाई अगाडि बढाउंछन्। कुनै युद्धमा अपराधी हुन्। तर यत्तिका वर्षसम्मको आत्म-परीक्षापछि पनि, मलाई के लाग्छ भने म जुन परिस्थितिमा परें त्यसले गर्दा नै मैले त्यो बाटो अपनाउनुपर्‍यो जुन मैले बोअर युद्ध र महा यूरोपेली युद्ध दुवैमा र त्यसको लागि १९७३ सालको नेटलको तथाकथित जुलू 'विद्रोह' मा अपनाएँ।

मानिसको जीवनमा अनेकौं शक्तिले काम गरेको हुन्छ। मानिसले आफ्नो गतिविधिलाई, कुनै खास समयमा एक छिन पनि नसोधी प्रयोग गर्न सकिने एउटा सामान्य सिद्धान्तद्वारा निश्चित गर्न सक्नेभएको भए, यो जीवन शान्त र सरलसंग बित्थ्यो। तर यसरी सजिलैसंग निश्चित गर्न सकिएको एउटा काम पनि म सम्झन सकिन।

संहारकारी शस्त्रहरूको प्रयोग सम्बन्धी प्रशिक्षण लिने मौका धेरै प्राप्त भए तापनि, कट्टर युद्ध विरोधी भएको हुनाले मैले त्यसमा कहिल्यै भाग लिइन। शायद यसै कारणले हो कि मानव जीवनको संहार गर्ने कामबाट म सधैं जोगिएको छु। तर जहाँसम्म म शक्तिमा आधारित शासन व्यवस्था अन्तर्गत बसें र यसले मेरो लागि व्यवस्था गरिदिएको सुबिधा-सहुलियतको स्वेच्छाले उपभोग गरें, त्यो शासनको मैले असहयोग नगरेसम्म र यसले मलाई दिएको सुविधाहरू मेरो सामर्थ्यले भ्याएसम्म मैले परित्याग नगरेसम्म त्यो शासनलाई लडाईंमा फसेको वखत मेरो शक्तिले भ्याएसम्म सहायता गर्नु मेरो कर्तव्य थियो।

एउटा दृष्टान्त लिऊँ। म एउटा संस्थाको सदस्य छु जसको केही एकड जमीन छ जहां उब्जेको अनाज बाँदरहरूले नाश गरिदिने डर छ। म सबै जीवनका पवित्रतामा विश्वास गर्छु र यसैले बाँदरहरूलाई कुनै किसिमको चोट पटक लगाउनु अहिंसा व्रतलाई भंग गर्नु सम्झन्छु। त्यसो गरूँ तापनि अनाजको बचाउको लागि बाँदरहरूमाथि हमला गराउन तथा ठाडै गर्ने प्रवन्ध गर्न म कति पछि पर्दिन। यही खराबी नहोस् भन्ने म चाहन्छु। संस्थालाई छोडेर अथवा तोडेर म यस्तो काम गर्न नपर्ने पनि गर्न सक्छु। म त्यसो गर्दिन किनभने मलाई त्यस्तो कुनै समाज पाउन सकुंला जस्तो लाग्दैन जहां खेतीपाती हुँदैन र त्यसकारण कुनै किसिमको जीवनको विनाश हुँदैन। डराउँदै, काँप्दै, हीनभावले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चाताप गर्दै, त्यसै कारण कुनै न कुनै दिन एउटा उपाय कसरी नपाइएला भन्दै, बाँदरहरूको हानी नोक्सानी हुने काममा भाग लिन्छु।

नभन्दै मैले लडाईंको तीन काममा भाग लिएँ। मेरो आफ्नो समाजसंगको सम्वन्ध मैले तोड्न सकिन, त्यसो गर्नु मेरो लागि पागलपन पनि हुने थियो। र ती तीन अवस्थामा मैले अंग्रेज सरकारसंग सहयोग नगर्ने कुरा सोचेको पनि थिइन। सरकारसम्वन्धी मेरो विचार आज बिल्कुलै अर्कै भैसकेको छ र यसैले यसले गरेको लडाईंहरूमा म स्वेच्छाले भाग लिन्न र यसले गरेको सैनिक कारवाइहरूमा मलाई हातहतियार उठाउन अथवा अरू कुनै प्रकारले भाग लिन कर लगाइयो भने बरु म जेल जान र फाँसी भोग्न पनि तयार हुन्छु।

तर त्यत्तिले पनि समस्याको समाधान हुँदैन। राष्ट्रिय सरकार भएको खण्डमा, कुनै लडाईंमा प्रत्यक्ष रूपले मैले भाग नलिए पनि म ती अवस्थाहरूको विचार गर्न सक्छु जब यसमा भाग लिन खोज्ने मानिसहरूको सैनिक प्रशिक्षणको लागि भोट दिनु मेरो कर्तव्य हुनेछ। मलाई थाह छ अहिंसामा मेरो जति विश्वास छ यसका सबै सदस्यहरूको त्यत्ति नै हुँदैन। कुनै पनि मानिस वा समाजलाई जबर्जस्ति अहिंसक बनाउनु सम्भव पनि छैन।

अहिंसाले साह्रै रहस्यमय ढंगले काम गर्छ। यसको नाममा मानिसका कामकारवाइले कहिले कहीं विश्लेषणको पनि विरोध गर्छ; यस्तै उसका कामकारवाइले बराबर हिंसाको पनि रूप लिन्छ जब कि ऊ वास्तविक रूपमा अहिंसक नै भएको हुन्छ र अन्ततः त्यस्तो भएको पाइन्छ पनि। मेरो चाल-चलनको पक्षमा मैले भन्नसक्ने कुरा यसैले यत्तिकै छ कि माथि लिइएको उदाहरणहरूमा यसका परिचालन अहिंसाकै परिपालनमा गरिएको थियो। यसमा कुनै भद्दा राष्ट्रिय अथवा अरू स्वार्थको विचार थिएन। कुनै अरू स्वार्थ प्रति आँखा चिम्लिदै राष्ट्रिय अथवा अरू स्वार्थको परिपूर्ति हुन्छ भन्ने कुरामा म विश्वास गर्दिन।

म यसवारे अरू बढ्ता भन्न चाहन्न। जतिसुकै खोजे पनि भाषा भनेको मानिसको विचारलाई पूर्णरूपले अभिव्यक्ति दिनमा राम्रो माध्यम बन्न सक्तैन। मेरो विचारमा अहिंसा खालि एउटा दार्शनिक सिद्धान्त मात्र होइन। मेरो जीवनको नियम र सास हो। मलाई थाह छ म बरावर निष्फल हुन्छु, कहिले कहीं थाहा पाउँदा थाहा पाउँदै र ज्यादा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसो थाहै नपाई । वास्तविक ज्ञान परमेश्वरको निरन्तर भक्ति गरेर, हुनसम्म विनयशील भएर आत्मविसर्जन, र आत्मत्याग गर्न सदा तत्पर भएर नै प्राप्त हुन्छ । यसको व्यवहार गर्न उत्तम दर्जाको निडरता र साहसको दरकार पर्दछ । मलाई आफ्ना कमजोरी-हरूको राम्रो ज्ञान छ ।

तर मभित्रको ज्योति स्थिर र स्पष्ट छ । हामीहरू कसैको लागि पनि सत्यता र अहिंसा बाहेक अरू कुनै बाटो छैन। मलाई थाह छ– लडाईं अनुचित हो, सर्वांशतः खराबी हो । मलाई यो पनि थाह छ– यसले आखिर नहटी सुख पाउँदैन। मेरो दृढ विश्वास छ, रक्तपात अथवा दाउपेचले प्राप्त भएको स्वतन्त्रता स्वतन्त्रता नै होइन। मैले गरेको कुनै कामले अहिंसाको उल्लंघन भएको अथवा कुनै न कुनै रूपमा हिंसा वा असत्यताको पक्ष मैले लिएको भनी संझिइनुभन्दा मैले गरेको भनी भनिएका सारा कामहरू सपूर्णरूपले रक्षणीय नभएको भए कस्तो हुन्थ्यो ! अहिंसा, सत्यता नै हाम्रो अस्तित्वका नियम हो, न कि हिंसा, न कि असत्यता । ११८

म आफ्ना कमजोरीहरू जान्दछु । त्यो जान्नु नै मेरो एउटा मात्र बल हो । मैले जिन्दगीमा जे जति गर्न सकेको छु त्यो सबै अरू कुनै कुराबाटभन्दा पनि मेरो आफ्नै कम-जोरीहरूको बोध भएबाट गर्न सकेको हूँ । ११९

म जिन्दगीभर झूठो प्रचारको अभ्यस्त भएको छु। यो गति सबै सार्वजनिक कार्यकर्ताको हुन्छ । उसको छाला चाम्रो हुनुपर्छ। झूठो प्रचार जे जति हुन्छ सबैको प्रतिवाद गरेर सफाइ लिने हो भने जिन्दगी नै भार हुनेछ । उद्देश्यलाई नै सच्याउनुपर्ने अवस्था परेमा बाहेक अरू बेला यस्तो प्रचारको प्रतिवाद नगर्ने मैले आफ्नो जिन्दगीको नियम नै बनाएको छु। यो नियमले धेरै समय र चिन्ताको बचोट गरेको छ । १२०

एउटै गुण जसको म दावा गर्न चाहन्छु त्यो हो सत्य र अहिंसा । अलौकिक शक्तिमाथि म कुनै दावा गर्दिन । मलाई केही चाहिंदैन पनि । मैले पनि त्यही किसिमको नाशवान् मासु धारण गरेको छु जुन मेरो सबैभन्दा निर्बो सहजातिले धारण गरेको छ। र मबाट पनि अरूबाट जस्तै भूल हुन सक्छ। मैले गरेको सेवाहरूमा धेरै कमीहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्, तर जतिसुकै त्रुटि भए तापनि परमेश्वरबाट तिनीहरू प्रति आजसम्म अनुग्रह प्राप्त भएरै आएको छ।

किनभने, भूल स्वीकार भनेको कूचो जस्तै हो जसले फोहर–मैला बढारेर लैजान्छ र भूमिलाई पहिलेभन्दा सफा पारिदिन्छ। भूलस्वीकार गर्दा मलाई अरू बल प्राप्त भएको अनुभव हुन्छ। फेरि पछाडि जानाले उद्देश्यको उन्नति हुनुपर्छ। सोझो बाटो छोडी अर्केतिर लागेर मानिसले कहिल्यै आफ्नो लक्ष्यमा पुग्न सकेको छैन। १२१

महात्माको मलाई वास्ता छैन। असहयोगी भए पनि म त्यस्तो विधेयकको खुशीसाथ समर्थन गर्नेछु जसले मलाई महात्मा भनी मेरो खुट्टा छुनेलाई अपराधी मानोस्। मैले गरेर हुने ठाउँमा, आश्रममा, यस्तो गर्नु अपराध हुन्छ। १२२

यी परिच्छेदहरूले अन्त गर्ने अब समय आएको छ। ...... यहाँदेखि मेरो जीवन यति खुल्ला भएको छ कि मानिसले यसबारे थाहा नपाएको कुरा कमै होला। ...... मेरो जिन्दगी एउटा खुलेको पुस्तक भएको छ। गोप्य भनेको मेरो केही छैन र म कुनै गोपनीयतालाई प्रोत्साहन पनि दिन्न। १२३

मेरो एकनासको अनुभवले मलाई के कुराको विश्वास दिएको छ भने सत्यता सिवाय अरू परमेश्वर छैन। र यी परिच्छेदहरूको प्रत्येक पृष्ठले यदि पाठकलाई सत्यताको प्राप्ति गर्ने एउटै माध्यम अहिंसा हो भनी बताउँदैन भने, यी परिच्छेदहरू लेख्नमा मैले गरेको परिश्रम सबै व्यर्थ भएको सम्झने छु। र, यससम्बन्धी मेरा प्रयासहरू निष्फलै भए पनि, दोष माध्यमको हो, त्यो महान् सिद्धान्तको होइन भन्ने कुरो पाठकहरूले जानून्। १२४

भारतमा फर्केदेखि नै मैले आफूमा सुषुप्त उत्तेजनाहरू लुकेर बसिरहेको अनुभव गरेको छु। तिनीहरूको ज्ञानले मलाई पराजित नभए पनि हीन सम्झन लगाएको छ। अनुभव र प्रयोगहरूले नै गर्दा टिकेको छु र ठूलो आनन्द पाएको छु। तर मलाई थाह छ मैले अझै कठिन बाटो पार गर्नु छ। मैले आफूलाई शून्यमा ओह्राल्नुपर्छ। जबसम्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसले आफूलाई आफ्नै इच्छाले आफ्ना सहजातिहरूको पुछारमा राख्तैन, तबसम्म उसले मुक्ति पाउँदैन। अहिंसा नम्रताको सबभन्दा पल्लो सीमा हो। १२५

नसोच्ने मानिसहरूको पूजाबाट मलाई साँच्ची नै वाक्क लागिसकेको छ। तिनीहरूले मलाई थुकेको भए बरु म आफ्नो मूल उद्देश्यबारे ढुक्क हुन पाउने थिएँ। अनि मलाई हिमालय जस्ता अथवा अरू गल्तीहरूबारे भूल स्वीकार गर्ने दरकार पर्दैनथ्यो, फेरि शुरूदेखि गर्नुपर्दैनथ्यो, न फेरि मिलाउनै आवश्यक हुन्थ्यो। १२६

मलाई कहीं पनि प्रतिष्ठाको इच्छा छैन। यो त राजामहाराजाहरूको दरबारको लागि चाहिने शोभा हो। म त हिन्दूहरूको जत्तिकै मुसल्मान, क्रिश्चियन, पार्सी र यहुदीहरूको पनि सेवक हूँ। र सेवकलाई मायाको खाँचो हुन्छ, प्रतिष्ठाको होइन। त्यो कुरा मैले म इमान्दार सेवक रहेसम्म पाउने छु। १२७

किन किन मलाई यूरोप र अमेरिका जान धक लाग्छ। यसको कारण यो होइन कि म यी महादेशका जनताहरूको मेरो आफ्नै देशका जनताहरूको भन्दा ज्यादा अविश्वास गर्छु, तर कुरा यो हो कि मलाई आफैलाई विश्वास लाग्दैन। स्वास्थ्यको लागि अथवा दृश्यावलोकनको लागि पश्चिमी देशमा जाने मेरो इच्छा छैन। सार्वजनिक भाषण दिने पनि मेरो इच्छा छैन। सिंह भै माग्न मलाई मन लाग्दैन। सार्वजनिक भाषण तथा सार्वजनिक प्रदर्शनको त्यो विधि परिश्रम मेरो शरीरले फेरि खप्न सक्ने हो कि होइन म जान्दिन। परमेश्वरले मलाई कहिल्यै पश्चिममा पठायो भने, मैले त्यहाँका जनताको हृदयभित्र पस्न, त्यहाँका युवकहरूसंग शान्तिपूर्ण वार्ता गर्न र उस्तै प्रकारका आत्माहरू, तथा शान्तिप्रेमीहरूसंग सत्यताबाहेक अरू कुनै पनि कुराको मूल्यमा भेट्ने सुअवसर पाउन जानुपर्छ।

तर मलाई के लाग्छ भने अहिलेसम्म मैले व्यक्तिगत रूपले पश्चिमी देशलाई दिने केही सन्देश पाएको छैन। मेरो सन्देश विश्वजनीन हुने कुरामा म विश्वस्त छु तर अहिलेसम्म मलाई के लाग्छ भने मैले यो कुरा मेरो आफ्नै देशमा आफैंले गरेको कामकै माध्यमबाट दिनु जाति हुन्छ। मैले भारतमा प्रत्यक्ष सफलता देखाउन सकें भने, सन्देश दिने काम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण हुन्छ। भारतलाई मेरो सन्देशको काम छैन भन्ने मलाई लाग्न गएमा, मेरो यसमा विश्वास बाँकी नै रहे तापनि श्रोताहरूको खोजीमा अरू ठाउँमा जाने चासो म राख्तिन। भारतबाट बाहिर गइनै हालें भने पनि, भारतले त्यो सन्देश, विस्तारै भए पनि, ग्रहण गर्दै गइरहेको छ भन्ने विश्वास भएरै त्यसो गर्छु, यद्यपि यो कुराको म सबैको चित्त बुझ्ने गरी प्रदर्शन गर्न सक्तिन।

यसरी जब म अन्कनाई–अन्कनाइकन, मलाई निम्त्याउने साथीभाइहरूसंग पत्रव्यवहार गरिरहेको थिएँ, रोमां रोलांलाई भेट्न मात्र भए पनि मैले यूरोप जानुपर्ने कुरा देखें। सामान्य भ्रमणमा आफूमाथि नै विश्वास नलागेको हुनाले, मेरो यूरोप यात्राको मुख्य कारण नै पश्चिमी देशका ती बुद्धिमान् मानिसलाई भेट्न जान बनाउन खोजें। यसैले, मैले उहाँलाई मेरो कठिनाइ बताएँ र उहाँलाई भेट्ने मेरो इच्छालाई आफ्नो यूरोप–भ्रमणको प्रमुख कारण बनाउन उहाँले दिनुहुन्छ कि भनी मैले उहाँसंग सकेसम्म फरासिलो भएर सोधें। उहाँ भन्नु हुन्छ– उहाँलाई भेट्न जानु नै प्रमुख कारण हुने हो भने, सत्यताकै नाममा, मलाई यूरोप–भ्रमणमा जान दिने विचार उहाँ गर्नुहुन्न। खालि हाम्रो भेटघाटको लागि मैले मेरो यहाँको काम खण्डित पारूँ, त्यो उहाँ चाहनुहुन्न। योबाहेक अरू नगै नहुने कारण पनि अभ्यन्तरमा मले केही देखिन। मेरो निर्णयमा मलाई खेद छ तर ठीकै गरें जस्तो लाग्दछ। किनकि एकातिर यूरोप जाने भित्री इच्छा मलाई लागेको छैन भने, अर्कोतिर यहाँ गर्नुपर्ने धेरै काम गर्नको लागि अभ्यन्तरमा निरन्तर आह्वान भइरहन्छ। १२८

म आफूलाई पृथ्वीमा भएको कुनै पनि प्राणीलाई घृणा गर्न नसक्ने मान्दछु। चालीस वर्षभन्दा बढ्तै भैसक्यो, कैयौं कालको प्रार्थनापूर्ण साधनाद्वारा म कसैको पनि घृणा नगर्ने भएको छु। यसो भन्नु ठूलो दावा गर्नु हो, यो कुरा म जान्दछु। तथापि, हुनसम्म विनम्र भएर यो दावा म गर्दछु। तर जहाँसुकै भएको होस् म खराबीको घृणा गर्न सक्छु र गर्छु। अंग्रेजहरूले भारतमा जस्तो किसिमको सरकारको स्थापना गरेका छन् त्यसको म घृणा गर्छु। म भारतको निर्मम शोषणको उत्तिकै घृणा गर्छु जत्तिको म भित्री हृदयबाट छुआछूतको घिनलाग्दो स्थितिको गर्छु जसको लागि लाखौं लाख हिन्दूहरूले आफूलाई जिम्मेदार बनाएका छन्। तर म सफा दिलले काम गर्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंग्रेजहरूको घृणा गर्दिन जस्तो म त्यस्तै दिलले काम गर्ने हिन्दूहरूको गर्दिन। जहाँसम्म सकिन्छ त्यहाँसम्म फकाई–फुलाई म तिनीहरूको सुधार गर्न खोज्दछु। १२९

केही दिनअगाडि एउटा बाछा अङ्गभङ्ग भएर आश्रममा छट्पटाई बसिरहेको थियो। हुनसम्मको उपचार र स्याहार–सुसार गरियो। यसलाई हेर्ने डाक्टरले यसको अब निको हुने केही आश छैन भन्यो। यसको वेदना भने यति विघ्न थियो कि कोल्टेसम्म फर्कंदा पनि यसलाई असह्य पीडा हुन्थ्यो।

यस अवस्थामा मलाई के लाग्यो भने उपकार नै गर्ने हो भने यसको जीवनको अन्त गरेर यसको यन्त्रणालाई हटाइदिनु पर्छ। यो कुरा सम्पूर्ण आश्रमवासीको सामु राखियो। छलफलको क्रममा एकजना मान्य छिमेकीले पीडा हटाउनैको लागि पनि मार्ने कुराको धूमधाम विरोध गरे। उनको विरोधको मूल कारण के थियो भने आफूले सृष्टि गर्न नसक्ने कुराको ज्यान लिनु कसैको पनि अधिकार छैन। उनको तर्क यहाँ मलाई बिनाबित्थाको लाग्यो। यसमा केही अर्थ हुन्थ्यो, यदि कुनै स्वार्थ पूर्तिको लागि लिने गरिएको भए। अन्तमा दीनभावले तर शुद्ध र पवित्र मनले मैले मेरै अगाडि राखेर एकजना डाक्टरलाई कृपापूर्वक त्यो बाछालाई विषादि सूईद्वारा विश्रान्ति दिन लगाएँ। दुइ मिनेट पनि लागेन, सबै कुरा शान्त भयो।

मलाई थाहा थियो कि जनमतले खास गरी अहमदाबादमा मेरो यो कामलाई रुचाउने छैन र यसमा हिंसाबाहेक अरू देखने छैन। तर मलाई यो पनि थाहा छ कि मानिसले आफ्नो काम गर्दा जनमतको वास्ता गर्नुहुँदैन। मेरो सधैंको धारणा के भने अरूलाई अनुचित लागेपछि पनि आफूलाई उचित लागेको कुरो मानिसले गर्नुपर्छ। सही बाटो पनि यही हो भन्ने कुरो अनुभवले देखाएको छ। यसै कारण कविले गाएका छन्: 'प्रेमको बाटो अग्नि-परीक्षा हो, हच्किनेहरू यसलाई छोड्छन्। अहिंसाको अर्थात्, प्रेमको बाटोमा मानिस अक्सर एक्लै हिंड्नुपर्दछ।'

स्वभावैले मसंग प्रश्न गर्न सक्नेछन्: बाछोको हकमा जुन सिद्धान्त मैले प्रतिपादन गरें के त्यसलाई मानिसको हकमा पनि लागू गर्न तयार हुनेछु? के म यो कुरा मैमाथि पनि लगाउन सकूँला? यसमा मेरो जवाफ छ 'हुन्छ, सक्छु'। त्यही नियम दुवै अवस्थामा लागू हुन्छ। 'एउटामा जस्तो सबैमा उस्तो' भन्ने नियममा कुनै अपवाद हुँदैन,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइन भने त्यो बाछोलाई मार्नु अनुचित र हिंसाको काम हुन्थ्यो । व्यवहारमा, जे भए तापनि, कालको मद्दत लिएर हामी हाम्रा पीडित प्रियजनको यन्त्रणालाई छोट्याउँदैनौं किनकि, सामान्यतः हामीसँग सधैं उनीहरूको मद्दत गर्ने साधन हुन्छ र उनीहरू संग पनि आफ्नोबारे सोचेर निधो गर्ने सामर्थ्य हुन्छ । तर भनूं एकजना रोगी साथीको हकमा, म कुनै किसिमले पनि मद्दत गर्न असमर्थ छु र निको हुने भन्ने आशै छैन र बिरामी वेदनाले ग्रस्त भएर अचेत अवस्थामा परिरहेको छ, त्यस अवस्थामा मृत्युको सहायताद्वारा उसको यन्त्रणाको अन्त गरिदिनुमा म कुनै हिंसा देख्तिन ।

जसरी चीरफार गर्ने डाक्टरले आफ्नो चक्कू चलाएर हिंसा गर्दैन बल्कि सबभन्दा शुद्ध अहिंसाको प्रचलन गर्छ, मानिसले कुनै खास नगरी नहुने अवस्थामा, एक पाइला अगाडि सरी पीडित प्राणीको उपचारको लागि ज्यान लिइदिनु आवश्यक देख्न सक्छ । मानिसले भन्ला-डाक्टरले त विरामीको ज्यान बचाउनको लागि चीरफार गर्छ जब हामी ठीक यसको उल्टो गर्छौं । तर अरू अध्ययन गरेपछि थाहा होला— यी सबै अवस्था पूरा गर्न खोजिएको उद्देश्य उही हो, अर्थात् पीडित आत्मालाई पीडाबाट मुक्त गर्नु । एउटा अवस्थामा तपाईं त्यो रोग लागेको भागलाई काटी फ्यांकिदिनु हुन्छ, अर्कोमा आत्माबाट यसलाई यन्त्रणा दिनमा माध्यम भइरहेको शरीरलाई छुटाइदिनु हुन्छ । दुवै अवस्थामा मुख्य कुरा आत्मालाई वेदनामुक्त गर्नु हो, किनकि भित्र ज्यान नभएको शरीरले दुःख सुख केही पनि अनुभव गर्न सक्तैन । नमार्नु हिंसा हुने, मार्नु अहिंसा हुने अरू अवस्थाहरूको पनि कल्पना गर्न सकिन्छ । उदाहरणको लागि मानिलिनोस्, म मेरी छोरीको, जसको इच्छा तत्काल यही हो भनी ठम्याउने अवस्थामा हुन्न, सतीत्व हरण हुने अवस्थामा पुगेको पाउँछु र उनलाई बचाउने कुनै उपाय देख्तिन । त्यस्तो वेला उनको ज्यानको अन्त गरिदिएर आफूलाई आगो भइरहेको गुण्डाको झोंकमा समर्पण गरिदिनु मेरो लागि पवित्र किसिमको अहिंसा हुनेछ ।

अहिंसाका उपासकहरूको समस्या के हो भने अहिंसालाई तिनीहरूले एउटा अन्ध परम्परा वनाइ दिएर हाम्रो माझमा वास्तविक अहिंसाको प्रचार हुनुमा ठूलो तगारो हालिदिएका छन् । प्रचलित— र मेरो विचारमा,भ्रमपूर्ण— अहिंसाको विचारले हाम्रो विवेकलाई लठ्ठ पारिदिएको छ र हामीलाई कडा शब्द, कडा इन्साफ, खराब भावना, रीस, द्वेष र निष्ठुरताको कामना जस्ता हिंसाका असंख्य र अनेकौं कुटिल किसिमहरूप्रति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतना–शून्य बनाइदिएको छ । यसले यहाँसम्म गरेको छ कि आज हामीले चारैतिर देखिरहेको मानिस र अरु प्राणीहरूले भोगिरहेको मन्द दारुण यातनामा, स्वार्थपूर्ण प्रलोभनले गर्दा तिनीहरूले भोग्नु परिरहेको भोक-मरण र शोषणमा, निर्धाहरूउपर अन्धाधुन्ध भैरहेको अपमान र थिचोमिचो र तिनीहरूको आत्म–सम्मानको हत्या भइरहेकोमा उपकारी भावनाले ज्यान लिने काममा भन्दा ज्यादा हिंसाको भावना हुन्छ भन्ने कुरा हामीले बिर्सेका छौं । अमृतसरको बदनाम गल्लीमा अत्याचारीहरूद्वारा कीरा जस्तै पेटको बलबे घिस्रन लगाइएकाहरूलाई तुरुन्तै मारिदिएको भए बरू धेरै उपकार हुने थियो भन्ने कुरामा के कसैले एकछिनको लागि भए पनि शङ्का गर्ला ? यी मानिसहरू आजकाल अर्कै किसिमले सोच्छन्, तिनीहरू घिस्रने खालका मानिसै होइनन् भनी कोही भन्न खोज्छ भने निःसंकोच म भन्न सक्छु– त्यसले अहिंसाको क ख ग घ पनि जानेको रहेनछ । मानिसको जिन्दगीमा कहिले कहीं यस्तो पनि अवस्था आउँछ जब उसलाई आफ्नो जीवन अर्पण गरी त्यसको सामना गर्नु पर्नेहुन्छ । मानव जीवनको यो आधारभूत कुरालाई नमान्नु अहिंसाको मूलसम्बन्धी आफ्ना अज्ञानतालाई दर्शाउनु हो । जस्तैं, सत्यताको उपासकले असत्यताको जीवनबाट त्राण पाउनको लागि मर्न पाऊँ भनी ईश्वरसंग प्रार्थना गर्दछ । अहिंसाको पुजारीले पनि यसरी नै घुँडाले टेकी शत्रुसंग अपमान गर्नु अथवा मानवको मर्यादा नसुहाउँदो काम गराउनुको साटो मारी नै देऊ भनी माग गर्दछ । कविले भनेका पनि छन् : 'परमेश्वरको बाटो वीरको लागि हो, कायरको लागि होइन ।'

अहिंसाको प्रकृति र विस्तार विषयको यही भ्रान्त धारणा, सापेक्ष मूल्य विषयको यही भ्रमले गर्दा हामी अहिंसा भनेको नैं खालि नमार्नु भनी ठान्छौं र अहिंसाको नाममा हाम्रो देशमा यति विघ्न हिंसा भइरहेको छ । १३०

सत्यता मलाई 'महात्मापनभन्दा' धेरै गुणा बढी मनपर्छ । 'महात्मापन' एउटा बोझ मात्र हो । 'महात्मापन' को भारीबाट मलाई आजसम्म मेरो कमजोरी र मसंग केही नभएको अवस्थाको ज्ञानले बचाएको छ । चित्त दुख्ने गरी मलाई यो कुराको ज्ञान छ कि शरीरमा ज्यान कायम राखिछोड्ने मेरो कामनाले मलाई निरन्तर हिंसाकर्ममा मुछिरहन्छ । यसै कारण म यो पाञ्चभौतिक शरीरदेखि दिनप्रतिदिन निरपेक्ष हुँदै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गैरहेको छु । उदाहरणको लागि सास फेर्दा म हावामा भएको असंख्य कीटाणुहरूको नाशगर्छु । तर म सास फेर्न छोड्दिन । सागपात खाँदा हिंसा हुन्छ तैपनि नखान सक्तिन । त्यस्तै, बिग्रन या पाक्न नदिने औषधीको प्रयोगमा हिंसा हुन्छ तर पनि लामखुट्टे वा त्यस्तै महामारीवाट बच्नको लागि, मट्टीतेल जम्तो रोगनिरोधक कुराको प्रयोग नगरी सक्तिन । आश्रममा सर्पहरू मार्ने कामलाई पनि रोक्न सक्तिन जब तिनीहरू समात्न अथवा हटाउन सकिदैन । आश्रममा सांढेहरूलाई धपाउन लठ्ठीको प्रयोग पनि सहन्छु । प्रत्यक्ष वा अप्रत्यक्ष रूपले मैले गर्नु परेको हिंसाको कुनै अन्त छैन । अब मेरो अगाडि यो वानरको समस्या आइलागेको छ। तिनीहरूलाई मारिहाल्ने हदसम्म जाने मेरो विचार छैन । पाठक यसमा ढुक्क भए हुन्छ । तिनीहरूलाई मार्ने म आफ्नो मनलाई अन्ततः स्थिर गर्न सकुँला जस्तो लाग्दैन । आश्रमको सारा वाली नाश गरे पनि तिनीहरूको ज्यान लिने काम गर्ने छैन भनी म किरिया खान सक्तिन । मैले यसो भन्दा साथीहरूले मलाई यो पनि गयो, बिग्र्यो भने भने म के गरूँ ! तर अहिंसाको साधनामा मेरा भएका कमजोरीहरूलाई लुकाउन म चाहन्न। मेरो दावा यत्तिकै छ कि अहिंसा जस्ता महान् आदर्शहरूको गूढ कुराहरू बुझ्न र मन, वचन र कर्मद्वारा त्यो पनि, मेरो विचार अनुसारको, कुनै मात्राको सफलतासहित, त्यसको अभ्यास गर्न निरन्तर प्रयत्न गरिरहेको छु । तर मलाई थाह छ यस विषयमा मैले अझ गर्नुपर्ने धेरै बाँकी छ । १३१

म एउटा गरीव भिक्षुक हूँ । मेरो भौतिक संपत्तिको नाममा मसंग छः वटा चर्खा, कैदखानाका थालहरू, वाख्रीको दूधको एक वट्टा, छःवटा घरबुन्ना लँगौटी र तौलिया रूमाल, र अलि अलि ख्याति छ ।* १३२

राजनैतिक वन्धनमा तानिँदै गएपछि मैले आफूसंग अनैतिकता, असत्यता, राजनैतिक फाइदा जस्ता कुरावाट अलग्ग रहन के गर्नु पर्ला भन्ने प्रश्न गरें । निर्णायक रूपमा म यो निष्कर्षमा पुग्न गएँ कि जसको माझमा मैले जिउनु

* ११ सेप्टेम्वर, १९३१ मा मार्साइल्स्का भन्सारका कर्मचारीहरूलाई भनिएको ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेको छ र जसका दु:ख-दर्दहरू मैले हरदिन देख्न परिरहेको छ ती मानिसहरूको मैले सेवा गर्ने हो भने, मैले सारा सम्पत्ति, सारा धनद्रव्यको त्याग गर्नुपर्दछ ।

यस कुराको विश्वास हुनेबित्तिकै नै मैले सारा कुरालाई त्यागिहालें—यसो म भन्दिन । म स्वीकार गर्छु — शुरूमा यो काम बिस्तारै भयो । संघर्षका ती दिनहरू सम्झँदा, शुरूमा यो काम कष्टकर पनि थियो भन्ने कुरा म सम्झन्छु । तर जति जति दिन बित्दै गयो, मैले आफ्नो भनी सम्झेका अरू कतिपय कुराहरूलाई पनि फ्याँक्दै जानुपर्नेभएको मैले देखें, र अन्तमा त्यो समय आयो जब ती सब कुराहरूको त्याग गर्नुमा अपार आनन्द लाग्न थाल्यो । अनि एक एक गरी, करीब करीब ज्यामितिको गतिक्रममा, सब कुराहरू मबाट सर्दै गए । र आफ्नो अनुभवले म भन्दैछु, आफ्नो टाउकोबाट एउटा ठूलो भारी गयो, र अब म आरामसाथ हिंड्न सक्छु र मेरा सहजातिहरूको सेवामा पनि ज्यादै मजासंग र अझ बढी आनन्दसंग लाग्न सक्छु भन्ने लाग्यो । त्यसपछि कुनै पनि कुरा आफ्नो भनी राख्नु कष्टकर र बोझ लाग्न थाल्यो ।

त्यस आनन्दको कारण के हो भनी खोजी पस्दा मैले के देखें भने कुनै पनि कुरालाई मैले आफ्नो भन्न थालें भने सम्पूर्ण संसारबाटै मैले यहाँको रक्षा गर्नुपर्ने हुँदोरहेछ । मैले यस्ता धेरै मानिसहरू देखें जसले चाहेर पनि आफूले चाहेका कुराहरू पाउन सकेका छैनन् । कुनै खान नपाएका अनिकाल पीडित मानिसहरूले, मलाई एकान्तमा भेट्टाएर मसँग भएका कुराहरू बाँड–चूंड गर्न मात्र होइन लुटेरै लिन खोजे भने पुलिसको मद्दतै पनि लिनुपर्ने हुनजाने देखें । अनि मैले मनमनै भनें : तिनीहरूले यसरी चाहेर लिने काम कुनै खराब विचारबाट गर्ने होइन खालि के भने तिनीहरूको खांचो मेरोभन्दा ठूलो हुन्छ र यसो गर्छन् ।

अनि मैले आफूलाई भनें : स्वामित्व मलाई अपराध जस्तो लाग्छ, म कुनै कुरालाई आफ्नो सम्पत्ति बनाउन सक्छु जब म थाहा पाउँछु कि अरूहरू, जसले पनि यस्ता कुराहरू आफ्नो बनाउन चाहन्छन्, त्यसो गर्न सक्तछन् । तर हामीलाई थाहा छ– हामीहरू प्रत्येकलाई अनुभव भएको कुरा हो– यो सम्भव छैन । यसैले सबैले आफ्नो सम्पत्ति बनाउनसक्ने कुरा केही छ भने त्यो हो अस्वामित्व कुनै पनि कुरा आफ्नो नगराउनु । अथवा, अर्को शब्दमा भनूं, इच्छापूर्ण परित्याग... यसैले ममा त्यो पूर्ण विश्वास

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको हुनाले नै, मेरो यस्तो दृढ इच्छा हुनुपर्छ कि मेरो यो शरीर पनि ईश्वरको इच्छामा सर्मपित गर्न सकिन्छ, र मेरो अधीनमा भएसम्म, सारा जागृत समय, मोज-मज्जा भोगविलास आनन्दको लागि नभै, खालि सेवाको लागि लगाउनुपर्दछ। शरीरको सम्बन्धमा यदि यो कुरा सत्य हो भने, हामीले उपयोग गर्ने गरेका लुगाफाटा तथा अरू पुरानो हकमा यो अरू कति सत्य होला ?

हद मात्रासम्म विशुद्ध पूर्णविस्था प्राप्त गर्नु असम्भव हुन्छ, तर मानिसको लागि सम्भव भएसम्म– यो स्वेच्छापूर्ण गरीबीको व्रतलिनेहरूले– त्यसको आदर्श अवस्थासम्म पुग्नेहरूले यो कुरा सिद्ध गरेका छन् कि तपाईंसँग भएको सबै कुरा परित्याग गर्नु भएपछि तपाईंले सांच्चै नै संसारका सारा धनदौलतहरू आफ्नो सम्पत्तिको रूपमा पाउनु हुनेछ।* १२३

आफ्नो जवानी अवस्था देखि यता मैले धर्मग्रन्थहरूको महत्वको मूल्याङ्कन तिनीहरूको नैतिक शिक्षाको आधारमा गर्ने तरीका सिकेको छु। अलौकिक घटनामा मेरो केही चाख थिएन। यीशु क्राइष्टले गरेको भनी भनिएका अलौकिक कुराहरू, मेरो तिनीहरूमा विश्वासै भएको भए पनि, सार्वजनिक आचारनीतिलाई पुष्टि नगर्ने कुनै पनि शिक्षामा मेरो विश्वास पार्न सक्तैनथे। त्यसो भए तापनि, धार्मिक गुरुहरूका कुराहरूले मेरो लागि, मलाई लाग्छ दशौं लाख जनताको लागि, जीवित शक्तिको काम गरेका छन्। साधारण मानिसहरूले बोलेका भए यही कुराहरूले पनि त्यस्तो काम गर्न सक्तैनन्।

मेरो दृष्टिमा यीशु एउटा संसारका महान् गुरु हुन्। उनको युगका भक्तजनका लागि उनी 'परमेश्वरका एक मात्र जन्मेका पुत्र' थिए। उनीहरूको विश्वास मेरो विश्वास हुनुपर्छ भन्ने केही छैन। उनले मेरो जीवनमा कम्ती प्रकाश पारेका छैनन् किनभने म उनलाई परमेश्वरका कतिपय जन्मेका सुपुत्रहरूमध्ये एक मान्छु। 'जन्मेका' भन्ने विशेषणको अर्थ आध्यात्मिक जन्मकोभन्दा गहिरो र सम्भवतः भव्य छ। उनको जमानामा उनी परमेश्वरको सबैभन्दा नजीक थिए।

यीशुले उनको शिक्षा ग्रहण गर्नेहरूले, गरेको पापको लागि, नविराउने दृष्टान्त भै

* २७ सेप्टेम्बर, १९३१ दिन गील्ड हल, लण्डनमा दिइएको भाषणको एक अंश।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिएर प्रायश्चित्त गरिदिन्थे । तर त्यो दृष्टान्त आफ्नो जीवन परिवर्तन गर्नमा कष्ट नगर्नेहरूका लागि ध्यान योग्य थियो । जस्तो शुरूको मिश्रित धातुबाट विशुद्ध सुनको प्रादुर्भाव हुन्छ त्यस्तै शुरूको अपवित्र अवस्थाबाट नयाँ जीवनको प्रादुर्भाव हुन्छ ।

मैले आफूले गरेका कैयौं पापहरू हुनसम्म स्पष्टरूपले स्वीकार गरेको छु । तर म तिनीहरूको बोझ आफ्नो काँधमा लिन्न । यदि म ईश्वरतिर उन्मुख भइरहेको छु भने, जसले मलाई भइरहेको जस्तो लाग्छ, ठीकै छ । किनकि म उनको उपस्थितिरूपी घामको न्यानो अनुभव गर्छु । मेरो नियम,निष्ठा, अनशन, प्रार्थनाको, मलाई थाहा छ, केही मूल्य हुँदैन । यदि मैले तिनीहरूमा आफ्नो सुधारको लागि भर गर्ने गरेको भए ! तर तिनीहरूको मूल्य अन्दाज गर्नसकिने भन्दा बढी नै हुन्छ, यदि तिनीहरूले आफ्नो सृष्टिकर्ताको काखमा आफ्नो थाकेको शिर राखिदिन खोजिरहेको आत्माको व्यग्रताको प्रतिनिधित्व गर्छन् भने, जस्तो कि म आश गर्छु तिनीहरूले गरेका छन् । १३४

विगत तीस वर्षदेखि एउटा अंग्रेज साथीले मलाई हिन्दूधर्म जस्तो खराब केही पनि छैन र मैले क्रिश्चियन धर्म ग्रहण गर्नुपर्छ भनी मलाई सम्झाउँदै आइरहेका छन् । कारागारमा छँदा मैले विभिन्न स्रोतबाट 'लाइफ् अफ थेरेसी' भन्ने पुस्तकहरू कम्तीमा पनि तीनवटा प्रतिहरू प्राप्त गरें यस आशाले कि म पनि उनी जस्तै भएर यीशुलाई परमेश्वरको एक मात्र उनको सुपुत्र तथा मेरा उद्धारक मान्न सकूं । मैले खूब भक्ति-पूर्वक त्यस पुस्तकको पाठ गरें तर सन्त थेरेसीको गवाहीलाई पनि मैले मान्न सकिन । मैले भन्नुपर्छ मेरो मन खुल्ला छ, यदि मेरो जीवनको यस चरण र उमेरमा यस विषयमा मेरो मन खुल्ला हुन्छ भन्न सकिने भए । जे होस्, मेरो मन खुल्ला भएको म दावा गर्छु यस अर्थमा कि सालमाथि पाल हुनुभन्दा अगाडि जे जस्तो घट्यो त्यस्तै ममाथि पनि घटेको भए, म पनि परिवर्तित हुन कति हिच्किचाउन्नथें । तर म आज कट्टर क्रिश्चियन धर्मको विरोध गर्छु, किनकि म विश्वस्त छु । यसले यीशुको सन्देश-लाई बंग्याएको छ । उनी एशियाका थिए जसको सन्देशको प्रचार अनेकौं माध्यमबाट भएको थियो र रोमन सम्राट्को आड पाएपछि यो सन्देश साम्राज्यवादी धर्म हुनगयो र आजसम्म यो यही रूपमा कायम रहेको छ । यसमा राम्रा र उत्तम गुणहरू नभएका होइनन्, तर यसको सामान्य प्रवृत्ति मैले भने बमोजिम छ । १३५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो मन संकुचित छ । मैले धेरै साहित्य पढेको छैन । मैले संसार पनि धेरै देखेको छैन। मैले जिन्दगीका कुनै खास खास कुराहरूमा ध्यान केन्द्रित गरेको छु र यसको अतिरिक्त मेरो अरू कुनै अभिरुचि छैन । १३६

नरनारी जोसुकैले पनि, मैले जत्तिकै प्रयास गरेमा, मेरो जस्तै आशा विश्वास भएमा, मैले हासिल गरेको कुरा हासिल गर्न सक्नेछन् भन्ने कुरामा मलाई लेश पनि शङ्का छैन । १३७

मलाई लाग्छ अहिंसामा बाँच्ने र मर्ने कला मैले जानेको छु । तर एउटा सर्वगुण सम्पन्न कामद्वारा यसको सप्रमाण प्रदर्शन गर्नु अझ बाँकी नै छ। १३८

'गान्धीवाद' भन्ने कुरा छैन र म मरेपछि कुनै सम्प्रदाय यहाँ छोडेर जान पनि म चाहन्न । मैले कुनै नयाँ मत वा सिद्धान्तको प्रतिपादन गरेको छु भन्ने दावा पनि म गर्न चाहन्न । मैले त खालि हाम्रो दैनिक जीवन र समस्याहरूमा आफ्नै किसिमले अनन्त सत्यताहरूको प्रयोगसम्म गर्न खोजेको हूँ । त्यसैले मैले मनुस्मृति जस्ता केही स्मृति छोड्ने कुनै कुरा छैन । ती महान् नीतिकार र ममा कुनै तुलना हुनसक्तैन । मैले स्थिर गरेका विचारहरू र मैले निकालेका निष्कर्षहरू अन्तिम होइनन्, शायद म भोलि नै तिनीहरूको परिवर्तन गर्न सक्छु । संसारलाई सिकाउनुपर्ने नयाँ कुरा मसँग केही छैन । सत्यता र अहिंसा पहाड जतिकै पुराना हुन् । मैले जे जति गरेको छु यी दुवै कुरामा मैले सकेसम्म ठूलो भाकामा प्रयोगहरू गर्न खोजेको छु । त्यसो गर्दा कहिले मैले भूल गरेको छु त कहिले भूलद्वारा सिकेको छु। जिन्दगी र यसका समस्याहरू यसरी अहिंसा र सत्यताको साधनामा मेरो लागि त्यत्तिका प्रयोग भएका छन् । प्रकृतिले म सत्यवादी छु, तर अहिंसावादी होइन । जस्तो एकजना जैन मुनिले एक चोटि ठीकै भनेका थिए, म अहिंसाको त्यत्ति साह्रो अनुयायी थिइन, जत्तिको कि सत्यताको थिएँ, र मैले पछिल्लोलाई पहिलो स्थान दिएँ अघिल्लोलाई दोस्रो । किनकि, जस्तो उनले भनेका थिए, सत्यताको अगाडि म अहिंसाको माया मार्न पनि सम्झन्थें । वास्तवमा, अहिंसालाई मैले सत्यताको खोजमा लाग्दा भेट्टाएको थिएँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यताभन्दा ठूलो अरू धर्म छैन भनी हाम्रा धर्मग्रन्थहरूले भनेका छन्। तर अहिंसा, तिनीहरूकै भनाइअनुसार, सबैभन्दा ठूलो कर्तव्य हो। धर्म शब्दको, मेरो विचारमा, विभिन्न अर्थ हुन्छन् जस्तो यी दुइ भनाइमा नै देखिन्छन्।

त, मेरो सारा दर्शन, यदि यसलाई दर्शनै भन्ने हो भने, मेरो यही भनाइमा छ। तर, तपाईं यसलाई 'गान्धीवाद' नभन्नु होला, यसमा 'वाद' भन्ने कुरो केही छैन। यसको लागि कुनै विस्तृत साहित्य वा प्रचारको पनि जरुरत छैन। मेरो सिद्धान्तको खण्डनमा धर्मग्रन्थको पनि प्रमाण दिइएको छ, तर जस्तोसुकै कुराको लागि पनि सत्यताको परित्याग गर्न सकिंदैन भन्ने सिद्धान्तमा मेरो दृढता अझ वढेको छ। मैले प्रतिपादन गरेको सरल सत्यतामा विश्वास गर्नेहरूले तिनीहरूको अनुसरण गरेर मात्र तिनीहरूको प्रचार गर्न सक्तछन्। मानिसहरूले मेरो चर्खालाई हँस्सीमा उडाएका छन्, र एकजना खरो आलोचकले यहाँसम्म पनि भने कि यी चर्खाहरूले म मरेपछि मलाई जलाउन काम दिनेछन्। तर यस्तो कुराले चर्खाप्रतिको मेरो दृढ धारणामा कुनै फरक आएको छैन। मेरो सारा रचनात्मक कार्यक्रमको मूल नै अहिंसामा छ भन्ने कुरा मैले कसरी संसारलाई संझाउने यसको प्रमाण त मेरो जिन्दगीले मात्र दिन सक्तछ। १३९

तपाईंहरूले मलाई थोरोको रूपमा एकजना गुरु दिनुभयो, जसले मलाई 'सविनय अवज्ञाको कर्तव्य' शीर्षक निवन्धको माध्यमबाट दक्षिण अफ्रिकामा मैले गरिरहेको कुराको वैज्ञानिक समर्थन दियो। बिलायतले मलाई रस्किन दियो, जसको 'अन्टू दिस लास्ट' नामक पुस्तकले वकिल तथा नगरनिवासी भइरहेको मलाई रातभरिमै डर्बनबाट पर सबभन्दा नजीकको रेल्वे स्टेशनबाट तीन पाइला टाढा रहेको खेतमा वस्ने एउटा गाउँले बनाइदियो; र रूसले मलाई टल्स्टायरूपी गुरु दियो जसले मलाई मेरो अहिंसाको लागि एउटा युक्तियुक्त आधार दियो। टल्स्टायले दक्षिण अफ्रिकाको मेरो आन्दोलनलाई समर्थन गर्नुभयो जव यो बाल्यावस्थामै थियो र यसको गजबको सम्भावनाहरू मैले जान्न अझ बांकी नै थियो। उहाँ नै हुनुहुन्थ्यो जसले मलाई चिट्ठी लेखी भविष्यवाणी गर्नुभएको थियो कि म एउटा यस्तो आन्दोलनको नेतृत्व गर्न लागिरहेको थिएँ जसले पृथ्वीका थिचोमिचोमा परेका मानिसहरूलाई आशाको समाचार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ल्याइदिने छ । यसैले तपाईं देख्नुहोला– मैले यो हालको काम ग्रेट ब्रिटेन र पश्चिमी देशको रीसले गरेको होइन । 'अन्टु दिस् लास्ट' को सन्देशलाई हृदयङ्गम गरी पचाइसके- पछि, व्यक्ति र उसको स्वतन्त्रतालाई हनन गर्ने धर्म भएको फासिज्म र नाजिज्मलाई उचित मान्ने किसिमको दोषी म हुन सक्तिन। १४०

यस जिन्दगीमा मेरो आफ्नो गोप्य भन्ने कुरा केही छैन। मैले आफ्ना कमजोरीहरू स्वीकार गरेको छु। यदि म विषय प्रवृत्त भएको भए त्यसलाई स्वीकार गर्ने साहस पनि ममा हुने थियो। मेरो जहानसंग नै विषय सम्बन्धबाट मन हट्न लागेपछि र आफूलाई राम्ररी जाँची हेरिसकेपछि १९६३ सालमा मैले ब्रह्मचर्यको ब्रत लिएँ, र त्यसमा मेरो मुख्य उद्देश्य देशको सेवामा आफूलाई अझ बढी लगाउन सकूँला भन्ने थियो। त्यसैदिनदेखि मेरो खुल्ला जिन्दगीको प्रारम्भ भयो ···· र मेरो ब्रह्मचर्यको प्रारम्भ भएको त्यही दिनदेखि हाम्रो स्वतन्त्रताको पनि प्रारम्भ भयो । मेरी जहान आपना पति र मालिक भएको मेरो अधिकारबाट मुक्त भएकी एक स्वतन्त्र नारी भइन् र म तिनीले तृप्त गराइदिनुपर्ने आफ्नै भोकको दासत्वबाट मुक्त भएँ। कुनै पनि अरू आइमाईमा मेरो लागि त्यो किसिमको आकर्षण थिएन जुन मेरी जहानमा थियो । पतिको रूपमा म उनीप्रति यत्तिको भक्त थिएँ र आमाको अगाडि मैले गरेको वाचामा म यत्ति बाँध्रिएको थिएँ कि म अरू कुनै आइमाईको बशमा पर्न सक्तिनथें । तर जुन किसिमले ममा मेरो ब्रह्मचर्य प्रादुर्भाव भयो जबर्जस्ती त्यसले मलाई आइमाई जातिलाई भानिसको आमाको रूपमा मात्र लगायो ।

···· मेरो ब्रह्मचर्यको पालनाको कुनै खास नियम थिएन। जुन वेला जस्तो जस्तो कुराको आवश्यकता पर्‍यो त्यो वेला त्यस्तै त्यस्तै कुराको नियमहरू मैले बनाएँ तर ब्रह्मचर्यको राम्रो पालनको लागि आइमाईसंगको सारा सम्पर्क तोड्नै पर्छ भन्ने कुरा मैले कहिल्यै विश्वास गरिन । विषम लिङ्गीसित कुनै पनि किसिमको सम्पर्क राख्नै नहुने बन्धेज एउटा जबर्जस्ती मात्र हो जसको खास उपयोग केही पनि छैन, भए पनि थोरै मात्र छ। यसैकारण, सेवाको लागि हुने स्वाभाविक संसर्गमा कुनै किसिमको बन्धेज हालिएन । र मैले दक्षिण अफ्रिकामा, यूरोपीय तथा भारतीय, अनेकौं बहिनीहरूको विश्वास प्राप्त गरें। र दक्षिण अफ्रिकामा भारतीय दिदी बहिनीहरूलाई सविनय अवज्ञा आन्दोलनमा भाग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिन आह्वान गर्दा मैले आफूलाई पनि तिनीहरूकै माझमा पाएँ । नारीजातिकै सेवाको लागि विशेष उपयुक्त रहेछु भन्ने कुरा मैले पत्ता पाएँ । छोटकरीमा भन्ने हो भने, भारतमा फर्कनेवित्तिकै मैले आफूलाई भारतका आइमाईहरूसँग तादात्म्य भएको पाएँ । तिनीहरूको हृदयभित्र सजिलैसंग मैले जुन प्रवेश पाएँ त्यसले मेरो लागि एउटा अनुकूल ज्ञान प्रकट गर्ने काम गऱ्यो । मुसलमान समाजका दिदी बहिनीहरूले मेरो अगाडि दक्षिण अफ्रिकामा जस्तै नै कहिल्यै पर्दाको प्रयोग गरेनन् । आश्रममा म आइमाईहरू-द्वारा घेरिएर सुत्छु, किनकि तिनीहरू मसंग बस्दा हर कुरामा निरापद सम्झन्छन् । यो कुरा स्मरणीय छ कि सेगाउँ आश्रममा गोप्य कुरा केही पनि छैन ।

आइमाईप्रति विषयको लागि मेरो झुकाउ भएको भए, अहिले पनि यस उमेरमा, बहु विवाहको पक्षपाती हुन म प्रशस्त सक्तछु । लुकीछिपी वा खुलेआम जेसुकै होस्—म स्वतन्त्र प्रेममा विश्वास गर्दिन । स्वतन्त्र खुलेआमको प्रेमलाई मैले कुकूरको प्रेम सम्झेको छु । लुकीछिपी गरिने प्रेम त कायरपना हो । १४१

"तपाईंले आफ्नो छोरालाई पनि साथमा लिएर हिंड्न सक्नुभएन," एकजना सम्वाद-दाताले लेखे । 'यसैले तपाईंले आफ्नो घरको नै राम्रो व्यवस्था गरेर बस्नुभएको भए हुने थिएन ?'

यसलाई एउटा खिसीको रूपमा लिन सकिन्छ, तर म त्यसो ठान्दिन । किनकि यो कुरा, अरूलाई लाग्नुभन्दा अगाडि, मलाई लागेको थियो । म पूर्वजन्म र पुनर्जन्ममा विश्वास गर्ने मान्छे हूँ । हाम्रा सारा सम्बन्धहरू हामीले पूर्वजन्ममा पाएका संस्कारहरूका परिणाम हुन् । ईश्वरका नियमहरू रहस्यमय छन् र अनन्त शोधका विषय हुन् । तिनी-हरूको गहिराइलाई कसैले पनि आंक्नसक्ने छैन ।

मैले आफ्नो छोराको कुरालाई यस्तै हिसाबले लिएको छु । खराब छोरोको जन्मलाई मैले यही वा पूर्व जुनीको मेरो कुकर्मको परिणाम सम्झन्छु । मेरो जेठो छोराको जन्म त्यो बेला भयो जब म मोहमा भुलिरहेको थिएँ । यसको अतिरिक्त, त्यो त्यस बेला हुर्क्यो जब म आफै हुर्किरहेको थिएँ र आफ्नै विषयमा पनि मलाई धेरै कम मात्र ज्ञान थियो । हुन त अहिले पनि म आफूलाई राम्ररी जानिसकें भन्दिन, तर त्यो बेला भन्दा अहिले धेरै कुराको ज्ञान भइसकेको छ । ऊ मदेखि धेरै वर्ष टाढा रह्यो, र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसको पालन पोषण पनि मेरो हातमा रहेन । यसैकारण ऊ सधैं लापर्वाही भएको छ। उसको मसंगको सधैंको शिकायत के छ भने मैले उसलाई र उसका भाइहरूलाई सार्वजनिक भलाई भनी मैले गल्तीले सम्झेको वेदीमा बलिदिएँ । मेरा अरू छोराहरूले पनि मलाई धेर–थोर. तर अति नै गाह्रो मानिकन, यस्तै दोष दिएका छन् । र उदारतापूर्वक मलाई माफी पनि दिएका छन् । मेरो जेठो छोरो प्रयोगात्मक परीक्षाको–मेरो जिन्दगीमा आएका मौलिक परिवर्तनहरूको–प्रत्यक्ष शिकार भएको थियो र यसैले ऊ मेरो भूल भनी सम्झेका कुराहरू विर्सन सक्तैन । यस अवस्थामा म जहासंम्म सम्झन्छु मैले आफ्नो छोरालाई गुमाएको खास मैले नै गर्दा हो, र यसैकारण यो कुरा धैर्यपूर्वक सहन सिकेको छु । तर यसको मतलव यो होइन कि मैले उसलाई गुमाइ नै सकेको छु। ईश्वरसंग मेरो रातदिन यही प्रार्थना छ कि उसले आफ्ना गल्तीहरू देख्न सकोस् र उसको सेवा गर्दा मबाट भएका त्रुटिहरूमा, केही त्यस्तो भएको भए, मलाई माफी देओस् । मेरो दृढ विश्वास छ कि मानिस स्वभावत: माथिमाथि गइरहेको हुन्छ र यसैले कुनै न कुनै दिन ऊ निद्रा र अज्ञानताबाट विउँझनेछ भन्ने कुराको मैले पटक्क आशा गुमाएको छैन । यसरी, ऊ अहिंसाको मेरो प्रयोगात्मक परीक्षाको अंश हो । सफल हुँला कि नहुँला अथवा भए कहिले हुँला भन्ने कुरा जान्न मैले कहिल्यै प्रयत्न गरेको छैन । मेरो मन राख्न यत्ति नै प्रशस्त छ कि आफूले आफ्नो कर्तव्य भनी थाहा पाएका कुराहरू गर्नमा मैले आफ्ना प्रयत्नहरूलाई कम गर्दिन । १४२

एकजना संवाददाताले पठाइदिएको एउटा अखबारको अंश पढें । एउटा मन्दिरको स्थापना भई त्यसमा मेरो मूर्तिको पूजा भइरहेको छ भन्ने लेखिएको रहेछ । मेरो विचारमा यो एउटा मूर्तिपूजाको भद्दा रूप हो । मन्दिर बनाउने मान्छेले दुरुपयोग गरेर आफ्नो धनको अपव्यय गरेको छ, ग्रामीण जनतालाई त्यहाँ आउने गराई बहकाइएको छ र त्यस मन्दिरभित्र मेरो सारा जिन्दगीको उपहासपूर्ण चित्र खिचेर मेरो अपमान गरिएको छ। मैले गर्ने गरेको पूजाको कुरालाई लिएर अर्काको अनर्थ गरिएको छ । चर्खाको पूजा जीविकाको लागि, अथवा स्वराजप्राप्तिको लागि त्यागको रूपमा, यसको प्रयोग गर्नुमा रहन्छ । सुगा-रटाइले गीताको पूजा हुँदैन, यसको शिक्षाको अनुसरण हुनुपर्दछ । पाठ गर्नु भनेको यसको शिक्षा अनुसार काम गर्नलाई सहायताको रूपमा मात्र असल र उचित हुन्छ । मानिसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा त्यति हदसम्म मात्र हुन्छ जति हदसम्म उसको अनुसरण, उसको कमजोरीमा होइन कि उसको वलमा गरिन्छ । जीवित प्राणीको मूर्तिको पूजा हुन थालेपछि हिन्दू धर्मको पतन हुन्छ । मर्नुभन्दा अगाडि कुनै पनि मानिसलाई असल भन्न सकिंदैन । मरेपछि पनि त्यो त्यस्तै मानिसको लागि जाति हुन्छ । जसले उसमा भएको भनी वयान गरिएका खास गुणहरू उसमा भएकै हुन् भन्ने विश्वास गर्दछ । साँच्चै भन्ने हो भने, परमेश्वरले मात्र मानिसको हृदयलाई चिन्दछ । र यसैले, सबभन्दा राम्रो त जिउँदो होस् वा मरेको, कुनै पनि मानिसलाई पूजा गर्ने नगरी खालि परमेश्वरमा मात्र रहने, सत्यता भनी प्रसिद्ध भएको सम्पूर्णताको पूजा गर्नु हो । त्यसो भए, तसवीरहरू राख्नु पूजाकै किसिम होइन त ? भन्ने प्रश्न उठ्न नसक्ने होइन । तर यसमा कुनै महत्व छैन । यसवारे मैले अगाडि नै लिखित रूपमा धेरै नै भनिसकेको छु । तथापि, यो एउटा धेरै मोल पर्ने भए तापनि, निर्दोष 'फेशन' भएको हुनाले, मैले यस व्यवहारलाई सहेको छु। तर मैले प्रत्यक्ष वा अप्रत्यक्षरूपले माथि वर्णन गरेको व्यवहारलाई अलिकति मात्र भए पनि प्रोत्साहन दिएँ भने यो सहिष्णुता पनि हास्यजनक र हानिकारक हुनेछ । त्यो मन्दिरका स्वामीले त्यो मूर्तिलाई हटाएर त्यो भवनलाई एउटा धागो काट्ने केन्द्रको रूपमा वदलिएर त्यहाँ गरीबहरूले ज्यालाको लागि र अरूले सेवाको लागि ऊन वाट्ने र धागो काट्ने बनाइदिएमा साँचि नै राम्रो हुने थियो, र सबै मानिसहरूले खद्दर पनि लगाउन थाल्नेछन् । यही नै गीताको शिक्षाको कर्यान्वियन, र यसको र मेरो वास्तविक पूजा हुनेछ । १४३

मेरा त्रुटि र निष्फलताहरू पनि सफलता र योग्यताहरू सरह नै परमेश्वरका बरदान हुन् । म ती दुवै कुरा उहाँको चरणमा अर्पण गर्दछु । म जस्तो एउटा त्रुटियुक्त यन्त्रलाई उहाँले यत्रो प्रयोगको लागि किन रोज्नुभएको होला ? मलाई लाग्छ उहाँले यो कुरा जानी जानी गर्नुभएको हो । उहाँलाई लाखौं गरीब निमुखा निरक्षरहरूको सेवा गर्नु थियो । सर्वगुणसम्पन्न मानिसहरूले हतोत्साह पार्ने थियो होला । आफ्नै जस्ता कमजोरहरू भएको मानिस अहिंसातिर बढिरहेको देखेपछि तिनीहरूमा पनि आफ्नो क्षमताप्रति विश्वास वढ्न गयो । सर्वगुणसम्पन्न मानिस हाम्रो नेता भएर आएको भए हामी चिन्दा पनि चिन्दैनथ्यौं, र शायद हामी उसलाई धपाएर पठाउँथ्यौं । मेरो अनुसरण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने मानिस शायद धेरै सम्पन्न होला र उसको सन्देश तपाईं ग्रहण गर्न सक्नुहोला । १४४

अणुबमले हिरोशिमाको विध्वंश गऱ्यो भन्ने कुरा पहिलो पल्ट सुन्दा मेरो एउटा मुस्ला पनि चलेन। उल्टो मैले मनमनै भनें, "संसारले अब पनि अहिंसाको बाटो लिएन भने, मानवजातिकै लागि आत्महत्याको स्थिति आउने छ।" १४५

संसारले गरेको असंख्य कुकर्महरूको फैसला गर्न म बसेको होइन। आफैंमा कमजोरीहरू भएको र सहिष्णुता र उदारता चाहिने भएको हुनाले लाभदायक छलफलको लागि मौका पाएसम्म वा सृष्टि गर्न सकेसम्म म संसारका कमजोरीहरू सहन्छु । १४६

जब म खराब कुरा गर्न नसक्ने भएको छु, र जब कुनै पनि अहङ्कार अथवा खस्रो कुराले , एकै छिनको लागि भए पनि, मेरो विचार-संसारमा दखल नदिएको हुन्छ, त्यसबेला, र त्यसबेला नभएसम्म, मेरो अहिंसाले सारा संसारको सारा हृदयहरूलाई दहलाइदिने छ। १४७

मानिसले आफूलाई सम्पूर्णरूपले परमेश्वरसंग लीन गरिसकेको छ भने, असल-खराब, सफलता–निष्फलता उहाँकै जिम्मामा छोड्ने र अरू कुनै पनि कुराको वास्ता नगर्ने हुनुपर्छ । मलाई लाग्छ म त्यो अवस्थामा पुगेको छैन, र, यसैले, मेरो चेष्टा अपूर्ण छ । १४८

मानिसको जिन्दगीमा यस्तो पनि अवस्था आउँछ जब उसले आफ्ना विचारहरू बाहिरी कामद्वारा प्रकट गर्न उसलाई बोलेर हिंड्नुपर्ने जरुरत हुँदैन। विचारहरूले नै काम गर्छन्। तिनीहरूले त्यो शक्ति प्राप्त गर्छन्। अनि उसको बारे यसो भन्न सकिन्छ– उसको देखिएको विना कामको अवस्थामा उसको काम भइरहेको हुन्छ। ··· मेरो प्रयत्न त्यतैतिर छ । १४९

पृथ्वीको एक चौथाइभन्दा बढ्तै भागबाट मलाई सोध्ने गरिएको प्रश्नको जवाफ दिन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई मन लाग्छ । यो हो : राजनैतिक उद्देश्य पूर्तिको लागि राजनैतिक दलहरू बाट तपाईंको आफ्नै देशका मानिसहरूको बीचमा बढ्दै गैरहेको हिंसाकाण्डबारे तपाईंको के विचार छ ? के यो अंग्रेजी शासन खतम गर्नलाई तीस वर्षदेखि गरी आएको अहिंसा साधनाको फल हो ? तपाईंको अहिंसाको कुरा के अझै पनि संसारको लागि लागू हुन्छ ? यी हुन् छोट्करीमा मेरा सम्वाददाताहरूको भावना ।

प्रत्युत्तरमा मैले आफ्नो दिवालियापन स्वीकार गर्नुपर्छ, जुन दिवालियापन अहिंसाको होइन । मैले भनिसकेको छु– विगत तीस वर्षमा जुन अहिंसाको साधना गरियो त्यो निर्धाहरूको अहिंसा थियो । यो जवाफ यथेष्ट हो कि होइन भन्ने जाँच्ने काम अरूहरूको हो । अझ अरू मान्नुपर्छ– यस्तो अहिंसाको परिवर्तित अवस्थामा कुनै काम हुँदैन । भारतलाई वलियाको अहिंसाको केही अनुभव छैन । बलियाको अहिंसा नै संसारमा सबभन्दा ठूलो शक्ति हो भन्ने कुरा दोहो¦र्याई रहनुमा मलाई केही फाइदा छैन । सत्यतालाई अटूट र विस्तृत प्रदर्शनको जरुरत पर्दछ । यो कुरा म आफ्नो शक्तिले भ्याएसम्म गर्ने प्रयत्न गरिरहेको छु । मेरो शक्ति नै कम भए के गरूँ ? म मूर्खको स्वर्गमा बसिरहेको पनि हुन नसक्ला र ? बेकारको खोजीमा मेरो पछि लागून् भनी मानिसहरूलाई किन भन्दै हिंडूं ? यी उपयुक्त प्रश्न हुन् । मेरो जवाफ बिलकुल सरल छ । म कसैलाई मेरो पछि लाग भन्दिन । हरेकले आफ्नै अन्तरको आवाजको अनुसरण गर्नुपर्छ । यदि कसैको सुन्ने कान छैन भने, सकेसम्म सुन्न हुन सक्ने गर्नुपर्छ । तर कुनै पनि हालतमा त्यसले भेंडाले जस्तै अर्काको नक्कल गर्नु हुँदैन ।

अर्को पनि एउटा प्रश्न बनाएर सोध्ने गरिएको छ । भारत कुबाटोमा गइरहेको छ भन्ने कुरामा तपाईंलाई पक्का विश्वास छ भने, तपाईं फेरि कुकर्म गर्नेहरूकै साथ किन दिनु हुन्छ ? तपाईं आफै एक्लै प्रयत्न किन गर्नु हुन्न र किन यो विश्वास गर्नु हुन्न कि तपाईं ठीक बाटोमा हुनुहुन्छ भन्ने तपाईंका पहिलेका साथीहरू र तपाईंका शिष्यहरूले तपाईंलाई खोजी नभेट्टाई सुख पाउने छैनन् ? मलाई यो प्रश्न साह्रै राम्रो लाग्छ । म यसको विपक्षमा तर्क गर्दिन । मैले भन्न सक्ने कुरा यत्तिकै हो कि मेरो विश्वास पहिले जत्तिकै दृढ छ । मेरो प्रयोगविधि दोषपूर्ण हुनु धेरै सम्भव छ । यस्तो जटिल कुरामा मानिसलाई मार्गदर्शन गर्ने पुराना र परीक्षा गरी हेरिएका पूर्व दृष्टान्त-हरू छन् । खालि कुरा के हो भने, मानिसले यान्त्रिक तवरले काम गर्नु हुँदैन । यसैले,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म आफूलाई सल्लाह दिने सबैलाई के भन्न सक्छु भने तिनीहरूले मदेखि धैर्य्य धारण गर्नुपर्छ र पीडित संसारको लागि अहिंसाको सांघुरो र सोझो बाटो बाहेक अरू आशा छैन भन्ने मेरो विश्वासमा सहमत हुनुपर्छ। मजस्ता दशौं लाख मानिसहरूले आफ्नो जिन्दगीमा सत्यतालाई प्रमाणित गर्न नसक्लान्, तर त्यो तिनीहरूको निष्फलता हुन्छ, दैवी नियमको होइन। १५०

मैले नचाहेर पनि विभाजन, भएको छ। यसले मेरो चित्त दुखेको छ। तर मेरो चित्त धेरै दुखेको त यो विभाजन भएको तरीकाले हो। अहिलेको गोलमाल शमन गर्ने प्रयासमा कित गर्ने कित मर्ने प्रण मैले गरेको छु। म सारा मानव जातिको माया गर्छु जस्तो म आफ्नो देशवासीको गर्छु, किनकि प्रत्येक मानिसको हृदयमा परमेश्वरको वास हुन्छ, र म मानवताको सेवा गरेर जीवनमा सबभन्दा उँचोपद प्राप्त गर्न चाहन्छु। यो सत्य हो कि हामीले व्यवहार गरेको अहिंसा निर्धाहरूको अहिंसा हो, अर्थात्, अहिंसै होइन। तर म भन्छु– मैले आफ्नो देशवासी समक्ष प्रस्तुत गरेको यो होइन। न मैले तिनीहरूलाई तिनीहरू निर्धा अथवा हात-हतियार नभएका अथवा सैनिक तालीम नपाएका भएर नै अहिंसाको हतियार दिएको हूँ, तर यसकारणले दिएको हूँ कि इतिहासको मेरो अध्ययनले मलाई जस्तोसुकै असल काममा प्रयुक्त भएको भए तापनि घृणा र हिंसाबाट घृणा र हिंसासिवाय केही हुँदैन र यसबाट शान्ति कायम गर्नुको सट्टा विथोल्ने मात्र काम हुन्छ भन्ने कुरा सिकाएको छ। हाम्रा प्राचीन ऋषिमुनिहरूको परम्पराले गर्दा, यदि आज भारतले संसारलाई हिस्सा लगाइदिन सक्ने केही पैतृक सम्पत्ति छ भने, उनको गौरवपूर्ण सम्पत्ति भएको यही सहिष्णुता र विश्वासको मत हो। मलाई विश्वास छ कि कालान्तरमा, भारतले त्यसलाई अणुबमको आविष्कारद्वारा संसारले आफूमाथि तानी ल्याएको विध्वंशको खतराको विरुद्ध टक्कर लिन प्रयुक्त गर्नेछ। सत्यता र प्रेमको हतियार अचूक हुन्छ, तर यसको उपासक, हामीमा केही खराबी छ, जसले हामीलाई अहिलेको आत्मघातक संघर्षमा धकेलेको छ। म, यसकारण, आफ्नो नै परीक्षा लिन प्रवृत्त भएको छु। १५१

मैले आफ्नो जिन्दगीमा धेरै अग्नि-परीक्षा पार गरेको छु। तर शायद सबभन्दा कठिन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यही हुन लागेको छ। मलाई यो मनपर्छ । जति यो डरलाग्दो हुन्छ उति नजीक परमेश्वरसंग संपर्क स्थापित भएको म अनुभव गर्छु र उहाँको अगाध कृपामा मेरो विश्वास अरू वढ्दै जान्छ। जवसम्म यो रहन्छ म जान्दछु तबसम्म ठीकै रहन्छ। १५२

म सर्वगुणसम्पन्न मानिस भएको भए, म मान्छु, मलाई अहिले भए जस्तो नजीकैका मानिसहरूको दुःखमा दुःख लाग्नुपर्दैनथ्यो । सर्वगुणसम्पन्न भएकोले मैले तिनीहरूको दुःखको टिपोट गर्नुपर्थ्यो, औषधोपचारको निर्देशन दिनुपर्थ्यो, र ममा भएको हाँक दिन नसकिने सत्यताको शक्तिद्वारा ग्रहण गर्न वाध्य गराउनुपर्थ्यो। तर अहिलेसम्म त म खालि एउटा ऐनाबाट मधुरो मात्र देख्छु र यसैले मलाई मन्द र श्रमपूर्ण प्रक्रियाहरूद्वारा दृढ विश्वास लिएर हिड्नुपरेको छ, र, त्यसमा पनि सधैं सफलतासहित होइन।.....म मानव कमै हुन्थें यदि, देशव्यापी भइरहेको हटाउन सकिने दुःखको ज्ञान हुँदाहुँदै पनि ... ... मैले भारतका दशौं लाख निमुखा मानिसहरूको दुःखमा दुःख मानेर सहानुभूति नगरेको भए। १५३

म सारा संसारलाई स्पष्ट भन्न चाहन्छु कि, मानिसले विरोधमा जेसुकै भनोस्, र पश्चिमका धेरै मानिसहरूको आदर र विश्वासबाट च्युत हुन परोस्— म यो शिर निहुराउँछु– तर म तिनीहरूको मित्रता र प्रेमको बावजूद पनि म त्यो भित्री आवाज-लाई दवाउन्न, तपाईं यसलाई चाहे विवेक भन्नुहोस्, या मेरो भित्री आधारभूत प्रकृतिको उत्तेजना भन्नुहोस् । मेरो भित्र केही कुरा छ जसले मलाई मेरो दुःखदर्द पोख्न बाध्य गराउँछ। यो के हो भन्ने मैले राम्ररी जानेको छु। मेरो भित्रको त्यो केही कुरा जसले मलाई कहिल्यै ठगेको छैन अहिले मलाई यसो भन्छ: "एक्लो पर्नु परेपनि सारा संसारको अगाडि तिमीले आफ्नो टेकमा अडाउनुपर्छ । सारा संसारको मुखमा तिमीले एक टक लाएर हेर्नुपर्छ यद्यपि संसारले तिमीलाई आंखा रातो-पीरो गरी हेर्नेछ। डराउनुपर्ने केही छैन। आफूभित्रको त्यो सानो कुरालाई विश्वास गर जो हृदयमा बास गर्छ र भनिरहन्छ: साथी, स्वास्नी, सारा छोड; तर त्यो कुराप्रति सत्य साबित होऊ जसको लागि तपाईं बाँच्नुभएको छ र जसको निम्ति तपाईंले मर्नुपर्छ। १५४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो आत्मालाई तबसम्म चैन हुँदैन जबसम्म यसले एउटा मात्र खराबी अथवा एउटा मात्र दुःखलाई पनि टुलुटुलु हेरिरहनु पर्नेछ। तर म जस्तो एउटा निर्धो, कमजोर, दुःखी प्राणीको लागि हरेक खराबी सुधार्न अथवा मैले देखेको सारा खराबीको लागि दोष विमुक्त हुन सम्भव छैन। ममा भएको आत्माले एकातिर तान्छ, मासुले अर्कोतिर तान्छ। यी दुई शक्तिको क्रियाबाट मुक्ति नहुने होइन तर त्यो मुक्ति धीमा र दुःखदायक अवस्थाहरू पार गरेर मात्र प्राप्त गर्न सकिन्छ। मुक्तिको प्राप्ति काम गर्न यान्त्रिक रूपले अस्वीकार गरेर म गर्न सक्तिन, तर अनासक्त भावले बुद्धिमानीपूर्ण काम गरेर मात्र यो प्राप्त गर्न सक्तछु। यस संघर्षबाट अविराम गतिले शरीरलाई धेरै कष्ट हुन जान्छ जसबाट आत्मा पूर्णरूपले स्वतन्त्र हुन सक्तछ। १५५

म संसारका सबै धर्म गुरुहरूले दिएको सत्यताको उपदेशमा विश्वास गर्दछु। र मेरो निरन्तरको प्रार्थना पनि यो छ—आफूलाई कलङ्क लगाउनेहरूमाथि कहिल्यै रीसराग नगरूँ, कुनै हत्याराको गोलीको शिकार हुनु परे पनि परमेश्वरको नाम लिदैं प्राण त्याग गर्न पाऊँ। ममाथि हमला गर्ने मानिसको विरोधमा रीस वा गालीको एकमात्र शब्द बोलें भने इतिहासमा मेरो नाउँ ठग भनी लेखिए मलाई धेरै सन्तुष्टि हुनेछ। १५६

ममा बहादुरहरूको त्यो अहिंसा छ कि छैन ? यो कुरा मेरो मृत्युले मात्र देखाउने छ। यदि कसैले मलाई मार्‍यो भने र त्यो हत्याराको लागि प्रार्थना गर्दै, परमेश्वरलाई सम्झंदै र मेरो मन मन्दिरमा उहाँको जिउँदो उपस्थितिप्रति सचेत हुँदै म मरें भने, त्यस अवस्थामा मात्र ममा बहादुरहरूको अहिंसा भाव रहेछ भन्न सकिने छ। १५७

म मर्न चाहन्न······मेरा शक्तिहरूको लहरा जाने पक्षवातको रोगले— एक हरुवा मानिस भएर। एउटा हत्याराको गोलीले मेरो जीवनको अन्त्य गर्न सक्तछ। म यसलाई खुशीसाथ स्वागत गर्दछु। तर सबै कुराको अतिरक्त, आफ्नो कर्तव्य पालन गर्दागर्दै अन्तिम सास लिएर बिलाई जान मलाई मन लाग्छ। १५८

म शहीद हुनको लागि छटपटाइरहेको होइन, तर मैले ग्रहण गरेको धर्मको रक्षाको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि ठूलो कर्तव्य भनी मैले सम्झेको कामको सिलसिलामा यो आइलाग्यो भने ..... म यसलाई आर्जन गरेको हुनेछु। १५९

मेरो हत्या गर्ने प्रयत्न पहिले पनि गरेकै हुन्, तर परमेश्वरले मलाई आजसम्म बचाउनु भएको छ, र हत्याराहरूले आफ्नो करतूतमा पछुताउ गरेका छन्। तर यदि कोही मलाई एकजना बदमाश मानिसबाट छुटकारा पाउने विश्वासले गोली हान्ने विचार गर्छ भने त्यसले वास्तविक गान्धीलाई मार्नेछैन, बरु त्यसलाई मार्नेछ जो उसको आँखामा बदमाश देखिएको थियो। १६०

यदि म कष्टदायक रोगले, होइन खटिरा वा डण्डीफोर जत्तिकोले पनि, मरें भने, मानिस रिसाउलान् भन्ने कुराको पर्वाह नगरी, म मैले हूँ भनी दावा गरे जस्तो परमेश्वरको मान्छे होइन रहेछ भनी संसारलाई बताइदिनु तपाईंको कर्तव्य हुनेछ। तपाईंले त्यसो गरिदिनु भयो भने मेरो आत्मालाई शान्ति मिल्नेछ। यो कुरा पनि याद गर्नुहोला कि कसैले मलाई गोलीले हानेर मेरो ज्यान लिने विचार गर्छ भने— जस्तो कि कसैले हिजो बमले हानेर मार्न खोज्यो, र मैले ऐय्या पनि नभनिकन उसको गोलीलाई थापें, र परमेश्वरको नाम लिंदै प्राण त्याग गरें भने, अनि मात्र मैले आफूले गरेको दावालाई सावित गरेको हुनेछु।* १६१

म मरेपछि मेरो शरीरलाई लिएर कसैले जुलूस निकाल्ने कोशिश गर्छन् भने, म निश्चय तिनीहरूलाई– मेरो लासले बोल्न सक्ने भए– मलाई लगेर म मरेकै ठाउँमा जलाइ दिनू भनी भन्ने थिएँ। १६२

म मरेपछि, सम्पूर्ण रूपले मेरो प्रतिनिधित्व गर्नसक्ने एकजना पनि हुनेछैन। मेरो अलिअलि अंश भने तपाईंहरूमध्ये धेरैमा जीवित भएर रहने छ। यदि प्रत्येकले

* यो कुरा सन् १९४८ को जनवरी महीनाको २९ तारीखको राती भन्नुभएको थियो जसको २४ घण्टा नहुँदै उहाँको हत्या भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्देश्यलाई पहिले र आफूलाई सबैभन्दा पछि राख्ने गऱ्यो भने, धेरै मात्रामा रिक्तताको पूर्ति हुनेछ। १६३

म फेरि जन्मन चाहन्न। मैले फेरि जन्मनै पऱ्यो भने, म एउटा अछूत भएर जन्मने छु यसकारणले कि म तिनीहरूको दुःख, कष्ट र तिनीहरूमाथि भैरहेको हेला-अपमानको सहकारी हुनसक्ने छू, ताकि त्यो दुःखपूर्ण स्थितिबाट आफूलाई र तिनीहरूलाई उकास्ने प्रयत्न गर्न सकूं। १६४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद २

धर्म र सत्य

धर्म भन्नाले मेरो मतलब व्यावहारिक वा प्रचलित धर्म होइन, तर त्यो धर्म हो जुन सबै धर्मको मूल हो, जसले हामीलाई हाम्रो सृष्टिकर्तासंग साक्षात्कार गराइदिन्छ । १

धर्म भन्नाले मेरो मतलब के हो म भन्छु । यो हिन्दू धर्म होइन जसलाई म निश्चय पनि अरू धर्मभन्दा ठूलो सम्झन्छु, तर यसको मतलब त्यो धर्म हो जुन हिन्दूधर्मभन्दा पनि श्रेष्ठ छ, जसले मानिसको प्रकृतिलाई नै बदल्छ, जसले मानिसलाई अन्तरको सत्यसंग अभिन्नरूपले बाँधिदिन्छ र जसले सधैं पवित्र पार्दछ । यो मानव स्वभावमा भएको स्थायी तत्व हो जसले पूर्ण प्रकाश पाउनको लागि कुनै पनि मूल्य चुकाउन किञ्चित् मान्दैन र जसले आत्मालाई आफूलाई नचिनुञ्जेलसम्म, आफ्नो सृष्टिकर्तालाई नजानुञ्जेलसम्म र सृष्टिकर्ता र आफ्नो बीचको वास्तविक सम्पर्कलाई नबुझेसम्म पूरा तौरले बेचैन पारिरहन्छ । २

मैले उहाँलाई देखेको छैन, न मैले उहाँलाई चिनेकै छु । मैले संसारको ईश्वर–प्रतिको श्रद्धालाई मेरो आफ्नै श्रद्धा बनाएको छु, र मेरो श्रद्धा मेट्नै नसकिने भएको हुनाले मैले त्यो श्रद्धालाई अनुभवको रूपमा मानेको छु । तर श्रद्धालाई अनुभवको रूपमा बयान गर्नु सत्यलाई कुल्चनु हो भन्न सकिने हुनाले, बरु यसो भन्नु होला कि परमेश्वरप्रतिको मेरो विश्वासलाई प्रकट गर्ने मसंग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै शब्द छैन । ३

हर कुरामा व्याप्त भइरहेको एउटा अकथनीय रहस्यमय शक्ति छ । आँखाले नदेखे पनि म यो कुरा मनले थाहा पाउँछु । यही अदृश्य शक्ति हो जसले आफूलाई यसरी थाहा पाउने बनाउँछ र साथसाथै सारा प्रमाणलाई वेसावित गर्छ, किनकि यो मेरो इन्द्रियहरूले जान्नसकिने सारा कुराहरूभन्दा यत्तिको भिन्न छ । यो इन्द्रियहरूभन्दा पर छ । तर कुनै हदसम्म ईश्वरको अस्तित्वलाई तर्कले प्रमाणित गर्न सकिन्छ । ४

मलाई कता–कता लागिरहन्छ — वरिपरिको प्रत्येक कुरा सधैं परिवर्तन भइरहने, सधैं नाश भइरहने हुनाले परिवर्तन भइरहने सवैको मूलमा एउटा यस्तो जीवित शक्ति छ जो अपरिवर्तनीय छ, जसले सबै कुरालाई धारण गर्छ, जसले सृष्टि गर्छ, विच्छेद गर्छ,र पुनः सृष्टि गर्छ । त्यो ज्ञान दिने शक्ति वा आत्मा नै परमेश्वर हो । र इन्द्रियले मात्र मैले देखेको अरू कुनै पनि कुरा रहन नसक्ने र नरहने हुनाले, रहने कुरा उहाँ मात्रै हो । ५

अनि यो शक्ति उपकारी कि अपकारी ? म यसलाई शुद्ध उपकारी देख्छु । किनकि म देख्न सक्छु मृत्युको माझमा जीवन चलिरहन्छ, अँध्यारोमा उज्यालो रहन्छ । यसैले म के सम्झन्छु भने परमेश्वर नै जिन्दगी हो, सत्य हो, उज्यालो हो । उहाँ नै प्रेम हो । उहाँ नै परम ईश्वर हो । ६

मलाई यो पनि थाहा छ कि म ईश्वरलाई कहिल्यै पनि चिन्दिन यदि मैले ज्यानको बाजी राखेर खराबीसंग संघर्ष गरिन भने । म आफ्नै सानो र सीमित अनुभवद्वारा विश्वस्त छु । जति जति म विशुद्ध हुन खोज्छु उति उति ईश्वरको नजीकै म आफूलाई भएको अनुभव गर्छु । मेरो विश्वास, आज भए जस्तो, खालि एउटा मत मात्र नभै हिमालय जस्तै अडिग र त्यसको शिखरमा हिउँ जस्तै सेतो र चहकिलो भएको अवस्थामा मैले कति उहाँको नजीक पर्नुपर्ने हो ? ७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरमाथिको यो विश्वास तर्कभन्दा परको श्रद्धामा आधारित हुनुपर्छ । साँच्चै भन्ने हो भने, तथाकथित ज्ञान प्राप्तिको मूलमा श्रद्धाको तत्व हुन्छ जुन विना यसको अनुभव हुन सक्तैन । यसको प्रकृति नै यस्तो हुनुपर्छ । आफ्नो अस्तित्वको सीमालाई कसले अतिक्रमण गर्न सक्छ ? मेरो धारणा छ कि यस देहयुक्त जीवनमा पूर्ण ज्ञान प्राप्ति सम्भव छैन । न यो आवश्यक नै छ । मानिस मात्रले प्राप्त गर्न सकिने पूर्ण आध्यात्मिक उच्चता प्राप्त गर्नको लागि चाहिने मुख्य कुरा जिउँदो अटल श्रद्धा हो । ईश्वर हाम्रा यस पार्थिव खोलको बाहिर हुनुहुन्न । यसैले, बाहिरी प्रमाण, कुनै छ नै भनूं भने, कुनै कामको छैन । हामीले उहाँलाई इन्द्रियहरूद्वारा देख्न सक्तैनौं, किनकि उहाँ इन्द्रियहरूभन्दा पर हुनुहुन्छ । हामीले आफूलाई इन्द्रियहरूबाट पर राख्न सक्यौं भने हामी उहाँको दर्शन पाउन सक्ने हुन्छौं । ईश्वरीय गीत हाम्रो भित्र निरन्तर चलिरहेको छ, तर इन्द्रियहरूको ठूला–ठूला स्वरको अगाडि त्यो मधुरो संगीत, जुन हामीले आफ्ना इन्द्रियहरूद्वारा सुन्न वा अनुभव गर्नसक्ने कुनै पनि कुराको जोडा नभै त्योभन्दा धेरै नै माथिल्लो तहको छ, त्यसै दबिएर जान्छ । ८

तर बुद्धिलाई मात्र सन्तुष्ट दिने काम हुन्छ भने, त्यस्तो काम गर्ने ईश्वर ईश्वर होइन । वास्तविक ईश्वरको गुण हो हृदयलाई शासन गर्नु र यसलाई परिवर्तन गर्नु । आफ्नो उपासकको सानोभन्दा सानो काममा पनि ईश्वरले आफूलाई प्रकट गरिरहेको हुनुपर्छ । यो काम पञ्च इन्द्रियले गर्नसक्नेभन्दा बढ्ता यथार्थ भएको निश्चित ज्ञान प्राप्तिद्वारा मात्र गर्नसकिन्छ । इन्द्रियजन्य कुराहरू जतिसुकै यथार्थ देखिए पनि मिथ्या र भ्रमात्मक हुनसक्छन् र अवसर हुन्छन् पनि । आध्यात्म–ज्ञान जहाँ इन्द्रियहरूको बाहिर हुन्छ त्यहाँ यो अचूक हुन्छ । यो कुरा बाहिरी प्रमाणबाट होइन कि अभ्यन्तरमा ईश्वरको वास्तविक उपस्थितिलाई महशूस गर्ने मानिसहरूको परिवर्तित आचरण र चरित्रमा प्रमाणित हुन्छ । यसको प्रमाण सबै देश र स्थानका पुस्तन्-पुस्ताका ऋषि मुनिहरूको अनुभवहरूमा पाइने छ । यो प्रमाणलाई नमान्नु आफैलाई नमान्नु हो । ९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो लागि ईश्वर सत्य र प्रेम हो; ईश्वर आचार नीति र नैतिकता हो; ईश्वर निडरता हो। ईश्वर प्रकाश र जीवनको स्रोत हो तैपनि उहाँ यी सबैको माथि र पर हुनुहुन्छ। ईश्वर विवेक हो। उहाँ अनीश्वरवादीको अनीश्वरवाद पनि हो। ······ उहाँ बोली र बुद्धिको पर हुनुहुन्छ। ······उहांको दैहिक उपस्थिति चाहिने मानिसहरूको लागि उहाँ दैहिक ईश्वर हुनुहुन्छ। उहांको स्पर्श चाहिने मानिसहरूको लागि उहाँ शरीरधारी हुनुहुन्छ। उहाँ विशुद्ध सार तत्व हुनुहुन्छ। श्रद्धा हुनेहरूको लागि उहाँ खालि अस्तित्व हुनुहुन्छ। सबै मानिसको लागि उहाँ सबै कुरा हुनुहुन्छ। उहां हामीभित्र हुनुहुन्छ र हामीभन्दा माथि र पर हुनुहुन्छ। ······उहाँ दीर्घ-कष्ट भोगी हुनुहुन्छ। उहाँ धैर्यधारी तर भयानक पनि हुनुहुन्छ। ······उहांको लागि अज्ञानता कुनै क्षमाको कारण होइन। र उसमाथि उहाँ सधैं क्षमा दिइरहनुहुन्छ कारण उहाँ हामीलाई पश्चाताप गर्ने मौका दिनुहुन्छ। संसारले जानेको प्रजातन्त्रवादीमध्ये उहाँ सबैभन्दा ठूला हुनुहुन्छ, किनकि असल र खराबको बीचमा हामी आफैले रोज्नको लागि उहाँ हामीलाई स्वतन्त्र छोडिदिनुहुन्छ। अहिलेसम्म थाहा भएको मध्ये उहाँ सबभन्दा ठूलो अत्याचारी हुनुहुन्छ, किनभने उहाँ बराबर हाम्रो ओठबाट कचौरा खोसेर लिनुहुन्छ र स्वतन्त्र इच्छाको नाममा उहाँ हामीलाई थोरै मात्र भाग छोडेर आफूलाई आनन्द मात्र प्राप्त हुने गर्नुहुन्छ। ···· हिन्दू–धर्म यो सबैलाई यसैले उहांको खेल भन्छ। १०

सत्यताको सार्वभौमिक र सर्वव्यापी आत्माको प्रत्यक्ष दर्शन पाउनको लागि मानिसले सबभन्दा तुच्छ सृष्टिलाई आफूलाई जस्तै माया–प्रेम गर्न सक्नुपर्छ। यस्तो गर्न खोज्ने मानिस जीवनको कुनै पनि क्षेत्रबाट पर बस्न सक्तैन। सत्यताप्रतिको मेरो भक्तिले यसैले मलाई राजनीतिको क्षेत्रमा तानेको छ; र म निःसंकोच तथा विनम्र भावले, यो भन्नसक्छु कि धर्मको राजनीतिसंग केही सम्बन्ध छैन भन्ने मानिसहरूलाई धर्म भनेको के हो भन्ने कुरा थाहै छैन। ११

आत्म–शुद्धि नभैकन जीवधारी सबैसंग सादृश्य स्थापित गर्नु सम्भव छैन; आत्मशुद्धि नभैकन अहिंसाको नियमको पालना गर्नु एउटा सोझो सपना मात्र हुन्छ;

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदय शुद्ध नभएको मानिसले ईश्वर प्राप्ति कहिल्यै गर्नसक्तैन । आत्मशुद्धि भन्नाले यसैले जीवनको सबै क्षेत्रमा हुने शुद्धि भनेर सम्झनुपर्छ । शुद्धि भन्ने कुरा अति नै सरुवा किसिमको हुनाले एकजना शुद्ध भएमा उसको वरिपरिका कुराहरू अनिवार्य रूपले शुद्ध हुँदै जान्छ । १२

तर आत्मशुद्धिको बाटो कठिन र ठाडो छ । पूर्ण रूपले शुद्ध हुनको लागि मानिसले मनसा, वाचा, कर्मणा बिलकुल अनुरागहीन हुनुपर्छ; प्रेम–घृणा,आसक्ति –अनासक्तिको विरोधी धाराहरूको माथि उठ्नुपर्छ । मलाई थाहा छ — निरन्तर, अविराम परिश्रमको वावजूद पनि, ममा अझ त्यो तीन प्रकारको शुद्धता आइ–सकेको छैन । यसैकारण विश्वको प्रशंसाले मलाई छुनसकेको छैन, उल्टो यसले बारम्बार मलाई पोल्ने गरेको छ । रीसरागका कोमल भावनाहरूलाई जित्नु मलाई लाग्छ — शस्त्र बलले संसारको विजय गर्नुभन्दा कठिन छ । १३

म एउटा गरीब संघर्षरत आत्मा मात्र हूँ बिल्कुलै असल — मन, वचन र कर्मले बिल्कुलै सत्यवादी र बिल्कुलै अहिंसक हुन व्यग्र भइरहेको; तर आफूलाई सत्य भनी थाहा भएको आदर्शमा पुग्न सधैं निस्फल भइरहेको । यो एउटा कष्टपूर्ण चढाइ हो, तर यसको कष्ट मेरो लागि एउटा साक्षात् आनन्द नै हो । माथि राखेको प्रत्येक पाइलोले मलाई अरू बलियो अनुभव हुन्छ र अर्को पाइला चाल्न योग्य महशूस गराउँछ । १४

मानव जातिको सेवा गरेर ईश्वरको साक्षात्कार गर्न मैले खोजेको छु, किनकि मलाई थाहा छ — ईश्वर न स्वर्गमा हुनुहुन्छ, न पातालमा, तर सर्वत्र हुनुहुन्छ । १५

वास्तवमा हाम्रो प्रत्येक काममा धर्म हुनुपर्छ । धर्मको मतलब यहाँ साम्प्रदायिकता होइन । यसको माने विश्वको नियमित नैतिक शासनमा विश्वास हो । यो अदृश्य छ तर यसो हुँदैमा कम यथार्थ छैन । यो हिन्दूधर्म, इस्लामधर्म, क्रिश्चियनधर्म आदि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दा माथि छ । यसले तिनीहरूको ठाउँ लिँदैन । यसले तिनीहरूलाई मिलाएर यथार्थ रूप दिन्छ । १६

धर्महरू त्यही ठाउँमा पुग्ने विभिन्न बाटा हुन् । हामी विभिन्न धर्म ग्रहण गर्छौं त के भयो, जहाँसम्म हामीहरू त्यही ठाउँमा पुग्छौं ? साँच्चै भन्ने हो भने संसारमा जत्ति मानिसहरू छन् उत्तिकै धर्महरू छन् । १७

यदि कुनै मानिस आफ्नो धर्मको मुटुमा पुग्दछ भने ऊ अरूको पनि मुटुमा पुगेको हुन्छ । १८

धर्महरू विभिन्न किसिमका भएसम्म तिनीहरू प्रत्येकलाई भिन्नाभिन्नै प्रतीकको दरकार पर्दछ । तर ढुङ्गाको मूर्तिमा परिवर्तन गरेर अर्को धर्मलाई सानो भनी देखाउने साधनको रूपमा त्यसको प्रयोग हुन थालेपछि त्यो सोझै त्याज्य हुन्छ । १९

लामो अध्ययन र अनुभवपछि म यो निष्कर्षमा पुगेको छु कि (१) सबै धर्महरू सत्य हुन्; (२) सबै धर्महरूमा केही भूल छन्; (३) सबै धर्महरू मलाई आफ्नो हिन्दूधर्म जत्तिकै प्रिय छन्, जत्तिको प्रिय मानिसहरूलाई उनीहरूको आफ्नै नाताकुटुम्ब हुन्छन् । अरू धर्ममा पनि म आफ्नो धर्ममा जत्तिकै श्रद्धा गर्दछु; यसै अर्थ धर्म परिवर्तन हुने विचार हुनै सक्तैन । २०

ईश्वरबाट विभिन्न किसिमका धर्महरूको र तिनका उपासकहरूको सिर्जना भएको छ । मनमनै भए पनि मैले आफ्नो छिमेकीको धर्म आफ्नोभन्दा सानो छ र उसले आफ्नो धर्म छोडेर मेरोमा आउनुपर्छ भनेर कसरी सोच्न सकुँला ? साँचो र इमान्दार मित्रको नाताले, ऊ आफ्नै धर्ममा बाँचोस् र फल्दै फुल्दै जाओस् भन्ने मात्र म इच्छा गर्न सक्तछु । ईश्वरको वासस्थानमा अनेकौं हवेलीहरू छन् र तिनीहरू सबै उत्तिकै पवित्र छन् । २१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धापूर्वक अर्काको धर्मको अध्ययन गर्नाले आफ्नो धर्मप्रतिको विश्वास घट्न जान्छ वा हल्लिन्छ भनी डराउनुपर्दैन । हिन्दू दर्शनले सबै धर्ममा सत्यको तत्त्व छ भन्ने कुरा मान्दछ र तिनीहरू सबैलाई उत्तिकै आदर र सम्मानको दृष्टिले हेर्दछ । यसले निःसन्देह मानिसको आफ्नो धर्मप्रतिको श्रद्धाको पूर्व अनुमान गर्दछ । अरू धर्महरूको अध्ययन र मूल्यांकनले त्यो श्रद्धालाई घटाउँछ नै भन्ने छैन; यसको माने अरू धर्महरूमा त्यो श्रद्धा विस्तार हुनुपर्छ । २२

हाम्रो लागि हाम्रा शव्दहरूलाई भन्दा हाम्रा जीवनलाई नै वोल्न दिनु जाति हुन्छ। ईश्वरले त्यो क्रूस १,९०० वर्षअगाडि मात्र धारण गर्नुभएको होइन, आज पनि धारण गर्नुभएको छ, र उहाँ दिनदिनै मर्नुहुन्छ र दिनदिनै पुनर्जन्म लिनुहुन्छ । दुई हज्जार षर्षअगाडि स्वर्ग भएका ऐतिहासिक ईश्वरमा भर गर्ने हो भने संसारको लागि सान्त्वना लिने कमै ठाउँ हुन्थ्यो । यसैले इतिहासको ईश्वरको कुरा नगर्नुहोस् तर उहाँलाई तपाईं त्यो रूपमा देखाउनुहोस् जुन रूपमा उहाँ तपाईंमा जिइरहनु भएको छ। २३

अरूलाई आफ्नो धर्मको बारे वताउने खासगरी धर्म परिवर्तनको विचारले त्यसो गर्ने, मानिसहरूमा म विश्वास गर्दिन। धर्म बताइने कुरा होइन। यो त जिइने कुरा हो र अनि मात्र यो आत्म-प्रचार गर्ने हुन्छ। २४

ईश्वरीय ज्ञान पुस्तकबाट प्राप्त हुँदैन । यसको प्राप्ति आफैमा हुनुपर्छ । पुस्तकहरू, अनुमानतः सहायक हुन्, यद्यपि यिनीहरू बरावर बाधा हुन्छन् । २५

म संसारका सारा महान् धर्महरूको मौलिक सत्यतामा विश्वास गर्छु । म विश्वास गर्छु तिनीहरू सब ईश्वर-प्रदत्त हुन्, र म विश्वास गर्छु तिनीहरू ती मानिसहरूको निर्मित्त आवश्यक थिए जसलाई तिनीहरू प्रत्यक्ष भएका थिए। र म विश्वास गर्छु, यदि हामीहरू सबैले विभिन्न धर्मग्रन्थहरू तिनीहरूका अनुयायीहरूको दृष्टिले मात्र पढ्न सक्यौं भने, निःसन्देह तिनीहरू सबै अन्ततः एकै हुन् र एक अर्काका लागि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै सहायक छन् भन्ने कुरा पाउने छौं। २६

सबै धर्मको मूलमा एक ईश्वरको विश्वास छ। तैपनि पृथ्वीमा एकै धर्म मात्र व्यवहारमा आउने समय म देख्तिन। सिद्धान्ततः एउटै मात्र ईश्वर भएकोले, धर्म पनि एउटै मात्र हुन सक्छ। तर व्यवहारमा कुनै यस्ता दुईजना मानिसलाई मैले देखेको छैन जसले ईश्वरप्रति समान धारणा राखेका छन्। यसैले, शायद, सधैं नै विभिन्न धर्महरू भैं नै रहनेछन् जो विभिन्न स्वभाव वा प्रकृति र आवहवाको अवस्था सुहाउने हुन्छन्। २७

मलाई विश्वास छ, संसारका सबै ठूला धर्महरू धेरथोर सत्य छन्। 'धेरथोर' मैले यसकारणले भनेको हूँ कि मानिसको हातले छोएको हरेक कुरा, मानिस आफै असम्पूर्ण भएको हुनाले असम्पूर्ण हुन्छ भन्ने कुरा म विश्वास गर्छु। सम्पूर्णता ईश्वरको गुण हो र यो वर्णनातीत छ, भाषान्तरातीत छ। मलाई पूरा विश्वास छ, प्रत्येक मानिसको लागि ईश्वर जत्ति नै सम्पूर्ण हुनु सम्भव छ। हामीहरू सबैले सम्पूर्णताको इच्छा गर्नु जरुरी छ, तर त्यो सुखद स्थिति प्राप्त भएपछि, यो वर्णनातीत, व्याख्यातीत हुन जान्छ। र म, यसैकारण, हुनसम्म विनम्रतापूर्वक मान्छु कि वेद, कुरान र बाइबल पनि ईश्वरका असम्पूर्ण शब्द हुन् र, हामी मानिस, असंख्य उद्वेगहरूद्वारा घडीको लंगूर तुल्याइएका, असम्पूर्ण भएको हुनाले, ईश्वरको यो शब्दलाई पूर्ण रूपमा बुझ्न पनि मेरो लागि असम्भव छ। २८

वेदहरू मात्र ईश्वरीय हुन् भन्ने कुरामा म विश्वास गर्दिन। बाइबल, कुरान, र जिन्दावस्ता पनि वेदहरू जत्तिकै ईश्वर-प्रेरित हुन् भन्ने कुरा म विश्वास गर्छु। हिन्दू धर्मग्रन्थहरूमा म विश्वास गर्छु भन्दैमा हरेक शब्द, हरेक श्लोकलाई ईश्वर-प्रेरित भनी मैले मान्नै पर्छ भन्ने केही छैन …… जतिसुकै विद्वत्तापूर्ण भए तापनि, विवेक-विचार वा नैतिक ज्ञानको अनुकूल नभएको भएमा, म कुनै पनि व्याख्याद्वारा बाँधिन तयार हुन्न। २९

मन्दिर, मस्जिद वा गिर्जाघर …… ईश्वरका यी विभिन्न वासस्थानहरूमा म केही भेदभाव गर्दिन। धर्मले तिनीहरूलाई जे बनाइदिएका छ तिनीहरू त्यही हुन्। कुनै न कुनै तरह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अदृश्यमा पुग्ने मानिसको इच्छाका तिनीहरू जवाफ हुन् । ३०

प्रार्थनाले मेरो जिन्दगी बचाएको छ। यो नभएको भए धेरै अगाडि नै म पागल भैसकेको हुने थिएँ। मैले साह्रै नै तीता निजी र सार्वजनिक अनुभवहरू गरेको छु। तिनीहरूले मलाई केही काल निराश पनि पारेका थिए । त्यो निराशाबाट मैले कुनै कुराले छुटकारा पाउन सकेको थिएँ भने प्रार्थनाले नै पाउन सकेको हूँ। यो मेरो जिन्दगीको अंश भएको छैन जस्तो सत्य भएको छ। यो खालि आवश्यकताले आएको हो, जब मैले आफूलाई एउटा नराम्रो दशामा पाएँ जहाँ म यो बेगर शायद सुखी हुनै सक्तिनथें । र जतिजति समय बित्दै गयो, ईश्वरप्रतिको मेरो विश्वास बढ्दै गएको र प्रार्थनाको लागि मेरो इच्छा झन् झन् बलवती हुँदै गयो। यो विना जिन्दगी नै न्यास्रो र शून्य लाग्नथाल्यो । दक्षिण अफ्रिकामा मैले क्रिश्चियनहरूको धर्म–देशनामा भाग लिएको थिएँ, तर यसले पनि मलाई अँठ्याउन सकेन । म तिनीहरूसंग यसमा सम्मिलित हुन सकिन। तिनीहरूले ईश्वरको प्रार्थना गरे, तर मैले सकिन; म नराम्रोसंग विफल भएँ। मैले ईश्वर र प्रार्थनामा अविश्वासबाट शुरू गरें, र जिन्दगीमा धेरै पछिसम्म पनि शून्य जस्तो केही अनुभव गरिन। तर त्यो पछिको अवस्थामा, मलाई यस्तो लाग्यो, जसरी शरीरको लागि खानेकुरा नभै हुँदैन त्यस्तै आत्माको लागि प्रार्थना अनिवार्य छ । साँच्ची भन्ने हो भने आत्मालाई प्रार्थनाको जत्ति जरुरत छ शरीरलाई खानेकुराको छैन। किनभने शरीर स्वस्थ राख्नको लागि भोकै बस्नु बराबर आवश्यक हुन्छ, तर प्रार्थना भोकै रहनु भन्ने कुनै कुरा छैन। तपाईंलाई सम्भवतः प्रार्थनाको अमन हुन सक्तैन । संसारका सबभन्दा ठूलाठूला शिक्षकहरू– बुद्ध, यीशु र मुहम्मद– ले कलङ्करहित प्रमाण छोडेर गएका छन्, कि तिनीहरूले प्रार्थनाद्वारा नै प्रकाश पाएका हुन् र यो विना तिनीहरू सम्भवतः बाँच्नै पनि सक्तैनथे। दशौं लाख हिन्दू, मुसलमान र क्रिश्चियनहरूले जिन्दगीमा एक मात्र शान्ति प्रार्थनामै पाउने गर्दछन्। तपाईंहरू तिनीहरूलाई झूठो बोल्ने अथवा मतिभ्रम भएका भन्नुहोला । म त के भन्छु भने यो " झूठो बोलाइमा " म जस्तो सत्यको खोजी गर्नेको लागि आकर्षण छ, यदि यो 'झूठो बोलाइ' नै हो भने जसले मलाई जीवनको त्यो प्रधान अवलम्बन दिएको छ जुन विना म एकछिन पनि बाँच्न सक्तिन । राजनैतिक क्षितिजमा मेरो सम्मुख निराशा आएर डट्न आए तापनि मैले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिल्यै शान्तिलाई गुमाएको छैन । साँच्ची भन्ने हो भने, मेरो शान्तिमा ईर्ष्या गर्ने मानिसहरू मले देखेको छु । त्यो शान्ति प्रार्थनाबाट प्राप्त हुन्छ । म कुनै विद्वान् मान्छे होइन, म त खालि एउटा प्रार्थना गर्ने मान्छे हूँ । रीतभाँतको म वास्ता गर्दिन । यस सम्बन्धमा प्रत्येक मानिस आफै एउटा नियम हो । तर राम्ररी रेखांकन गरिएका मार्गहरू केही अवश्य छन्, र प्राचीन गुरुहरू हिंडेका, बनाइएका बाटाहरूमा हिड्नु निरापद हुन्छ । मैले आफ्नो व्यक्तिगत प्रमाण-प्रदर्शन गरेको छु । सबैले कोशिश गरोस् र रोजरोजैको प्रार्थना हुँदा आफ्नो जिन्दगीमा केही न केही नयाँ कुरा थप्न सकेको अनुभव गरोस् । ३१

मानिसको अन्तिम लक्ष्य ईश्वर प्राप्ति हो, र उसका, राजनैतिक, सामाजिक तथा धार्मिक, सारा गतिविधिहरूलाई ईश्वर–दर्शनको अन्तिम लक्ष्यद्वारा मार्ग दर्शन गर्नु परेको छ। सारा मानिसहरूको तात्कालिक सेवा नै त्यो प्रयासको एउटा आवश्यक अङ्ग हुन्छ। किनकि ईश्वर प्राप्त गर्ने एउटै उपाय उहाँको सृष्टिमा उहाँलाई देख्नु र यसैमा एकाकार हुनु हो । यसो गर्नु खालि सबैको सेवाबाट मात्र सम्भव हुन्छ । र यो कुरा आफ्नो बाहेक अरू देशबाट गर्न सकिदैन । म सम्पूर्णको एक अङ्ग हूँ, र उहाँलाई अरू मानवजातिबाट छुट्टै अलग्ग देख्न सक्तिन । मेरा देशवासी नै मेरा सबैभन्दा नजीकका छिमेकी हुन् । तिनीहरू यत्तिका निःसहाय साधनहीन, चेतनाहीन, भैसकेका छन् कि मैले आफ्नो सम्पूर्ण शक्ति तिनीहरूकै सेवामा लगाउनुपरेको छ । उहाँलाई हिमालयको गुफामा पाउन सकिन्छ भन्ने यकीन भएमा म उहीं नै दगुर्ने थिएँ । तर मलाई थाह छ, म उहाँलाई मानवजातिबाट अलग्ग पाउन सक्तिन । ३२

दुःखको कुरा हो कि आज हामी धर्म भन्नाले खाना र पिउनामा परहेज सम्झन्छौं, ठूलो र सानोको भावमा लाग्नु मात्र सम्झन्छौं । तर म स्पष्ट भन्छु, योभन्दा ठूलो अज्ञानता अरू हुनसक्तैन । जन्म र रीतभाँतको पालनले नै मानिस ठूलो-सानो हुने होइन । चरित्र नै निर्णायक कुरा हो । ईश्वरले मानिसको सृष्टि गर्दा यो ठूलो यो सानो भनी छाप लगाएर गरेको होइन; जन्मको हिसाबले ठूलो-सानो भनी ढाँचा लगाउने कुनै पनि धर्मग्रन्थले हाम्रो भक्तिभाव लिन सक्तैन, यो ईश्वर र सत्य जुन पनि ईश्वर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हो– को सरासर इन्कार हो । ३३

यो मेरो दृढ विश्वास हो कि संसारमा जति पनि ठूलाठूला धर्महरू छन् तिनीहरू सब सत्य हुन्, ईश्वर प्रदत्त हुन् र तिनीहरूबाट ईश्वरको र ती वातावरण र ती धर्महरूमा हुर्केकाहरूको अभिप्राय पूरा हुन्छ । संसारमा एउटै मात्र धर्म छ भनी हामीले भन्नसक्ने समय आउँछ भन्ने कुरामा विश्वास गर्दिन । एक अर्थमा अहिले पनि संसारमा एउटैमात्र मौलिक धर्म छ । तर प्रकृतिमा सरल रेखा जस्तो त्यस्तो कुनै कुरा छैन । धर्म भनेको अनेक हाँगा भएको एउटा रूख हो । हाँगाहरू जस्तै, तपाईं भन्नुहोला, धर्महरू अनेक छन्, तर रूख जस्तै धर्म एउटै मात्र छ । ३४

मानिलिऊँ, कोही क्रिश्चियन मकहाँ आयो र भागवत पढेर साह्रै प्रभावित भएँ भनी आफूलाई हिन्दू घोषित गर्न चाहन्छु भन्यो भने, म उसलाई यसो भन्छु "होइन । भागवतले दिने कुरो बाइबलले पनि दिन्छ । तपाईंले यो कुरा पत्ता लाउने कोशिश गर्नुभएन । कोशिश गर्नुहोस् र सच्चा क्रिश्चियन बन्नुहोस् ।" ३५

म धर्मलाई मानवजातिको अनेकौं गतिविधिमध्ये एक भनी मान्दिन । त्यही एउटा गतिविधि धर्म वा अधर्मको पनि आत्माद्वारा अनुशासित हुनसक्तछ । मेरो निमित्त यसै कारण धर्मको लागि राजनीति छोड्ने जस्तो केही कुरा छैन । मेरो लागि प्रत्येक सानोमा सानो गतिविधि पनि मैले आफ्नो धर्म भनी सम्झेको कुराद्वारा अनुशासित छ । ३६

चैतन्यभएका प्राणीहरूको यो विश्व एउटा विधिद्वारा अनुशासित छ भन्ने कुरामा कुनै किसिमको शङ्का गर्न सकिंदैन । विधि दिने विनाको विधिको बारे तपाईं सोच्नसक्नु हुन्छ भने, म भन्छु, विश्व नै विधि दाता हो, अर्थात् ईश्वर हो । जब हामी विधिको प्रार्थना गर्छौं त्यो बेला हामी खालि त्यो विधि जान्न र यसको पालन गर्न मात्र इच्छा गर्छौं । हामी जे इच्छा गर्छौं त्यही हुन्छौं । प्रार्थना गर्नुपर्ने कारण नै त्यही हो । हाम्रो वर्तमान जीवन हाम्रो भूतबाट अनुशासित भएको भए तापनि, हाम्रो भविष्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यही कार्यकारणको नियमद्वारा हामी अहिले जे गर्छौं, त्यसैबाट प्रभावित भएको हुन्छ। त्यसैले जुन हदसम्म हामीले दुइ अथवा दुइभन्दा बढी कुराहरूको वीचमा रोज्नुपर्ने हुन्छ त्यो रोज्ने काम हामीले गर्नुपर्छ।

खराबी किन हुन्छ र खराबी भन्ने कुरा के हो– यी यस्ता प्रश्नहरू हुन् जुन हाम्रा सीमित तर्कशक्तिभन्दा वाहिरका देखिन्छन्। असल खराब दुबै छन् भनी जान्नु नै हामीलाई पर्याप्त छ। यो खराब, यो असल भनी हामीले बराबर छुट्याउन सक्नेभएको हुनाले, हामीले एउटालाई छोडी अर्कोलाई रोज्नुपर्दछ। ३७

ईश्वरको मार्गदर्शनमा विश्वास गर्नेहरू आफूले सकेसम्म गर्छन् र कहिल्यै पीर लिंदैनन्। सूर्य कहिल्यै अत्यधिक परिश्रमवाट पीडित भएको थाहा भएको छैन र उसले जस्तो वेजोडको नियमित रूपले कसले काम गर्दछ! तैपनि हामी किन सोचूं कि सूर्य निर्जीव छ? उसको र हाम्रो वीचको फरक यत्तिकै हुन सक्छ कि उसको लागि अरू उपाय छैन, जबकि हामी केही वर पाउँछौं, जुन वर जतिसुकै संदिग्ध नै किन नहोस्। तर यस किसिमको अडकल धेरै नगरूँ। हाम्रो लागि यत्तिकै पर्याप्त छ कि नथाकिने शक्तिको सम्बन्धमा हामीले उसको उज्ज्वल उदाहरणलाई पाएका छौं। हामीले पनि आफूलाई सम्पूर्णरूपले ईश्वरको इच्छामा समर्पण गर्‍यौं र साँच्चै नै अमरत्वको वस्तु भइदियौं भने, हामी पनि रोजी लिने अधिकारलाई त्याग्ने हुन्छौं र अनि हामी पनि नाशिने र खिइनेवाट जोगिन्छौं। ३८

हो, यस्ता विषयहरू छन् जसमा हाम्रो बुद्धि धेरै टाढा जान सक्तैन र हामीले धर्मं विश्वासले स्वीकार गर्नुपर्ने हुन्छ। यसको मतलब धर्मविश्वासले बुद्धिको खण्डन गर्छ भन्ने होइन तर पार गर्छ भन्ने हो। धर्मविश्वास एक किसिमको छैठौं इन्द्रिय हो जसले बुद्धिको क्षेत्र वाहिरको कुराहरूमा काम गर्छ। यसैले, यी तीन कुराको पृष्ठभूमिमा, धर्मको पक्षमा गरिएका सबै कुराहरूको जाँचबुझ गर्न मलाई केही गाह्रो हुँदैन। यसैकारण ईशामसीह ईश्वरवाट जन्मेका एक मात्र पुत्र हुन् भनी विश्वास गर्नु मेरो लागि तर्कसंगत छैन, किनकि ईश्वर विवाह गर्न र सन्तान पाउनसक्नु हुन्न। 'पुत्र' भन्ने शब्द आलंकारिक अर्थमा मात्र प्रयुक्त हुन सक्तछ। त्यो अर्थमा प्रत्येक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिस जो ईशामशीहको स्थानमा हुन्छ त्यो ईश्वरबाट जन्मेको छोरा हो । यदि कोही मानिस आध्यात्मिक रूपले हामीदेखि धेरै कोस अगाडि छ भने, हामीले त्यस लाई विशेष अर्थमा ईश्वरको पुत्र हो भन्न सक्छौं, यद्यपि हामीहरू सबै नै ईश्वरका सन्तान हौं । हामी हाम्रो जिन्दगीमा त्यो सम्वन्धलाई इन्कार गर्छौं, जबकि उसको जिन्दगी नै यो सम्वन्धको साक्षी छ । ३९

ईश्वर कुनै व्यक्ति होइन। ..ईश्वर शक्ति हो । ऊ जिन्दगीको सार हो । ऊ विशुद्ध र अभ्रष्ट सचेतनता हो । ऊ अनन्त-अनादि हो । र तैपनि, विचित्रको कुरा के हो भने, सर्वव्यापी जिउँदो समुपस्थितिबाट सबैले फाइदा उठाउन सकेका छैनन्, न त्यसमा आश्रय नै लिन समर्थ भएका छन् ।

बिजुली एउटा शक्तिशाली शक्ति हो । यसबाट सबैले फाइदा लिन सक्तैन । कुनै खास नियमको अनुसरण गर्नाले मात्र यसको उत्पादन गर्नसकिन्छ । यो एउटा निर्जीव शक्ति हो । यसका नियमहरूको ज्ञान प्राप्त गर्नसक्ने गरी परिश्रम गर्‍यो भने मानिसले यसको उपयोग गर्न सक्तछ ।

हामीले ईश्वर भन्ने गरेको जिउँदो शक्तिलाई पनि यसरी नै प्राप्त गर्न सकिन्छ तर मुख्य कुरा के भने हामी भित्र भएको ईश्वरलाई पत्ता लगाउन चाहिने नियमलाई हामीले जानी त्यसको अनुसरण गर्नुपर्छ । ४०

ईश्वर खोज्नलाई मानिसले तीर्थाटन गर्नु, वा देवीदेवताको मूर्तिअगाडि बत्ती धूप-दीप बाल्नु वा मूर्तिलाई तेल लगाउनु अथवा रातो सिंदूरले पोत्नु जरुरत छैन । किनकि ईश्वर हाम्रै हृदयमा बस्नुहुन्छ । हामीले हाम्रो भौतिक शरीरको सचेतनता-लाई हामीभित्र सफासंग मेट्न सक्यौं भने, हामी उहाँको प्रत्यक्ष दर्शन पाउने छौं । ४१

कुनै व्यावहारिक धारणा विना कुनै पनि कुराको खोजी सम्भव हुँदैन । केही दिएनौं भने, केही पाउँदैनौं पनि । हामी छौं त ईश्वर छ, ईश्वर छैनन् त हामी छैनौं भन्ने धारणामा नै, शुरूदेखि नै, मूर्ख र बुद्धिमान्हरू समावेश भएको संसार चलिआएको हो । ईश्वरको विश्वास र मानवजाति संगसंगै चलिरहेको हुनाले, ईश्वरको अस्तित्वलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यको अस्तित्वभन्दा पनि ज्यादा निश्चित भएको भनी मानिन्छ । यो जिउँदो विश्वासले जीवनका असंख्य ग्रन्थिहरू सुल्झिन गएका छन् । यसले हाम्रो दुःखलाई हल्का पारिदिएको छ । यसले हामीलाई जीवनमा अड्याउँछ र मृत्युमा सान्त्वना दिन्छ । यही विश्वासले गर्दा सत्यताको खोजी नै रमाइलो र कामलाग्दो हुन्छ । तर सत्यको खोजी नै ईश्वरको खोजी हो । सत्य नै ईश्वर हो । ईश्वर छन्, किनकि सत्य छ । हामी खोजीमा पर्छौं, किनकि हामीलाई विश्वास छ कि सत्य छ र यसलाई उद्यमपूर्ण खोजी र खोजीका सुपरिचित र सुपरीक्षित नियमहरूको राम्रो पालनले प्राप्त गर्न सकिन्छ । यस्तो खोजी विफल भएको इतिहासमा कहीं उल्लेख छैन । ईश्वरमा विश्वास नभएको बहाना गर्ने नास्तिकहरूले पनि सत्यमा विश्वास गरेका छन् । ईश्वरलाई नयाँ होइन कि अर्कै नाम दिएर तिनीहरूले चलाकी गरेका छन् । तिनीहरू सबैमा श्रेष्ठ सत्य हो ।

ईश्वरवारे जुन कुरा सत्य हुन्छ, कम्ती मात्रामै भए पनि, कुनै मौलिक नैतिकताहरूको सत्यताको धारणावारे पनि सत्य हुन्छ । वास्तवमा यी कुराहरू ईश्वर अथवा सत्यको विश्वासमा निहित हुन्छन् । यी कुराहरूवाट विचलित हुने अल्छीहरू अनन्त दुःखमा परेका छन् । व्यवहारको कठिनाइलाई अविश्वाससंग मिलाउनु हुँदैन । हिमालयको अभियानमा पनि सफलताको आफ्नै निर्धारित शर्तहरू हुन्छन् । शर्तहरू पूरा गर्ने कठिनाइले अभियानलाई नै असम्भव बनाउँदैन । यसले खोजीलाई वरु बढी रुचिकर र तिक्खर वनाइदिन्छ । ईश्वर वा सत्यको खोजीमा गरिने यो अभियान हिमालयको असंख्य अभियानभन्दा धेरै अपार छ, र यसैले धेरै नै चाखलाग्दो छ । हामीमा यसको लागि कुनै उत्साह छैन, यसको कारण हो हाम्रो विश्वासको शिथिलता । हामीले हाम्रो भौतिक आँखाले देखेको कुरा हाम्रो लागि एकमात्र वास्तविकताभन्दा धेरै वास्तविक हुन्छ । हामीलाई थाह छ, देखिएका कुराहरू धोका हुन्छन् । तैपनि हामीहरू स-साना कुराहरूलाई वास्तविकता मान्छौं । स-साना कुराहरूलाई यस्तो रूपमा देख्नु आधा संग्राम जित्नु हो । यसवाट सत्य अथवा ईश्वरको खोजीको आधा भन्दा बढ्ता काम हुन्छ । हामीले आफूलाई यस्ता मामूली कुराहरूको जालबाट अलग्ग राख्न नसकेसम्म, हामीले त्यो महान् खोजीको लागि फुर्सदै पनि पाउन सक्तैनौं, अथवा यो कुरा हाम्रो फुर्सदको समयलाई छुट्याइराख्नुपर्ने हो कि ? ४२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरको व्याख्या असंख्य छन्, किनभने असंख्य नै उहाँका प्रकट रूपहरू हुन् । तिनीहरूले मलाई आश्चर्य र भक्तिसहितको डरले तुल्बुल्याउँछन् र एकछिनको लागि स्तम्भित पार्छन् । तर म ईश्वरलाई सत्यको रूपमा मात्र पूजा गर्छु । मैले उहाँको दर्शन अहिलेसम्म पाएको छैन, तर म उहाँको खोजी गर्दैछु । यस खोजीको सिलसिलामा म आफ्नो सबैभन्दा प्यारो कुरा पनि त्याग्न तयार छु । यसरी त्याग्नुपर्ने मेरो जिन्दगी नै भए पनि म आशा गर्छु म यो त्याग्न तयार रहने छु । तर जबसम्म म यो अनन्त सत्यको दर्शन पाउन्न, तबसम्म मैले सापेक्ष–सत्यलाई आफूले बुझेको रूपमा धारण गर्नुपर्छ । ४३

आफ्नो प्रगतिमा मैले बराबर अनन्त सत्य, ईश्वरको मधुरो झझल्को पाउने गरेको छु, र ममा यो विश्वास दिनका दिन बढ्दै गैरहेको छ कि उहाँ मात्र सत्य छ र अरू सब असत्य छन् । ममा यो विश्वास कसरी बढ्यो भन्ने कुरा इच्छा गर्नेले झुबुन्; सकेमा तिनीहरूले मेरो प्रयोगको पनि भाग लिऊन् र मेरो विश्वासको पनि हिस्सा लिउन् । ममा यो कुराको पनि दृढ विश्वास बढ्दै गैरहेको छ कि मेरो लागि सम्भव भएको कुर सानो बालकको लागि पनि सम्भव छ, र मसँग यस्तो भन्नुको राम्रा कारणहरू छन् । सत्यको खोजीमा साधनहरू जत्तिको सरल छन् उत्तिकै कठिन पनि छन् । अहङ्कारी मानिसहरूको लागि तिनीहरू बिलकुलै असम्भव देखिएलान् तर निर्दोष बालकको लागि भने बिलकुलै सम्भव । सत्यको खोजी गर्ने मानिस धूलोभन्दा पनि सानो हुनुपर्छ । ४४

सत्यको पूर्ण दर्शन हामीले पाइसकेको भए, हामी खालि खोजी गर्ने मात्र हुने थिएनौं, वरु ईश्वरसंग एक भइसक्ने थियौं, किनकि सत्य नै ईश्वर हो । तर खालि खोजी गर्ने मात्र भएको हुनाले, हामी आफ्नो खोजी चलाउँदै जान्छौं, र आफूमा भएको कमजोरीप्रति जागरुक हुन्छौं । र हामी आफै नै कमजोरी युक्त भएको हुनाले, हामीले सोचेको धर्म पनि कमजोरी युक्त हुनुपर्छ । ईश्वरलाई जस्तै धर्मलाई पनि हामीले यसको सम्पूर्ण अवस्थामा देखेका छैनौं । हाम्रो समझ अनुसारको धर्म, यसरी असम्पूर्ण भएको हुनाले, सधैं विकासको क्रममा रहन्छ । मानिसहरूले रेखाङ्कन गरिदिएका सारा धर्म असम्पूर्ण भएपछि, तुलनात्मक गुणको प्रश्न उठ्ने कुरै भएन । सबै धर्ममा सत्य उद्घाटनको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा रहन्छ, तर सबै असम्पूर्ण छन्, र गल्ती गर्नसक्ने खालका छन्। श्रद्धा गर्दैमा हामीले अर्काको धर्ममा भएको कमजोरीलाई देख्न छाड्ने छौं भन्ने केही छैन । आफ्नै धर्मको कमजोरीप्रति पनि हामीले सजग रहनुपर्छ, तर त्यतिमै त्यसलाई नछोडी ती कमजोरीहरू सबैलाई निर्मूल पार्ने प्रयत्न गर्नुपर्छ । सारा धर्महरूलाई समदृष्टिले हेरेर, हामीले आफ्नो धर्ममा अरू धर्महरूको एकएक ग्रहणयोग्य कुरालाई समावेश गर्न पछि नहट्ने मात्र होइन, त्यसो गर्न आफ्नो कर्तव्य पनि सम्झनुपर्छ ।

जस्तो एउटा रूखको एउटै थम्बा तर धेरै हाँगाबिगा र पातहरू हुन्छन्, त्यस्तै शुद्ध र पूर्ण धर्म एउटै मात्र भए पनि मानिसको हातमा परेपछि धेरै भएर जान्छ । त्यो एउटै धर्म सर्ववचनातीत छ । असम्पूर्ण मानिसहरूले यसलाई आफूले जानेको भाषामा वर्णन गरिदिन्छन्, र तिनीहरू शब्दहरूको अर्थ पनि उत्तिकै असम्पूर्ण भएका मानिस-हरूले लगाउँछन्। कसको अर्थ लगाई ठीक मान्ने ? आ-आफ्नो दृष्टिमा सबै ठीक हुन्छन्, तर सबैनै बेठीक हुनु चाहीं सम्भव छैन । सहिष्णुताको आवश्यकता यहींनिर पर्छ । सहिष्णुता भन्नाले आफ्नो धर्मप्रति नै उदासीन हुनु होइन, बरु हो यसलाई नै अझ बढी बुझेर अरू विशुद्ध रूपले माया गर्नु । सहिष्णुताले आध्यात्मिक अन्तर्दृष्टि दिन्छ, जुन अन्तर्दृष्टि धर्मोत्मत्ततादेखि उत्तरी ध्रुव र दक्षिणी ध्रुवजत्तिकै फरक छ । धर्मको वास्तविक ज्ञानले एउटा धर्म र अर्को धर्मको बीचको सीमालाई तोडिदिन्छ । ४५

मलाई विश्वास छ कि हामी सबै ईश्वरका दूत हुनसक्छौं, खालि हामीले मानिसदेखि डराउन छोडी ईश्वरको सत्यता मात्र खोजी गर्नुपर्छ । मलाई पूरा विश्वास छ म खालि ईश्वरको सत्यता मात्र खोजिरहेछु, र मैले मानिसको सबै किसिमको डरलाई छोडिसकेको छु । ४६

मैले ईश्वरको इच्छाको कुनै आकाशवाणी पाएको छैन । मेरो दृढ विश्वास छ कि उहाँ हररोज हर मानिसको अगाडि प्रकट हुनुहुन्छ, तर हामी आफ्ना कामहरू 'त्यो सानो मसीनो आवाज' नसुन्ने गरी थुनिराख्छौं । हामी आफ्ना आँखाहरू आफ्नै अगाडिको 'आगोको लप्का' नदेख्ने गरी चिम्लिराख्छौं । ४७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले जानुपर्छ . . . एउटै मार्गदर्शक ईश्वरलाई लिएर । उहाँ ईर्ष्यालु मालिक हुनुहुन्छ । उहाँ कसैलाई पनि उहाँको अधिकार बांड्न चाहनुहुन्न । मानिसले यसैले उहाँको अगाडि जाँदा आफ्नो सारा कमजोरी देखाएर, खालि हातले, 'त्वं शरणं' को भाव लिएर जानुपर्छ । अनिमात्र उहाँले तपाईंलाई सारा संसारको अगाडि खडा हुन सक्ने तुल्याइदिनु हुन्छ र तपाईंलाई सबै प्रकारको खराबीबाट रक्षा गर्नुहुन्छ । ४८

म हर रोज यत्तिको दु:ख कष्ट र नैराश्य देख्छु कि मेरो मित्र मात्र ईश्वरको उपस्थिति भएको मलाई अनुभव नभएको भए म एक नम्बरको पागल भइसक्ने थिएँ र मेरो लक्ष्य हुग्ली नदी हुने थियो । ४९

विशुद्ध वैज्ञानिक अर्थमा ईश्वर असल खराब दुवैको गहिराइमा हुनुहुन्छ । उहाँ हत्याराको छुरा र डाक्टरको चक्कू बराबरै चलाउनुहुन्छ । यसै अर्थ प्रकाश र तम, ईश्वर र शैतानको प्रतीक भएर, मानवजातिको अभिप्रायको लागि, एक अर्कोबाट भिन्न र अमिल्दा छन् । ५०

तपाईं हामी यस कोठामा बसिरहेका छौं भन्ने कुरामा बरु मलाई त्यत्ति निश्चय छैन जति ईश्वरको अस्तित्वमा छ । यसैले म प्रमाण दिएर भन्न सक्छु कि हावा र पानी विना बरु म बाच्न सकुँला तर उहाँ विना सक्तिन । तपाईं मेरो आंखा झिक्न सक्नुहोला, तर त्यसले मेरो ज्यान जाँदैन । तर ईश्वरप्रतिको मेरो विश्वासलाई फोडिदिनोस् त म एकदम मरेको हुनेछु । तपाईं यसलाई अन्धविश्वास भन्नुहोला, तर म स्वीकार गर्छु यो एउटा यस्तो अन्धविश्वास हो जसलाई च्यापेको छु, जस्तो मैले बालककालमा कुनै किसिमको डर वा त्रासको कारण पर्न गएमा रामको नामलाई च्याप्ने गर्थें । एउटी बूढी धाईले मलाई सिकाएको कुरा त्यही थियो । ५१

हामीले आफूलाई केही पनि होइन भन्न नसकुन्जेल हामीले आफूभित्र रहेको खराबीलाइ जित्न सक्तैनौं । प्राप्त गर्न लायकको एउटै यथार्थ स्वतन्त्रताको लागि मूल्यको रूपमा पूर्ण समर्पणभन्दा कमको कुनै पनि कुरा ईश्वर चाहँदैन । मानिसले जब आफूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी गुमाउँछ तत्कालै तब उसले बाँचिरहेका सबैको सेवामा आफूलाई पाउँछ । उसको लागि यो आनन्द र विश्वास दुवै हुन्छ । ईश्वरको सृष्टिमा आफूलाई लगाएर कहिल्यै थकित नहुने ऊ एउटा नयाँ मान्छे हो । ५२

जिन्दगीमा यस्तो पनि समय आउँछ जब तपाईंले आफ्ना सबैभन्दा राम्रा साथीहरूलाई साथै लैजान नसक्ने भए तापनि पाइला चाल्नुपर्ने हुन्छ । तपाईंभित्रको 'त्यो सानो मधुरो आवाज'ले नै अन्तिमरूपले मध्यस्थको काम गर्नुपर्ने हुन्छ जब त्यहाँ कर्तव्यको संघर्ष हुन्छ । ५३

धर्म नभैकन म एक पला पनि बाँच्न सक्तिन । मेरा कतिपय राजनैतिक साथीहरू मदेखि निराश हुन्छन् किनकि उनीहरू भन्छन्, मेरो राजनीति पनि धर्मबाट उद्भूत भएका हुन् । तिनीहरूले ठीकै भनेका छन् । मेरो राजनीति र अरू सबै गतिविधिहरू मेरो धर्मबाट उद्भूत भएका हुन् । अझ अगाडि भन्ने हो भने मानिसको प्रत्येक गति-विधि अथवा धर्म उसको धर्मबाट उद्भूत भएको हुन्छ किनकि धर्मको माने नै ईश्वरसंग बाँधिनु हो, अर्थात् ईश्वरले तपाईंको हर सासलाई नियन्त्रण गरेको हुन्छ । ५४

मेरो लागि धर्मविनाको राजनीति फोहर मात्र हो, सधैं टाढा राख्नुपर्ने । राजनीतिको सम्बन्ध राष्ट्रहरूसंग हुन्छ र राष्ट्रहरूको कल्याणसंग सम्बन्ध भएको कुरा धार्मिक प्रवृत्ति भएको अर्थात्, ईश्वर र सत्यको खोजी गर्ने मानिसको चासोको कुरा हुनुपर्छ । मेरो लागि ईश्वर र सत्य पर्यायवाची शब्द हुन् र कसैले मलाई ईश्वर असत्यका ईश्वर हुन् वा अत्याचारका ईश्वर हुन् भनी भन्यो भने म ईश्वरको पूजा गर्न छोडिदिन्छु । राजनीतिमा पनि यसैले हामीले स्वर्गको राज्य स्थापना गर्नुपर्छ । ५५

मैले आफ्नो स्वार्थलाई सारा मानवजातिको स्वार्थसंग एक गर्न नसकेसम्म धार्मिक जीवन यापन नै गर्न सकिरहेको थिइन, र त्यो पनि मैले राजनीतिमा भाग नलिएसम्म सक्तै सकिन । मानिसका क्रियाकलापहरू आज जेजति छन् सबै एउटा अविभाज्य अङ्ग बनेका छन् । यो सामाजिक, यो आर्थिक, यो राजनीतिक, यो धार्मिक भनी तपाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै पनि क्रियाकलापलाई स्पष्ट छुटचाउन सक्नुहुन्न । मानिसको क्रियाकलापबाट भिन्न भएको कुनै पनि धर्म मलाई थाह छैन । धर्मले अरू सबै क्रियाकलापहरूलाई एउटा नैतिक आधार दिन्छ । धर्म नभएको भए यी सबै क्रियाकलापहरूले नैतिक आधार पाउँदैनथे, जसको फलस्वरूप मानव जीवन एउटा 'अर्थशून्य हो-हल्ला' को भ्रम मात्र हुन जान्थ्यो । ५६

वास्तवमा यो श्रद्धै हो जसले हामीलाई उर्लेको समुद्रमा पार लगाउँछ, पहाडलाई डगाउँछ र महासागरलाई नाघ्दछ । श्रद्धा भनेकै हामीभित्रको ईश्वरको जिउँदो जाग्दो सचेतनता हो । जसले त्यसको श्रद्धा उपलब्ध गर्छ त्यसलाई कुनै कुराको पनि खाँचो हुँदैन । शरीरले रोगी भए तापनि मनले त्यो नीरोगी हुन्छ; भौतिक रूपले गरीब भए तापनि आध्यात्मिक रूपले त्यो सम्पन्न हुन्छ । ५७

रूप धेरै छन्, तर ज्ञान दिने आत्मा एउटै छ । बाहिर देखिने विभिन्नतामा जहाँ यस्तो सर्वव्यापी मौलिक एकता छ त्यहाँ सानो ठूलोको भेदभाव नै कसरी हुनसक्तछ ? किनकि त्यो एउटा यस्तो कुरा हो जुन तपाईं दैनिक जीवनमा पाइला–पाइलामा देख्नुहुन्छ । सबै धर्मको अन्तिम लक्ष्य यही नै विशुद्ध एकत्वको साक्षात्कार गर्नु हो । ५८

मेरो जवानीको प्रारम्भिक अवस्थामा मलाई हिन्दूधर्मग्रन्थमा सहस्रनाम भनी प्रख्यात भएको ईश्वरका नामहरू पाठ गर्न सिकाइयो । तर यतिले ईश्वरको नाम पूरा हुँदैन । हामी विश्वास गर्छौं, र मलाई लाग्छ यो सत्य पनि हो, कि संसारमा जति जीवात्हरू छन् ईश्वरको नाम पनि उत्तिकै छन् । यसैले, हामी ईश्वरलाई संज्ञाहीन पनि भन्छौं, र धेरै रूप भएको हुनाले निराकार र धेरै मुखबाट बोल्ने भएको हुनाले मौनी आदि भन्ठान्छौं । र यसरी नै इस्लाम धर्मको पनि ईश्वरको नाम अनेक भएको कुरा इस्लाम धर्मको अध्ययन गरेपछि थाहा पाएँ ।

ईश्वर नै प्रेम हो' भन्नेहरूको साथमा म पनि भन्ने गर्थें, ईश्वर प्रेम हो । परन्तु भित्र अभ्यन्तरमा के भन्ने गर्थें भने ईश्वर प्रेम हुन सकेतापनि वस्तुतः ऊ सत्य हो । मानिसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोलीले ईश्वरको वर्णन पूर्ण रूपमा गर्न सक्तछ भने ईश्वर सत्य हो भन्ने कुराको निष्कर्षमा म पुगेको छु । दुईवर्ष अगाडि एक पाइला अगाडि गएर मैंले 'सत्य ईश्वर हो' भनेको थिएँ । 'ईश्वर सत्य हो' र 'सत्य ईश्वर हो' भन्ने दुई कुराको बीचमा जुन मसीनो भेद छ त्यो तपाईंले देख्नु नै भयो होला । पचास वर्ष अगाडि शुरूभएको सत्यताको निरवच्छिन्न तथा कठोर साधनापछि म त्यो निष्कर्षमा पुगेको हूँ । सत्यतामा पुग्ने सबभन्दा छोटो बाटो नै प्रेमको हो भन्ने कुरा मैंले त्यसै बखत चाल पाएँ । तर अंग्रेजी भाषामा प्रेमको माने धेरै हुन्छ र वासनाको रूपमा मानवप्रेम निर्घिनी वस्तु हुन जान्छ भन्ने कुरा पनि थाह पाएँ । साथै यो पनि थाह पाएँ कि मलाई अहिंसाको रूपमा मान्ने मान्छेहरूको संख्या संसारमा साह्रै थोरै रहेछ । सत्यताको हकमा भने दोहरो अर्थ मैंले कहिल्यै देखिन र त्यसको शक्तिको आवश्यकतामाथि नास्तिकहरूले पनि निःशङ्क मानेका छन् । तर कुरा कति भने सत्यता पत्ता लगाउने जोशमा, ईश्वरको अस्तित्वलाई पनि नमान्न उनीहरू पछि परेका छैनन्–जुन उनीहरूको दृष्टिकोणबाट ठीकै पनि छ । यही नै विचारको फल हो कि ईश्वर नै सत्य हो भन्नुभन्दा सत्य नै ईश्वर हो भन्नुपर्छ भन्ने मैले देखें । यसको अतिरिक्त, दशौं लाख मानिसहरूले ईश्वरको नाम लिएर पनि उनैको नाममा असंख्य अत्याचार गरिरहेको कुरा पनि छ । यसको मतलब यो होइन कि वैज्ञानिकहरूले सत्यताको नाममा बराबर अत्याचार गर्ने गरेका छैनन् । हिन्दू दर्शनमा अर्को पनि एउटा कुरा छ, त्यो हो–ईश्वरबाहेक अरू कुनै पनि कुरा छैन । इस्लामको कलमामा पनि त्यही सत्यलाई जोडदिएर प्रमाणित गरेको देखिन्छ । ईश्वर बाहेक अरू कुनै पनि कुराको अस्तित्व छैन भन्ने कुरा त्यहाँ स्पष्टसंग बताइएको छ । वास्तवमा सत्यलाई बुझाउने संस्कृत सब्द 'सत्' को शाब्दिक अर्थ पनि 'छ' नै हो । यी र अरू पनि धेरै कारणले गर्दा 'सत्य ईश्वर हो' भन्ने परिभाषाले मलाई सबैभन्दा बढता सन्तुष्टि दिन्छ भन्ने निष्कर्षमा आइपुगेको छु । र तपाईं सत्यलाई ईश्वरको रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने, एउटै मात्र अनिवार्य साधन हो प्रेम, अर्थात्, अहिंसा, र साधन र साध्य अन्ततः आपसमा परिवर्तनीय भएको मेरो दृढविश्वास भएको हुनाले म यो भन्न अनकनाउन्न कि ईश्वर प्रेम हो । ५९

विशुद्ध सत्यको दृष्टिले हेर्ने हो भने, शरीर पनि एउटा सम्पत्ति नै हो । भोगको इच्छाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्माको शरीर उत्पन्न हुन्छ भन्ने कुरा साँचो हो । यस्तो इच्छा नभएपछि, शरीरको कुनै आवश्यकता रहन जाँदैन, र मानिस जन्म र मृत्युको चक्रव्यूहबाट मुक्त हुन्छ । आत्मा सर्वत्र विद्यमान छ; पिंजरा जस्तो शरीरमा थुनिएर रहन वा त्यो पिंजराको लागि दुष्कर्म तथा हत्या पनि गर्न ऊ किन चाहिरहला ? यसरी हामी पूर्ण त्यागको आदर्शमा आइपुग्छौं, र शरीरलाई यसको अस्तित्व रहेसम्म सेवामा प्रयुक्त गर्न सिक्तछौं—ताकि सेवा नै, न कि खानेकुरा, हाम्रो जिन्दगीको आधार बन्न पुग्दछ । हामी खान्छौं, पिउँछौं, सुत्छौं, विउँझन्छौं–सेवाकै लागि । मनको यस्तो प्रवृत्तिबाट नै हो कि हामी समय पुगेपछि सत् चित् आनन्दको साक्षात्कार गर्छौं । ६०

सत्य…के हो ? यो कठिन प्रश्न हो; तर मैले आफ्नो लागि यसको समाधान भित्र अभ्यन्तरको आवाजले भनेको कुरा हो भनी गरेको छु । त्यसो हो भने, तपाईं भन्नु होला, विभिन्न मानिसहरू विभिन्न र विपरीत किसिमका सत्यहरूको कुरा किन गर्छन् ? ठीक हो, मानिसको मन असंख्य माध्यमबाट चल्ने हुनाले र मानिसको मनको विकास सबैमा एकनास नहुने हुनाले, एकजनाको लागि सत्य भएको कुरो अर्कोको लागि असत्य हुन सक्छ, र यसैले यी कुराको प्रयोग गर्नेहरू यस निष्कर्षमा आइपुगेका छन् कि यस्ता प्रयोगहरू गर्नको लागि पालन गर्नुपर्ने केही खास कुराहरू छन् ।… अहिलेको अवस्थामा प्रत्येक मानिसले कुनै पनि किसिमको अनुशासनको पालन नगरीकन नै स्वविवेकको अधिकारलाई दावा गर्ने गरेको हुनाले रनभुल्लमा परेको संसारलाई पनि यतिका किसिमका असत्यता दिइन लागेको हो । विनयपूर्वक म यति भन्न सक्छु कि विनयशीलताको यथेष्ट ज्ञान नभएको कसैले पनि सत्यता प्राप्त गर्न सक्तैन । सत्यताको महासागरभित्र पौडी खेल्ने हो भने मानिसले आफूलाई शून्यमा परिणत गर्न सक्नुपर्छ । ६१

सत्यता हरेक मानव हृदयमा बसेको हुन्छ, र मानिसले यसको खोजी पत्ता लगाउने काम त्यहाँ नै गर्नुपर्दछ, र आफूले यसलाई त्यहाँ जुन रूपमा देखेको छ त्यही रूपको सत्यताद्वारा बाटो देखाइएर अगाडि बढ्नुपर्दछ । त्यसो भनेर अरूलाई पनि सत्यताको आफ्नै दृष्टिकोण अनुसार चल्न बाध्य गराउने अधिकार कसैको पनि छैन । ६२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवन एउटा आकांक्षा हो । यसको उद्देश्य हो सम्पूर्णता, अर्थात्, आत्मदर्शनको, लागि प्रयत्न गर्नु । यो आदर्शलाई हाम्रो कमजोरी वा त्रुटिको कारणले घटाउनु उचित हुँदैन । ममा भएको कमजोरी र त्रुटि दुवैको मलाई नराम्रो ज्ञान छ । ती मेरा कमजोरी र त्रुटिहरू हटाउन मलाई मद्दत देऊ भन्दै नित्यरोज मूक पुकार सत्यताकहाँ पुग्दछ । ६३

मेरो लेखमा असत्यताको लागि कुनै स्थान छैन, किनभने सत्यताभन्दा अरू कुनै धर्म छैन भन्ने मेरो दृढ विश्वास छ र सत्यतालाई नोक्सान पुऱ्याएर प्राप्त गरेको कुनै पनि कुरा अस्वीकार गर्न म समर्थ छु । मेरा लेखहरू कुनै पनि व्यक्तिप्रतिको घृणाबाट मुक्त नभै सक्तैनन् कारण मेरो दृढ विश्वास छ कि यो प्रेम हो जसले पृथ्वीलाई धारण गर्दछ । जीवन त्यहाँ हुन्छ जहाँ प्रेम हुन्छ । प्रेम विनाको जीवन मृत्यु हो । प्रेम सिक्काको अघिल्लो भाग हो जसको पछिल्लो भाग सत्यता हो । यो मेरो दृढ विश्वास हो ....' कि हामी सम्पूर्ण संसारको विजय सत्य र प्रेमद्वारा गर्न सक्तछौं । ६४

मेरो भक्ति सत्यतावाहेक अरू कसैमा पनि छैन र अनुशासनको पालन सत्यतावाहेक अरू कसैको लागि मैले गर्नुपर्दैन । ६५

सबभन्दा पहिले खोजी पत्ता लगाउनुपर्ने कुरा सत्य हो, शिव र सौन्दर्य अनि आफसे आफ प्राप्त हुनेछन् । पहाडको टुप्पोमा दिएको उपदेशमा यीशुले शिक्षा दिएको वास्तविक कुरा यही नै हो । ईशामसीह, मलाई लाग्छ, एउटा महानतम कलाकार हुन् किनभने उनले सत्यताको दर्शन पाए र त्यसलाई अभिव्यक्ति दिए, यस्तै मुहम्मद पनि हुन्– कुरान सारा अरेबिक साहित्यमा सबैभन्दा सम्पूर्ण रचना हो, विद्वान्हरू यसै भन्छन् । दुवैजनाले सर्वप्रथम सत्यताकै लागि प्रयत्न गरेको हुनाले अभिव्यक्तिको माधुरी स्वाभाविक रूपले देखापऱ्यो, तर न यीशुले न मुहम्मदले नै कलाको विषयमा कलम चोपे । त्यही सत्य र सौन्दर्य हो जसको लागिं म प्रयत्न गर्छु, बाँच्छु र मर्छु । ६६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरको कुरा गर्ने हो भने बयान गर्नु गाह्रो छ; तर सत्यताको परिभाषा प्रत्येक मानव हृदयमा रहेको हुन्छ । सत्यता भनेको त्यो हो जुन तपाईं अहिलेको अवस्थामा साँचो हो भनी विश्वास गर्नुहुन्छ, र त्यही तपाईंको ईश्वर हो । यदि कोही मानिस यो सापेक्ष सत्यताको पूजा गर्छ भने, उसले कालान्तरमा विशुद्ध सत्य, अर्थात्, ईश्वर प्राप्ति गर्नु निश्चय छ । ६७

म त्यो बाटो जान्दछु । यो सोझो र सांघुरो छ । यो एउटा तरवारको धार जस्तो छ । मलाई यसमा हिंड्न मज्जा लाग्छ । चिप्लिदा म रुन्छु । ईश्वरको भनाइ छ! 'त्यो जो कोशिश गर्छ कहिल्यै नाश हुँदैन ।' मलाई त्यो वचनमा पूरा विश्वास छ । मेरो कमजोरीले गर्दा, यसैले, म हज्जार बाजी विफल भए तापनि, म विश्वासलाई कहिल्यै गुमाउने छैन बरु आशा गर्छु कि म त्यो उज्यालोलाई देख्नेछु जब शरीरलाई पूर्ण नियन्त्रणमा ल्याइएको हुनेछ, जस्तो कि कुनै न कुनै दिन हुनुपर्छ । ६८

म सत्यको साधक मात्र हूँ । म किटेर भन्नसक्छु – मैले यसको बाटो पत्ता लगाएको छु । म यसलाई प्राप्त गर्न निरवच्छिन्न मिहेनत गर्दै जानेछु । तर मैले यसलाई अझसम्म प्राप्त गरेको छैन भन्ने कुरा स्वीकार गर्छु । सत्यतालाई सम्पूर्णरूपले प्राप्त गर्नुको मतलब हो आफूलाई र आफ्नो भाग्यलाई चिन्नु, अर्थात्, सम्पूर्ण हुनु । मलाई आफ्ना कमजोरीहरूको कष्टदायक ज्ञान छ, र त्यसैमा आफ्नो भए भरको बल रहेको छ, किनकि आफ्नो सीमाहरू जान्नु नै मानिसको लागि दुर्लभको कुरा हो । ६९

म संसारमा 'व्याप्त अन्धकार'मा उज्यालोतिर जाने बाटो छाम्दैछु । म बराबर भूल गर्छु र गलत अन्दाज लगाउँछु । ... मेरो विश्वास पूर्णतः ईश्वरमा छ । ईश्वरमा विश्वास भएको हुनाले मात्र मानिसहरूमा विश्वास गर्छु । भरगर्ने कुनै ईश्वर नभएको भए, टिमन जस्तै, म पनि मेरो जातिको घृणा गर्ने हुने थिएँ । ७०

म 'सन्त भेषधारी राजनीतिज्ञ' होइन । तर सत्यता सबभन्दा उपल्लो दर्जाको बुद्धि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको हुनाले कहिलेकाहीं मेरा काम कारबाइहरू सबभन्दा उपल्लो दर्जाको राजनैतिक चातुर्यसंग मिल्ने देखिन्छन् । तर म आशा गर्छु मसंग सत्य र अहिंसाको नीतिबाहेक अरू नीति छैन । मेरो देश अथवा धर्मको मुक्तिको लागि पनि म सत्य र अहिंसाको त्याग गर्दिन । त्यसको मतलब हो कुनै पनि कुराको त्यसरी मुक्ति हुन सक्तैन । ७१

मलाई लाग्छ मैले अहिंसाको भन्दा सत्यताको आदर्श ज्यादा बुझेको छु, र मेरो अनुभवले बताउंछ कि मैले मेरो सत्यको पकडलाई छोडें भने, अहिंसाको अड्कोलाई मैले कहिल्यै सुल्झाउनसक्ने छैन । … … अर्को शब्दमा भन्ने हो भने, सोझो बाटो लाग्ने साहस, शायद, ममा छैन । दुवैको आखिर मतलब त्यही नै हो, किनकि शङ्का अटल हिसाबले श्रद्धाको अभाव वा कमजोरीको कारण हो । 'हे परमेश्वर, मलाई सम्मति देऊ' नै यसैले मेरो दिन रातको अभ्यर्थना हो । ७२

हेला र तथाकथित पराजय र प्रचण्डरूपले आन्दोलित जीवनको माझमा, सत्य भनी रूपान्तर गरिएको ईश्वरप्रति श्रद्धा भएको हुनाले नै, मैले आफ्नो मनको स्थीरता कायम राख्न सकेको छु । हामी ईश्वरलाई लाखौं प्रकारले बयान गर्न सक्तछौं, तर मैले आफ्नो लागि 'सत्य ईश्वर हो' भन्ने सूत्र लिएको छु । ७३

मैले कुनै किसिमको अचूक मार्गदर्शन वा प्रेरणा पाएको छैन भनी म किटेर भन्नसक्छु । जहाँसम्म मलाई अनुभव छ, मानिसले भूल गर्दै गर्दैन भनेर भन्नु युक्तिसंगत कुरा होइन, कारण प्रेरणा पनि त्यस्तै मानिसलाई मात्र हुन सक्छ जो विपरीत कुराहरूको कार्यबाट मुक्त हुन्छ, र विपरीत कुराहरूको जोडीहरूबाट मुक्त भएको भनी गरिएको दावा ठीक हो कि होइन भनी कुनै खास समयमा जाँची हेर्नु गाह्रो छ । यसैले कुनै हालतमा पनि भूल हुँदै हुँदैन भनी दावा गर्नुमा सँधै नै सबभन्दा ठूलो खतरा रहन्छ । यसले, त्यसो भए तापनि, हामीलाई कुनै पनि किसिमको मार्गदर्शन विना त्यसै छोड्दैन । संसारका ऋषिमुनिहरूको अनुभवको सार हामीलाई उपलब्ध छ र पछिसम्म पनि उपलब्ध रहने छ । यसको अतिरिक्त मौलिक सत्य भनेको धेरै छैनन्, एउटै मात्र छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन स्वयं सत्यता हो र जसलाई अहिंसा पनि भन्छन्। सीमावद्ध मानिसहरूले सत्य र प्रेमलाई, जुन आफै असीमित छ, कहिल्यै पनि पूर्ण रूपमा बुझ्ने छैनन्। तर हामी हाम्रो मार्गदर्शनको लागि चाहिने जति बुझ्दछौं। हामीले प्रयोग गर्दा भूल गरौंला, र कहिलेकाहीं नराम्रोसंगै गरौंला। तर मानिस एउटा आफूले आफैलाई शासन गर्ने प्राणी हो, र आफूले आफैलाई गर्ने शासनमा आवश्यक रूपले त्यस्तो शक्ति रहन्छ जसले उत्तिकै भूलहरू गर्न सक्छ जत्तिको भूलहरू भए पिच्छे तिनीहरूलाई ठीक गर्न सक्तछ। ७४

म एउटा तुच्छ मान्छे हुँला, तर सत्यले ममा बोली पाउने वेलामा म अजेय हुन्छु। ७५

मैले आफ्नो जिन्दगीमा आफूले नचाहेका कुराहरू भन्ने कसूर कहिल्यै गरेको छैन—मेरो प्रकृति सीधा हृदयमा जानु हो र कहिलेकहीं त्यसो गर्नमा केही काल चुकें भने पनि मलाई थाहा छ, सत्यले अन्ततः आफूलाई सुनिने र असर पार्ने तुल्याउने छ जस्तो अक्सर मेरो अनुभवमा गर्ने गरेको छ। ७६

म सत्यको एउटा सानो तर धेरै उत्साही साधक हुँ। र मेरो साधनमा, सबै सह-साधकहरूलाई पूरा विश्वासमा लिन्छु ताकि म आफ्ना गल्तीहरूलाई जानेर सच्याउन सकूं। म स्वीकार गर्छु–मैले आफ्ना निर्णयहरू र अन्दाजहरूमा बराबर त्रुटी गरेको छु।… र मैले फेरि पाइला चालेको प्रत्येक मामिलामा जस्तै, कुनै स्थायी खरावी भएन। उल्टो, अहिंसाको मौलिक सत्यता असीमित रूपले पहिलेभन्दा धेरै प्रकट रूपमा आएको छ, र देशलाई कुनै पनि किसिमले स्थायी रूपले खराबी हुन पाएको छैन। ७७

मैले सत्यतामा अथवा सत्यताबाट सौन्दर्यलाई देखेको र पाएको छु। सारा सत्यता, साँचा विचारहरू मात्र होइनन्, सत्यवादी मुखहरू, सत्यवादी तसवीरहरू अथवा गीतहरू पनि धेरै नै सुन्दर छन्। मानिसहरू साधारणतः सत्यमा सौन्दर्य देखन सक्तैनन्, मामूली मानिस यसमा भएको सौन्दर्यबाट भान्दछ र त्यो सौन्दर्यलाई देख्तैन। मानिसले सत्यमा भएको सौन्दर्यलाई देख्न थालेपछि साँचो कलाको जागा हुन थाल्ने छ। ७८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँचो कलाकारको लागि त्यही अनुहार मात्र राम्रो हुन्छ, जुन, बाहिरी भागको अतिरिक्त, आत्माभित्रको सत्यताले चम्केको हुन्छ। ... सत्यताभन्दा पर कुनै सौन्दर्य छैन। अर्कोतिर, बाहिरबाट हेर्दा राम्रो देखिने रूपहरूमा सत्यता प्रकट हुन सक्तछ। सुनिन्छ, सोक्रेटीज् आफ्नो जमानाका साह्रै नै सत्यवादी मानिस थिए, तर उनको आकृति भने ग्रीस देशभरिमा सबैभन्दा नराम्रो थियो। मेरो विचारमा उनी राम्रा थिए किन भने उनको सम्पूर्ण जिन्दगी नै सत्यको साधना थियो र तपाईं सम्झनुहोला– यो बाहिरी रूपले फिडियासलाई उनमा भएको सत्यताको रूपको गुण गाउन रोकेन, यद्यपि एउटा कलाकारको नाताले बाहिरी आकारहरूमा पनि सौन्दर्य देख्ने उनको बानी थियो। ७९

तर यस मर्त्य बनोटमा थुनिएर रहेसम्म पूर्ण सत्यलाई प्राप्त गर्नु सम्भव छैन। हामी यसलाई आफ्नो कल्पनामा मात्र देख्नसक्छौं। यो अचिरस्थायी शरीरको माध्यमबाट हामी चिरस्थायी भएको सत्यलाई देख्न सक्तैनौं। यसैले आखिरमा गएर मानिसले श्रद्धाको भर नपरी सुखै छैन। ८०

मसंग केही पनि अलौकिक कुरा छैन। म आफूलाई भविष्यवक्ता पनि मान्दिन। म त एउटा साधारण सत्यको उपासक हूँ र यसलाई प्राप्त गर्नमा प्रवृत्त भएको छु। ईश्वरको प्रत्यक्ष दर्शन गर्नलाई करतै पनि ठूलो त्यागलाई म त्याग मान्दिन। मेरा सारा क्रिया-कलाप, सामाजिक, राजनैतिक, मानसिक अथवा नैतिक जुनसुकै होस्, त्यही लक्ष्यतिर निर्देशित भएको छ। र मलाई थाहा छ– ईश्वर अक्सर ठूला र बलियामाभन्दा निर्धा प्राणीहरूमा रहेको हुन्छ, र यसैले म यी प्राणीहरूको तहमा पुग्न प्रयत्न गरिरहेको छु। तिनीहरूको सेवा नगरी त्यसो हुन म सक्तिन। यसैले म दलितवर्गको सेवामा प्रवृत्त भएको छु। राजनीतिमा नलागी यस्तो सेवा गर्न नसकिने भएको हुनाले मैले आफूलाई राजनीतिमा लगाएको छु। यसैले म कुनै मालिक होइन, म त भारतको र त्यसद्वारा सारा मानवजातिको एउटा संघर्षशील, भूलगर्ने, तुच्छ सेवक हूँ। ८१

सत्य र धर्मभन्दा ठूलो अरू धर्म छैन। ८२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँचो धर्म र साँचो नैतिकता नछुट्टिने किसिमले बाँधिएका छन् । धर्म र नैतिकताको सम्बन्ध माटोमा छरिएको बीउ र पानीको सम्बन्ध जस्तै छ । ८३

बुद्धिलाई नछुने र नैतिकतासंग बाझिने कुनै पनि धार्मिक सिद्धान्तलाई म मान्दिन । अनैतिक नभएमा युक्तिसंगत नभएको धार्मिक भावनालाई पनि म संहन्छु । ८४

नैतिक आधारलाई गुमाउनेबित्तिकै हामी धार्मिक हुन छोड्छौं । नैतिकतालाई नाघ्ने धर्म धर्म नै हुँदैन । उदाहरणको लागि मानिस असत्यवादी, निठुर र असन्तुष्ट हुनसक्तैन, न ईश्वरलाई आफूसंगै भएको दावा गर्न सक्तछ । ८५

हाम्रा इच्छा र इरादाहरूलाई दुई वर्गमा विभाजित गर्न सकिन्छ– स्वार्थी र नि:स्वार्थी । स्वार्थी इच्छाहरू सारा अनैतिक हुन्छन्, जब कि अरूको भलाइ गर्नको लागि आफूलाई सुधार्ने इच्छा साँच्चै नै नैतिक हुन्छ । सबभन्दा ठूलो नैतिक नियम हो मानवजातिको कल्याणको लागि अनवरत काम गर्नु । ८६

आध्यात्मिक भनिएको मेरो कुनै काम अव्यावहारिक ठहरिन गएमा यसलाई निष्फल घोषित गरिदिनु पर्छ । मलाई पूर्ण विश्वास छ कि सबैभन्दा आध्यात्मिक काम साँचो अर्थमा सबैभन्दा व्यावहारिक हुन्छ । ८७

धर्मग्रन्थहरू विवेक विचार र सत्यताभन्दा पर हुन सक्तैनन् । तिनीहरूको उद्देश्य विवेक विचारलाई शुद्ध पार्नु र सत्यतालाई उजिल्याउनु हो । ८८

संसारका सारा शास्त्रहरूबाट समर्थन पाओस् तापनि गल्तीको कुनै उद्धार हुँदैन । ८९

बारंम्बार प्रचार गर्दैमा गल्ती सत्य हुनसक्तैन, न त कसैले नदेख्दैमा सत्य गल्ती हुन जान्छ । ९०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म हा त्मा गा न्धी

पुरानो हुँदैमा सारा पुराना कुरा असल हुन्छ म भन्दिन। पुरानो परम्पराको अगाडि ईश्वरप्रदत्त शक्तिलाई समर्पण गर्नुपर्छ भन्ने पक्षमा म छैन। कुनैं पनि परम्परा, जतिसुकैं पुरातन किन नहोस्, यदि नैतिकतासंग मेल खाने नभएमा, देशैबाट निष्कासित हुन योग्य हुन्छ। अछूत प्रथालाई पुरानो परम्परा मान्न सकिन्छ, बालविधवा र बालविवाह, तथा यस्तै अनेकौं भयानक विश्वास र अन्धविश्वासी चलनलाई पनि प्राचीन परम्परा मान्न सकिन्छ। मेरो मात्र लाग्ने भए म तिनीहरू सबलाई मटियामेट गरिपठाउँथें। ९१

मूर्तिपूजामा म अविश्वास गर्दिन। मूर्तिले ममा आदरको भाव जगाउँदैन। तर मलाई लाग्छ मूर्तिपूजा पनि मानवस्वभावको एउटा भाग हो। हामी प्रतीकवादको पछि लाग्छौं। ९२

प्रार्थनामा मूर्तिहरूको प्रयोगलाई म निषेध गर्दिन। खालि म निराकारको पूजालाई ज्यादा मनपराउँछु। यो मनपराइ शायद उचित नहोला। एकजनालाई एउटा कुरा खुल्छ भने अर्कोलाई अर्कै कुरा खुल्छ, र यी दुई कुराको तुलना राम्रो रूपमा हुन सक्तैन। ९३

मलाई के लाग्न थालेको छ भने शब्दहरूको पनि मानिसहरूको जस्तै तिनीहरूको तात्पर्यमा खुड्किलैपिच्छे विकास हुन्छ। उदाहरणको लागि सबभन्दा सम्पन्न शब्द– ईश्वरको तात्पर्य हामीहरू सबैको लागि उही हुँदैन। प्रत्येकको अनुभव अनुसार त्यो फरक फरक हुन्छ। ९४

म आफ्नो जिन्दगीमा न कुनै विरोधाभास देख्छु न कुनै पागलपन नै। यो सत्य हो कि आफ्नो पीठ देख्न नसके जस्तै मानिसले आफ्नो गल्ती वा पागलपन पनि देख्न सक्तैन। तर मानिसहरूले अक्सर धर्ममा लागेको मानिसलाई पागलसंग तुलना गर्ने गरेका छन्। यसैले म विश्वास गर्छु कि म पागल नहोऊँ र साँच्चैको धर्मात्मा बनूँ। वस्तुतः यी दुईमा म के हूँ भन्ने कुरोको म मरेपछि मात्र निधो हुनसक्छ। ९५

गल्ती गरेको कुनै मानिसलाई देखें भने मैले पनि गल्ती गरेको छु भनी म आफूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्छु; कोही विषय लम्पटलाई देखें भने म पनि त्यस्तै थिएँ भनी आफूलाई भन्ने गर्छु; यस्तै किसिमले संसारमा प्रत्येक मानिससंग म सम्बन्ध स्थापित गर्छु र हामीमध्ये सबभन्दा सानो पनि सुखी नभैकन म सुखी हुन सक्तिन भन्ने म महसूस गर्छु। ९६

यदि मैले कसैलाई उसले पाउनुपर्नेभन्दा कम नै दिएँ भने मैले ईश्वर र मेरो सृष्टिकर्ताको अगाडि जवाफ दिनुपर्ने हुन्छ, तर मलाई विश्वास छ यदि मैले कसैलाई उसको लिनुपर्नेभन्दा बढी नै दिएँ भने ईश्वरले मलाई निगाह गर्नु हुनेछ। ९७

मेरो एउटा, अनवरत कामको माझमा आनन्दले परिपूर्ण जिन्दगी हो। मेरो लागि भोलि के होला भन्ने सोच्नपट्टि नलागेको हुनाले म आफूलाई पंछी जत्तिकै उन्मुक्त सम्झन्छु।.... शरीरको आवश्यकताको विरोधमा इमान्दारीपूर्वक तथा निरवच्छिन्न रूपले संघर्ष गरिरहेको छु भन्ने विचारले नै मलाई धारण गरेको छ। ९८

म जुन जातिको हुँ त्यसको कुनै पनि सदस्य देखि झर्को मान्नुपर्नेगरी त्यो जातिका त्रुटिहरूको मैले ज्यादै चाल पाएको छु। मेरो उपाय जहाँ म देख्छु त्यहाँ त्यो गल्तीलाई समाधान गर्नु हो, गल्ती गर्नेलाई हानी गर्नु होइन, जस्तो कि मैले लगातार गर्नेगरी आएको गल्ती ममाथि पनि कुनै प्रकारको हानी गराइमाग्न म चाहन्न। ९९

म आशावादी रहन्छु, यसकारणले होइन कि राम्रो कुराको फलिफाप हुनलागेको छ भन्ने कुराको म प्रमाण दिन सक्छु, तर यसकारणले कि अन्तमा राम्रो कुराको फलिफाप नभै हुँदैन भन्ने कुरामा मेरो अडिग विश्वास छ। ..... राम्रो कुराको आखिर विजय नभै छोड्दैन भन्ने हाम्रो विश्वासबाट मात्रै हाम्रो प्रेरणा प्राप्त हुन सक्तछ। १००

मानिसको सामर्थ्यको पनि हद हुन्छ, म सबै काम गर्न सक्छु भनी फुलेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छिनभरिमै ईश्वरले उसको दर्प दमन गरिदिनु हुन्छ । मेरो कुरा गर्ने हो भने, बच्चा र दूध खाने बालकहरूतिर पनि मद्दतको लागि फर्कन सक्नेसम्मको विनम्रता मसंग छ । १०१

महासागरको एक थोपामा, उसलाई थाहा नभए पनि, आमा-बाबुको महानता छ । तर महासागरसंग छुट्टिएर आफ्नो अलग्ग अस्तित्व कायम राख्नेबित्तिकै यो सुकेर जान्छ । जिन्दगीलाई पानीको फोका भन्नुमा कुनै अत्युक्ति हुँदैन । १०२

म एउटा दब्दै नदब्ने आशावादी हुँ किनभने मलाई आफूमा पूरा विश्वास छ । यसोभन्दा घमण्डी जस्तो देखिउँला, होइन त ? तर म यो कुरा आफ्नो विनम्रताको गहिराइबाट भन्दैछु । म ईश्वरको सर्वोच्च शक्तिमा विश्वास गर्छु । म सत्यमा विश्वास गर्छु, र, यसैले, यस देशको वा मानवजातिको भविष्यमा मलाई कुनै शङ्का छैन । १०३

मेरो धर्म कारागारको धर्म होइन । यसमा ईश्वरका सृष्टिका तुच्छमा पनि तुच्छको लागि पनि ठाउँ छ । तर यो धृष्टता, जातीय अभिमान, धर्म अथवा रंगभेदको ढाल हो । १०४

संसारमा एउटै धर्म होला वा हुनसक्छ भन्ने विश्वासमा म सहमत छैन । यसैले, म एउटा साझा कुरा पत्ता लगाउन र पारस्परिक सहिष्णुता बढाउन कोशिश गरिरहेको छु । १०५

मेरो धारणा छ — आध्यात्मिक सम्पूर्णता प्राप्त गर्नको लागि मन, वचन र कर्ममा पूर्ण संयमको जिन्दगी आवश्यक छ । यस्तो जिन्दगी भएका मानिसहरू नभएको राष्ट्र यसै विषयले गरीब हुन्छ । १०६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरको आँखामा सन्त र पापी बराबर हुन्छ । दुवै समान न्यायका अधिकारी हुन्छन्, र दुवैले अगाडि बढ्ने वा पछाडि हट्ने अवसर बराबरै पाउँछन् । दुवै ईश्वरका सन्तान हुन्, सृष्टि हुन् । त्यो सन्त जसले आफूलाई पापीभन्दा ठूलो ठान्छ आफ्नो सन्तपनालाई गुमाउँछ र अभिमान भएको उसले जस्तै आफूले के गरिरहेको छु भनी थाहा नपाउने पापीभन्दा पनि तल गिर्छ । १०७

हामी बराबर आध्यात्मिक ज्ञानलाई आध्यात्मिक प्राप्तिसंग मिसाउने गर्छौं । आध्यात्मिकता भनेको शास्त्रहरू जान्नु र दार्शनिक छलफलमा लाग्नु मात्र होइन । यो त हृदयको अनुशीलनमा, असीमित शक्तिमा रहन्छ । आध्यात्मिकताको पहिलो आवश्यकता निर्भीकता हो । कातरहरू कहिल्यै पनि नीतिवान् हुन सक्तैनन् । १०८

मानिसले खुसिसाथ ईश्वरका सारा सृष्टिको भलाइको इच्छा गर्नुपर्छ र त्यसो गर्ने वल प्राप्त होस् भनी प्रार्थना गर्नुपर्छ । सबैको भलाइको इच्छा गर्नुमा आफ्नै भलाइ रहन्छ; जसले आफ्नो वा आफ्नो सम्प्रदायको मात्र भलाइको कामना गर्छ ऊ स्वार्थी हुन्छ र उसको भलो कहिल्यै हुँदैन । ...... आफ्नो लागि साँच्ची नै राम्रो कुरा के हो र आफ्नो विचारमा राम्रो कुरा के हो, यो छुट्ट्याउनु मानिसको लागि अत्यावश्यक छ । १०९

ईश्वरको विशुद्ध अद्वितीयत्वमा र यसैकारण, मानवतामा म विश्वास गर्छु । हाम्रा शरीरहरू धेरै भएर के भयो ? हाम्रो आत्मा एउटै मात्र छ । सूर्यका किरणहरू परावृत्तिद्वारा अनेक हुन्छन् । तर श्रोत एउटै हुन्छ । म, यसैले, सबैभन्दा खराब आत्माबाट पनि आफूलाई अलग राख्न सक्तिन न सबभन्दा धर्मात्मासंगको एकात्मतालाई नै इन्कार गर्न सक्तछु । ११०

म मात्र अधिनायक भएको भए, धर्म र राज्य अलग अलग हुने थियो । म आफ्नो धर्मको नाम लिएर किरिया खान्छु । म यसैंको लागि मरुँला । तर यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो व्यक्तिगत कुरा हो । राज्यको योसंग केही मतलब छैन । राज्यले लौकिक कल्याण, स्वास्थ्य, सञ्चार परराष्ट्र–सम्बन्ध, मुद्रा आदिको हेरविचार गर्छ, तर तपाईं–हाम्रो धर्मको होइन । त्यो सबैको व्यक्तिगत कुरा हो । १११

म अत्युक्ति र असत्यले घेरिएको छु । कैयौं प्रयत्न गरिसके तापनि सत्यता कहाँ रहन्छ भन्ने कुरा मैले थाहा पाउन सकेको छैन । तर मलाई यस्तो लाग्छ — म ईश्वर र सत्यताको धेरै नजीक पुगिसकेको छु । यसले मेरा पुराना मित्रताहरूलाई धेरै असर पारेको छ तर मलाई यसको पर्वाह छैन । मेरो विचारमा ईश्वरको नजीक पुगेको लक्षण यो हो कि म हरेकसंग, धूमधामको बिरोधको सामना गरेर पनि, यस मिहिन विषयमा स्पष्ट र निर्भीकतापूर्वक लेख्न र वोल्न सक्छु, मैले भनेको एघार शीलको मनमा कत्ति पनि वेचैनी र अशान्ति नलिइकन, पालन गर्न सक्छु । साठी वर्षको कठोर प्रयत्नले अन्तमा मलाई सत्य र शुद्धताको त्यो आदर्शलाई वुझ्न समर्थ तुल्याइदिएको छ जुन आदर्शलाई मैले सधैं आफ्नो अगाडि राख्ने गरेको छु । ११२

हामीलाई थाहा भएको कुरा यत्तिकै हो कि मानिसले आफ्नो कर्तव्य गर्नुपर्छ र त्यसको नतीजा ईश्वरको हातमा छोड्नु पर्छ । मानिस उसको आफ्नै भाग्यको मालिक सम्झिएको छ, र यो कुरा आंशिक मात्र सत्य छ । त्यसले आफ्नो भाग्यको निर्माण त्यो हदसम्म मात्र गर्न सक्तछ जुन हदसम्म त्यो महान् शक्ति हुन सक्तछ जसले हाम्रा सारा इरादाहरू, हाम्रा सारा योजनाहरूलाई रद्द गर्छ र आफ्नै योजनाहरू कार्यान्वित गर्छ । म त्यो शक्तिलाई अल्लाह, खुदा वा ईश्वरको नाम दिन्न, म त्यसलाई सत्य भन्छु । सम्पूर्ण सत्यता त्यही महान् शक्ति अर्थात् सत्यको मुटुभित्र मात्र रहन्छ । ११३

ईश्वरको नाममा निर्दोषीहरूलाई थिचोमिचो गर्नु जत्तिको ठूलो पाप म देख्तिन । ११४

जव म एकातिर आफ्नो लघुता र सीमाहरू सोच्छु र अर्कोतिर आफ्नोबारे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उठाइएका अन्दाजहरूको बारे सोच्छु, म एकछिनको निमित्त तिरमिराउँछु, तर यी अन्दाजहरू, जेकील र हाइडको अनौठो मिश्रण भएको, मप्रतिको नभै, मभित्र जतिसुकै असम्पूर्ण तर तुलनात्मक दृष्टिले महान् भए पनि, सत्य र अहिंसाको मूर्तिप्रतिको कोसेली हो । ११५

दुइटा मात्र कुराहरू, अर्थात् सत्य र अहिंसाबाहेक देशको लागि मैले नत्याग्ने संसारमा केही कुरा छैन । कुनै पनि हालतमा यी दुई कुराहरूको त्याग म गर्दिन । किनकि मेरो विचारमा सत्य नै ईश्वर हो र अहिंसाको बाटोबाहेक सत्यतामा पुग्ने अरू कुनै बाटो छैन । सत्य अथवा ईश्वरको परित्याग गरेर म ईश्वरको सेवा गर्न चाहन्न । किनकि मलाई थाहा छ — जसले सत्यलाई छोड्छ त्यसले आफ्नो देश र आफ्ना नजीकका आफन्तहरूलाई पनि छोड्न सक्छ । ११६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ३

साधन र साध्य

साधन र साध्य मेरो जीवन दर्शनमा दुईं परिवर्तनीय शब्द हुन् । १

मानिस भन्छन्, "साधन भनेको साधन नै हो ।" म भन्छु, "साधन नै सबथोक हो ।" जस्तो साधन हो उस्तै साध्य हो । साधन र साध्यकै बीचमा दुई थरिलाई छुटचाउने कुनै पर्खाल छैन । निःसन्देह ईश्वरले हामीलाई साधनमाथि साध्यमाथि होइन नियन्त्रण (त्यो पनि धेरै सीमित मात्रामा) गर्नुभएको छ । लक्ष्यको प्राप्ति साधनको प्राप्तिको ठीक अनुपातमा हुन्छ । यो यस्तो कुरा हो जसमा कुनै किसिमको अपवाद हुनै सक्तैन । २

सत्य र अहिंसा यसरी गाँसिएका छन् कि यी दुईलाई छुटचाउनु सम्भव छैन । तिनीहरू एउटा सिक्काका दुई छेउ जस्ता छन्, अझ चिप्लो छाप नलागेको ढलौटे रिकापीका दुई छेउ जस्ता । कसले भन्नसक्छ, कुनचाहीं उल्टो, कुनचाहीं सुल्टो ? जे भए तापनि, अहिंसा साधन हो; सत्य साध्य । साधन साधन हुनको लागि सधैं हाम्रो पहुँचको भित्र हुनुपर्छ, र यसैले अहिंसा हाम्रो सर्वोच्च कर्तव्य हो । हामीले साधनको राम्रो विचार गर्‍यौं भने, ढिलो चांडो हामी साध्यमा पुगिहाल्छौं । हामीले यो कुरालाई बुझ्नु मात्र पर्छ, अन्तिम विजय निःशङ्क हुन्छ । जतिसुकै कठिनाइ भए पनि, प्रकटरूपले जतिसुकै पराजय भोग्नु परे पनि, हामीले सत्यको खोजीलाई छोड्नु हुँदैन—जुन सत्य ईश्वर स्वयं भएकोले, एक मात्र अस्तित्वमा भएको कुरा हो । ३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सफलता प्राप्त गर्ने छोटो हिंसात्मक बाटोमा म विश्वास गर्दिन ।...असल उद्देश्यलाई जतिसुकै सहानुभूति गर्ने तथा प्रशंसा गर्ने भए तापनि, असलमा असल लक्ष्य प्राप्ति गर्नको लागि पनि हिंसात्मक तरीकाहरू अप्नाउने कुरामा म कट्टर विरोधी छु । हिंसावादी र ममा, यसैले, वस्तुतः मेल हुनसक्ने कुनै ठाउँ छैन। तर अहिंसाको मेरो मतले मलाई अराजकतावादीहरू र हिंसामा विश्वासगर्ने सबैसंग सम्बन्ध राख्न नरोक्ने मात्र होइन बाध्य पनि गराउँछ । तर त्यो सम्बन्ध सधैं मैले हेर्दा गल्ती जस्तो देखिएका कुराहरूबाट तिनीहरूलाई छुटाउन मुख्य उद्देश्यले राखेको हुन्छु । किनकि अनुभवले मलाई बताएको छ–स्थायी असल भनेको कुरा कहिल्यै पनि असत्य र हिंसाबाट हुनसक्तैन । मेरो विश्वासैं पनि एउटा मज्जालाग्दो भ्रम रहेछ भने, यो मनमोहक भ्रम रहेछ भनी म मान्नेछु । ४

साधन र साध्यमा केही फरक छैन भन्ने तिम्रो विश्वास ठूलो गल्ती हो । त्यही गल्तीले गर्दा धर्मात्मा सम्झिएका मानिसहरूले पनि जघन्य अपराध गरेका छन् । तिम्रो तर्क त एउटा हानीकारक झारपात रोपेर गुलाफको फूल पाउन सकिन्छ भन्नु जस्तै हो । मलाई कुनै महासागरको पार तर्नुछ भने, जहाजद्वारा मात्र तर्न सक्छु; होइन र मैले एउटा गाडामा बसेर त्यसो गर्न खोजें भने गाडा र म दुबै नै उत्लिखेरं, पींधमा गोतामार्न पुग्नेछौं । 'यथा ईश्वर तथा उपासक' एउटा विचारणीय नीति–वाक्य हो । यसको अर्थलाई बंग्याइएको छ र मानिसहरू पथभ्रष्ट भएका छन् साधनलाई बिउसँग र साध्यलाई रूखसंग तुलना गर्न सकिन्छ, रूख र बिउमा भए जस्तै साधन र साध्यमा पनि त्यही नै अलङ्घ्य सम्बन्ध छ। पिशाचको अगाडि लम्पसार परेर ईश्वरको पूजाबाट हुने नतीजा प्राप्त गर्न म सक्तिन । यसैले, यदि कसैले 'म ईश्वरको पूजा गर्न चाहन्छु; पिशाचको माध्यमबाटै किन गर्न नपरोस्, मलाई पूजा गर्न पाए पुग्यो' भनी भन्यो भने, निर्बोध मूर्खता सिवाय केही मानिने छैन । हामी जस्तो बिउ छर्छौं उस्तै बाली काट्तछौं । ५

समाजवाद एउटा राम्रो शब्द हो। जहाँसम्म मलाई थाहा छ, समाजवादमा समाजका सबै सदस्यहरू बराबर हुन्छन्— सानो, ठूलो कोही हुँदैन। व्यक्तिको शरीरमा टुप्पो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैमा टाउको अग्लो हुँदैन, न पृथ्वीलाई छुँदैमा पाइलाका तलुवाहरू होचा हुन्छन् । जसरी व्यक्तिको शरीरका सारा अंग बराबर हुन्छन् त्यस्तै समाजरूपी शरीरका अंगहरू पनि बराबर हुन्छन् । यही नै समाजवाद हो ।

यसमा राजा–रङ्क, धनी-गरीब मालिक-नोकर सारा एउटै समतलमा हुन्छन् । धर्मको हिसाबले, समाजवादमा कुनै द्वयात्मकता हुँदैन । सबै एक हुन्छ । संसारभरिको समाज हेर्दा द्वयात्मकता अथवा अनेकतावाहेक केही पाइंदैन । एकत्व नहुनाले नै प्रत्यक्ष हुन्छ । … मेरो विचारको एकत्वमा शुद्ध एकत्व अभिप्रायको अनेकत्वमा हुन्छ ।

यस अवस्थामा पुग्नको लागि हामीले हरेक कुरामा दार्शनिक तवरले हेर्नु र सबै समाज-वादमा परिणत नभएसम्म एक पाइला चाल्नु हुन्न भन्नु हुँदैन । हाम्रो जिन्दगीमा कुनै किसिमको परिवर्तन नल्याइकन नै हामीहरू भाषण दिंदै, पार्टी बनाउँदै तथा बाजले शिकारलाई जस्तै मौका छोप्तै जान सक्छौं । समाजवाद यो होइन । जतिजति हामी यसलाई पक्रनुपर्ने शिकार सम्झन्छौं, उति टाढा हामी यसबाट हट्तछौं ।

समाजवादको शुरूआत सबभन्दा पहिले मोडिएकोबाट हुन्छ । यदि यस्तो एक हो भने त्यो एकमा शून्यहरू थप्नसक्नु हुन्छ र पहिलो शून्यले दश बनाउँछ त अरू प्रत्येक शून्यले अगिल्लो अङ्कलाई दश दुगुना बढाइदिन्छ । तर शुरू गर्ने शून्य रहेछ भने, अर्थात्, कसैले पनि शुरू गरेको रहेन छ भने, शून्यको गुणनले पनि शून्यकै मोल निकाल्छ । शून्यहरू लेख्नमा लागेको समय र कागज खालि खेरै मात्र गएको हुनेछ ।

यो समाजवाद स्फटिक जस्तै शुद्ध छ । यसैले यसलाई प्राप्त गर्न स्फटिक जस्तै सफा साधन चाहिन्छ । अशुद्ध साधनबाट अशुद्धै साध्य निस्कन्छ । यसैले राजकुमारको टाउको काट्दैमा राजकुमार र किसान बराबर हुन सक्तैन, न काट्ने प्रक्रियाले मालिक र नोकरलाई बराबर गरिदिन सक्छ । असत्यद्वारा सत्यमा पुग्न सकिंदैन । सदाचारद्वारा मात्र सत्यमा पुग्न सकिन्छ । सत्य र अहिंसा जुम्ल्याहा होइनन् र ? यस प्रश्नको जोडदार उत्तर हो––'होइन'। सत्यमा अहिंसा र अहिंसामा सत्य रहेको हुन्छ । यसैले तिनीहरूलाई एउटै सिक्काका दुई छेउ भनेका हुन् । तिनीहरू एक अर्काबाट भिन्न हुनै सक्तैनन् । सिक्काको दुई छेउ पढ्नुहोस्–– शब्दहरू विभिन्न होलान्; मूल्य चाहीं एउटै हुन्छ । पूर्ण शुद्धता नभैकन यो सुखद अवस्था प्राप्त गर्न सकिंदैन । मन र शरीरमा अशुद्धि नराख्नुहोस्, तपाईं आफूभित्र सत्य र अहिंसा पाउनु हुनेछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैले, भारत र संसारमा समाजवादी समाज स्थापना गर्न सत्यवादी, अहिंसक र विशुद्ध हृदय भएका समाजवादीहरू मात्र समर्थ हुनेछन्। ६

आत्मशुद्धिको आध्यात्मिक अस्त्र, अस्पृश्य देखिए पनि, आफ्नो वरिपरिको वातावरणमा क्रान्ति ल्याउन र वाह्य बन्धनहरू खुकुलो पार्नमा सबैभन्दा शक्तिमान् साधन हो। यसले नदेखिनेगरी सूक्ष्म तरीकाले काम गर्छ; अक्सर लामो र श्रम-साध्न देखिए पनि यो एउटा प्रबल प्रक्रिया हो, मुक्तिको सबैभन्दा सोझो, पक्का र छिटो बाटो हो र कुनै पनि अरू प्रयत्न यसको तुलनामा आउन सक्तैन। यसको लागि चाहिने मुख्य कुरा हो श्रद्धा—अचल पहाड जत्तिको श्रद्धा जो कुनै कुरावाट पनि विचलित हुन सक्तैन। ७

म आफ्नो देशवासीको दुःख पीडा निरोध गर्नुमा भन्दा मानवप्रकृतिको पाशविकरणको निरोध गर्नुमा ज्यादा लागेको छु। मलाई थाहा छ—स्वेच्छाले दुःख-कष्ट झेल्ने मानिसहरूले आफूलाई र सारा मानवजातिलाई उठाउँछन्; तर मलाई यो पनि थाहा छ—आफ्ना विरोधीहरूउपर विजय प्राप्त गर्न अथवा निर्धा राष्ट्र अथवा निर्धा मानिसहरूको शोषण गर्न उत्पन्न भै क्रूर भएका मानिसहरूले आफूलाई मात्र होइन मानवजातिलाई नै आफूले खनेको खाल्टोमा घिसारेर लैजान्छन्। मानव स्वभाव पतनतिर धकेलिएको हेर्नु मलाईं मात्र होइन, कसैलाई पनि मनपर्दैन। हामीहरू सबै उही ईश्वरका सन्तान हौं भने र उही दैवी तत्त्वको हिस्सेदार हौं भने, प्रत्येक मानिसको—चाहे हाम्रो जातिको होस् वा अर्काको—पापको भागी हामीले हुनुपर्छ। कुनै पनि मानिसमा पशुको आह्वान गर्नु कत्तिको अरुचिकर कुरा हुन्छ, मेरा असंख्य मित्रहरू भएको अंग्रेज जातिमा झन् कति विरक्तलाग्दो कुरा हुन्छ तपाईं बुझ्नसक्नु हुन्छ। ८

सत्याग्रहको बाटो सबैभन्दा सफा र निर्विघ्न बाटो हो, किनभने उद्देश्य सत्य नभएमा, दुःख भोग्नेहरू सत्याग्रहीहरू मात्र हुनेछन्, अरू हुने छैनन्। ९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ४

अहिंसा

अहिंसा मानिसको हातमा भएको सबैभन्दा ठूलो शक्ति हो। यो शक्ति मानिसको बुद्धिले निकालेको सबैभन्दा शक्तिमान् विनाशकारी अस्त्रभन्दा पनि शक्तिमान् छ। विनाश मानवजातिको नियम होइन। मानिस, आवश्यकता परेमा, आफ्नो बन्धुको हातबाट मर्न पनि तयार रहेर मुक्त भएर बाँच्तछ, अरूलाई मारेर होइन। कुनै पनि कारणले होस्, कसैको ज्यान लिनु अथवा कसैमाथि चोटपटक लगाउनु मानवता विरुद्ध गरिएको अपराध हुन्छ। १

अहिंसाको पहिलो शर्त जिन्दगीको प्रत्येक क्षेत्रमा न्याय हो। शायद यसो भन्नु मानव स्वभावबाट धेरै आशा गर्नु होला। तर मलाई त्यसो लाग्दैन। मानव स्वभावको शक्तिबारे कसैले पनि उत्थान वा पतनको लागि हठ गर्नु उचित छैन। २

हिंसाको तालीममा जसरी मानिसले मार्ने कला सिक्नु पर्छ, त्यस्तै अहिंसाको तालीममा उसले मर्ने कला जान्नु पर्छ। हिंसाको माने भयबाट मुक्ति होइन, बरु भयजन्य कारणको सामना गर्ने साधनको पत्ता लगाउनु हो। अहिंसामा, उतातिर भयको कुनै कारण हुँदैन। अहिंसाका उपासकले भयबाट मुक्त हुनको लागि उच्चतम दर्जाको त्याग गर्ने शक्तिको विकास गर्नुपर्छ। आफ्नो जग्गा, सम्पत्ति र ज्यानै गुमाउनुपर्ने भए पनि ऊ विचलित हुँदैन। जसले यस प्रकारको भयउपर विजय प्राप्त गरेको हुँदैन उसले पूर्णमात्रामा अहिंसाको साधना गर्न सक्तैन। अहिंसाको उपासकलाई एउटै कुराको भय हुन्छ, त्यो हो ईश्वरको।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरको शरण खोज्ने मानिसले शरीरभन्दा परको आत्माको दर्शन पाउनुपर्छ; अविनाशी आत्माको दर्शन पाउनेबित्तिकै मानिसले नाशवान् शरीरको मायालाई छोड्दछ। अहिंसाको तालीम यसैले हिंसाको तालीमको ठीक विपरीत हुन्छ बाहिरी कुराहरूको रक्षाको लागि हिंसाको जरुरत हुन्छ, तर आत्माको रक्षाको लागि, आत्म सम्मानको रक्षाको लागि अहिंसाको आवश्यक हुन्छ । ३

हामीलाई प्रेम गर्नेलाई मात्र प्रेम गर्नु अहिंसा होइन। हामीलाई घृणा गर्नेलाई प्रेम गर्नु नै अहिंसा हो। प्रेमको यो पवित्र नियमको अनुसरण गर्नु कत्तिको कठिन छ भन्ने कुरा मलाई थाह छ। तर के सबै महान् र असल कुराहरू गर्न कठिन छैनन् ? घृणा गर्नेलाई प्रेम गर्नु सबैभन्दा कठिन कुरा हो। तर हामीले चाहनु मात्र पर्छ ईश्वरका कृपाले यो सबभन्दा कठिन कुरा पनि गर्न सजिलो हुन्छ। ४

विनाशको बीचमा पनि जीवन चलिरहन्छ भन्ने कुरा मैले देखेको छु र यसैले विनाश-भन्दा माथिल्लो कुनै नियम हुनुपर्छ। त्यही नियम अन्तर्गत मात्र सुव्यवस्थित समाज स्पष्ट हुने र जिन्दगी बाँच्न लायक हुन्छ। जीवनको नियम त्यो हो भने हामीले यसको अनुशीलन दिनदिनै गर्नुपर्छ। झैझडा भयो भने, कुनै विरोधीसंग सामना गर्नुपर्ने अवस्था आयो भने, उसलाई प्रेमले जित । यही तरीकाले मैले यस नियमलाई व्यवहारमा ल्याएको छु। यसको मतलब यो होइन कि मेरो कठिनाइहरू सबैको समाधान भएको छ। मैले खालि के पाएको छु भने विनाशको नियमले कहिल्यै नदिएको जस्तो जवाफ यस प्रेमको नियमले दिएको छ ।

दृष्टान्तको लागि, म रिसाउनै जान्दिन भनेको होइन, तर कुरा के हो भने म आफ्ना उद्वेगहरूलाई प्रायः सबै अवस्थामा नियन्त्रणमा राख्न सफल हुन्छु । परिणाम जेसुकै होस्, अहिंसाको नियमलाई जानी–जानी अटूट रूपले अनुसरण गर्ने सचेत संघर्ष मभित्र सधैं चलिरहेको हुन्छ । यस्तो संघर्षले मानिसलाई अरू बढी बलियो बनाई छोड्छ । यस नियममा जति म काम गर्छु, जिन्दगीमा उति आनन्द, विश्वको व्यवस्थामा उति मज्जा अनुभव गर्छु । यसबाट म शान्ति र प्रकृतिका रहस्यहरूको अर्थ पाउँछु जसको बयान गर्ने शक्ति मसंग छैन । ५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रहरू पनि व्यक्तिहरू जस्तै कुसको वेदनाद्वारा मात्र बन्न सक्छन्, अरू किसिमले सक्तैनन् भन्ने कुरा मैले देखें । आनन्द भनेको अरूलाई भएको दुःखको पीडाबाट होइन कि स्वेच्छापूर्वक आफैंले भोगेको दुःखबाट निसृत हुन्छ । ६

इतिहास लेखिन थालेको समयदेखि हाम्रै समयसम्म हामीले नियालेर हेर्‍यौं भने, मानिसले अहिंसामा लगातार प्रगति गर्दै आइरहेको देख्ने छौं । हाम्रा प्राचीन पुर्खाहरू मान्छेको मासु खान्थे । त्यसपछि त्यो काल आयो जब तिनीहरूलाई मान्छेको मासुदेखि वाक्क लाग्यो र आखेट गरेर जीविका चलाउन लागे । अनि यस्तो अवस्था आयो जब मानिसलाई घुमन्ते शिकारीको जीवन बिताउनमा लाज लाग्यो । यसैले ऊ कृषिकर्ममा लाग्यो र खानाको लागि पृथ्वीमातामा भर पर्न थाल्यो । यसरी बञ्जाराको जीवन छोडेर उसले सभ्य स्थायी जीवन कायम गर्‍यो, शहर र गाउँहरू बसाल्यो, र परिवारको एउटा सदस्यबाट समाजको र राष्ट्रको सदस्य हुन आइपुग्यो । यी सबै प्रगतिशील अहिंसा र अगतिशील हिंसाका लक्षण हुन् । यसो नभएको भए, अहिलेसम्ममा मानिस भन्ने प्राणी सखापै भैसकेको हुने थियो, जस्तो तल्लो तहका धेरै प्राणीहरू भैसकेका छन् ।

धर्मगुरुहरू तथा अवतारहरूले पनि धेरै थोरै अहिंसाको शिक्षा दिएर गएका छन् । तिनीहरूमध्ये कसैले पनि हिंसाको शिक्षा दिएको दावा गरेका छैनन् । अन्यथा पनि कसरी होला ! हिंसा सिकाउनुपर्ने कुरा होइन । प्राणीको रूपमा मानिस हिंस्रक छ, तर आत्माको रूपमा अहिंसक । अन्तररात्माको ज्ञान पाएको घडीमा ऊ हिंसक रहन सक्तैन । या त ऊ अहिंसातिर बढ्दछ नभए अन्धःपतनतिर लम्कन्छ । यही कारण हो कि धर्मगुरु र अवतारहरूले सत्य, मेलमिलाप, भ्रातृत्व, न्याय, आदि—सबै अहिंसाका गुणहरूको शिक्षा दिएका हुन् ७

म मान्छु कि अहिले पनि, सामाजिक बनोट अहिंसाको सचेत स्वीकृतिमा आधारित भएको नभए तापनि, संसारभरि मानवजाति बाँचेकै छ र मानिसहरूले आपस–आपसको दुःखकष्टमा धनसम्पत्ति जोडेकै छन् । तिनीहरूले त्यसो नगरेको भए पनि धेरै नै थोरै र साह्रै नै भयङ्कर जीवहरू मात्र बाँकी रहन्थे । तर यसो भएको छैन । परिवारहरू प्रेमको बन्धनले बाँधिएका छन्,र तथाकथित सभ्य समाजमा राष्ट्र कहलिएका समूह-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू पनि यसरी नै बाँधिएका छन् । खालि के भने उनीहरू अहिंसाको नियमको श्रेष्ठतालाई मान्दैनन् । यसैले यसबाट के बुझिन्छ भने तिनीहरूले यसको विशाल सम्भावनाको अनुसन्धान गरेका छैनन् । अहिलेसम्म, हामीले, भनूँ, हाम्रो आफ्नै आलस्यले पूर्ण अहिंसा नामक संपत्ति परित्याग तथा यस्तै प्रकार संयमको प्रण गर्ने थोरैको लागि मात्र संभव भएको कुरा हो भनी मानी आएका छौं । उपासकहरू मात्र अनुसन्धानको काम गर्न सक्छन् र मानिसमाथि लागू भैरहेको महान् सनातन नियमको नयाँ–नयाँ सम्भावनाहरूको घोषणा गर्न सक्छन् भन्ने कुरा सत्य हो, तर यदि नियमै हो भने यो सबैमा एकैनासले लागू हुनुपर्छ । जति विफलताहरू हामीले देखेका छौं ती नियमका होइनन्, बरु ती अनुसरण गर्नेहरूका हुन् जसलाई चाहे पनि नचाहे पनि त्यो नियम अन्तर्गत परेका छौं भन्ने कुरा थाहा हुँदैन । जब एउटी आमा आफ्नो बालकको लागि मर्छे तिनीले नजानिकन त्यो नियमको पालन गरेकी हुन्छे । विगत पचास वर्षदेखि मैले त्यो नियमलाई जानिकन स्वीकार गर्न र असफल नै हुने भए पनि उत्तिकै उत्साह लगाएर अनुशीलन गर्न अर्जी गर्दै आइरहेको छु । पचास वर्षको कामले गजबको परिणाम देखाएर मेरो विश्वासलाई शुद्ध बनाइदिएको छ । म ठोकेर भन्न सक्छु कि निरन्तरको अभ्यासले हामी त्यो स्थितिमा आइपुग्ने छौं जब कानूनी आधिपत्यले सार्वभौम तथा स्वेच्छाधीन सम्मान प्राप्त गर्न सक्नेछ । यस्तो आधिपत्य कलंकरहित हुन्छ भन्ने कुरामा केही शङ्का छैन । अहिले हाम्रो चारैतिर भइरहेको असमानताको घिनलाग्दो प्रदर्शन पनि हुनेछैन । न त अन्याय र गैर कानूनी आधिपत्यको समस्याले अहिंसाको उपासकलाई भयभीत तुल्याउनु पनि जरुरी छ । उसको हातमा सत्याग्रह र असहयोगरूपी अहिंसाको अस्त्र छ जसले यथेष्ट मात्रामा इमान्दारीपूर्वक प्रयोग गरिएको वेलामा पूरापूर हिंसाको जत्तिकै काम दिएको छ । अहिंसाको पूर्ण विज्ञान प्रस्तुत गर्ने दावा मैले कहिल्यै गरेको छैन । यस्तो प्रक्रियामा यो आउँदैन पनि । जहाँसम्म मलाई थाहा छ, कुनै पनि भौतिक विज्ञान आउँदैन, गणित जस्तो अति यथार्थ विज्ञान पनि आउँदैन । म त एउटा साधक मात्र हूँ । ८

सत्याग्रहको प्रयोग गर्दा, शुरूशुरूमा मैले के पत्तो पाएको थिएँ भने सत्यको खोजीमा विरोधीउपर हिंसात्मक कार्य गर्नाले केही बन्दैन, बरु धैर्य र सहानुभूतिद्वारा उसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गल्तीलाई झार्नुपर्छ । किनकि एकजनाको दृष्टिमा सत्य देखिएको कुरो अर्कोको दृष्टिमा गल्ती हुन सक्तछ । र धैर्यको माने दुःख सहनु हो । त्यसैले त्यो सिद्धान्तको माने विरोधीलाई होइन कि आफैंलाई कष्ट दिएर, सत्यको संस्थापन गर्नु हो । ९

यस आश्चर्यहरूको जमानामा नयाँ हुँदैमा कुनै कुरा अथवा बिचार बेकम्मा हुन्छ भनेर कसैले भन्दैन । गाह्रो भएकोले असम्भव छ भन्नु पनि यो युगको भावना सुहाउँदो होइन । सपनैमा नचिताएका कुराहरू दिन्हौं देखिंदैछन्, असम्भव सम्भव हुँदैछ । हिंसाको क्षेत्रमा गजबका आविष्कारहरू भएको देखेर आजकाल हामीहरू निरन्तर चकित हुँदैछौं । तर मलाई विश्वास छ– यीभन्दा अझ नचिताएका र यसै हेर्दा असम्भव देखिने कुराहरूको आविष्कार अहिंसाको क्षेत्रमा हुनेछ । १०

मानिस र उसको कार्य दुइ भिन्न कुरा हुन् । कुनै व्यवस्थाको विरोध र आक्रमण गर्नु विलकुल उचित हो , तर त्यसको निर्माताको विरोध गर्नु र उसलाई आक्रमण गर्नु आफैंउपर विरोध गर्नु र आक्रमण गर्नु बराबर हुन्छ । किनकि हाम्रो सृष्टि उही हातबाट भएको हो, र हामी उही एउटै सृष्टिकर्ताका सन्तान हौं, र यसैले हामी भित्रको दैवी शक्तिहरू असीमित छन् । एकमात्र मनुष्यको अपमान गर्नु पनि ती दैवी शक्तिहरूको अपमान गर्नु हो, र यसरी यसबाट त्यसको मात्र क्षति हुने होइन कि उसको साथसाथै सम्पूर्ण संसारकै क्षति हुन्छ । ११

अहिंसा एउटा सर्वदेशीय सिद्धान्त हो र यसको प्रयोग कुनै बिरोधी वातावरणमा मात्र सीमित हुँदैन । निःसन्देह, यसको प्रभावकारिताको परीक्षा विरोध हुँदा हुँदै विरोधको माझमा मात्र हुन सक्छ । सफलताको लागि अधिकारीहरूको शुभेच्छामा मात्र भर पर्ने गरियो भने, हाम्रो अहिंसा पनि एउटा खोक्रो, काम नलाग्ने कुरो हुन जानेछ । १२

यो शक्तिको सफलता पूर्ण प्रयोगको एउटै शर्त शरीरबाट भिन्न आत्माको र यस आत्माको स्थायी स्वभावको अस्तित्व छ भनी मान्नु हो । र यस मान्यतालाई खालि बौद्धिक पकडमात्र भएर पुग्दैन, सजीव श्रद्धा पनि चाहिन्छ । १३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजनीति र सामाजिक कामकाजहरूमा सत्य र अहिंसालाई ठाउँ छैन भनी केही साथीहरूले मलाई भनेका छन् । म त्यो कुरा मान्दिन । म तिनीहरूको प्रयोग व्यक्तिगत मुक्तिको लागि गर्ने होइन । दैनिक जीवनमा तिनीहरूको प्रवेश र व्यवहार मेरो अहिलेसम्मको प्रयोग भएको छ। १४

कोही पनि सक्रिय रूपले अहिंसक हुन र जहाँसुकै भएको भएपनि सामाजिक अन्यायको विरुद्ध उठ्न सकेको छैन । १५

निस्क्रिय प्रतिरोध आफैंले दुःख भोगेर अधिकार प्राप्त गर्ने एउटा तरीका हो, हतियार उठाएर विरोध गर्नुको विपरीत हो । मेरो विवेकले नदेखेको कुरा गर्न इन्कार गर्नु पर्‍यो भने, म आत्मशक्ति लगाउँछु । दृष्टान्तको लागि, अहिलेको सरकारले एउटा ऐन स्वीकृत गरेको छ, जुन ममाथि लागू हुन्छ । मलाई यो मन पर्दैन । हिंसात्मक उपाय गरेर मैले सरकारलाई यो ऐन रद्द गर्न बाध्य गराएँ भने, मैले मूढेबल खालको बल लगाइरहेको हुनेछु । कानूनलाई नमानी सजायँ भोग्न स्वीकार गरें भने आत्मबल प्रयोग गर्न लागेको हुनेछु । यसमा आत्म-त्यागको कुरा आउँछ ।

सबैले मानेकै कुरा हो कि आत्म-त्याग भनेको अरू त्यागभन्दा असंख्य ठूलो हुन्छ। यसको अतिरिक्त, यस्तो किसिमको बल अनुचित नभएको उद्देश्यमा प्रयोग गर्‍यो भने, त्यो प्रयोग गर्ने मानिसले मात्र दुःख पाउँछ । आफ्नो गल्तीको लागि उसले अरूलाई दुःख पाउन दिँदैन । आजभन्दा अगि मानिसहरूले धेरै यस्ता कामहरू गरेका छन्, जो पछि गएर गलत साबित हुन पुगेका छन् । कुनै पनि मानिसले आफूलाई लाग्यो भन्दैमा आफूले गरेको कुरा ठीकै हो अथवा कुनै खास कुरा गलत नै हो भनेर ठोकेर भन्न सक्तैन, तर त्यो स्वेच्छापूर्ण विचार भएसम्म उसको लागि गलत नै हुन्छ । युक्तियुक्त कुरा यसैले के हो भने आफूलाई गलत लागेको कुरा गर्नुहुँदैन, र जस्तो सुकै भए पनि यसको परिणामको भागी हुनुहुँदैन । आत्मबलको प्रयोगको साँचो यही नै हो । १६

अहिंसाको पुजारी,(हुनसम्म बढी मानिसको हुनसम्म फाइदा भन्ने) उपयोगितावादी सूत्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र सक्तैन । ऊ सबैको हुनसम्म बढी फाइदाको लागि प्रयत्न गर्छ र त्यही आदर्श सिद्धिको प्रयत्नमा ज्यान पनि दिन्छ । ऊ, यसैले, मर्नको लागि तयार रहन्छ, ताकि अरूले बाँच्न पाओस् । ऊ आफै मरिदिएर, अरूसंग आफूलाई अर्पण गर्छ । सबैको सबैभन्दा ठूलो भलाइमा सबैभन्दा ठूलो संख्याको भलाइ हुने नै भयो, र, यसैले, ऊ र उपयोगितावादी उनीहरूको चरित्रमा धेरै कुरामा मिल्छन् तर तिनीहरूले छुट्टिएर विपरीत दिशाहरूमा पनि काम गर्नुपर्ने समय आउँछ । उपयोगितावादीले तर्कपूर्ण हुने हो भने आत्म–त्याग कहिल्यै गर्ने छैनन् । स्वेच्छाचारीले आत्म–त्याग पनि गर्नेछ । १७

तपाईं भन्नु होला — हिंसात्मक नभएको आन्दोलन हुनै सक्तैन र यस्तो कुनै कुरा इतिहासमा थाहा भएको पनि छैन । अँ त, एउटा उदाहरण प्रस्तुत गर्ने मेरो आकांक्षा हो, र हाम्रो देशले अहिंसाको माध्यमद्वारा स्वतन्त्रता प्राप्त गरोस् भन्ने मेरो सपना हो । र, संसारलाई दोहऱ्याई तेहऱ्याई भन्न चाहन्छु, कि म आफ्नो देशको स्वतन्त्रता अहिंसा दिएर खरीद गर्न चाहन्न । अहिंसासंगको मेरो सम्बन्ध यस्तो विशुद्ध कुरा हो कि म बरु आत्महत्या गरूँला, आफ्नो पथबाट विचलित हुने छैन । यस सम्बन्धमा मैले सत्यको उल्लेख गरेको छैन, कारण के हो भने सत्यको अभिव्यक्ति अहिंसा बाहेक अरूबाट हुनसक्तैन । १८

:

विगत तीस वर्षको सञ्चित अनुभवले, जसको पहिलो आठ वर्ष दक्षिण अफ्रिकामा व्यतीत भएको थियो, मलाई ठूलो आशा दिएको छ कि अहिंसा अपनाउनुमा नै भारत र संसारको भविष्य रहेको छ । यो नै मानवजातिको थिचोमिचोमा परेको अंशको राजनैतिक तथा आर्थिक उन्नतिको उद्धार गर्ने सबैभन्दा निर्दोष तर सबैभन्दा प्रभावकारी उपाय हो । जवानीको शुरूदेखि नै मैले थाहा पाएको कुरा हो कि अहिंसा भनेको शान्ति र अन्तिम मुक्तिको लागि व्यक्तिगत आधारमा गरिनेछ । कुन मठ–मन्दिरको धर्म होइन, बरु समाजले मानवीय इज्जत कायम राखेर बाँच्ने हो भनेर युगानुयुगदेखि समाजले खोज्दै आइरहेको शान्तिको प्राप्तिको लागि प्रगति गर्ने हो भने यो समाजको लागि एउटा आचरणको नियम हो । १९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म हा त्मा गा न्धी

१९६३ सालसम्म म खालि विवेकको अर्जीको भर परें । म त्यो बेला एउटा धेरै मिहेनती सुधारक थिएँ । म एउटा राम्रो मसौदा गर्ने मान्छे पनि थिएँ किनकि म सधैं तथ्य कुराहरू पत्तालगाउन सक्तथें जुन मेरो सत्यप्रतिको अगाध श्रद्धाको आवश्यक परिणाम थियो । तर दक्षिण अफ्रिकामा संगीन घडी आइपुग्दा बुद्धि विवेकले कुनै प्रभाव पार्न निष्फल हुन गएको पनि मैले देखें । मेरा मानिसहरू उत्तेजित भए; कीरैले पनि गर्ला र कहिलेकहीं गर्छ पनि — र त्यो बेला बदलाको कुरा पनि चल्यो । त्यस बखतमा मलाई हिंसाको पक्ष लिने वा त्यो संकटको समय टार्ने र असंगत कुरा रोक्ने अरू कुनै उपाय गर्ने — दुई कुरामा एक कुरा रोज्नु थियो र मलाई विचार आयो — हामीले त्यो अपमानजनक कानूनलाई मान्न इन्कार गरिदिनुपर्छ र तिनीहरूलाई चाहे हामीलाई कारागारमा राख्न पनि दिनुपर्छ । यसरी लडाइंको नैतिक रूप सामुन्ने आयो । तिनताक म राजभक्त थिएँ कारण मेरो दृढ विश्वास थियो कि अंग्रेजी साम्राज्यका गतिविधिहरू सारमा भारत र मानवजातिकै असलको लागि थियो । लडाईं छेडिएको लगत्तैपछि विलायत आइपुगेर म यसै काममा संलग्न भएँ र पछि प्लुरिसी रोग लागी भारत फर्कन वाध्य हुँदा आफ्नो ज्यानको वास्ता नराखेर मेरा केही साथीहरूको घोर विरोध सहेर पनि, सैनिक भर्ती आन्दोलन चलाएँ । १९७६ सालमा म झसंग भएँ जब "ल्बायक्‌ रोलैट एक्ट" पास भयो र हामीले मागेको प्रमाणित भएका खराबी कुराहरूको साधारण प्राथमिक सुधारसम्म पनि गरिदिन सरकार मानेन । र यसैले १९७७ सालमा म बागी भएँ । त्यसै बेलादेखि ममा यो विश्वास बढ्दै गैरहेको छ कि जनताको लागि मौलिक महत्व भएका कुराहरूको प्राप्ति विवेक बुद्धिले मात्र हुन सक्तैन, जनतैले दुःख भोगेर त्यसको मोल चुकाई मात्र प्राप्त गर्नसक्तछन् । दुःख भोग्नु मानिसको नियम हो; लडाईं जङ्गलको नियम हो । तर विरोधीको हृदय परिवर्तन गर्न र विवेक–बुद्धिको आवाज सुन्नलाई अन्यथा थुनिइरहने गरेका, उसका कानहरू खोल्नलाई जङ्गलको नियमभन्दा पनि दुःख कष्ट भोग्नु असंख्य शक्तिमान् हुन्छ । मैले जत्तिको विन्तिभाव अथवा त्यक्त पक्षको अंगीकार शायद कसैले गरेको होला र म यो मौलिक निष्कर्षमा पुगेको छु कि तपाईं साँच्चै नै कुनै महत्वपूर्ण कुरा होस् भन्ने चाहनुहुन्छ भने तपाईंले बुद्धिलाई मात्र चित्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुझाएर पुग्दैन, हृदयलाई पनि स्पर्श गर्न सक्नुपर्छ । बुद्धिको अर्जी दिमागमा धेरै हुन्छ तर हृदयको प्रवेश आफैंले कष्ट भोगेर आउँछ । यसले मानिसमा अन्तर ज्ञानको ढोका खोलिदिन्छ । मानव-जातिको लक्षण कष्ट भोग्नु हो, तरवार होइन । २०

अहिंसा एउटा यस्तो शक्ति हो जसको प्रयोग आबाल-वनिता सबैले उत्तिकै गर्न सक्तछ– खालि तिनीहरूमा प्रेमको ईश्वरमाथि सजीव श्रद्धा हुनुपर्छ र यसैले सारा मानवजातिको लागि समान प्रेम हुनुपर्छ । अहिंसालाई जीवनको नियमको रूपमा मानेपछि यो सम्पूर्ण प्राणीमा व्याप्त हुनुपर्छ र खासखास कामहरूमा मात्र लागू हुनुहुँदैन । २१

हामी अहिंसक हुने हो भने, हामीले यस पृथ्वीमा सानो अथवा तल्लो तहको मानिसले पनि पाउन नसक्ने कुराको इच्छा गर्नुहुँदैन । २२

अहिंसाको सिद्धान्त अनुसार कुनै पनि किसिमको शोषणकार्यबाट पूर्णरूपले अलग रहनुपर्छ । २३

लडाईंको म विरोध गर्छु तर यसमा भाग लिन खोज्नेलाई म रोक्दिन । म तिनीहरूसंग तर्क गर्छु । तिनीहरूको समक्ष राम्रो बाटो राखिदिन्छु र आफूलाई मन परेको रोज्न लगाउँछु । २४

म आफ्नो आलोचकहरूलाई भारतका जनताको मात्र होइन, युद्धमा सामेल भएको वा नभएको भएपनि, सम्पूर्ण संसारका मानिसहरूको दुःखमा मसंगै प्रवेश गर्न अनुरोध गर्छु । संसारमा जुन यो हत्याकाण्ड चलिरहेछ त्यसप्रति म उदासीन हुनसक्तिन । मेरो दृढ धारणा छ कि आपसमा मारकाट गर्नु मानिसको मर्यादाको बाहिरको कुरा हो । यसको पनि उपाय छ भन्ने कुरामा मलाई शङ्कै छैन । २५

शरीर धारण गरेर बाँचिरहेसम्म विशुद्ध अहिंसा भनेको कुरो असम्भव हुन्छ, किनकि हामी कमसेकम केही न केही जग्गामा कब्जा गर्न चाहन्छौं । तपाईंले शरीरमा वास

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिरहुन्जेलसम्म विशुद्ध अहिंसा भनेको ईक्लिड्को विन्दु अथवा सरल रेखा जस्तै सिद्धान्त मान्न हुन्छ, तर हामीले हाम्रो जिन्दगीको प्रत्येक क्षण मिहेनत गर्नुपर्छ। २६

ज्यान लिनु पनि कर्तव्य हुन सक्छ । आफ्नो जीवन धारण गर्नको लागि चाहिने भनी लागेको प्राणी जतिको बिनाश हामी गर्छौं। यसरी नै खानेकुराको लागि हामी ज्यान लिन्छौं, सागपात र अरूको, र स्वास्थ्यको लागि हामी औषधीको प्रयोग गरेर लाम्खुट्टे र यस्तै प्राणीहरूको नाश गर्छौं, र त्यसो गर्दा अधर्म गर्‍यौं भनी हामीलाई लाग्दैन.... जातिहरूको भलाइको लागि हामी मांसाहारी जनावरहरूलाई मार्छौं।.... कुनै कुनै अवस्थामा त नर-हत्याको पनि आवश्यक हुन्छ । मानिलिनोस्, कोही मानिस बहुलाएर तरवार नचाउँदै उन्मत्त भएर अगाडि परेजतिलाई काट्दै हिड्छ, र कोही उसलाई जिउँदै पक्रने हिम्मत गर्न सक्तैन। यस पागलको काण्ड पुर्‍याइ दिने मानिसले समाजको कृतज्ञता प्राप्त गर्दछ र उपकारीको रूपमा मान पाउँछ। २७

जस्तो सुकै अवस्था परेपनि जिउँदो प्राणीलाई मार्ने कुरामा स्वभावसिद्ध अरुचि भएको मैले देखेको छु। उदाहरणको लागि, बहुला कुकुरलाई पनि एक ठाउँमा थुनेर मन्द मृत्यु मर्न दिने विकल्पको सुझाव गरिएको छ। सहानुभूतिको मेरो भावनाले मेरो लागि यो कुरा असंभव बनाइदिन्छ । कुकुर अथवा कुनै अर्को प्राणी पनि निःसहाय भै मन्द मृत्युको दुःख भोगिरहेको एकछिन पनि हेर्न म सक्तिन । यस्तो अवस्था पारेर म मानिसलाई मार्दिन कारण मसंग अरू धेरै आशापूर्ण उपायहरू छन् । कुकुरलाई भने म यस्तो अवस्था पारेर मार्छु किनकि यस विषयमा म निरुपाय छु। मेरो बालकलाई कुकुर बहुलाएको रोगले छोयो र उसको वेदना कम गर्ने कुनै राम्रो उपाय पाइएन भने, उसको जीवनको अन्त गरिदिनु म आफ्नो कर्तव्य सम्झन्छु । भाग्यवादको पनि हद हुन्छ। सबै उपाय सकिएपछि हामी सब कुरालाई भाग्यको भरमा छोडिदिन्छौं। दुःख पाइरहेको बालकको वेदना कम गराउने एउटा र अन्तिम उपाय उसको जीवन खतम गरिदिनु हो । २८

सकारात्मक रूपमा अहिंसाको माने हो सबभन्दा विस्तीर्ण प्रेम, सबभन्दा ठूलो दान।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म अहिंसाको अनुसरणकर्ता भएको भए, मैले मेरो दुश्मनको प्रेम गर्नुपर्छ। कुकर्म गर्ने मेरो शत्रु अथवा मेरो लागि नौलो भएको मानिसमा पनि मैले यही नियम लागू गर्नुपर्छ जस्तो मैले कुकर्म गर्ने मेरो वा अथवा छोरो माथि लागू गर्नुपर्छ। यो सक्रिय अहिंसामा सत्य तथा निर्भीकता जरूर हुनुपर्छ। मानिस प्रेम-पात्रलाई ठग्न नसक्ने हुनाले, ऊ तिनी वा उसलाई तर्साउन वा उनीहरूदेखि तर्सँदैन। सबै प्रकारको सौगातमा जिन्दगीको सौगात सबै भन्दा ठूलो छ; त्यो मानिस जसले यथार्थमा यसको दान गर्छ, त्यसले सबै द्वेषलाई निःशस्त्र बनाइदिन्छ। उसले सम्माननीय समझको बाटो बनाएको हुन्छ। भयत्रास मान्ने कसैले पनि त्यो दान दिन सक्तैन। यसैले ऊ आफै निडर हुनुपर्छ। अहिंसाको साधना गर्ने मानिस कायर हुन सक्तैन। अहिंसाको साधनालाई ठूलो साहसको दरकार पर्दछ। २९

तलवारलाई एकातिर फ्याँकिसकेपछि मेरो विरोध गर्ने मानिसहरूलाई मैले दिन सक्ने प्रेमको कचौरा बाहेक केही छैन। त्यो कचौरा अर्पण गरेर नै तिनीहरूलाई आफ्नो पक्षमा ल्याउने मेरो सूर हो। मानिस-मानिसमा सधैं नै शत्रुता भइरहन्छ भन्ने कुरामा म विश्वास गर्दिन, र पुनर्जन्मको सिद्धान्तमा विश्वास गर्ने भएको हुनाले म यो आशामा बाँचेको छु कि यस जुनीमा नभए पनि, कुनै अर्को जुनीमा, म सबै मानवजातिलाई मैत्रीपूर्ण आलिंगनमा आबद्ध पार्न समर्थ हुनेछु। ३०

संसारसंग भएको शक्तिमध्ये प्रेम सबैभन्दा बलियो शक्ति हो तर तैपनि यो कल्पनातीत रूपले अत्यन्त नम्र छ। ३१

क्रोधहीन र द्वेषरहित कष्टरूपी उदीयमान सूर्यको अगाडि कठोरतम हृदय र बज्रसमान अज्ञानता पनि नष्ट भएर जान्छ। ३२

अहिंसा भनेको 'दुष्टताको विरोधमा सबै यथार्थ युद्धवाट विमुख हुनु' होइन। यसको विपरीत, मेरो विचार अनुसारको अहिंसा दुष्टतालाई नै बढाउने स्वभाव भएको प्रतिहिंसा भन्दा पनि ज्यादा दुष्टताको विरोधको सक्रिय र यथार्थ युद्ध हो। म अनैतिक-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताहरूको मानसिक तथा यसैले नैतिक विरोधको अनुशीलनमा लागेको छु। म अत्याचारीको तरवारको धारलाई, त्यो भन्दा तीखो धार भएको अस्त्र उठाएर होइन कि, बलप्रयोगद्वारा मैले प्रतिरोध गरूँला भन्ने उसको विचारलाई हिस्स पारेर, पूरै भुत्ते बनाउन खोज्दछु। आत्माको विरोध जुन म गर्दछु त्यसले उसलाई धोकामा पार्नेछ। पहिले त ऊ तिरमिराउने छ, र अन्तमा यसलाई नमानी सुख पाउने छैन, जुन मान्नाले ऊ सानो हुँदैन बरु ठूलै हुनेछ। भन्न सकिन्छ यही नै आदर्श स्थिति हो। वास्तवमा हो पनि। ३३

अहिंसा एक व्यापक सिद्धान्त हो। हामी हिंसाको भुमरीमा परेका निःसहाय मर्त्य हौं। ज्यानको आधार ज्यान नै हो भन्ने भनाइमा गहिरो अर्थ छ। जानी वा नजानी बाह्य हिंसा नगरिकन मानिस एकक्षण पनि बांच्न सक्तैन। उसको बाँच्नु– खानु, पिउनु, हिंड्डुल गर्नुमा– कुनै न कुनै किसिमको हिंसा अवश्य हुन्छ, जीवनको विनाश हुन्छ, सानोमा सानो नै किन नहोस्। अहिंसाको पुजारी यसैले सत्यमा रहेको हुन्छ यदि उसका सारा कामको मूलमा नै दयाभाव रहेको छ र शक्तिले भ्याएसम्म सानोभन्दा सानो प्राणीलाई पनि मार्न पछि हट्छ, बचाउने प्रयत्न गर्दछ, र यसरी हिंसाको प्राणघातक बन्धनबाट मुक्त हुन निरवच्छिन्न कोशिश गर्दछ भने आत्मसंयम र दयाभावनामा निरन्तर वृद्धि हुँदै गएपनि बाह्य हिंसाबाट पूर्ण मात्रामा ऊ कहिल्यै मुक्त हुनसक्तैन। अनि फेरि, अन्तर्निहित अहिंसामै सारा जिन्दगीको एकता भएको हुनाले, एकजनाको गल्तीले सारालाई असर नपारी छोड्दैन, र यसैले मानिस सम्पूर्णरूपले हिंसाबाट अलग्ग हुन सक्तैन। सामाजिक प्राणी भएर बसुन्जेल, उसले अस्तित्वकै लागि आइपर्ने हिंसामा भागनलिई सुखै पाउँदैन। दुइ राष्ट्रहरूको बीचमा लडाईं भइरहेको बेला त्यो लडाईंलाई रोक्नु अहिंसाको पुजारीको कर्तव्य हुन्छ। जो त्यो कर्तव्यको लायक हुँदैन, जोसंग लडाईंको प्रतिरोध गर्ने ताकत हुँदैन, जो लडाईंको प्रतिरोध गर्न योग्य हुँदैन, त्यो मानिसले लडाईंमा भाग लिएर अझ दिलोज्यान दिएर आफू, आफ्नो राष्ट्र र संसारैलाई लडाईंबाट मुक्त पार्ने प्रयत्न गर्नुपर्दछ। ३४

अहिंसाको दृष्टिले योद्धा र अयोद्धामा म केही भेद देख्तिन। जो मानिस डाँकुको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दलको वाहक भएर, अथवा तिनीहरू आफ्नो काममा लागिरहेको वेला रखवारी गर्ने भएर, अथवा तिनीहरू घाइते भएको वेला सेवा-सुश्रूषा गर्ने भएर, काम गर्दछ, त्यो पनि उनीहरू जत्तिकै डकैतीको दोषी हुन्छ। यसरी नै लडाईंमा घाइते भएकाहरूको सेवा-सुश्रूषामा लाग्नेहरू पनि युद्धको अपराधबाट अलग हुन सक्तैन। ३५

यो मिहीन प्रश्न हो। यसमा विभिन्न मत हुनसक्छ, र यसैले मैले अहिंसामा विश्वास गर्ने तथा जीवनको प्रत्येक क्षेत्रमा यसको व्यवहार गर्न गंभीर प्रयत्न गरिरहेकाहरूको सामु मैले आफ्नो तर्क सकेसम्म स्पष्ट पारी प्रस्तुत गरेको छु। सत्यका भक्तले कुनै कुरा पनि चलेर आएको भन्दैमा त्यसै मान्नु हुँदैन। त्यसले आफूलाई सुधारको लागि सधैं खुल्ला राख्नुपर्छ, र आफूबाट कहिल्यै गल्ती हुन गएमा कुनै पनि मूल्यमा दोष स्वीकार गरी प्रायश्चित्त गर्नुपर्छ। ३६

मनैदेखि उठेको अहिंसा एउटा बलवान् शक्ति हुन्छ। मनको सहयोग नभएको खालि शरीरको मात्र अहिंसा निर्धो वा नामर्दको अहिंसा हुन्छ, र यसैले यसमा कुनै ताकत हुँदैन। हृदयमा द्वेष र घृणा लिएर प्रतिशोध नगर्ने बहाना गर्‍यौं भने, भित्रैभित्र गुंडुल्किएर रही यसले हामीलाई विनाशतिर धकेल्छ। चोटपटक नलगाउने गरी खालि शारीरिक हिंसाबाट टाढा रहनको लागि, यदि हामी सक्रिय प्रेमभाव राख्न सक्तैनौं भने, कमसेकम घृणा भाव नलिनु आवश्यक छ। ३७

त्यो मानिस अहिंसाको साधक होइन जो बेपारमा ठगेर कसैलाई बिस्तारै मार्नुमा रत्ति पर्वाह गर्दैन वा जो शस्त्रबलले केही गाईहरूको रक्षा गरेर कसाहीको ज्यान लिन्छ वा जो, देशलाई कल्पित भलाइ गर्ने उद्देश्यले केही अधिकारीहरूको ज्यान लिन हिच्किचाउँदैन। यी सबै कामहरू घृणा, कायरता र डरले गरिएका हुन्छन्। ३८

हिंसाको म घृणा गर्छु किनभने जब यसले असल गर्न लागे जस्तो देखिन्छ, त्यो असल अस्थायी मात्र हुन्छ; यसले गर्ने खराबी मात्र स्थायी हुन्छ। साराका सारा अंग्रेजलाई मारेर भारतको अलिकति पनि भलाइ गर्न सकिएला भन्ने म विश्वास गर्न सक्तिन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साराका सारा अंग्रेजहरूलाई भोलि नै मारेर सखाप पार्ने काम कसैले सम्भव तुल्याइ दियो भने पनि, लख्खौं–करोडौं मानिसहरूको अवस्था आज जत्तिकै दयनीय रहने छ। अहिलेको अवस्थाको लागि अंग्रेजहरू भन्दा हामी ज्यादा जवाफदेही छौं। हामी साँच्चै नै असल भइदियौं भने अंग्रेजहरूको खराबी गर्ने तागतै हुने छैनं। यसैले सुधार भित्रै-देखि हुनुपर्छ भन्ने कुरामा मैले लगातार जोड दिंदै आएको हूँ। ३९

इतिहासबाट के देखिएको छ भने लालचीहरूलाई, राम्रै हेतुले किन नहोस्, पाशविक शक्ति लगाएर अधिकार वञ्चित तुल्याउने मानिसहरू पछि गएर विजितहरूकै रोगको शिकार भएका छन्। ४०

विदेशी शासक प्रति हिंसात्मक कारबाइ गर्न थालेपछि त्यस्तो कार्य हामी सजिलो र स्वाभाविक रूपले हाम्रो आफ्नै मानिसप्रति पनि लिन थाल्नेछौं जसलाई हामी देशको प्रगतिमा बाधा दिने ठान्दछौं। अरू अरू देशमा हिंसात्मक कारवाइको परिणाम जेसुकै भएको होस् र अहिंसा दर्शनको उल्लेख विना नै, यो कुरा बुझ्न हामीलाई धेरै बुद्धि खियाउनु पर्ने दरकार छैन कि हाम्रो प्रगतिलाई बाधा पार्ने अनेकौं खराबीहरू निर्मूल गर्नको लागि हामीले हिंसाको बाटो लियौं भने, हामी हाम्रो कठिनाइहरू बढाउँदै जानेछौं र स्वतन्त्रताप्राप्तिको दिनलाई अझ पर सार्नेछौं। आवश्यकतालाई नबुझी सुधारको लागि तयार नभएका मानिसहरू जबर्जस्त बलप्रयोग भएकोमा रीसले पागल हुनेछन्, र बदला लिनको लागि विदेशीहरूको सहायता खोज्ने छन्। के यो कुरा हाम्रै आँखा अगाडि कैय्यौं वर्ष देखि भइरहेको होइन? यसको दुःखपूर्ण सम्झना अहिलेसम्म पनि हाम्रो मनमा ताजै छ। ४१

सरकारको संगठित हिंसात्मक कारवाइमा मेरो केही चासो नहुने हो भने, जनताको असंगठित हिंसात्मक कारवाइमा पनि मेरो कम्ती नै चासो हुनुपर्ने हो। यी दुईको बीचमा च्यापिएर चूर्ण हुन म ज्यादा रुचाउँछु। ४२

पचास वर्षभन्दा बढी समयदेखि अटूट रूपले अहिंसा र यसका सम्भावनाहरूको मैले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैज्ञानिक ढङ्गले साधना गरी आएको छु । मैले यसको प्रयोग–जीवनको घर, संस्था, आर्थिक, राजनैतिक-हर क्षेत्रमा गरेको छु । मलाई एउटा पनि त्यस्तो घटना थाह छैन जहाँ यो निष्फल भएको होस् । कहीं यो निष्फल भए जस्तो देखिएको छ भने यसको कारण मैले आफ्ना कमजोरीहरू ठह्र्याएको छु । म आफू बिलकुल ठीक छु भन्दिन। म के भन्छु भने म एउटा सत्यको उत्साही साधक हूँ, जुन सत्य ईश्वरको अर्को नाम हो । त्यो साधनाको क्रममा मलाई अहिंसाको ज्ञान भयो । यसको प्रचार मेरो जीवनको कार्य भएको छ । त्यो कार्य पूरा गर्नुबाहेक जीवनमा मेरो अरू कुनै अभिरुचि छैन । ४३

नित्य सन्तोषको कुरा हो कि जसको नीति र सिद्धान्तहरूको म विरोध गर्छु तिनीहरूको माया र विश्वास म प्रायः सुरक्षित पाउँछु । दक्षिण अफ्रिकालीहरूले व्यक्तिगत रूपले मलाई आफ्नो विश्वास दिए र मसंग मित्रभाव राखे । ब्रिटिश नीति र व्यवस्थाको धूमधाम आलोचना गरेपछि हज्जारौं अंग्रेज र मीमहरूको स्नेह मैले पाएकै छु । त्यस्तै आधुनिक भौतिकवादी सभ्यताको म आँखा चिम्ली निन्दा गर्छु, तर अमेरीकाली र यूरोपेली मित्रहरूको घेरा वढ्दै गैरहेको छ । यो अहिंसाको विजय पनि हो । ४४

दिनप्रतिदिन बलियो र समृद्ध हुँदै गएको मेरो अनुभव मलाई के भन्छ भने मानिसको लागि जहाँसम्म सम्भव हुन्छ त्यहाँसम्म सत्य र अहिंसाको साधना नगरिकन व्यक्ति वा राष्ट्रको लागि शान्ति हुन सक्तैन । प्रतिशोधको नीति कहिल्यै सफल भएको छैन । ४५

अहिंसाको मेरो प्रेम लौकिक–अलौकिक सबैभन्दा माथि छ । यसको बराबरीमा सत्यप्रतिको मेरो प्रेममात्र आउँछ । मेरो लागि सत्यको पर्यायवाची अहिंसा हो जसको माध्यमले म खालि सत्यको दर्शन पाउँछु मेरो जीवन पद्धतिले भारतमा भएका विभिन्न धर्मावलम्बीहरूको बीचमा कुनै भेदभाव गर्दैन भने विभिन्न जातिहरूको बीचमा पनि त्यस्तो भेद गर्दैन । मेरो लागि 'मानिस मानिस सबै बराबर छ।' ४६

म एउटा निर्धो साधक हूँ, सधैं विफल हुने, सधैं प्रयत्न गर्ने । मेरा विफलताहरूले मलाई अगाडि भन्दा ज्यादा चनाखो बनाइदिन्छ र मेरो श्रद्धामा तीव्रता ल्याउछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धाको आँखाले म देख्न सक्छु कि सत्य र अहिंसाका दुई सिद्धान्तको पालनामा यस्ता सम्भावनाहरू छन् जसको बारेमा हामीसंग धेरै थोरै मात्र ज्ञान छ । ४७

म एउटा दब्दै नदब्ने आशावादी हूँ । मेरो आशावाद व्यक्तिको अहिंसाको विकास गर्ने असीमित सम्भावनाहरूमा भएको मेरो विश्वासमा आधारित छ । जतिजति तपाईं आफूमा यसको विकास गर्दै जानुहुन्छ उति उति सर्दै गएर तपाईंको वरिपरि फैलिन्छ र कालान्तरमा संसारभरी व्याप्त हुन्छ । ४८

मेरो रायमा अहिंसा कुनै पनि आकारप्रकारमा सहिष्णुता होइन । जहाँसम्म मैले बुझेको छु, अहिंसा संसारमा सबैभन्दा बढ्ता सक्रिय शक्ति हो । '··· अहिंसा सर्वोच्च नियम हो । आफ्नो आधाशताब्दीको अनुभवमा म कहिल्यै त्यस्तो अवस्थामा परिन जब म विवश भएँ, मलाई अहिंसाको कुनै बाटो सुझेन भनी भन्नुपर्‍यो । ४९

अहिंसाको यो अग्नि–परीक्षा हो कि अहिंसापूर्ण संघर्षमा कुनै वैमनस्य बाँकी रहन जाँदैन, र अन्तमा शत्रु मित्र हुन जान्छन् । दक्षिण अफ्रिकाको जेनरल स्मट्स्संगको मेरो अनुभव त्यही थियो । शुरूमा उनी मेरा कट्टर विरोधी र आलोचक थिए । आज उनी मेरा अन्तरतम मित्र भएका छन् । ५०

मार्ने शक्ति आत्म-रक्षाको लागि आवश्यक छैन; मानिसमा हुनुपर्ने शक्ति हो मर्नसक्नु । मर्नको लागि पूरा तयार भएको मानिस हिंसाको इच्छासम्म पनि गर्दैन । म यसलाई स्वयंसिद्ध सूत्रको रूपमा यस प्रकार भन्न चाहन्छु–मार्ने इच्छा मर्ने इच्छाको विपरीत अनुपातमा छ । र इतिहास यस्ता मानिसहरूको उदाहरणले भरीपूर्ण छ जो मुखमा दयाभावना लिई साहस पूर्वक मरेर आफ्ना कट्टर विरोधीहरूको पनि हृदय परिवर्तन गर्न सफल भए । ५१

म अहिंसा विज्ञानका एउटा तुच्छ अनुसन्धान कर्ता हूँ । यसका लुकिरहेका गहिराइहरूले कहीले कहीं मलाई पनि मेरा सह–कर्मीहरूलाई जत्तिकै अल्मलाइ दिन्छ । ५२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिंसाको ढाँचामा समाजको संगठन वा सञ्चालन हुन सक्तैन भन्नु आजको चलनै भै सकेको छ । यस विषयमा म एउटा कुरा भन्छु । परिवारमा जब एकजना बाबुले आफ्नो कसूर गर्ने बालकलाई थप्पड दिन्छ, त्यो बालकले बदला लिने विचार गर्दैन । उसले बाबुले भनेको कुरा यस कारणले मान्छ कि त्यो थप्पडको पछाडि त्यसले चोट परेको मायालाई देख्दछ न यस कारणले कि त्यो थप्पडमा डर देखाएर साहसहीन पार्ने शक्ति छ । त्यही मेरो विचारमा, आदर्श तरीका हो जसद्वारा समाजको व्यवस्था भएको छ अथवा हुनुपर्छ । परिवारको सम्बन्धमा जुन कुरा सत्य छ समाजको सम्बन्धमा पनि उही कुरा सत्य हुन्छ ; समाज आखिर परिवारकै ठूलो रूप न हो । ५३

म सर्पकै पनि जीव-हानि गरेर जिउन चाहन्न । उसले डसिएर मर्न बरु राजी छु, उसलाई मार्न म चाहन्न । तर सम्भव छ– ईश्वरले मलाई त्यो कठोर परीक्षामा राखेर एउटा सर्पले मलाई आक्रमण गर्न लगाउनुभयो भने ममा साहस नहुन सक्ला, र मभित्रको पशुता जागृत भएर यो नाशवान् शरीरको रक्षार्थ त्यो सर्पको ज्यान लिन उद्यत हुँला । स्वीकार गर्छु– मेरो विश्वास ममा त्यत्तिको दृढ भइसकेको छैन कि म जोड दिएर भन्न सकूं–मैले चाहे जस्तो मैत्रीसम्बन्ध कायम गरी सर्पहरूको सारा डरबाट म विमुक्त भएको छु । ५४

साँचो त विज्ञानको प्रगतिको म विरोधी होइन । यसको विपरीत पश्चिमको वैज्ञानिक भावनाको म प्रशंसा गर्छु र त्यो प्रशंसा सङ्कीर्ण भएको छ भने त्यसको कारण हो– पश्चिमको वैज्ञानिकले ईश्वरको तल्लो तहको सृष्टिको पर्वाह नगर्नु । वैज्ञानिक प्रयोगद्वारा जीवित वस्तुहरूलाई चिरफार गर्ने कामको म अत्यन्त घृणा गर्छु । विज्ञान र तथाकथित मानवताको नाममा गरिने निर्दोष प्राणीको अक्षम्य हत्याको म घृणा गर्छु, र निर्दोष रगतको दाग लागेको सारा वैज्ञानिक आविष्कार महत्वहीन म देख्तछु । जीवित प्राणीको चीरफार नभै रगत सञ्चार सिद्धान्तको आविष्कार हुनै नसक्ने भएको भए, मानवजातिले यो विना पनि काम चलाउन सक्ने नै थियो । म त्यो विना स्पष्ट उघ्रिरहेको देख्तछु जब पश्चिमका इमान्दार वैज्ञानिकले ज्ञानको खोजी गर्ने अहिलेको तरीकाहरूमा हदबन्देजहरू राख्ने छ । ५५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिंसा बुझ्न सजिलो कुरा होइन, हामी कमजोर भएको हुनाले पालन गर्न यो झन् कम्ती सजिलो छ । हामीले दिनदिनै पाएको उज्यालो अनुसार काम गर्न सदा तत्पर भएर हाम्रो ज्ञानको आँखा खोलिदिने ईश्वरलाई अनुरोध गर्दै हामीहरू सबैले उपासना पूर्वक विनम्र भएर अटूटरूपले काम गर्नुपर्दछ । शान्तिको प्रेमी र प्रवर्द्धकको रूपमा मेरो काम, यसैले, आज हाम्रो स्वतन्त्रता प्राप्तिको संग्रामको सञ्चालनमा अहिंसाको दृढ भक्त भएर वस्नु हो । र भारतले यसरी प्राप्त गर्नुमा सफलता पायो भने विश्व-शान्तिको लागि यो अति नै ठूलो योगदान हुनेछ । ५६

निष्क्रिय विरोध दुइधारे तरवार हो ; यसको प्रयोग जसरी पनि गर्न सकिन्छ; यसले प्रयोग गर्ने र प्रयोग गराई माग्ने दुवैको असल गर्छ । रगतको एक थोपा नचुहाइकन यसले दूरगामी परिणाम पैदा गर्दछ । यसमा कहिल्यै खिया लाग्दैन, यो कहिल्यै चोरिंदैन । ५७

आज्ञा–भङ्ग सविनय हुनको लागि निष्कपट, शिष्ट संयमित, निरहंकार हुनुपर्छ, कुनै सुपरिचित सिद्धान्तमा आधारित हुनुपर्छ, लहडी हुनुहुँदैन र सबैभन्दा माथि, द्वेष अथवा घृणारहित हुनुपर्छ । ५८

यीशु, डेनियल र सोक्रेटीज्ले सबैभन्दा शुद्ध प्रकारको सत्याग्रह, अथवा आत्म-शक्तिको प्रतिनिधित्व गरेका थिए । यिनीहरू सबैले आफ्ना शरीरलाई आत्माको तुलनामा कत्ति पनि गनेका थिएनन् । यो सिद्धान्तको सबैभन्दा राम्रो र चहकिलो (आधुनिक) प्रतिपादक टल्स्टाय थिए । उनले यसको प्रतिपादन गरेका मात्र होइनन्, यही अनुसार जीवन पनि चलाए । भारतमा यो सिद्धान्तको ज्ञान र प्रवचन यूरोपमाभन्दा धेरै अगाडि थियो । यो स्पष्ट छ– आत्माको शक्ति शरीरको शक्तिभन्दा अनन्त गुना ठूलो छ । मानिसहरू असत्य–अन्यायको सुधारको लागि आत्माको शक्तिमा भरपर्न थाले भने, अहिले भइरहेको दुःखमध्ये धेरै निर्मूल हुनेछ । ५९

बुद्धले निडर भएर शत्रुको शिविरभित्रसम्म युद्धको सञ्चालन गरेर अहङ्कारपूर्ण पौरोहित्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई घूँडा टेक्न लगाए । यीशुले सराफीहरूलाई जेरुजेलमको मन्दिरबाट धपाएर पठाए र स्वर्गबाट कपटी र फारिसीहरूमाथि श्रापको वर्षा गराए । दुबै अतिशय प्रत्यक्ष कारबाइका समर्थक थिए । तर बुद्ध र यीशुले, शासना दिए पनि, आफ्ना प्रत्येक काममा अचूक शिष्टता र प्रेम पनि दर्शाए उनीहरू आफ्ना शत्रुको विरोधमा औंलासम्म पनि उठाउँदैनथे, तर आफू जुन सत्यताको निमित्त जिएको हो त्यो सत्यतालाई त्याग गर्नुको सट्टा खुशीसाथ आफैलाई समर्पण गरिदिन्थे । बुद्ध पौरोहित्यको प्रतिरोध गर्दा गर्दै मर्थे, यदि उनको प्रेमको मर्यादा पौरोहित्यलाई झुकाउने कामको बराबर प्रमाणित नभएको भए । यीशु त सारा साम्राज्यको शक्तिसंग टक्कर लिंदै शिरमा काँढाको शिरपेच लगाएर क्रूसमा चढी मरे । र मैले पनि अहिंसा किसिमको प्रतिरोधको आरम्भ गरें भने, म खालि विनम्रतापूर्वक ती महान् शिक्षकहरूले पदचिह्नको अनुसरण गरेको हुनेछु । ६०

सत्याग्रहको नियम हो कि मानिसको हातमा कुनै हतियार भएन र कुनै उपाय सोच्न सकेन भने उसले आफ्नो शरीर दान गर्ने अन्तिम पाइला चाल्नुपर्छ । ६१

अहिंसा आत्माको शक्ति हो र आत्मा अविनाशी, अपरिवर्तनशील र नित्य छ । अणु-वम भौतिक शक्तिको चुली हो र यसैले, भौतिक विश्वलाई शासन गरिरहेको जीवन र मृत्यु, विनाशको नियमको अधीन पर्दछ । हाम्रा धर्मग्रन्थहरू साक्षी छन् कि आत्माको शक्ति, हामीमा पूर्णतः जागृत भएको खण्डमा, अति नै शक्तिमान् हुन जान्छ । पूर्ण जागृतिको प्रमाण र शर्त यो हो कि हाम्रो शरीरको प्रत्येक छिद्रमा घुसेको र हामीले फेरेको प्रत्येक सासको साथै निस्कने हुनुपर्छ ।

तर कुनै पनि संस्थालाई करबलले अहिंसक बनाउन सकिंदैन । अहिंसा र सत्यताको व्यवस्था लिखित विधानमा हुनसक्तैन । तिनीहरूलाई ग्रहण गर्ने काम स्वेच्छाले हुनुपर्छ । तिनीहरू छालामाथिको लुगा जस्तै हुनुपर्छ, होइन भने तिनीहरू विरुद्ध वचन हुन्छन् । ६२

जीवन एउटा आकांक्षा हो । यसको कार्य पूर्णावस्थाको लागि प्रयत्न गर्नु हो । यो पूर्णावस्था आत्म–दर्शन हो । हाम्रा कमजोरीहरू र त्रुटिहरूको कारणले यस आदर्शलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होच्याउनु हुँदैन ।…जसले आफ्नो भाग्यलाई प्रेमको नियम, अहिंसासंग जोड्दछ, त्यसले आफ्नो विनाशको घेरालाई दिनानुदिन घटाउँदै लैजान्छ, र त्यही हदसम्म जीवन र प्रेमको प्रवर्द्धन गर्दछ; जसले घृणाको नियम, हिंसाको वचनबद्ध हुन्छ, उसले दिनप्रतिदिन विनाशको घेरालाई फराकिलो पार्दै जान्छ, र त्यही हदसम्म मृत्यु र घृणाको प्रवर्द्धन गर्छ । ६३

जिन्दगीमा हिंसालाई पूर्णरूपले छोड्नु सम्भव छैन । त्यसो भए प्रश्न उठ्छ : सीमारेखा कहाँ खिच्ने ? त्यो सीमारेखा सबैको लागि उही हुँदैन । किनभने मूलतः सिद्धान्त उही भए तापनि, प्रत्येकले यसको प्रयोग आफ्नै किसिमले गर्दछ । एकजनाको खाना अर्कोको लागि विष हुन सक्छ । मेरो लागि मासु खानु पाप हो । तर अरूको लागि, जो सधैं मासु खाएर जीविका गरेको छ र यसमा कहिल्यै केही नराम्रो देखेको छैन, मेरो पछि लागेर, यसलाई त्यसै छोडनु पाप हुनेछ ।

मैले किसान भएर जङ्गलमा बस्न, इच्छा गरें भने मेरा खेतहरूको रक्षाको लागि, मैले नभै नहुने सकेसम्म कम हिंसाको प्रयोग गर्नुपर्ने छ । मैले मेरा बाली खाने बानर, चरा तथा कीराहरू मार्नु पर्ला । यो काम आफैले गर्ने मेरो इच्छा भएन भने, कसैलाई गर्न लगाउनु पर्ने हुन्छ । यी दुईमा धेरै फरक छैन । देशमा अनिकाल भएको समयमा, अहिंसाको नाममा जनावरहरूलाई बाली खानदिनु साँच्चै नै एउटा पाप हो । असल र खराब सापेक्ष शब्द हुन् । कुनै खास स्थितिमा असल ठहरिएको कुरो अर्को स्थितिमा पाप अथवा खराब हुनसक्छ ।

मानिसले आफूलाई शास्त्रको कुवामा डुबाउनु हैन, तर त्यसको ठूलो सागरमा डुबुल्की मारेर मोती निकाल्नुपर्छ । प्रत्येक पाइलामा, त्यसले कुन हिंसा हो, कुन अहिंसा हो भन्ने बारे आफ्नो विवेक लगाउनुपर्छ । यसमा लाजशरम अथवा कातरपनाको लागि ठाउँ छैन । कविले भनेका थिए—ईश्वर कहाँ जाने बाटो बहादुरको लागि हो, कायरको लागि होइन । ६४

अप्रिय शब्द बोल्नु र लेख्नु निश्चयनै हिंसा हो खास गरी त्यो बेला जब बोल्ने अथवा लेख्नेले यसलाई सत्य हो भनी विश्वास गर्दछ । हिंसाको सार के हो भने मन, बचन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र कर्ममा हिंसक इरादा हुनुपर्छ, अर्थात्, तथाकथित विरोधीलाई हानी गर्ने इच्छा हुनुपर्छ । सभ्यताको झूटो विचार अथवा भावनामा चोटपर्ने डरले मानिसहरू अक्सर भन्नुपर्ने कुरा भन्न पछि हट्छन् र यसले तिनीहरूलाई अक्सर बहानाबाजीको किनारामा पुऱ्याइदिन्छ । तर व्यक्ति, समाज अथवा राष्ट्रमा विचारको अहिंसा विकसित गर्ने हो भने, एकछिनको लागि जतिसुकै कठोर अथवा अप्रिय देखिए पनि, सत्य बोल्नै छ । ६५

प्रत्यक्ष कारवाइ विना यस पृथ्वीमा कहिल्यै पनि कुनै कुरा भएको छैन । म 'निष्क्रिय विरोध' भन्ने शब्दलाई नै मान्दिन कारण यो यथेष्ट छैन यसलाई निर्धाको हतियार भन्ने गर्दछन् । ६६

अहिंसामा हडताल गर्ने सामर्थ्यको पूर्व कल्पना हुन्छ । यो मानिसको बदला लिने भावनामाथि राखिएको सचेत विचारपूर्वकको रोक हो । तर बदला विरोध नगर्ने, नामर्द र निरुपाय समर्पणभन्दा कुनै पनि हालतमा ठूलो छ । क्षमा त्योभन्दा पनि ठूलो छ । बदला पनि दुर्बलता नै हो । बदला लिने भावना साँचो वा काल्पनिक, नोक्सान हुने डरबाट उत्पन्न हुन्छ । पृथ्वीका कोहीसँग नडराउने मानिसले आफूउपर नराम्रो व्यर्थको प्रयत्न गरिरहेको मानिससँग रिसाउन पनि कष्टकर सम्झन्छ । ६७

अहिंसा र कातरपना संगसंगै जान सक्तैन । हातहतियारले लैस भएको मानिस दिलको कातर हुने म कल्पना गर्न सक्छु । हातहतियार साथमा राख्नु कातरपना नभए पनि डरको तत्व हुन्छ । तर दूषित नभएको निर्भीकता विना सत्य अहिंसा असम्भव हुन्छ । ६८

अहिंसाको मेरो धर्म अतिशय सक्रिय शक्ति हो । यसमा कातरपना वा कमजोरीलाई स्थान छैन । हिंसक कुनै दिन अहिंसक हुने आशा गर्न सकिन्छ, त कातरको केही आशा छैन । यसैले यी पृष्ठहरूमा मैले धेरै बाजि भनिसकेको छु कि हामी आफ्नो आफ्ना आइमाईहरूको र आफ्ना मन्दिरहरूको, कष्ट सहने शक्ति अथवा अहिंसाद्वारा रक्षा गर्न जान्दैनौं भने, हामी, यदि मर्द हौं भने, कमसेकम लडेर यी सबैको रक्षा गर्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्थ हुनुपर्छ । ६९

वेतियानिरको गाउँका मानिसहरूले मलाई के भने भने पुलिसले तिनीहरूको घर लुट्न लागेको र तिनीहरूका आइमाईहरूको बेइज्जत गर्न लागेको बेलामा तिनीहरू भागे । मैले तिनीहरूलाई अहिंसक हुनुपर्छ भनी भनेको हुनाले तिनीहरू भागेका भनी भनेको सुन्दा लाजले मैले टाउको निहुराएँ । मैले तिनीहरूलाई सम्झाएँ, मेरो अहिंसाको माने त्यो होइन । मैले तिनीहरूलाई संरक्षणमा बसेका मानिसहरूको नराम्रो गर्नमा उद्यत भएको ठूलोभन्दा ठूलो शक्तिको पनि प्रतिकार गर्न, तथा बदलाको भावना नलिइकन मर्नै परेपनि सारा नराम्रा कुरा आफ्नै टाउकामा लिन उद्यत होलान् तर त्यो आक्रमण –स्थलबाट पीठ फर्काउने छैनन् भन्ने आशा गरेको थिएँ । तरवारको बलमा आफ्नो सम्पत्ति सम्मान, अथवा धर्मको रक्षागर्नु पुरुषार्थ हो । खराव गर्नेको नोक्सान गरी उक्त कुराहरूको रक्षागर्नु झन् ठूलो पुरुषार्थ र राम्रो हो । तर आफ्नो कामको ठाउँ छोड्नु र, आफ्नो छाला बचाउनको लागि सम्पत्ति सम्मान अथवा धर्म अथवा दयालाई खराब गर्ने मान्छेको' छोड्नु त नामर्दी, अस्वाभाविक र बेइज्जति हो । मर्न जान्ने मानिसहरूलाई अहिंसा दिने तर्राका म देख्तछु, तर धर्मदेखि डराउने मानिसहरूलाई होइन । ७०

म सारा जातिलाई निर्धो पार्नुभन्दा हजार गुना हिंसाको खतरा लिन्छु । ७१

मेरो अहिंसामा खतराबाट भाग्ने र प्रियजनहरूलाई असुरक्षित अवस्थामा छोड्ने कुरा हुनसक्तैन । हिंसा र डराएर भाग्नु– यी दुई कुरामा रोज्नु पऱ्यो भने म हिंसालाई नै रोज्दछु । म अन्धोलाई राम्रा-राम्रा दृश्यहरू हेर्न जति लोभ्याउन सक्छु त्योभन्दा ज्यादा कातरलाई अहिंसाको पाठ पढाउन सक्तिन । अहिंसा बहादुरीको चरम सीमा हो । र मेरै अनुभवमा पनि, हिंसामा तालीम पाएको मानिसहरूलाई अहिंसाको श्रेष्ठता देखाउन मलाई केही गाह्रो भएन । अगाडि कैयौं वर्ष पौरुषहीन भएर बस्दा मैले हिंसालाई आश्रय दिएको थिएँ । कातरपनालाई छोड्न थालेपछि मात्र मैले अहिंसाको मूल्य जान्न थालेको हूँ । ७२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मर्न डराउने र प्रतिरोध गर्ने शक्ति नभएको मानिसलाई अहिंसा सिकाउन सकिंदैन। विरालीले सधैं खाने गरेको हुनाले विचरो मूसा अहिंसक नभएको होइन । त्यसको मात्र लागेको भए विरालीलाई खुशीसाथ खाइदिन्थ्यो। तर ऊ सधैं भाग्ने गर्छ । हामी उसलाई कातर भन्दैनौं, किनभने प्रकृतिले उसलाई त्योभन्दा राम्रो व्यवहार गर्ने वनाएको छैन । तर जव कुनै मानिस खतरा सामु आइपर्दा मूसो जस्तो गरी भाग्छ । त्यस्तोलाई कातर भन्छन् त ठीकै हो । त्यसको मनमा हिंसाको भावना र घृणा हुन्छ र सकेमा आफूलाई चोटपटक नपारी शत्रुको हत्या गर्छ। अहिंसा उसको लागि अनजान हुन्छ । यसबारे सुनाउनु भालुलाई पुराण सुनाउनु जस्तै हुन्छ। बहादुरी उसको प्रकृति-को लागि नौलो कुरो हुन्छ । अहिंसा मैले बुझ्नसक्नुभन्दा अगाडि उसले आफूलाई दवाउन हिंडेको आक्रमकवाट रक्षागर्ने सिलसिलामा आफ्नो टेक लिएर ज्यानसमेत पनि फाल्ने कुरा सिक्नुपर्छ । अन्यथा गर्नु आफ्नो कातरपनालाई प्रमाणित गर्नु हुन्छ र त्यसले उसलाई अहिंसावाट धेरै पर तुऱ्याइदिन्छ। मैले कसैलाई यथार्थतः बदला लिनमा मद्दत गर्दिन भन्दैमा मैले कातरलाई अहिंसाको छहारीमा प्रश्रय दिनु ठीक हुँदैन । अहिंसा भनेको के हो नजानेर, धेरैले इमान्दारीपूर्वक के विश्वास गरेका छन् भने हरवखत खतरावाट भाग्नु, खास गरी आफ्नो ज्यानैको जोखिम परेको वखतमा, सत्याग्रह गर्नु वरावर हो । अहिंसाको शिक्षकको नाताले, जहाँसम्म सम्भव हुन्छ, मैले यस्तो नामर्द विश्वासवाट वच्ने उपाय गर्नुपर्छ । ७३

मानिस शारीरिक हिसावले जतिसुकै कमजोर किन नहोस्, पुच्छर लुकाएर भाग्नु यदि लाज हो भने, उसले अड्डी लिन्छ र आफ्ना स्थान नछोडी मर्छ । यो अहिंसा र बहादुरी हुन्छ। जतिसुकै कमजोर किन नहोस् उसले आफूसंग भएको सारा शक्ति आफ्नो शत्रुलाई चोट पार्नमा लगाउँछ र त्यही प्रयत्नमा मर्छ। यो बहादुरी हो, अहिंसा होइन । आफ्नो कर्तव्य खतराको सामना गर्नेभएको बेलामा यदि, ऊ भाग्छ भने, यो उसको कायरपना हो। पहिलो दृष्टान्तमा मानिसले उसमा प्रेम अथवा दया पाउला । दोस्रो र तेस्रो दृष्टान्तमा घृणा अथवा अविश्वास पाउला र डर होला। ७४

भनूं म एउटा हब्शी भएँ र मेरी वहिनीलाई एउटा गोराले बलजफ्ती गऱ्यो अथवा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा समाजले विना सोची सम्झी दण्ड दियो, त्यस अवस्थामा मेरो कर्तव्य के होला ? म आफैसंग सोध्छु । र यो जवाफ पाउँछु : मैले यिनीहरूको खरावी चिताउनु हुँदैन, र साथै यिनीहरूको सहयोग पनि गर्नुहुँदैन । हुनसक्छ, जीविकाको लागि त्यही विनासोची सम्झी सजायं दिने समाजमा साधारणतः मैले भर पर्नुपर्छ । म तिनीहरूको सहयोग गर्दिन, तिनीहरूकहाँबाट आएको खानेकुरा छुन्न, र यहाँसम्म कि अन्यायको सहन गर्ने मेरा हज्गी भाइहरूको पनि म सहयोग गर्दिन । आत्म–बलिदानको मेरो मतलब नै त्यही हो । हो, भोकै रहने नियमित कामको केही मतलब छैन । जीवनको हर पला बित्दै जाओस् मानिसको श्रद्धा अडिग रहनुपर्छ । त्यसो त म अहिंसा उपासनाको एउटा धेरै तुच्छ नमूना हूँ, र मेरो जवाफ तपाईंलाई चित्तबुझ्दो नहोला । तर म हुनसम्म कोशिश गरिरहेको छु, र यो जुनीमा मैले पूर्ण सफलता प्राप्त गर्न नसके तापनि, मेरो श्रद्धा कम हुनेछैन । ७५

पाशविक शक्तिको यस युगमा अरू कसैले यो शक्तिको अन्तिम आधिपत्यको नियमलाई नमान्न सक्ला भनी कसैले विश्वास गर्नु असम्भवप्रायः होला । र यसैले जनताबाट हिंसात्मक कारवाइ हुन गए पनि असहयोग आन्दोलनको प्रगतिमा मैले हस्तक्षेप गर्नुहुँदैन भन्ने किसिमको सल्लाह दिइएका पत्रहरू म पाइरहेको छु । कोही मकहाँ आउँछन्, र भित्रभित्रै मैले हिंसात्मक कारवाइको साँठगाँठ मिलाइरहेको छु भन्ने ठानेर, मसंग खुल्लम खुल्ला हिंसात्मक आन्दोलनको घोषणा कहिले गर्ने भनी सोध्छन् । गोप्य होस् वा खुल्ला, हिंसात्मक कारवाइबाहेक अरू कुनै पनि कुरादेखि अंग्रेजहरू दब्दैनन् भनी उनीहरू मलाई भन्छन् । अरू त झन्, मैले सुनेको छु, के कुरामा विश्वास गर्छन् रे भने भारतमा बस्ने मानिसहरूमा म जस्तो बदमाश अरू कोही पनि छैन कारण मेरो भित्री मनमा के कुरा छ म बताउन्न, र अर्को के त भने, धेरैजसो मानिसहरूले जस्तै म पनि हिंसामा विश्वास गर्छु भन्ने कुरामा तिनीहरूलाई पटक्कै शङ्का छैन ।

मानिसहरूको धेरै संख्यामा तरवारको सिद्धान्तले यस्तो प्रभाव भएको हुनाले, र असहयोग आन्दोलनको सफलता नै खासगरी हिंसात्मक कारवाइ नभएको अवस्थामा भरपर्ने हुनाले, र यस सम्बन्धी मेरो विचारले धेरै मानिसहरूको आचरणमा असर पार्ने हुनाले, म यी विचारहरू सकेसम्म स्पष्ट प्रस्तुत गर्न चाहन्छु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँ खालि कायरपना र हिंसा दुइथोकमा मात्र रोज्नुपर्ने हुन्छ, निःसन्देह म हिंसा रोज्न सल्लाह दिन्छु । यसैले मेरो जेठो छोराले १९६५ सालमा ममाथि प्राणान्त हुनेगरी हमला हुँदा ऊ सामुन्ने भएको भए, मलाई त्यसै छोडेर उसले भागेर जानु पर्थ्यो कि, अथवा आफूले सकेको र चाहेको शारीरिक बल लगाएर मलाई बचाउन पर्थ्यो, यी दुइमा कुनचाहीं उसले गर्नुपर्ने हुन्थ्यो भनी सोध्दा हिंसा गरेर भए पनि मेरो रक्षा गर्नु उसको कर्तव्य हुनुपर्थ्यो भनी मैले उसलाई सम्झाएँ । मैले बोअर युद्ध तथाकथित जुलू आन्दोलन र पछिल्लो युद्धमा भाग लिएको कारण पनि यही नै हो। हिंसाको उपायमा विश्वास गर्नेहरूको लागि शस्त्र प्रशिक्षणको जरुरत छ भनी मैले भन्दै हिंडेको कारण पनि यही हो । भारतले पनि आफ्नो बेइज्जति भएको नामर्द भएर टुलुटुलु हेरिरहनुको साटो सम्मानको रक्षाको लागि हतियार उठाओस् भन्ने म चाहन्छु ।

तर मेरो विश्वास छ — अहिंसा हिंसाभन्दा धेरै गुणा ठूलो हो, क्षमा दण्डभन्दा धेरै पौरुषपूर्ण छ । क्षमा सिपाहींको गहना हो। तर दण्ड दिने शक्ति भएको अवस्थामा मात्र संयम क्षमा हुन्छ; निःसहाय जीवात्बाट आएको भनी बहाना गरिएको अवस्थामा यो निरर्थक हुन्छ । बिरालोको हातमा आफूलाई सुम्पनुपर्ने अवस्थामा मूसोले त्यो बिरालोलाई कुनै हालतमा क्षमा गर्न सक्तैन । यसैले म ती मानिसहरूको भावनाको कदर गर्छु जो जनरल डायर र उनी जस्ता मानिसहरूको उचित सजायँको लागि आवाज उठाउँछन् । सकेको मात्र भए तिनीहरूले उसलाई धुजा धुजा पार्थे । तर म भारत निःसहाय होला भनी विश्वास गर्दिन । खालि म भारतको र मेरो शक्ति अरू राम्रो काममा प्रयुक्त होस् भन्ने मात्र म चाहन्छु ।

मेरो भनाइको गलत अर्थ नलगाइयोस् । बल भनेको शारीरिक शक्तिबाट आउने होइन । यो नदेख्ने इच्छाबाट प्राप्त हुन्छ । शारीरिक शक्तिको हिसाबले अधिकांश जुलू अधिकांश अंग्रेजभन्दा धेरै गुनामाथि छ । तर ऊ अंग्रेज लडका देखेर पनि भाग्छ, कारण के हो भने ऊ उसको पिस्तौल अथवा पिस्तौल चलाउने मानिसहरूदेखि डराउँछ । ऊ मृत्युदेखि डराउँछ र शरीर जतिसुकै मोटोघाटो भए पनि शक्तिहीन हुन्छ । हामी हिन्दुस्थानका मानिसहरू एक क्षणको लागि सम्झन सक्छौं कि दश लाख अंग्रेजहरू तीस करोड मानिसहरूदेखि डराउनुपर्ने कुनै कारण छैन । खास किसिमको क्षमाको मतलब हाम्रो शक्तिको खास

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किसिमको पहिचान हो । प्रबुद्ध क्षमाको साथमा हामीमा बलको एउटा प्रबल छाल नै आउनुपर्छ, जसले डायर तथा फ्रान्क जोहनशन जस्ता मानिसहरूको लागि पनि भारतको टाउकोमा अनादर थुप्र्याउन असम्भव तुल्याइदिन्छ । तत्काल म आफ्नो कुरा राम्ररी बुझाउन सक्तिन भने मलाई केही छैन । नरिसाउनु तथा प्रतिहिंसात्मक भावना नलिनुमा हामी आफूलाई अति नै दलित अनुभव गर्छौं । तर भारतले दण्डको अधिकारलाई हटाएर धेरै प्राप्त गर्न सक्छ भन्ने कुरा भन्न मैले हट्नु हुँदैन । हामीले धेरै राम्रो काम गर्नु छ संसारलाई धेरै राम्रो जीवन कार्य प्रस्तुत गर्नुपर्छ ।

म स्वप्न दृष्टा होइन । म आफूलाई व्यावहारिक आदर्शवादी भन्छु । अहिंसा धर्म खालि ऋषि र सन्तहरूको लागि मात्र होइन । यो जनसाधारणको लागि पनि हो । अहिंसा मानिसको नियम हो जस्तो हिंसा पशुको । पशुमा आत्मा सुपुप्त रहन्छ, र उसलाई मूढेबलको बाहेक अरू नियम थाहा हुँदैन । मानिसको मर्यादालाई उच्च नियमको, आत्माको शक्तिको पालन हुनुपर्छ ।

मैले भारतको अगाडि आत्मत्यागको पुरानो नियम राखिदिने साहस गरेको छु । सत्याग्रह र यसको हांगा बिंगाको लागि, आत्मत्याग र सविनय आज्ञा भंग, कष्ट सहनका नयाँ नाम मात्र हुन् । हिंसाको माझमा अहिंसाको नियम पत्ता लगाउने ऋषिहरू न्यूटन भन्दा ठूला प्रतिभाका हुन् । तिनीहरू वेलिङ्गटनभन्दा ठूलो योद्धा हुन् । तिनीहरूले हतियारको उपयोगिता जानेर पनि तिनीहरूको निरर्थकता देखे र थकित संसारलाई यसको मुक्ति हिंसामा हैन अहिंसामा छ भनी सिकाए ।

सक्रिय अहिंसाको अर्थ ज्ञानपूर्वक कष्ट सहन हो । यसको माने दुराचारीको इच्छाको अगाडि चूपचाप आफ्नो गर्धन झुकाइदिनु होइन; बरु आततायीको विरुद्ध आफ्नो आत्माको सारा शक्ति लगाइदिनु नै यसको मतलब हो । जीवनको यस नियमलाई पालन गरेर, एकैजना मानिसले पनि आफ्नो इज्जत, धर्म, आत्माको रक्षाको लागि अन्यायी साम्राज्यको सारा शक्तिको टक्कर लिएर त्यस साम्राज्यको पतन अथवा पुनर्जीवनको जग हाल्न सक्तछ ।

यसैले निर्धो भएको हुनाले नै भारतले अहिंसाको व्यवहार गर्नुपर्छ भन्ने मेरो भनाइ होइन । उनको बल तथा शक्तिको ज्ञान भएको हुनाले नै उनले अहिंसाको बाटो लेओस् भन्ने मैले चाहेको हुँ । आफ्नो बल जान्नको लागि उनलाई हतियार चलाउने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रशिक्षणको जरुरत छैन । हामी आफू एक डल्लो मासु जस्तो मात्र लाग्ने गरेको हुनाले हामीलाई यो चाहिए जस्तो देखिएको हो । म चाहन्छु भारत यो कुरा बुझोस् कि ऊसंग एउटा यस्तो आत्मा छ, जसको नाश हुन सक्तैन; जो हर किसिमको शारीरिक कमजोरीमा विजय प्राप्त गर्न सक्तछ र जो सारा संसारको भौतिक संगठनको विरोध गर्न सक्तछ । ·· तरवारको सिद्धान्त लिएर भारतले केही दिनको लागि विजय प्राप्त गर्न सक्ला । तर त्यसबेला मेरो हृदयको गौरव भएर रहन सक्ने छैन । मेरो भारतसंग गहिरो सम्बन्ध छ कारण मैले आफ्नो सारा कुरा उनीबाटै पाएको हुँ । संसारमा भारतको पनि जीवन–कार्य छ भन्ने कुरामा म विश्वस्त छु । तिनीलाई यूरोपको अन्धानुकरण गर्नु छैन । भारतले तरवारको सिद्धान्त अपनाएको बेला मेरो लागि परीक्षाको घडी हुनेछ । आशा गर्छु त्यस बेला म जोहो नभएको भएर रहने छैन । मेरो धर्ममा कुनै भौगोलिक सीमा छैन । यसमा मेरो सजीव श्रद्धा भएमा यसले भारतप्रतिको मेरो प्रेमलाई पनि मात गर्नेछ । अहिंसा हिन्दूधर्मको मूल हो र यही अहिंसा धर्मको पालन गरेर भारतको सेवा गर्नुमा मैले आफ्नो जीवन अर्पण गरेको छु । ७६

जबसम्म म विपक्षीहरूको हृदय परिवर्तन गर्न सक्तिन अथवा पराजय स्वीकार गर्दिन तबसम्म म बहस गर्न छोड्दिन । किनभने मेरो जीवनकार्य नै राजनैतिक, आर्थिक, सामाजिक अथवा धार्मिक कुनै पनि पारस्परिक सम्बन्धलाई व्यवस्थित पार्नको लागि प्रत्येक भारतीग अंग्रेज तथा अन्ततः संसारैलाई समेत अहिंसाव्रती बनाउनु हो। यसमा मलाई साह्रै ठूलो आकांक्षा राखेको दोष लाग्छ भने ठीकै हो, म मान्छु । मेरो सपना विपना हुनै सक्तैन भनी कोही भन्छ भने म भन्छु, "यो हुन सक्छ," र आफ्नो काम गर्दै जान्छु । म अहिंसाको पक्का सिपाहीं हुँ, र मेरो श्रद्धालाई टेवा दिने मसंग प्रशस्त बल छ । मेरो साथ दिने यसैले, कोही होस् वा नहोस्, म आफ्नो प्रयोग गर्दै जान्छु । ७७

अमेरिकन साथीहरूले के कुरा भनेका छन् भने संसारमा अहिंसा धर्मको प्रचार कुनै कुराबाट हुन सक्छ भने अणुबमबाट मात्र हुन्छ । ठीक हो, यदि यसको मतलब यसको विनाशक शक्तिले संसारलाई त्यत्तिको वाक्क तुल्याउँछ भन्नु हो भने, यसको तत्कालको लागि मानिसलाई हिंसाबाट विमुख तुल्याउंछ भन्नु हो भने । यो कुरा मीठा परिकारहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नअघाउञ्जेल खाएर अघाइसकेपछि, त्यो अघाएकोबाट भएको असर छुटेपछि फेरि दुगुना रुचिले त्यही खानेकुरो खान थाल्नु जत्तिकै हो । ठीक यस्तै प्रकारले वाक्क लाग्न छोडेपछि संसार फेरि उत्तिकै जोशले हिंसाकर्ममा प्रवृत्त हुनेछ ।

अक्सर असल खराबबाट निस्कन्छ। तर त्यो ईश्वरको काम हो, मानिसको होइन। मानिसलाई थाहा छ– खराबबाट खराबै मात्र हुन्छ, असलबाट असलै मात्र ··अणुत्रमको दु:खद् घटनाबाट बुझ्नुपर्ने कुरा के छ भने यसको निर्मूल गर्ने काम यस्तै किसिमको अरू बमबाट हुँदैन, जस्तो हिंसाको निवारण हिंसैबाट हुन सक्तैन । मानवजातिले हिंसाबाट पार पाउने हो भने अहिंसाको मार्ग अपनाउनुपर्दछ । घृणामाथि प्रेमले मात्र विजय पाउन सकिन्छ। प्रति-घृणाले घृणाको बाहिरी र भित्री दुवै भाग बढाउने मात्र गर्दछ ।

मलाई थाह छ– म यहाँ त्यही कुरा मात्र दोहोऱ्याइरहेको छु जुन मैले अगाडि धेरै बाजी भनिसकेको छु र मेरो योग्यता र सामर्थ्य व्यवहार गरिआएको छु । पहिले मैले जे कुरा भनें त्यो कुनै नौलो कुरा होइन। यो पहाड जत्तिकै पुरानो हो। खालि के त भने कुनै किताबको सूत्र कण्ठस्थ नबांचिकन आफ्नो दिलमा लागेको कुरो मैले खसोखास भनें। जीवनको विभिन्न पक्षको साठी वर्षको अनुशीलनले खालि विश्वासलाई बढाएको छ जसलाई साथीहरूको अनुभवले सुदृढ तुल्याइदियो । तर यो मध्यवर्ती सत्य लिएर मानिस अलिकति पनि नहच्किकन एक्लै खडा हुन सक्तछ। विश्वास नगर्ने मानिसहरू भएसम्मन् सत्यलाई बराबर दोहोऱ्याइरहनु आवश्यक छ भनी वर्षौं अगाडि मायक्स मुलरले भनेको कुरामा म विश्वास गर्छु। ७८

भारतले अहिंसालाई आफ्नो धर्म बनायो, र म बाँचि नै रहें भने, भारतमै बस्न म पर्वाह गर्दिन। म तिनीलाई लिएर कुनै गौरवको अनुभव गर्नेछैन। मेरो देशभक्ति मेरो धर्मको सहायक छ। बालक आमाको छातीमा टाँसिए जस्तै म भारतमा टाँसिएको छु किनकि म अनुभव गर्छु मलाई चाहिएको आध्यात्मिक पोष म उनैबाट पाउँछु। मेरो उच्च आकांक्षा सुहाउँदो वातावरण त्यहीं छ। त्यही श्रद्धा नभएपछि मलाई संरक्षक पाउने आशा नभएको टुहुरो जस्तै अनुभव गर्नेछु। ७९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ५

आत्म–अनुशासन

सभ्यता, साँचो अर्थमा, खाँचोको संख्यावृद्धिमा होइन कि जानाजान तथा स्वेच्छापूर्ण निरोधमा रहन्छ। यसैले नै साँच्चिको सुख तथा सन्तोष दिन्छ, र सेवा गर्ने सामर्थ्य बढाइदिन्छ । १

शारीरिक सुसङ्गति र आरामको केही हदसम्म आवश्यकता छ, तर त्योभन्दा वढी भयो भने सहायक नभै बाधक हुन्छ। यसैकारण असीमित संख्यामा खाँचोहरूको सिर्जना गर्ने र तिनीहरूको पूर्ति गर्ने आदर्श एउटा भ्रम तथा जाल जस्तो देखिन्छ। मानिसको शारीरिक आवश्यकताको, उसको संकुचित आत्माको बौद्धिक आवश्यकताको पनि, पूर्ति शारीरिक तथा बौद्धिक विलासमा गएर च्यूत हुनुभन्दा अगाडि एउटा विन्दुमा गै टक्क रोकिन्छ। मानिसले आफ्नो शारीरिक तथा सांस्कृतिक स्थितिहरूलाई आफ्ना सारा शक्तिहरू केन्द्रित हुनुपर्ने मानवताको सेवामा बाधा दिन नपाउने गरी मिलाउनु पर्छ। २

शरीर र मनको सम्बन्ध यत्ति घनिष्ट छ कि एउटा मात्र बिग्रियो भने पनि सारा कुरा नै बिग्रिनेछ । यसबाट के देखिन्छ भने शुद्ध चरित्र साँचो अर्थमा सुस्वास्थ्यको जग हो; र हामी भन्नसक्छौं सबै खराब विचारहरू र सबै खराब भावनाहरू रोगका विभिन्न रूप मात्र हुन् । ३

शुद्ध स्वास्थ्यको प्राप्ति गर्न ईश्वरका नियमहरूको पालना गरेर तथा पिशाचको शक्तिको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिरोध गरेर मात्र सकिन्छ । साँच्चिको सुख साँच्चिको स्वास्थ्य नभै सम्भव हुँदैन र साँच्चिको स्वास्थ्य स्वादको कठोर नियन्त्रण नभै सम्भव हुँदैन । स्वादेन्द्रिय वशमा आएपछि अरू सारा इन्द्रियहरू आफैं वशमा आउँछन् । जसले इन्द्रियलाई जितेको छ उसले सारा संसारलाई नै जितेको हुन्छ, र ऊ ईश्वरको अंश हुन्छ । ४

म पत्रकार भएको खालि पत्रकारिता गर्नको लागि नभै मैले आफ्नो जीवन कार्य भनी सम्झेको कुराको सहायताको लागि हो । मेरो जीवन–कार्य कठोर नियन्त्रणमा उदाहरण र उपदेशद्वारा सत्य र अहिंसाको प्रत्यक्ष परिणाम भएको सत्याग्रहको बेजोड शस्त्रको उपयोग सिकाउनु हो । जिन्दगीमा भएका अनेकौं खराबीहरूको लागि अहिंसा बाहेक अरू कुनै उपाय छैन भनी देखाउन म उत्सुक छु, अधीर छु । यो यस्तो द्रावक हो जसले कठोरतम हृदयलाई पनि पगाल्न सक्तछ । मेरो श्रद्धानुसार चल्ने हो भने, यसैले, मैले रीस वा द्वेषमा लेख्नु हुँदैन । निरर्थक लेख्नु हुँदैन । खालि उक्साउन पनि लेख्नु हुँदैन । विषय र शब्दावलिको छनोटमा हप्तौं हप्तौं मैले गर्नुपरेको संयमको ज्ञान पाठकलाई हुन सक्तैन । यो मेरो लागि एक प्रकारको तालीम हो । यसले मलाई आफूभित्र चियाई हेर्न र आफ्नो कमजोरीहरू पत्ता लगाउनसक्ने तुल्याउँछ । मेरो अहङ्कारले गर्दा अक्सर अभिव्यक्ति तीक्ष्ण अथवा मेरो रीस कठोर हुन जान्छ । यो अग्नि–परीक्षा अवश्य हो तर यी झारपात हटाउने राम्रो अभ्यास पनि हो । पाठकले तरुण भारतका पृष्ठहरू राम्ररी सजिएको देख्तछ र कहिले काहीं, रोमां रोलांसंगै, भन्न खोज्छ "यो कस्तो राम्रो बूढो होला !" संसारले बुझोस् कि यो राम्रोपनाको विकास सावधानी तथा प्रार्थनापूर्वक गरिएको हो । र, यदि यो कुरा कसैलाई, जसको राय मैले मान्ने गरेको छु, स्वीकार्य ठहरिन गयो भने, पाठकले जानोस् कि त्यो राम्रोपना साँच्ची नै स्वाभाविक भएपछि, अर्थात्, म दुश्कृय गर्न नसक्ने भएपछि तथा मेरो विचार–संसारलाई, एकै क्षणको लागि भए पनि, कुनै कठोर तथा अहङ्कार भावनाले नछोप्ने भएपछि मात्र मेरो अहिंसाले सारा संसारको हृदयलाई चलाउनसक्ने छ । मैले आफ्नो तथा पाठकको सामुं कुनै असम्भवको आदर्श अथवा परीक्षा प्रस्तुत गरेको छैन । यो त मानिसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषाधिकार तथा जन्मसिद्ध अधिकार हो । हामीले पुनःप्राप्त गर्नको लागि मात्र स्वर्गलाई गुमाएका छौं । ५

मैले रीसलाई वशमा राख्ने सबैभन्दा ठूलो पाठ तीतो अनुभवद्वारा सिकेको हुँ, र वशमा राखिएको गर्मी शक्तिमा परिणत भए झैं निमन्त्रणमा राखिएको हाम्रो रीसलाई पनि संसारैलाई चलाउनसक्ने शक्तिमा परिणत गर्न सकिन्छ । ६

म रिसाउँदै रिसाउन्न भन्ने कुरा होइन । म रीसलाई बाटो दिन्न । क्रोधहिनताको रूपमा धैर्यको गुणको म विकास गर्छु, र साधारणतः भन्ने हो भने, म सफल हुन्छु पनि । रीसलाई उठेको वेलामा मात्रै म नियन्त्रण गर्छु । मैले यसलाई नियन्त्रण गर्न सकिने कसरी पाएँ भन्ने प्रश्न निरर्थक हो, किनकि यो यस्तो वानी हो जसलाई मानिसले निरन्तरको अभ्यासद्वारा विकास गरेर निर्माण गर्न सफल हुनुपर्छ । ७

आफूले गरेको कामको परिणामहरूबाट भाग्न खोज्नु अनैतिक र अनुचित हो । धेरै खाने मान्छेको लागि कठोर वेदना हुनु र उपवास बस्नु जाति छ । धेरै खानमा लागेर त्यसको परिणामबाट टनिक अथवा अरू औषधी खाएर बच्नु राम्रो होइन । आफ्ना पाशविक इच्छाहरू पूर्ति गर्नु र आफ्ना कामहरूको परिणाम-हरूबाट भाग्नु झन् नराम्रो हो । प्रकृति निष्ठुर छ र यसरी आफ्नो कुनै नियम भङ्ग भएकोमा पूर्ण प्रतिशोध लिनेछ । नैतिक संयमहरूबाट खालि नैतिक परिणाम मात्र निस्कन सक्छ । अरू सारा संयमबाट जसको निमित्त ती संयम गरिएका हुन् त्यो उद्देश्य नै विफल हुनेछ । ८

अरू कसैको दोष पत्ता लगाएर उसमाथि इन्साफ गर्न बस्नु हाम्रो काम होइन । आफ्नो मात्र इन्साफ गर्दैमा हामी थाक्ने हुनुपर्छ, र आफूमा एउटा मात्र दोष देखेसम्म र यस्तो दोषको लागि हाम्रा- नातेदार तथा इष्टमित्रले हामीलाई नछोड्नुन् भन्ने लागेसम्म हामीले हाम्रो नाक अर्काको आचरणमा घुसाई हिँड्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो कुनै अधिकार छैन । नखोजेर पनि हामीले अर्काको दोष देख्न पुग्यौं भने हामीसंग शक्ति भएर उचित लागे उसलाई आफै हेर्न भन्नसक्छौं तर अरू कसैलाई यसो भन्नु हाम्रो अधिकार होइन । ९

भावनाहरूमा धेरै सोच्ने नगर । एकचोटि एउटा निष्कर्षमा आइसकेपछि यसमाथि फेरि सोच्ने नगर । संकल्प गर्नुको मतलब हो मनले त्यो संकल्पको विषयमा अरू बढता सोच्न छोड्नु । कुनै मालताल वेचिसकेपछि ती मालतालबारे पसलेले केही सोच्तैन, ऊ खालि अरू मालतालबारे सोच्तछ । संकल्पको विषयमा पनि यस्तै हो । १०

ईश्वरकै स्वरूप भएको सत्यको दर्शन गर्न चाहने मानिसको लक्षण के हो भनी तपाईं जान्न चाहनुहोला । ऊ रीस राग, लोभ–लालच, डर अहङ्कारबाट मुक्त हुनुपर्छ । उसले आफूलाई शून्यमा परिणत गर्नुपर्छ र जिभ्रो अथवा स्वाददेखि लिएर आफ्ना सारा इन्द्रियलाई वशमा राख्नुपर्छ । जिभ्रो बोली र स्वाद दुवैको अंग हो । जिभ्रैद्वारा हामी अतिशयोक्ति, असत्यता र अरूको मन दुख्ने वचन बोल्नेमा लाग्छौं । स्वादको लालचले हामीलाई जिभ्रोको दास यस प्रकार बनाइ दिन्छ कि हामी खानैलाई बाँच्न थाल्छौं । तर उचित अनुशासनद्वारा हामी आफूलाई "देवदूतभन्दा अलिकति मात्र तलको" प्राणी बनाउन सक्छौ । जसले आफ्ना इन्द्रियहरूलाई वशमा लिएको हुन्छ ऊ मानिसहरूमध्ये श्रेष्ठ हो । उसमा सबै गुणहरू विद्यमान हुन्छन् । उसैद्वारा ईश्वर प्रकट हुन्छ । आत्मानु–शासनको शक्ति यस्तो छ । ११

ईश्वरका आज्ञाहरू भनी प्रख्यात भएका आचरणसम्बन्धी सबै सर्वदेशीय नियमहरू इच्छा मात्र भए, बुझ्न र पालन गर्न सरल र सहज छन् । मानवजातिलाई छोपिराखेको आलस्यले गर्दा मात्र ती आचरणहरू दुष्कर देखिएका हुन् । प्रकृतिमा कुनै पनि कुरा निश्चल छैन । निश्चल केही छ भने ईश्वर मात्रै छ किनभने उहाँ हुनुहुन्थ्यो, हुनुहुन्छ र हुनुहोला, र अझ चलायमान हुनुहुन्छ । ...... यसैले मेरो धारणा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ– मानवजातिले बाँच्ने नै हो भने बढ्दो मात्रामा सत्य र अहिंसाको अधीनता–लाई स्वीकार गर्नुपर्छ । १२

जस्तो वैज्ञानिक परीक्षा गर्नको लागि वैज्ञानिक शिक्षा अनिवार्य हुन्छ, त्यस्तै आध्यात्मिक क्षेत्रमा परीक्षा गर्न योग्य हुनको लागि मानिसलाई कठोर प्रारम्भिक अनुशासनको जरुरत पर्दछ । १३

मादक पदार्थ अर्थात् रक्सी, गाँजा, भाङ्, तथा धतुरा आदि लागू लाग्ने । खानेकुरा, खास गरी मासुको परहेज गर्नु आत्माको विकास गर्नमा निःसन्देह ठूलो सहायक हुन्छ । तर यही नै साध्य होइन । मासु खाने तथा ईश्वरको भय मानेर बस्ने मानिसहरू, धार्मिक भावनाले मासु र धेरै अरू कुराहरू खान बार्ने तर आफ्नो कामै पिच्छे ईश्वरको निन्दा गर्ने मानिसहरूभन्दा धेरै नै मोक्षको नजीक हुन्छन् । १४

अनुभवले बताएको छ कि आफ्ना इन्द्रियहरूलाई वशमा लिन खोज्ने मानिसहरूलाई मांस जस्ता जीवको खाद्य पदार्थ सुहाउँदैन । चरित्र निर्माणमा अथवा आफूलाई वशमा राख्न खानाको जुन महत्व हुन्छ त्यसको बढी मूल्याङ्कन गर्नु ठीक छैन । आहारा एउटा शक्तिशाली कुरा हो जसलाई वेवास्ता गर्न सकिंदैन । तर आहाराको हिसाबले सारा धर्मको सार निकाल्नु, जस्तो कि अक्सर भारतमा गरिन्छ, आहार सम्बन्धी सबै परहेजको वास्ता नगर्नु तथा आफ्नो रुचिलाई पूरा लगाम छोड्दिनु जत्तिकै गलत कुरा हो । १५

मौनव्रत सत्यको पुजारीको आध्यात्मिक अनुशासनको एउटा अंग हो भन्ने कुरा अनुभवले मलाई सिकाएको छ । अतिशयोक्ति गर्नु, बुद्धि पुऱ्याई वा नपुऱ्याई सत्यलाई दबाउनु वा त्यसको संशोधन गर्न तत्परता देखाउनु मानिसको प्राकृतिक कमजोरी हो, र यो कमजोरी हटाउनका लागि मौनव्रत आवश्यक हुन्छ । धेरै नबोल्ने मानिस विरलै नै उसको बोलीमा विचारहीन हुन्छ; उसले प्रत्येक शब्दको जोखतौल गर्छ । १६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो (मौनव्रत) मेरो लागि शारीरिक तथा आध्यात्मिक आवश्यकता भएको छ। शुरूमा यो दवावको भावनावाट मुक्त हुन लिइएको थियो। त्यसपछि मलाई लेख्नको लागि समय चाहियो। केही कालसम्म अभ्यास गरिसकेपछि मैले यसमा आध्यात्मिक महत्व देखें। ईश्वरसंग स्थापित गर्न सकिने समय यही हो भन्ने मलाई झल्याँस्स भयो। अव त मलाई प्रकृतिले नै मौनव्रती बनाएको हो कि जस्तो लाग्छ। १७

सिइएको ओठको मोनता मौनता होइन। जिभ्रो काटी फ्याँकेर पनि मानिस नवोल्ने हुनसक्छ, तर त्यो मौनता होइन। मौनव्रती त्यो हो जो बोल्नसक्ने भएर पनि नचाहिने कुरा बोल्दैन। १८

सबै शक्ति जीवनको सृष्टिलाई उत्तरदायी भएको जीवनी शक्तिको रक्षण र उदात्तीकरणबाट आउंछ। यो जीवनी शक्तिलाई निरन्तर तथा अज्ञानतापूर्वक पनि नराम्रा अथवा सिंग न पुच्छर भएको, खलवलिएको, नचाहिने विचारहरूले नष्टभ्रष्ट गर्दै गइरहेको हुन्छ। विचार नै सबै कर्म तथा वचनको मूल भएको हुनाले, विचार जस्तो हुन्छ कर्म तथा वचन पनि त्यस्तै हुन्छ। यसैले राम्रोसंग नियन्त्रण गरिएको विचार नै उच्चतम क्षमता भएको शक्ति हो र यो स्वचालित हुन्छ। ... मानिस ईश्वरको अनुरूप छ भने उसले आफूलाई छुट्याइदिएको सीमित क्षेत्रमा कुनै कुराको इच्छा मात्र गर्नुपर्दछ, त्यो हुन्छ। कुनै पनि किसिमले आफ्नो वलवीर्य छिन्नभिन्न गरिरहने मानिसमा यस्तो शक्ति हुनु सम्भव छैन। १९

शरीरको माध्यमबाट भोग गर्नु यसको विचारलाई भोग गर्नुभन्दा उत्तम छ। इन्द्रियसम्बन्धी इच्छाहरूलाई मनमा उठ्नेवित्तिकै अस्वीकार गरी दबाउन खोज्नु राम्रो हो; तर शारीरिक भोग नपाएर, मन त्यसैको सोचविचारमा लटपटिन थाल्यो भने, शरीरको भोकलाई तृप्तगर्नु उचित हुन्छ। यसवारे मलाई कुनै शङ्का छैन। २०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौन इच्छा एउटा राम्रो र उत्तम कुरा हो । यसमा लाज मान्नुपर्ने कुरा केही छैन । तर यो खालि सृष्टिको कामलाई मात्र हो । अन्यथा यो ईश्वर र मानव-जातिकै विरुद्धको पाप कर्म हुन्छ । २१

संसार क्षणिक महत्त्वका कुराहरूको मात्र पछि दगुरिरहेको देखिन्छ। अरू कुराको लागि ऊसंग समयै छैन। तैपनि अलि गहिएर विचार गर्‍यो भने, अन्तमा गएर चिरस्थायी कुराहरूकै महत्त्व हुन जाने कुरा स्पष्ट हुन्छ । ··· ··· एउटा यस्तो कुरा ब्रह्मचर्य हो।

ब्रह्मचर्य भनेको के हो ? यो जीवनको तरीका हो जसले हामीलाई ब्रह्म अर्थात् ईश्वरकहाँ लैजान्छ। सन्तानोत्पत्तिको प्रक्रियामाथि पूर्ण नियन्त्रण पनि यसमा हुन्छ। यो नियन्त्रण मनसा, वाचा, कर्मणा हुनुपर्छ। मनको नियन्त्रण भएन भने अरू दुइ कुराको केही महत्त्व हुँदैन। ··· ··· मनलाई नियन्त्रणमा राख्ने मानिसको लागि, अरू कुरा केटाकेटीको खेल हुन्छ। २२

यो सत्य हो कि जो पूर्ण ब्रह्मचर्यावस्थामा पुगेको छ उसलाई पर्खालहरूको रक्षागर्ने जरूरत पर्दैन। तर शिकारुको लागि त्यसको जरूरत छ जस्तो कि एउटा भर्खरको आँपको बोटलाई वरिपरि बलियो वारको दरकार हुन्छ। बालक आमाको काखबाट झुलभामा र झुलनाबाट तान्ने गाडीमा जान्छ– अनि पछि मात्र कुनै मद्दतविना हिंड्न जान्ने मानिस हुन्छ। नचाहिने भएपछि पनि मद्दतमा टाँसिइरहनु अवश्य हानिकारक हो। मलाई यस्तो लाग्छ– साँच्चिको शिकारुलाई पनि उक्त बंधेजहरूको जरूरत छैन। ब्रह्मचर्य भनेको बाहिरी निषेधहरूद्वारा संबर्द्धन हुनसक्ने गुण होइन। आइमाईसंगको आवश्यक संपर्कबाट पनि भाग्ने मानिसले ब्रह्मचर्यको पूरा माने बुझेको हुँदैन। कुनै आइमाई जतिसुकै आकर्षक भए पनि, उनको आकर्षणले इच्छै नभएको पुरुषमाथि कुनै असर पार्दैन। ··· ···

साँच्चीको ब्रह्मचारीले झूठा संयमहरूको पर्वाह गर्दैन। आनवश्यक देखिएमा भत्काउँदै जानेगरी उसले आफ्नो स्थिति हेरी आवश्यकतानुसारको वार लगाउनुपर्छ। सबभन्दा पहिले साँच्चिको ब्रह्मचर्य के हो त्यो जान्नुपर्छ, त्यसपछि यसको महत्त्व थाहा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउनुपर्छ, र अन्तमा यो अमूल्य गुणको संवर्द्धन गर्न यत्न गर्नुपर्छ । मेरो विचारमा देशको साँच्चिकैको सेवाको लागि यो गुणको पालन गर्नु आवश्यक छ। २३

मैले आफ्नो अनुभवबाट थाहा पाएको कुरा हो– मैले मेरी जहानलाई वासना पूर्तिगर्ने साधनको दृष्टिले हेरेसम्म, हामीमा साँच्चिको सूझवूझ भएन । हाम्रो प्रेम उच्च तहमा पुग्दै पुगेन। हामीमा माया नभएको होइन, थियो, तर भनूं, जतिजति मैले, संयम गर्न थालें, उतिउति हामी नजीक हुँदै गयौं । मेरी जहानमा कहिल्यै संयम नभएको होइन। बराबर तिनी संयम देखाउँथिन्, तर बराबर अनिच्छा प्रकट गरेपनि तिनीले कहिल्यै आफ्नो प्रतिरोध गरिनन्। मैले विषय भोग गर्न चाहेको कुनै पनि वेला मैले उनलाई तृप्त पार्न सकिन। विषय भोगको जीवनलाई विदा दिएको क्षणदेखि हाम्रो सारा सम्बन्ध आध्यात्मिक भयो। लालसा हरायो, प्रेम पल्हायो। २४

ब्रह्मचर्यको वाह्य सहायताको रूपमा, उपवास पनि खानाको छनोट र परहेज जत्तिकै आवश्यक छ। इन्द्रियहरू यत्तिका शक्तिशाली छन् कि तिनीहरूको नियन्त्रण तल-माथि वरिपरि राम्ररी वार लगाएपछि मात्र गर्न सकिन्छ। सबैलाई थाहा भएको कुरा हो कि खाना नपाएमा तिनीहरूको केही हस्ती हुँदैन, र यसैले, मलाई विश्वास छ, इन्द्रियहरूलाई वशमा लिनको निमित्त गरिएको उपवास धेरै सहायक हुन्छ। कसै-कसैलाई, उपवासबाट केही फाइदा हुँदैन, किनभने यान्त्रिक उपवास नै सुरक्षित रहन यथेष्ट छ भन्ठानेर उनीहरू आफ्ना शरीरलाई खान नदिई राख्छन्, तर उपवास सकिएपछि यो-यो खाउँला, यो-यो पिउँला भन्ने विचारमा, अनेकौं किसिमको स्वादिष्ट कुराहरूको मनैमन स्वाद लिएर बस्छन्। यस्तो उपवासबाट तिनीहरूलाई स्वाद, लालसा कुनै पनि कुराको नियन्त्रण गर्न मद्दत हुँदैन। उपवास उपयोगी त्यो बेला हुन्छ जब मनले भोकाएको शरीरको सहयोग गर्छ, अर्थात्, जब यसले शरीरलाई नहुने कुराहरूमा अरुचिको विकास गर्छ। मन रसरंगको मूल हो। उपवासको उपयोग, यसैले, सीमित हुन्छ, किनकि उपवास लिने मानिस इन्द्रियको वशमा परी नै रहनसक्छ। २५

सबै किसिमको अवस्थामा र हरसम्भव प्रलोभनमा पनि अडेर रहन सके मात्र ब्रह्मचर्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मचर्य हुन्छ। एउटी राम्री आइमाई एउटा लोग्नेमान्छेको सङ्मर्मर सालिकनिर गई भने, त्यो सालिकलाई केही पनि हुँदैन। ब्रह्मचारी पनि त्यो सालिक जस्तै हो । तर जसरी संङमर्मरको मूर्तिले आफ्ना आँखा कानहरूको प्रयोग गर्दैन, त्यस्तै, मानिसले पनि कुकर्म गर्नुपर्ने हर स्थितिलाई छोड्न सक्नुपर्छ।

तपाईं भन्नु होला– आइमाईको दर्शन र संगत आत्मसंयमका शत्रु हुन् र यसैले वर्जित छ। यो तर्क दोषयुक्त छ। आइमाईलाई सेवाको लागि साथमा राखिएको भए पनि, त्यो साथलाई छोडेर मात्र पालन गर्न सकिने हो भने त्यो ब्रह्मचर्य भनिनै सुहाउँदैन। यो त नभै नहुने मानसिक अनासक्तिद्वारा असमर्थित शारीरिक त्याग मात्र हो, र यसले हामीलाई संकटकालमा डुबाइदिन्छ। २६

पश्चिमी देशको निकटतम सम्पर्कमा दक्षिण अफ्रिकामा म बीस वर्षसम्म बसें । हाय्-म्लक एल्लीस, बर्ट्राण्ड रस्सेल जस्ता प्रतिष्ठित लेखकहरूको यौन सम्बन्धी लेखहरू, तथा तिनीहरूका सिद्धान्तहरू मैले जानेको छु । उनीहरू सबै प्रतिष्ठा, विश्वस्तता तथा अनुभव भएका विचारक हुन् । तिनीहरूले आफ्नो विश्वासको लागि तथा त्यस-लाई अभिव्यक्ति दिनको लागि दुःख पाएका छन् । एकातिर विवाह, आदि जस्ता कुराहरू र प्रचलित आचारसंहितालाई पूरापूर अस्वीकार गर्छन् त– त्यसैमा मेरो तिनीहरूसँग मतभेद छ–, अर्कोतिर यी कुरा तथा प्रचलनहरूबाट छुट्टै जीवनको विशुद्धताको सम्भावना र वाञ्छनीयतामा तिनीहरू दृढ विश्वास गर्छन् । पश्चिममा मैले यस्ता महिला र पुरुषहरूलाई देखेको छु जसले प्रचलित चलन र सामाजिक रीतिहरू पालन नगर्ने, नमान्ने भएतापनि, विशुद्ध जीवन बिताउने गरिरहेका छन् । मेरो खोजी अलि-कति त्यतातिर पनि छ । यदि तपाईं सुधारको, आवश्यक भएको ठाउँमा पुरानो कुरा त्याग्नुको, र वर्तमान युगलाई सुहाउने आचार र आचार-नीतिको नयाँ पद्धति निर्माणको आवश्यकता र वाञ्छनीयता मान्न हुन्छ भने, अरूको अनुमति माग्ने अथवा अरूलाई सम्झाउने, प्रश्नै उठ्दैन । सुधारक भनेको अरूको हृदय परिवर्तन होला भनी पर्खेर बस्नसक्तैन; उनले नेतृत्व लिएर सबैतिरबाट विरोध हुँदा पनि एक्लै आँट गरेर अगाडि बढ्नुपर्छ । म ब्रह्मचर्यको प्रचलित परिभाषालाई जाँच्न, विस्तार गर्न र संशोधन गर्न चाहन्छु ...... मेरो ध्यान, अनुभव र अध्ययनको आधारमा । यसैले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौका पाएको बखतमा म यसलाई छोड्दिन न यसबाट भाग्छु नै। यसको उल्टो, यसको सीधा सामना गर्नु र यसबाट कहाँ पुगिन्छ र म कहाँ खडा छु भन्ने पत्ता लगाउन म आफ्नो आफ्नो कर्तव्य, धर्म, सम्झन्छु । कुनै आइमाईसँग सम्पर्क नराख्नु, अथवा डराएर यसबाट भाग्नु, साँच्चैको ब्रह्मचर्य खोज्ने मानिसको लागि नसुहाउने, कुरा म सम्झन्छु । विषय तृप्तिको लागि मैले कहिल्यै यौन सम्पर्क खोज्न अथवा बढाउन खोजेको छैन । ममा यौनभावना निर्मूलै भैसक्यो भन्ने मेरो भनाइ होइन । मेरो भनाइ म यसलाई नियन्त्रणमा राख्न सक्छ भन्नु मात्र हो । २७

जन्म निरोधसम्बन्धी सारा विचार गलत र हानिकारक छ । यसका समर्थकहरूको भनाइ अनुसार, पाशविक प्रवृत्तिलाई तृप्त गर्नु मानिसको अधिकार मात्र होइन, कर्तव्य पनि हो र उसले यो कर्तव्य पूरा नगरेमा उसको विकास नै अवरुद्ध हुनेछ । मलाई लाग्छ यो भनाइ सत्य होइन । कृत्रिम तरीका अपनाउने मानिसबाट आत्म-संयमको आशा गर्नु व्यर्थ छ । निःसन्देह जन्म निरोधको पक्ष समर्थन, पशु प्रकृतिलाई रोक्न सम्भव छैन भन्ने कुराको आधारमा गरिएको छ । यस्तो संयम हुनै सक्तैन वा आवश्यकै छैन वा हानिकारक छ भनी भन्नु सबै धर्मलाई अस्वीकार गर्नु हो । किनकि धर्मको सारा स्वरूप नै आत्मनियन्त्रणको जगमा अडेको छ । २८

जन्म निरोधकहरूद्वारा जन्मनिरोध गर्न विषयमा म फरि फर्कन चाहन्छु । कानमा बराबर परिइरहेको छ कि यौन इच्छा पनि कानून अनुसार लिइएको ऋण चुक्ता गर्ने कर्तव्य जस्तै पवित्र कर्तव्य हो र यसो नगर्नाले बौद्धिक ह्रासको दण्ड भोग्नुपर्ने हुन्छ। यो यौन इच्छालाई सन्तानेच्छाबाट अलग्ग छुट्याइएको छ; र जन्मनिरोधकको प्रयोगका समर्थकहरूको भनाइ के छ भने गर्भधारण एउटा यस्तो दुर्घटना हो जसलाई दुबै थरिले छोराछोरी पाउने इच्छा गरेमा बाहेक अरू अवस्थामा रोक्न आवश्यक छ । म भन्न साहस गर्छु कि जहाँसुकै प्रचार गरिने भए पनि यो जतिको हानिकारक सिद्धान्त अरू कुन छैन; जहाँका मध्यमवर्गीय पुरुष जनसंख्या सिर्जनात्मक शक्तिको दुरुपयोगद्वारा नपुंसक भएका छन् त्यस्ता भारत जस्ता देशमा त यो अझै हानिकारक छ। यौन इच्छाको तृप्तिलाई नै कर्तव्य भन्ने हो भने अप्राकृतिक दुष्कर्म तथा तृप्तिका अरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कतिपय उपायहरू प्रशंसायोग्य हुन्छन् । पाठकले जानिराख्नुपर्छ कि प्रसिद्ध-प्रसिद्ध मानिसहरूले पनि यौन विकृति भनी सबैलाई थाहा भएका कुराहरू स्वीकार गरेको थाह भएको छ। यो कुरा सुनेर पाठकलाई आघात पर्ला । तर यसले कुनै प्रकारले सामाजिक मान्यता प्राप्त गऱ्यो भने लडका लडकीहरूमा समलिङ्गी नै मिलेर आफ्नो इच्छा पूरा गर्ने रीति हुन जानेछ । मेरो लागि जन्मनिरोधक उपायहरूको प्रयोग ती साधन हरूभन्दा केही फरक छैन जसको आश्रय मानिसहरूले आफ्नो यौन इच्छाको पूर्तिको लागि लिएका छन् जसको परिणाम कमैलाई मात्र थाह छ । पाठशालामा पढ्ने लड्का लडकीहरूमा यो गुप्त पापले कति उधुम मचाएको छ भन्ने कुरा मलाई थाह छ । विज्ञानको नाममा जन्म निरोधकको प्रचलन तथा समाजका प्रसिद्ध नेताहरूले दिएको प्रमाङ्गीले गर्दा हालत झन् अपठ्यारो पर्न गएको छ र सामाजिक जीवनमा विशुद्धता ल्याउन खोज्ने सुधारकहरूलाई काम गर्न तत्कालको लागि असम्भवप्राय: भएको छ । म कुनै गोपनीयता भङ्ग गरिरहेको हुन्न जब म पाठकलाई सुनाउँछु कि, विद्यालय र महाविद्यालयमा पढिरहेका कैयौं यस्ता कच्चा उमेरका अविवाहित लडकीहरू छन् जो खूब चाख लिएर जन्मनिरोधसम्बन्धी साहित्य र पत्रपत्रिकाहरू पढ्छन् र जन्मनिरोधका साधनहरू लिएर पनि हिंड्छन। यस्ता कुराहरूको प्रयोग विवाहिता आइमाईहरूमा मात्र सीमित राख्न सकिने कुरा होइन । विवाहको तात्पर्य र उपयोगलाई पाशविक प्रवृत्तिको तृप्ति मात्र सम्झेर यस्तो तृप्तिबाट हुने स्वाभाविक परिणामको वास्ता गरिएन भने विवाह भन्ने कुरामा जुन पवित्र भावना रहेको छ त्यही बिलाउन थाल्छ । २९

मलाई योगी भन्नु ठीक छैन । जुन आदर्शहरूले मेरो जिन्दगीलाई व्यवस्थित गरिरहेका छन् ती सबै सम्पूर्ण मानवजातिले ग्रहण गरुन् भन्नाका लागि प्रस्तुत छन् । क्रमिक विकासबाट मैले तिनीहरूलाई प्राप्त गरेको हूँ। प्रत्येक कदम राम्रोसँग सोची सम्झी असाध्यै बुद्धि पुऱ्याएर चालेको थिएँ । अहिंसा र ब्रह्मचर्य दुबै मैले आफ्नो व्यक्तिगत अनुभवबाट पाएको हूँ र यी दुवै मेरो सार्वजनिक सेवाको जिन्दगीलाई आवश्यक भएका छन् । दक्षिण अफ्रिकामा गृहस्थी, वकिल, समाज सुधारक वा राजनीतिज्ञ कुनै पनि रूपमा एक्लो जीवन बिताउनु पर्दा यी कर्तव्यहरूको उचित पालनाको लागि मलाई यौन जीवनको कठोरतम नियमहरूको पालन गर्नुपरेको थियो र आफ्नै देशवासी वा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यूरोपेली, सबै मानिसहरूको सम्बन्धमा सत्य र अहिंसाको कठोर उपासना गर्नुपरेको थियो । म आफूलाई औसत भन्दा कमै योग्यता भएका औसत मानिसभन्दा ज्यादा सम्झन्न । न परिश्रमपूर्ण साधनाद्वारा प्राप्त गर्न सकेको यस्तो अहिंसा ब्रह्मचर्यावस्थाको लागि ममा कुनै विशेष गुण भएकै म मान्छु । ३०

म दृढ छु । ईश्वरको एकान्त बाटोमा, जहाँ मैले पाइलो हालिसकेको छु, मलाई कुनै पार्थिव साथीको आवश्यक छैन । मानिसहरूले, यसैले, खुल्लमखुल्ला भन्न नसके पनि, मनमनै भन्न जस्तो, म ठगै हूँ भने, जो चाहन्छन् मेरो निन्दा गरून्, ठीकै छ । कमसेकम यसले मलाई महात्मा भनी मान्नमा ढिपी लिने दशौं लाखको आँखा खोलिदिनेछ । मैले मान्नुपर्छ, यसरी निन्दित हुने प्रत्याशाले मलाई धेरै आनन्द दिन्छ । ३१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ६

अन्तर्राष्ट्रिय शान्ति

आध्यात्मिक लाभ व्यक्तिले प्राप्त गरोस् तर उसको वरिपरिका मानिसहरू कष्ट पाउँदै गरुन् — यसमा म विश्वास गर्दिन । मेरो विश्वास अद्वैतमा छ । म मानिसको सारभूत एकता, र त्यसको तात्पर्यको लागि जीवधारी सबैको त्यस्तो एकतामा विश्वास गर्छु । यसैले कसैले आध्यात्मिक लाभ प्राप्त गर्‍यो भने, उसको संगसंगै सारा संसार लाभान्वित हुन्छ र कसैको पतन भयो भने उसको संग–संगै सारा संसारको त्यति नै हदसम्म पतन हुन्छ भन्ने कुराको म विश्वास गर्छु । १

व्यक्तिको मात्र कल्याण खोज्ने वा त्यसमा सन्तुष्ट हुने कुनै पनि धर्म छैन । यस्तै प्रकारले खुद कर्तालाई बाहेक, प्रत्यक्ष वा अप्रत्यक्ष तवरले, अरू पनि कैयौं–असर नपार्ने एउटालाई पनि नैतिक अपराध छैन । यसैले, कुनै व्यक्ति असल वा खराब हुनु त्यो व्यक्तिको मात्र चासोको विषय होइन साँचो त, सारा समाजको, अझ सारा संसारकै चासोको कुरा हो । २

प्रकृतिमा विकर्षण धेरै भए तापनि, तिनको जीवन आकर्षणमा रहेको छ । पारस्परिक प्रेमले प्रकृतिलाई अडाएको छ । विनाशले मानिसको जीवन चल्दैन । आत्म-प्रेमले अरूको सम्मान जगाउँछ । राष्ट्रहरू मिल्छन् कारण तिनीहरू बनेका व्यक्तिहरूमा पारस्परिक सम्मानको भावना हुन्छ । कुनै दिन हामीले राष्ट्रिय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कानूनलाई विश्वमा विस्तार गर्नुपर्छ, जस्तो हामीले परिवार कानूनलाई राष्ट्रहरू, अर्थात् ठूलो परिवार बनाउन विस्तार गरेका छौं । ३

सबै समान रूपले नैतिक नियमको अन्तर्गत भएको हेर्दा, मानवजाति एकै हो । ईश्वरको दृष्टिमा सबै मानिस समान छन् । जाति, स्थिति र यस्तै कुरा-हरूका असमानताहरू अवश्य छन्, तर मानिसको स्थिति जति माथि छ, उति ठूलो उसको उत्तरदायित्व छ । ४

मेरो जीवनको लक्ष्य भारतीय जातिको मात्र बन्धुत्व होइन । मेरो जीवनको लक्ष्य भारतको स्वतन्त्रता मात्र होइन, यद्यपि मेरो सम्पूर्ण जिन्दगी, सम्पूर्ण समय यसैमा लगाउनपरेको छ । तर भारतको स्वतन्त्रताप्राप्तिद्वारा म विश्व - भातृत्वको लक्ष्य हासिल गर्न र पूरा गर्न आशा राख्तछु । मेरो देशभक्ति कुनै छुट्टै कुरा होइन । यो सर्वस्पर्शी हो र म अरू राष्ट्रकाहरूको दुःख वा शोषणलाई बढाउने खालको देशभक्तिलाई देशभक्ति भन्दिन । मेरो देशभक्तिको विचार केही पनि होइन यदि यो सधैं, हर कुरामा कुनै अपवाद विना सारा मानवजातिको विस्तीर्णतम भलाइको अनुकूल हुँदैन भने । त्यति मात्र होइन, मेरो धर्म र मेरो धर्मबाट उद्भूत मेरो देशभक्तिले सबै जीवनलाई अंगाल्छ । म भ्रातृत्व अथवा तादात्म्यता मानिस भनिएका जीवहरूसंग मात्र होइन, सबै जीव–धारीसंग, पृथ्वीमाथि घस्रनेहरूसंग पनि स्थापित गर्न चाहन्छु । आश्चर्य नमान्नु होला, पृथ्वीमाथि घस्रने प्राणीहरूसंग पनि म तादात्म्य स्थापित गर्न चाहन्छु, किनभने हामी आफूलाई सबै उही ईश्वरका सन्तान भन्छौं, त्यसो भएको हुनाले, सबै जीवन जुनसुकै रूपमा देखिए तापनि अन्ततः एउटै हो । ५

राष्ट्रिय नभै अन्र्राष्ट्रिय हुनु सम्भव छैन । राष्ट्रवाद साँच्चिको भएमा मात्र, अर्थात्, विभिन्न मुलुकका मानिसहरू संगठित भएर एउटै मानिस झैं काम गर्न समर्थ भएमा मात्र, अन्तर्राष्ट्रियवाद सम्भव हुन्छ। यो राष्ट्रवाद होइन जो खराब छ, यो त संकुचितपना, स्वार्थपना, एकलव्यपना हो जो आधुनिक राष्ट्रहरूको रोग हो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो खराब छ । प्रत्येकले अरूलाई नोक्सान पारेर फाइदा उठाउन खोज्छ र बिगारेर बन्न खोज्छ । ६

म भारतको एउटा तुच्छ सेवक हूँ र भारतको सेवा गर्ने प्रयत्न गर्दै म सम्पूर्ण मानवजातिको सेवा गर्छु । ...... करीव–करीव पचास वर्षको सार्वजनिक जीवन-पछि, आज म यो भन्न समर्थ भएको छु कि एउटा राष्ट्रको सेवा विश्वको सेवासंग मेल खाँदैन भन्ने सिद्धान्तमा मेरो जुन विश्वास हो त्यो बढ्न गएको छ । यो राम्रो सिद्धान्त हो । यसलाई लिनु मात्र पर्छ संसारको स्थिति साम्य हुन्छ र हाम्रो यस पृथ्वीमा बसेका राष्ट्रहरूको बीचको आपसी मनोमालिन्य बन्द हुनेछ । ७

अन्तर्निर्भरता पनि मानिसको आत्मनिर्भरता जत्तिकैको आदर्श हो र हुनु पनि पर्छ । मानिस सामाजिक प्राणी हो । समाजसंग अन्तर्सम्बन्ध नभएमा उसले विश्वसंग एकात्म्यता स्थापित गर्न सक्तैन, न आफ्नो स्वार्थलाई नै दवाउन सक्ला । उसको सामाजिक अन्तर्निर्भरताले उसले आफ्नो विश्वासको परीक्षा गर्न र आफूलाई यथार्थको कसौटीमा राखी खारा उतार्न समर्थ तुल्याउँछ । सहजातिमाथिको निर्भरताभन्दा धेरै माथि बस्नसक्ने उसको स्थिति छ वा त्यस्तो स्थिति बनाउन सक्तछ भने त्यो यस्तो घमन्डी र अहङ्कारी हुनेछ कि संसारको लागि ऊ एउटा साँच्चिनै भार र घिनलाग्दो कुरा हुनेछ । समाजमाथिको निर्भरताले उसलाई मानवताको पाठ पढाउँछ । मानिसले आफ्ना आवश्यकताहरू धेरैजसो आफैले पूर्ति गर्नुपर्छ भन्ने त स्पष्टै छ; तर आत्मनिर्भरतालाई आफूलाई समाजबाटै अलग्ग राख्ने हदसम्म पुऱ्याउँदा झण्डै पापै सरह हुनजाने कुरा पनि कम्ती स्पष्ट छैन । कपास उमारेदेखि धागो काट्नेसम्मको विभिन्न अवस्थामा पनि मानिस आत्मनिर्भर हुन सक्तैन । कुनै कुनै अवस्थामा उसले आफ्ना परिवारका सदस्यहरूको सहायता लिनुपर्छ । आफ्नै परिवारबाट लिन सकिन्छ भने, अरूबाट किन नलिने ? होइन भने, 'ईश्वर नै मेरो परिवार हो' भन्ने महान्‌वाणीको के मतलब ? ८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफू, परिवार, देश र विश्वप्रतिका कर्तव्यहरू एक अर्काबाट स्वतन्त्र छैनन् । आफ्नो वा आफ्नो परिवारको खराबी गरेर मानिसले देशको भलाइ गर्न सक्तैन । यसरी नै विश्वलाई नराम्रो हुने काम गरेर देशको सेवा गर्न सक्तैन । अन्तिम तवरले भन्ने हो भने, हामीले मर्नुपर्छ ताकि परिवारले बाँच्न पाओस्, परिवारले मर्नुपर्छ ताकि देशले बाँच्न पाओस्, र देशले मर्नुपर्छ ताकि संसारले बाँच्न पाओस् । तर बलिदिने कुरा खालि शुद्ध कुराहरू मात्र हुनसक्छ । यसैले पहिलो कुरा हो आत्म–शुद्धि । हृदय शुद्ध भएपछि प्रत्येक क्षणमा हाम्रो कर्तव्य के हुन्छ भन्ने कुरा हामी तुरुन्त थाहा पाउँछौं । ९

संसारसंग मैत्री सम्बन्ध कायम गर्नु र सारा मानव परिवारलाई एउटै सम्झनु नै सबभन्दा राम्रो उपाय हो । आफ्नो र अर्काको धर्ममा भेद गर्ने मानिसले आफ्नै धर्मका सदस्यहरूलाई नराम्रो शिक्षा दिन्छ र तिरस्कार र अधर्मको बाटो खोलिदिन्छ । १०

म भारतको स्वतन्त्रताको निमित्त बाँच्छु र यसैको निमित्त मर्छु, किनकि यो सत्यको अंश हो । खालि स्वतन्त्र भारतले मात्र साँचो ईश्वरको पूजा गर्नसक्छ । म भारतको स्वतन्त्राको निमित्त काम गर्छु किनभने म यसमा जन्मेको हुनाले र यसको संस्कृति पाएको हुनाले म तिनको काम गर्न सबभन्दा योग्य छु र मेरो सेवामा पहिलो दावा छ भन्ने कुरा मेरो स्वदेशीले मलाई सिकाएको छ । तर मेरो देशभक्ति कुनै छुट्टै कुरा होइन; यसको उद्देश्य अर्को राष्ट्रलाई हानि गर्ने मात्र होइन तर साँचो अर्थमा सबैको भलाइ गर्नु हो । मैले विचार गरे अनुसारको भारतको स्वतन्त्रता संसारको लागि कहिल्यै पनि खतरा हुनसक्ने छैन । ११

हामी हाम्रो देशको स्वतन्त्रता चाहन्छौं अर्काको हानि वा शोषण गरेर होइन, न अरू राष्ट्रहरूलाई अपमान गर्नलाई नै हो । भारतको स्वतन्त्रताको माने बिलायतको नाश हुनु अथवा अंग्रेजहरूको अन्त हुनु हो भने म भारतको स्वतन्त्रता पनि चाहन्न । अरू देशहरूले मेरो स्वाधीन देशबाट केही कुरा सिक्न पाउन्, मेरो देशका साधनहरू मानवजातिको फाइदाको लागि प्रयुक्त हुन पाउन् भन्ना मिनित्त नै म मेरो देश स्वतन्त्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको हेर्न चाहन्छु । व्यक्तिले परिवारको निमित्त मर्नुपर्ने, परिवारले गाउँको निमित्त मर्नुपर्ने, गाउँले जिल्लाको निमित्त, जिल्लाले प्रदेशको निमित्त र प्रदेशले देशको निमित्त मर्नुपर्ने भनी आज देशभक्तिको धर्मले हामीलाई सिकाए जस्तै, आवश्यक भएमा, संसारको भलाइको निमित्त ज्यान दिन सकोस् भन्नाको लागि देशले स्वाधीन हुनु आवश्यक छ। राष्ट्रवादप्रतिको मेरो प्रेम अथवा राष्ट्रवाद विषयक मेरो विचार यसैले त्यो हो कि मेरो स्वदेश स्वाधीन हुन सकोस् र आवश्यक भएमा मानवजाति बाँचिरहन सक्नानिमित्त सारा देशले मर्न सकोस् । जातीय घृणाको लागि त्यसमा कुनै स्थान छैन । हाम्रो राष्ट्रवाद त्यस्तो होस् । १२

राज्यले बनाएका सीमानाहरूको पारि हाम्रा छिमेकीहरूसम्म हाम्रो सेवा पुऱ्याउनुको कुनै सीमा छैन । ती सीमानाहरू ईश्वरले बनाउनुभएको होइन । १३

मेरो लक्ष्य सारासंग मित्रता गर्नु हो र सबभन्दा ठूलो प्रेमलाई खराबको सबभन्दा ठूलो विरोधसँग मिलाउन सक्छु । १४

मेरो लागि देशभक्ति र मानवता बराबर छ । म देशभक्त छु कारण म मानिस हूँ र सहृदय छु । यो कुनै असाधारण कुरा होइन । भारतको सेवा गर्नको लागि म बिलायत वा जर्मनीलाई क्षति पुऱ्याउन चाहन्न । मेरो जीवन-योजनामा साम्राज्यवादलाई कुनै स्थान छैन । देशभक्तको नियम पितृसत्तात्मक नियमभन्दा भिन्न छैन । यदि देशभक्त उत्साहशून्य किसिमको विश्वप्रेमी भयो भने ऊ उत्तिकै कम दर्जाको देशभक्त हुन्छ । निजी र राजनैतिक कानूनमा केही फरक छैन । १५

हाम्रो असहयोग न अंग्रेजहरूसंगको हो न पश्चिमी देश संगको । हाम्रो असहयोग अंग्रेजहरूले स्थापना गरेको व्यवस्थासंग, भौतिक सभ्यता र यसको सहचारी लालसा र निर्धाहरूको शोषणसंग हो । हाम्रो असहयोग हामीभित्रैको एकान्तवास हो । हाम्रो असहयोग अंग्रेज प्रशासकहरूसंग उनीहरूको शर्तमा सहयोग गर्न नमान्नु हो । हामी उनीहरूलाई भन्छौं: "आऊ, हामीसंग हाम्रो शर्तमा सहयोग गर, तिमी, हामी संसार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैलाई राम्रो हुनेछ ।" हामीले हाम्रो पाइला उचालिन अस्वीकार गर्नुपर्छ । डुब्न लागेको मानिसले अरूलाई बचाउन सक्तैन । अरूलाई बचाउन योग्य हुनको लागि, हामीले आफूलाई बचाउन कोशिश गर्नुपर्छ । भारतीय राष्ट्रवाद न झुटो कुरो हो, न आक्रामक, न विनाशकारी । यो स्वास्थ्यप्रद, पवित्र छ यसैले परोपकारी छ । भारतले मनुष्यजातिको लागि मर्ने आकांक्षा लिनुभन्दा अगाडि आफैं बाँच्न जान्नुपर्छ । १६

म विलायतको पराजय वा अपमान होस् भन्ने चाहन्न । सेन्ट पल्स् क्याथेड्रल ध्वंश भएको देख्दा मलाई दुःख लाग्छ । काशी विश्वनाथको मन्दिर अथवा जुमा मस्जिद क्षतिपूर्ण भएको सुन्दा जत्तिकै मलाई दुःख लाग्छ । म काशी विश्वनाथको मन्दिर, जुमा मस्जिद र सेन्ट पल्स्को क्याथेड्रल पनि आफ्नो ज्यान दिएर बचाउन चाहन्छु, तर तिनीहरूको बचाउको लागि कुनै एउटा प्राणीको पनि ज्यान लिन चाहन्न । अंग्रेजहरूसँगको मेरो आधारभूत मतभिन्नता त्यही नै हो । त्यसो भनेर तिनीहरूसंग मेरो सहानुभूति नभएको होइन । मेरो सहानुभूति के कुरामा छ भन्ने कुरामा अंग्रेज, कंग्रेसी अथवा मेरो आवाज ज-जसकहाँ पुग्छ त्यसमा कुनै भ्रम नहोस् । म अंग्रेज जाति लाई माया गर्छु, जर्मनलाई घृणा गर्छु भन्ने कुरा होइन । जातिको रूपमा जर्मनहरू अथवा इटालियनहरू अंग्रेजहरूभन्दा कत्ति खराब भन्दिन । हामीहरू सबैमा त्यही बुरुशको रंग लागेको छ; हामीहरू सबै विशाल मानव परिवारका सदस्य हौं । म कुनै भेदभाव गर्दिन । भारतीयहरू श्रेष्ठ हुन् भनी दावा गर्न सक्तिन । गुण अवगुण हामीमा पनि उस्तै छन् । मानवजाति छिर्नै नसकिने खण्डहरूमा यस प्रकार विभक्त भएको छैन कि हामी एकबाट अर्कोमा जान नसकौं । तिनीहरूले एक हज्जार कोठामा स्थान लिएका होलान् तर पारस्परिक सम्बन्धमा तिनीहरू सबै आबद्ध भएका हुन्छन् । 'सारा विश्व नाश होस्, भारत सर्वेसर्वा हुनैपर्छ' भनेर म भन्दिन । मेरो सन्देश त्यो होइन । भारत सर्वेसर्वा हुनुपर्छ तर संसारका अरू राष्ट्रहरूको भलाइलाई उपयुक्त हुने गरी । म भारतलाई र यसको स्वतन्त्रतालाई पनि अखण्ड राख्नसक्छु–खालि ममा हुनुपर्छ सारा मानवपरिवारप्रति नै शुभेच्छा; भारत नामको पृथ्वीको एउटा सानो भागमा वस्ने मानव परिवार प्रति मात्र यस्तो भावना भएर पुग्दैन । हो, अरू स-साना राष्ट्रहरूको दाँजोमा यो ठूलो छ, तर यत्रो संसार अथवा विश्वमा भारत भनेको के कुरा हो ? १७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थायी शान्तिको सम्भावनामा विश्वास नगर्नु मानवप्रकृतिको असल पक्षमा अविश्वास गर्नु हो । अहिलेसम्म गरिएका उपायहरू विफल भएका छन् । कारण के भने प्रयत्न गर्ने मानिसहरूमा साँच्साँच्चीको इमान्दारीको कमी रहेको छ । यो कमीलाई तिनीहरूले महसूस गरेका छन् भन्ने कुरा होइन । आंशिक कुराहरू मात्र गरेर शान्ति प्राप्त गर्न सकिंदैन जस्तो कि आवश्यक स्थितिहरू सबै नजुटाइकन रासायनिक सम्मिश्रण सम्भव हुँदैन । विनाशका यन्त्रहरूमाथि निगरानी भएका मानवजातिका प्रतिष्ठित नेताहरूले ती यन्त्रहरूको प्रयोगलाई, यसका अप्ठ्याराहरूको पूर्ण ज्ञान सहित, पूरा तवरले त्याग्न माने भने, स्थायी शान्ति प्राप्त गर्न सकिन्छ । विश्वका ठूलठूला शक्तिहरूले साम्राज्यवादी लिप्साको त्याग नगरून्जेल यो हुन सक्तैन । ठूलठूला राष्ट्रहरूले आत्म-घाती हानथापमा विश्वास गर्न नछोड्न्जेल तथा खाँचोहरू बढाउन र, यसैले तिनीहरूको भौतिक स्वामित्वमा वृद्धि गर्ने इच्छा नरोकुन्जेल यो पनि सम्भव देखिंदैन । १८

म के भन्छ भने राज्य-राज्यको सम्बन्धमा पनि (अहिंसाको) सिद्धान्त लागू हुन्छ । मलाई थाह छ– विगत युद्धको उल्लेख गर्नु साह्रै कोमल प्रश्न उठाउनु हुनेछ । तर म विवश छु, स्थिति स्पष्ट पार्नलाई त्यसको उल्लेख गर्नै पर्छ । जहाँसम्म मैले बुझेको छु, त्यो युद्ध, दुवैतिरबाट महोन्नतिको लागि लडिएको युद्ध थियो । त्यो युद्ध निर्धा जातिहरूको शोषणबाट भएको फाइदा – राम्रो शब्दमा विश्व व्यापार भनिएको कुरा– बाँड्नको निमित्त गरिएको युद्ध थियो । ··· यूरोपमा सामान्य निरस्त्रीकरण, जुन कुनै न कुनै दिन नभै छोड्दैन, शुरू हुनुभन्दा अगाडि, यूरोपले आत्महत्या गर्नुपर्ने खण्ड नपरेमा, कुनै राष्ट्रले आफू निःशस्त्र हुने आँट गरेर ठूलो खतरा मोल्नुपर्ने स्थिति आउनेछ । त्यस राष्ट्रमा अहिंसाको स्तर, यदि त्यस्तो घटना सुखपूर्वक घटेमा, स्वभावतः विश्व सम्मान प्राप्त गर्नसक्ने गरी उठेको हुनेछ । त्यसको विवेक भूल नगर्ने, फैसला दृढनिश्चय, वीरतापूर्ण आत्मत्यागको शक्ति महान् र बाँच्ने चाहना अरू राष्ट्रको निम्ति पनि आफ्नो निम्ति जत्तिकै हुनेछ । १९

एउटा कुरा पक्का छ । शस्त्रीकरणको घोडदौडको यो पागलपन यस्तै प्रकारले चलिरह्यो भने, यसको नतिजा इतिहासमा कहिल्यै नभए जस्तो हत्याकाण्ड हुनु अवश्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म्भावी छ । कोही विजयी बाँकी रह्यो भने पनि त्यो विजय नै विजयी भएर निस्केको राष्ट्रको लागि एउटा जिउँदो काल हुनेछ । सारा गौरवपूर्ण लाभहरू सहित अहिंसाको उपायलाई आँट गरेर विनाशर्त ग्रहण नगरिकन त्यो आउनै लागेको विनाशबाट बच्ने कुनै बाटो छैन । २०

लोभ–लालच भन्ने कुरै नभए शस्त्रीकरणको स्थिति नै आउने थिएन । अहिंसाको सिद्धान्तलाई कुनै न कुनै रूपमा शोषणबाट पूर्ण संयमको दरकार पर्दछ । २१

शोषणको भावनाले विदा लिने बित्तिकै शस्त्रीकरण एउटा साह्रै नै असह्य लाग्नेछ । विश्वका राष्ट्रहरूले परस्परमा शोषण गर्न नछोडुन्जेल साँच्चिको निःशस्त्रीकरण हुनै सक्तैन । २२

यो संसार एउटै संसार नहुने हो भने म यो संसारमा बस्न पनि चाहन्न । २३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ७

मानिस र मेशिन

मैले स्वीकार गर्नुपर्छ कि अर्थशास्त्र र नीतिशास्त्रको, बीचमा म कुनै भेद वा स्पष्ट धर्सो खिच्तिन । कुनै व्यक्ति बा राष्ट्रको नैतिक कल्याणलाई हानि पुऱ्याउने अर्थशास्त्र अनैतिक र यसैले, पापपूर्ण छ । यसैले एउटा देशलाई अर्को देशमाथि शिकार खेल्न अनुमतिदिने अर्थशास्त्र अनैतिक छ । १

खोज्नुपर्ने मुख्य कुरा नैतिक तथा मानसिक पूर्णता भएको मानव सुख हो । नैतिक शब्दलाई मैले आध्यात्मिक शब्दको पर्यायवाचीको रूपमा प्रयोग गरेको छु । यो लक्ष्यको प्राप्ति विकेन्द्रीकरण द्वारा गर्न सकिन्छ । केन्द्रीयकरण, व्यवस्थाको रूपमा, समाजको अहिंसक बनोटसंग मेल खाँदैन । २

मेरो दृढ विश्वास छ कि ठूलो मात्रामा उत्पादन गर्ने सनकले नै गर्दा विश्व–संकट उत्पन्न भएको हो । म यो कुरा स्पष्ट शब्दमा भन्न चाहन्छु । एकछिनको लागि मानिलिऊँ कि कल-यन्त्रले मनुष्य जातिको सबै आवश्यकताको पूर्ति गर्नेछ । तर यसले खास खास क्षेत्रमा मात्र उत्पादनलाई केन्द्रित गर्नेछ, परिणामस्वरूप वितरणको व्यवस्थालाई तपाईंले घुमाउरो बाटो अपनाउनु पर्नेछ । यसको विपरीत, उत्पादन र वितरण दुवै चाहिएको ठाउँमा हुने भएमा, त्यो व्यवस्था स्वतः हुनेछ, र छलकपटको लागि थोरै मात्र अवसर भै सट्टाको लागि त ठ्याम्मै मौका हुनेछैन । ३
ठूलो मात्रामा हुने उत्पादनले उपभोक्ताको वास्तविक आवश्यकताको कुनै पर्वाह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दैन । यस्तो उत्पादन स्वतः एउटा गुण भएको भए यसमा असीमित संख्यावृद्धिको क्षमता हुनुपर्थ्यो । तर यसको शक्ति सीमित छ भन्ने कुरा स्पष्टरूपले देखाउन सकिन्छ । सबै देशले यस्तो व्यवस्था अपनाउन थाल्यो भने तिनीहरूको उत्पादनलाई पुग्दो बजार पाउनै गाह्रो हुन्छ । अनि यस्तो ठूलो मात्रामा हुने उत्पादन बन्द नभै सुख पाउने छैन । ४

कुनै पनि देशमा कुनै पनि हालतमा औद्योगीकरण आवश्यकता छ भन्ने कुरामा म विश्वास गर्दिन । भारतको लागि त यो अझै कम आवश्यक छ । निःसन्देह मलाई विश्वास छ कि स्वतन्त्र भारतको पीडित संसारप्रतिको आफ्नो कर्तव्यलाई हज्जारौं छाप्राहरूको विकास गरी तथा संसारसंग मेलजोलगरी साधारण तर उन्नत जीवन यापन गरेर मात्र पूरा गर्न सक्तछ । उच्च विचारले कुवेरको पूजाद्वारा हामीमाथि लादिएको उच्च गतिमा आधारित, जटिल भौतिक जीवनसंग मेल खान सक्तैन । हामीले उन्नत तरीकाले जिउने कला जानेपछि मात्र जीवनका सबै सौन्दर्य सम्भव हुन्छ ।

जोखिमपूर्वक जिउनुमा उत्तेजना हुनसक्छ । जोखिमको सामना गरेर ज़िउनु र जोखिमपूर्वक जिउनुमा हामीले फ़रक छुट्याउनुपर्छ । जङ्गली जनावरहरू, र त्योभन्दा पनि जङ्गली मानिसहरू भएको जङ्गलमा बन्दूक नलिइकन खालि ईश्वरको भरमा एक्लै बस्न आँट गर्ने मानिस जोखिमको सामना गरेर जिउँछ । निरन्तर बीच हावामा बसी आश्चर्यचकित भएको संसार 'वाह ! वाह !' गर्नेगरी तल पृथ्वीमा हानिँदै झर्ने मानिस जोखिमपूर्वक जिउँछ । एउटा जीवन उद्देश्यपूर्ण हो भने, अर्को उद्देश्यहीन हो । ५

अहिलेको गोलमालको कारण के हो ? शोषण हो, बलियाले निर्धा राष्ट्रमाथि गरेको चाहिं होइन कि एउटा राष्ट्रले अर्को राष्ट्रमाथि गरेको चाहिं हो । कल-यन्त्रमाथिको मेरो आधारभूत आपत्ति नै यस कुरामा रहेको छ कि यी राष्ट्रहरूलाई अरू अरू राष्ट्रहरूमाथि शोषण गर्न समर्थ तुल्याएको नै कल- यन्त्रले हो । ६

मसंग मात्र शक्ति भएको भए म त्यो व्यवस्थालाई आजै निर्मूल गर्थें । हतियारले मात्रै तिनीहरूको निर्मूल गर्न सकिन्छ भन्ने विश्वास भएको भए म अतिशय घातक

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हतियारहरूको प्रयोग गर्थें । म त्यसो गर्दिन कारण अहिलेका प्रशासकहरूको निर्मूल गर्न सके पनि–यस्ता हतियारहरूको प्रयोगले व्यवस्थालाई कायम राख्ने मात्र काम गर्नेछन् । नीतिको अतिरिक्त मानिसको निर्मूल गर्न खोज्ने मानिसहरू पछिल्लो तरीका अपनाउँछन् र मानिसको संगै नीतिको अन्त हुनेछ भन्ने भ्रान्त धारणामा तिनीहरूले निर्मूल गर्ने मानिसहरूभन्दा धेरै खराव हुन जान्छन् । तिनीहरू खराबीको मूल जान्दैनन् । ७

कल-यन्त्रको आफ्नो स्थान छ, यो वस्न आएको छ । तर यसलाई आवश्यक मानव श्रमको ठाउँ लिन दिनुहुँदैन । उन्नत हलो राम्रो कुरा हो । तर कुनै संयोगले, कोही, आफ्नो कुनै यान्त्रिक आविष्कारको मद्दतले, भारतका सारा जमीन जोत्न सक्छ र सारा कृषि उत्पादनमाथि नियन्त्रण राख्नसक्छ भने तथा दशौं लाख मानिसहरूले अरू कुनै रोजगार पाएनन् भने, उनीहरू भोकै पर्छन्, अल्छी हुन्छन्, र कैयौं भए झैं मन्द बुद्धि भएका हुन्छन् । अरू पनि धेरै नै त्यस्तो नराम्रो स्थितिमा पुग्ने डर हरवखत रहेको छ ।

घरेलु यन्त्रमा गरिने हरेक सुधारको म स्वागत गर्छु, तर दशौं लाख किसानहरूलाई तिनीहरूको घरमा वसेर गर्न सकिने कुनै अर्को रोजगार दिन कोही तयार नभएसम्म शक्ति–चालित कतुवाको प्रयोगद्वारा हातको श्रमलाई उखाड्नु अपराध हुन्छ भन्ने कुरा म जान्दछु । ८

मेरो विरोध, यन्त्रको होइन, यन्त्रको लागि गरिएको 'सनक' को हो । त्यो सनक तिनीहरूको भनाइ अनुसार श्रम–वचाउने यन्त्रको लागि हो । हज्जारौं हज्जार मानिसहरू बेकार भएर भोकभोकै मर्न वाहिर सडकमा नफालियुन्जेलसम्म मानिसहरू 'श्रम वचाउने, काम गर्दै जान्छन् । म पनि समय र श्रम वचाउन चाहन्छु, मानवजातिको एक अंशको लागि होइन, सबैको लागि, म धनको एकत्रीकरण चाहन्छु, थोरैको हातमा होइन, तर सबैको हातमा । आज यन्त्रले खालि थोरैलाई दशौं लाख मानिसको पिठ्यूंमा चढ्नसम्म मद्दत गरेको छ । यसको पछाडि जुन वेग छ त्यो श्रम वचाउने लोकोपकारी भावना होइन, वरु लालच हो । यस्तै कुराहरूको व्यवस्थाको विरुद्ध म सारा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्ति लगाएर संघर्ष गरिरहेको छु ।

सबभन्दा धेरै विचार गर्नुपर्ने मानिस हो । यन्त्रको प्रवृत्ति मानिसको हातखुट्टालाई झीनो पार्दैजाने तिर लागेको हुनुहुँदैन । उदाहरणको लागि, म बुद्धिमत्तापूर्ण अपवादहरू प्रस्तुत गर्छु । सिंगर सुइङ्ग मेशिनको कुरा लिनुहोस् । आजसम्म आविष्कार भएको केही उपयोगी कुराहरूमध्ये यो एउटा हो । यसको युक्तिको सम्बन्धमा एउटा उपकथा छ । सिंगरले आफ्नी जहानलाई आफ्नै हातले सिउँदै जोर्नी मिलाउँदै गर्नुपर्ने पट्टाइलाग्दो प्रक्रियामा मिहेनत गरिरहेकी देखे र तिनको मायाले तिनलाई अनावश्यक परिश्रम गर्न नपर्ने गराउनको लागि उसले सिउने कलको युक्ति निकाले । तर उनले तिनको मात्र परिश्रमलाई वचाएनन्, सिउने कल किन्ने प्रत्येकको परिश्रमलाई वचाए ।

मैले खोजेको, श्रमको अवस्थामा परिवर्तन हो । धनको लागिको यो पागल दौड वन्द हुनुपर्छ र श्रमिकलाई, जीविकाको लागि चाहिने ज्यालाको सम्बन्धमा मात्र होइन, दासत्व किसिमको नभएको दैनिक कामको सम्बन्धमा पनि, विश्वस्त तुल्याउनुपर्छ । यन्त्रले, यस अवस्थामा, यसलाई आफ्नो बनाएको मानिस वा राज्यलाई जत्तिकै यसलाई चलाउने मानिसलाई मद्दत दिन्छ । अहिलेको वहुलट्टी तालको दौड थाम्मिने छ, र श्रमिकले (मैले भने जस्तै) आकर्षक र आदर्श अवस्थाहरूमा काम गर्नेछ । मेरो मनमा भएको एउटा अपवाद यही नै हो । सिउने कलको पछाडि पृष्ठभूमिमा प्रेम थियो । व्यक्ति एउटा ठूलो विचारणीय कुरा हो । व्यक्तिको श्रमको किफायत गर्नु उद्देश्य हुनु पर्छ, र अभिप्राय इमान्दार लोकोपकारी भावना हुनुपर्छ, लालच होइन । लालचको ठाउँमा प्रेमलाई नियत गर्नुहोस्, अनि सबै ठीक हुनेछ । ९

हातले धागो काट्नाले वर्तमान कुनै किसिमको उद्योगसंग, यसको ठाउँमा नियत गर्नको लागि, प्रतियोगिता गर्दैन, त्यसो गर्नुपर्छ भन्ने इरादा पनि होइन, यसको उद्देश्य त्यस्तो कुनै समर्थवान् मानिसलाई झिक्नु पनि होइन, जसले अन्यथा आफ्नो कामबाट लाभजनक वृत्ति पाउन सक्छ । यसको पक्षमा प्रस्तुत गरिएको एउटै दावा के हो भने यसैबाट मात्र भारतले सामना गर्न परिरहेका समस्याहरूको पनि समस्या, अर्थात्, खेतीको लागि सुहाउँदो कुनै पूरक काम नभएको हुनाले भारतको अधिकांश जनता सालको छः महीना वेकार बस्नुपर्ने र त्यसको परिणामस्वरूप जनसाधारणमा व्यापक भूखमरी हुने गरेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्याको तुरन्त, व्यावहारिक र स्थायी समाधान प्राप्त हुन्छ । १०

हातले धागो काट्ने कामको निमित्त मैले कुनै पनि स्वास्थ्यप्रद, जीवनदायी औद्योगिक गतिविधिलाई त्याग गर्ने विचार गरेको छैन, यसबारे मैले कमै मात्र सल्लाह दिएको छु । भारतमा अर्ध–रोजगार पाएका मानिसहरू करोडौं छन् भन्ने कुरामा नै चर्खाको सारा जग खडा भएको छ । म ठोकेर भन्नसक्छु — यदि यस्तो नहुँदो हो त, चर्खाको लागि कुनै स्थानै हुँदैनथ्यो । ११

भोकाएको मानिसले अरू कुराको अतिरिक्त पहिले आफ्नो भोक शान्त गर्ने विचार गर्दछ । एक गाँस खानेकुराको लागि उसले आफ्नो स्वतन्त्रतासहित सबै बिक्री गर्दछ । भारतका दशौं लाख मानिसको हालत यस्तो छ । तिनीहरूको लागि ईश्वर, स्वतन्त्रता र यस्तै अरू शब्दहरू अर्थनबर्थका जोडिएका अक्षरहरू मात्र हुन् । तिनीहरूलाई यी शब्दहरू बेसुरा लाग्नेछन् । यी मानिसहरूमा स्वतन्त्रताको चेतना जगाउने हो भने, तिनीहरूले सजिलैसंग आफ्ना सुनसान घरहरूमा बसेर गर्न सकिने तथा तिनीहरूलाई कमसेकम एक छाक जुट्ने काम दिनुपर्छ । यो कुरा खालि चर्खाबाट मात्र हुन सक्तछ । तिनीहरू आत्मनिर्भर भएर स्वावलम्वी भएपछि मात्र हामी तिनीहरूसंग स्वतन्त्रता, कंग्रेस आदि विषयमा कुरा गर्न सक्ने हुनेछौं । यसैकारण, जसले तिनीहरूको काम र मामको बन्दोबस्त गरिदिन सक्नेछन्, तिनीहरू नै तिनीहरूका मुक्तिदाता हुनेछन् र तिनीहरूमा स्वतन्त्रताको भोक जगाइदिने मानिसहरू पनि तिनीहरू नै हुनेछन् । १२

भारतका आधा–पेट मात्र खान पाएका जनताहरू कसरी बिस्तार–बिस्तारै निर्जीव हुँदै गैरहेका छन् भन्ने कुरा शहरबासीहरू जान्दैनन् । विदेशी शोषकको लागि तिनीहरूले गरेको कामबाट तिनीहरूले पाउने गरेको दलालीले तिनीहरूकै दयनीय स्थितिको प्रतिनिधित्व गर्छ, तथा ती नाफा र दलाली जनसाधारणबाट चुसेर लिइएका हुन् भन्ने कुरा तिनीहरू थाहा पाउँदैनन् । ब्रिटिश भारतमा कानूनद्वारा स्थापित सरकार जनसाधारणको यसरी नै शोषण गर्नको लागि चलाइएको हो भन्ने कुरा उनी–

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू बुझ्नै सक्तैनन् । कैयौं गाउँहरूमा भएका अस्थिपञ्जरहरूले नाङ्गो आँखाको अगाडि जुन प्रमाण प्रस्तुत गर्ने गरेका छन् त्यसलाई कुनै तर्क वा अङ्कहरूले मेट्न सक्तैनन् । मलाई कुनै शङ्का छैन कि, माथि ईश्वर छ भने, इतिहासमा शायद जोडा नभएको मानवताउपरको यो अपराधको लागि बिलायत र शहरवासी दुवैले जवाफदेही हुनुपर्ने छ । १३

म अति नै उन्नत यन्त्रको प्रयोगलाई साथ दिन तयार छु यदि त्यसवाट भारतको गरीवी र त्यस गरीवीवाट भएको आलस्य हट्ने हो भने । मैले धागो काट्नलाई काम र धनको अनिकाल असम्भव बनाइदिने तथा अभावलाई हटाइदिने एउटा मात्र तयारी साधनको रूपमा सुझाव गरेको छु । चर्खा आफै एउटा अमूल्य यन्त्र हो, र मैले आफ्नै नम्र ढङ्गले, भारतको विशेष परिस्थितिअनुसार, त्यसमा सुधार गर्ने प्रयत्न गरेको छु । १४

म भन्छु– गाउँको नाश भयो भने, भारतको पनि नाश हुनेछ । भारत भारत रहने छैन । विश्वमा उसको जीवन-कार्य नै बिलाउने छ । गाउँको पुनरुत्थान त्यही वेला मात्र सम्भव हुन्छ जव शोषण बन्द हुनेछ । ठूलो परिमाणमा हुने औद्योगीकरणवाट, प्रतियोगिता र सौदा गर्ने कामका समस्याहरूको आगमन भएपछि, प्रत्यक्ष वा अप्रत्यक्ष रूपले गाउँलेहरूको शोषण भै नै हाल्छ । यसैले हामीले गाउँलाई आत्म निर्भर भै उपयोगका सामान मात्र बनाउने काममा लगाउने कुरामा ध्यान दिनुपर्छ । यस किसिमको ग्रामीण उद्योग कायम राख्न सकिएमा आफूले बनाउन र प्रयोग गर्न सकिने आधुनिक यन्त्र र ज्यावल-हरूसमेत प्रयोग गर्नमा गाउँलेहरूलाई कुनै आपत्ति हुनेछैन । खालि के हो भने तिनीहरूको प्रयोग अरूको शोषणको लागि हुनुहुँदैन । १५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ८

अधिकतामा न्यूनता

त्यो अर्थशास्त्र झूठो हो जसले नैतिक मूल्यहरूको बेवास्ता वा अनादर गर्छ । अहिंसाको नियमलाई अर्थशास्त्रको क्षेत्रमा विस्तार गर्नुको माने अन्तर्राष्ट्रिय व्यापार नियमित गर्नमा विचार गर्नुपर्ने एउटाको रूपमा नैतिक मूल्यहरू प्रचलन गर्नुभन्दा कम्ती होइन । १

मेरो विचारमा भारतको आर्थिक व्यवस्था र त्यसको तात्पर्यको लागि संसारकै पनि यस्तो हुनुपर्छ, कि यस अन्तर्गत कसैले पनि खाना तथा लुगा नपाएर कष्ट भोग्न नपरोस् । अर्को शब्दमा भन्ने हो भने प्रत्येकले दुइ छाक खान पाउने गरी यथेष्ट काम पाउन सक्नुपर्छ । र यो आदर्श, दैनिक जीवनका आवश्यकताहरूको उत्पादनको साधन जनताको हातमा भएको अवस्थामा मात्र व्यापक रूपले सिद्ध हुनसक्तछ । यी कुराहरू सबैलाई निःशुल्क उपलब्ध हुनुपर्छ जस्तो कि ईश्वरको हावा र पानी हुन्छ र हुनुपर्छ; तिनीहरूलाई अरूहरूको शोषणको लागि सवारीको साधन बन्न दिनु हुँदैन । कुनै पनि देश, राष्ट्र वा मानिसहरूको समूहबाट तिनीहरूमाथि एकाधिकार हुनु अनुचित हुनेछ। यही साधारण सिद्धान्तको बेवास्ता नै त्यो दरिद्रताको कारण हो जसलाई हामीले आज यस दुःखी देशमा मात्र होइन संसारका अरू भागहरूमा पनि देखतछौं । २

मेरो आदर्श समान वितरण हो, तर जहाँसम्म मलाई लाग्छ यसको पूर्ति हुँदैन । यसैकारण म न्यायपूर्ण वितरणको लागि काम गर्छु । ३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेम र एकाधिकार स्वामित्व संगसंगै चल्न सक्तैन । सिद्धान्ततः शुद्ध प्रेम भएको अवस्थामा, शुद्ध अस्वामित्व हुनुपर्छ । शरीर हाम्रो अन्तिम सम्पत्ति हो । यसैले मानिस मृत्यु लाई संवरण गर्न तयार छ र मानवजातिको सेवाको लागि आफ्नो शरीर त्याग्न तयार छ भने, उसले शुद्ध प्रेमको अभ्यास मात्र गर्न सक्तछ र पूर्ण रूपले सम्पत्तिहीन हुन सक्तछ ।

तर त्यो पनि सिद्धान्तमा मात्र सत्य छ । यथार्थ जीवनमा हामीले विशुद्ध प्रेमको अभ्यास कमै गर्न सक्तछौं, किनभने सम्पत्तिको रूपमा शरीर सधैं हामीसँगै रहन्छ । मानिस सँधैं असम्पूर्ण रहन्छ र सम्पूर्ण हुने सधैं उसको कोशिश हुन्छ । यसैले बाँचुन्जेल प्रेममा विशुद्धता अथवा अस्वामित्व दुर्लभ्य आदर्शको रूपमा रहने छ, तर त्यसो भए तापनि त्यसको प्राप्तिको लागि हामीले निरन्तर कोशिश गर्दै जानुपर्छ । ४

मेरो विचारमा त एक किसिमले हामी सब चोर हौं । तत्कालको कामको लागि नचाहिने केही कुरा मैले लिएँ र राखिछोडें भने, कसैबाट मैले यो चोरेर लिएको ठहर्छ । मेरो भनाइ के हो भने, प्रकृतिको यो आधारभूत नियमै हो, कि प्रकृतिले हाम्रो खाँचोलाई पुग्नेगरी दिन दिनै उत्पादन गरिरहन्छ, र कसैले आफूलाई चाहिने जति मात्र लियो र बढ्ता लिई दिएन भने यो संसार दरिद्र हुने नै थिएन, र कुनै पनि मानिसलाई भोकै मर्नुपर्ने थिएन । तर जबसम्म यो असमानता रहन्छ, तबसम्म हामी चोरी गरिरहेका हुन्छौं । म समाजवादी होइन र भएकाहरूलाई नभएका बनाउन म चाहन्न; तर म के भन्छु भने, व्यक्तिगतरूपले, हामीहरूमा जो जो अन्धकारमा उज्यालो देख्न चाहन्छन् तिनीहरूले यो नियमको पालना गर्नुपर्छ । म कसैको पनि सम्पत्ति हरण गर्न चाहन्न । म त्यसबेला अहिंसाको नियमबाट विचलित भइरहेको हुनेछु । कसैले मैलेभन्दा ज्यादा सम्पत्ति जोडेको रहेछ भने, जोड्न देऊ । तर जहाँसम्म मेरो जीवनलाई व्यवस्थित गर्ने प्रश्न छ म भन्छु कि मलाई नचाहिएको कुनै पनि कुराको स्वामित्व म लिन चाहन्न । भारतमा दिनको एक छाक पनि खान नपाइरहेका तीस लाख मानिसहरू छन्—एक छाक भन्नाले चिल्लो रत्ति नभएको एउटा चपाती र अलिकति नून हुन्छ । यी तीस लाख मानिसहरूले लाउनलाई लुगा र जिउनलाई खानेकुरा नपाएसम्म हामीसंग भएका कुराहरूमा पनि मेरो केही हक छैन । तपाईं र हामीले, जसलाई केही भए पनि थाहा छ, आफ्ना खाँचोहरू मिलाउनुपर्छ र तिनीहरूको स्याहार सुसार, खाना

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा लुगाको प्रबन्ध होस् भन्नाको लागि हामीले उपवास पनि बस्नुपर्छ । ५

अ–स्वामित्व अ–चोरीसंग सम्बन्धित छ । शुरूमा नचोरिएको कुरा चोरिएकोसम्पत्तिको वर्गमा आउन सक्छ यदि कसैले यसलाई खाँचो नभैकन पनि आफ्नो पार्छ भने । आफ्नो पार्नुको मतलब हो भविष्यको लागि जोहो गर्नु । सत्यको खोजी गर्नेले, प्रेमको नियमको अनुसरण गर्नु । सत्यको खोजी गर्नेले, कुनै पनि कुरा भोलिको निमित्त साँचिराख्न सक्तैन । ईश्वर भोलिलाई भनेर केही पनि यन्त्रयाउनु हुन्न; तत्कालको लागि चाहिने भन्दा ज्यादा उहाँ केही पनि सृष्टि गर्नु हुन्न । यसैले हामीमा यदि उहाँको विवेकप्रति विश्वास छ भने, उहाँले हामीलाई चाहिएको सबै कुरा पुर्‍याउनु हुनेछ भनी हामी निश्चिन्त हुनुपर्छ । यस्तो विश्वास लिएर बसेका सन्त र भक्तहरूले सधैं आफ्नो अनुभवका आधारमा यसको सत्यता साबित गरेका छन् । दैवी नियमसम्बन्धी हाम्रो अज्ञानता वा बेवास्ताले, जसले मानिसलाई दिनदिनै उसको खानासम्म दिने गरेको छ सम्बन्धित सबै दुःखहरूसहित असमानतालाई उत्पन्न गराइदिएको छ । धनीहरूसंग उनीहरूलाई खाँचो नभएका र यसैले बेवास्ता गरिएका र खेर फालिएका कुराहरूले राश लागेको हुन्छ, जब कि दशौं लाख मानिसहरू खानेकुरो नपाएर भोकभोकै मरिरहेका हुन्छन् । प्रत्येकले आफूले चाहेको कुरा मात्र राख्ने गरेको भए कसैलाई पनि केही कुराको खाँचोपर्ने थिएन, र सबैले सुखपूर्वक बाँच्न पाउने थिएं । अहिलेको अवस्थामा धनीहरू पनि गरीबभन्दा कम असन्तुष्ट छैनन् । गरीबको इच्छा लखपति हुने हुन्छ त लखपतिको इच्छा करोडपति हुने हुन्छ । सन्तुष्टिको भावनालाई व्यापक गर्ने दृष्टि लिएर धनीले संम्पत्ति संग्रह नगर्ने काममा अग्रसर हुनुपर्छ । आफ्नो सम्पत्ति उनीहरूले ठीकै मात्रामा राख्ने गरे, भोकै परेकाहरूले सहजैसंग खानेकुरो पाउने र धनीहरूको साथ साथै सन्तुष्टिको पाठ सिक्न पाउने थिएं । ६

आर्थिक समानता अहिंसक स्वतन्त्रताको मुख्य साँचो हो । आर्थिक समानताको निमित्त काम गर्नुको माने हो पूंजी र श्रमको बीचको अनादि संघर्षको अन्त गर्नु । यसको मतलब एकातिर राष्ट्रको धनको ठूलो भागमा एकाधिपत्य जमाइराखेका थोरै धनीहरूलाई तल ओराल्नु हुन्छ भने अर्कातिर आधा पेट खालि भएका दशौं लाख नङ्गा मानिसहरू-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई उठाउनु हुन्छ । धनी र दशौं लाख खान नपाएकाहरूको बीचको फराकिलो खाल्डो रहिरहेसम्म अहिंसक शासन प्रणाली सम्भव नै हुँदैन । नयाँ दिल्लीका महलहरू र गरीब, श्रमिक वर्गका दयनीय झुपडीहरूको बीचमा जुन फरक छ त्यो स्वतन्त्र भारतमा एकदिन पनि चल्न सक्तैन । त्यसबेला त्यहाँ गरीबहरूले पनि धनीहरूले जत्तिकै शक्तिको उपभोग गर्नेछ । धनसम्पत्ति र धनसम्पत्तिले दिएको शक्तिको, सबैको भलाईको लागि स्वेच्छा-पूर्वक त्याग गर्ने र हिस्सा बाँडने काम नभएमा एक न एकदिन हिंसा र रक्तपातपूर्ण क्रान्ति नभै नहुने कुरा हुनेछ । संरक्षकताको सिद्धान्तलाई म छोड्दिन यद्यपि यसको लागि मेरो ठूलो उपहास गर्नेगरी आएका छन् । सत्य हो यसमा पुग्नु सहज छैन । अहिंसा पनि यसरी नै पूरा गर्नु सरल छैन । ७

समान वितरणको यथार्थ अर्थ के हो भने प्रत्येकसंग आफ्ना सारा प्राकृतिक खाँचो तथा अरू कुराहरूको पूर्ति गर्ने उपाय हुनुपर्छ । उदाहरणको लागि, एकजना मानिसको पाचन शक्ति कमजोर छ र उसलाई खानेकुरोको लागि एक चौथाइ पौण्ड पीठोको दरकार छ र अर्कोलाई एक पौण्डको आवश्यकता छ भने, दुबैले आ-आफ्नो खाँचो पूर्ति गर्न पाउनु पर्छ । यस आदर्शको पूर्तिको लागि सम्पूर्ण सामाजिक स्थितिको नै पुनर्निर्माण गर्नुपर्दछ । अहिंसामा आधारित भएको समाजले अरू कुनै आदर्शलाई हुर्काउन सक्तैन । हामी त्यो लक्ष्य प्राप्त गर्न नसकौंला तर हामीले यो कुरा मनमा लिएर यसको नजीकै पुग्न अनवरत काम गर्नुपर्दछ । जुन हदसम्म हामी आफ्नो लक्ष्यतिर बढ्दै जान्छौं त्यति हदसम्म हामी सन्तोष र सुख पाउँछौं, र त्यति नै हदसम्म अहिंसक समाजको स्थापना गर्नमा पनि योगदान दिनसक्ने हुन्छौं ।

अब हामी अहिंसाद्वारा समान वितरण कसरी गर्न सकिन्छ भन्ने विचार गरौं । यसप्रतिको पहिलो कदम उसको लागि हो जसले आफ्नो व्यक्तिगत जिन्दगीमा आवश्यक परिवर्तनहरू ल्याउन यो आदर्शलाई आफ्नो जीवनको अंश बनाएको छ । भारतको गरीबी अवस्थाको विचार गरेर उसले आफ्ना इच्छाहरू हुनसम्म घटाउने छ । उसको कमाइ बेइमानीबाट मुक्त हुनेछ । सट्टा खेल्ने इच्छाको त्याग गरिने छ । उसको वास-स्थान उसको जीवनको नयाँ तरीकासंग मिल्ने हुन्छ । जिन्दगीको प्रत्येक क्षेत्रमा आत्म-नियन्त्रणको व्यवहार गरिएको हुन्छ । आफ्नै जिन्दगीमा सम्भव भए जति सबै गरि-

Jagannath Bhattarai Collection: Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकेपछि मात्र ऊ आफ्ना सहयोगी तथा छिमेकीहरूको माझमा यो आदर्शको उपदेश गर्न लायक हुनेछ ।

निःसन्देह समान वितरणको यो सिद्धान्तको मूलमा धनीहरूको अधिकारमा भएको बढी धनको लागि ती धनीहरूको संरक्षताको सिद्धान्त रहनु पर्छ । किनभने यस सिद्धान्त अनुसार तिनीहरूले आफ्ना छिमेकीहरूलेभन्दा एक रूपैयाँ पनि ज्यादा आफ्नो पार्नु हुन्न । कसरी गर्ने ? अहिंसाको तवरले ? अथवा धनीहरूको सबै सम्पत्ति खोस्ने कि ? यसो गर्नलाई स्वभावतः हामीले हिंसक नीतिअपनाउनु पर्दछ । यो हिंसक कामले समाजलाई लाभ हुँदैन । समाज त झन् गरीब नै हुनेछ कारण धन जम्मा गर्ने तरीका-जान्ने मानिसको गुणबाट यो वञ्चित हुनेछ । यसैले अहिंसक उपाय स्पष्टतः श्रेष्ठ छ । धनीलाई उसको सम्पत्ति उसैसंग राख्न दिइनेछ जसमध्ये आफ्नो व्यक्तिगत आवश्य-कतालाई मनासिब माफिक चाहिने जति प्रयोग गर्दछ र बाँकीको हकमा समाजको लागि उपयोग गर्नेगरी संरक्षकको रूपमा काम गर्नेछ । यस कुरामा संरक्षकबाट इमान्दारी हुनेछ भन्ने विश्वासगरिएको छ ।

तर जतिसुकै प्रयत्न गरिए पनि, धनीहरू साँचो अर्थमा गरीबका संरक्षक भएनन् भने र गरीबहरू झन्झन् थिचोमिचोमा परी भोकले मर्न लागे भने, के गर्ने ? यस सम-स्याको समाधानको खोजीमा पस्दा मैले उचित र अचूक साधनको रूपमा अहिंसक असहयोग र सविनय अवज्ञालाई पाएको छु । समाजमा भएका गरीबहरूको सहयोग नभैकन धनीहरूले धन जम्मा गर्न सक्दैनन् । यो ज्ञान गरीबहरूमा पसेर फैलिन पाएको भए, तिनीहरू बलिया हुन्थे र आफूलाई भोकमरीको डीलसम्म पुऱ्याएको घातक असमानताबाट अहिंसाको माध्यमले कसरी छुटकारा दिलाउन सकिन्छ भनी सिक्ने थिए । ८

हामीहरू सबैले भनूं दिनको एक घण्टाको लागि भए पनि गरीबहरूले गरे जस्तो परि-श्रम गर्नु र त्यसो गरेर तिनीहरूसित तथा तिनीहरू मार्फत् सारा मनुष्यजातिसित एकाकार हुनुभन्दा राम्रो र राष्ट्रिय अरू कुनै कुरा म सोच्न सक्तिन । ईश्वरको नाममा गरीबहरूको लागि उनीहरूले गरेजत्तिकै परिश्रम गर्नुभन्दा राम्रो ईश्वरको पूजा होला भनी म ठान्दिन । ९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाइबल भन्छ: 'आफ्नो पेट आफ्नो निधारको पसिना बगाएर पाल'। त्याग धेरै प्रकारको हुन्छ । तिनीहरूमा पेट पाल्ने श्रम एउटा लिन सकिन्छ । सबैले आफ्नो पेट पाल्न पुग्ने मात्र श्रम गर्‍यो र अरू केही गरेन भने, सबैको लागि यथेष्ट खानेकुरो र यथेष्ट फुर्सद हुन्थ्यो । अनि जनसंख्या बढी भयो भन्ने होहल्ला पनि हुँदैनथ्यो, हामीले आज जहाँ पनि देख्ने गरेको रोग शोक पनि हुँदैनथ्यो । यस्तो श्रम नै सब-भन्दा उत्तम प्रकारको श्रम हुनेछ । निःसन्देह मानिसहरूले आफ्नो शरीर वा मनद्वारा धेरै अरू कुराहरू पनि गर्नेछन्, तर यो सबै सबैको भलाइको लागि गरिएको प्रेमको श्रम हुनेछ । अनि पछि धनी–गरीब, ठूलो–सानो, छूआछूत केही हुनेछैन । १०

यस्तो पनि प्रश्न सोधिन सक्छ: 'खानको लागि काम गर्न नपर्ने भए मैले किन धागो काट्नु पर्‍यो ?' किनकि म जे खाइरहेको छु त्यो मेरो होइन । म मेरा देशवासीहरूको लूट गरेर जीविका चलाइरहेछु । तपाइँको वगलीभित्र पसेको हरेक कुराको इतिहासलाई पल्टाएर हेर्नुहोस्, तपाईं मैले भनेको कुराको सत्यता देख्नुहोला ।...

नङ्गाहरूलाई अतिशय चाहिएको काम हो । तिनीहरूलाई त्यो नदिइकन लुगा दिएर मैले तिनीहरूको अपमान गर्नु हुन्न । म तिनीहरूको संरक्षक हुने पाप बोक्दिन, तिनीहरू-लाई गरीब तुल्याउनमा मेरो पनि हात छ भन्ने जानेर, म तिनीहरूलाई रोटीको टुक्रा वा झुत्रो लुगा केही पनि दिन्न, दिन्छु त मेरो सबैभन्दा राम्रो खाना र लुगा र साथै काममा मसंगै सम्मिलित गराउँछु ।...

ईश्वरले मानिसलाई आफ्नो पेट पाल्नको निमित्त काम गर्न सृष्टि गर्नुभयो र जो काम नगरिकन खान्छन् तिनीहरू चोर हुन् भन्नुभयो । ११

एउटा मात्र समर्थवान् मानिस काम वा माम नभएको भएसम्म हामीले आराम लिन वा दुई छाक खान पनि लाज मान्नुपर्छ । १२

मलाई विशेषाधिकार वा एकाधिकार केही पनि मनपर्दैन । जुन कुरा आमजनतासंग बाँडचूँड गर्न म सक्तिन त्यो मेरो लागि निषेधको कुरा हो । १३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारलाई खुल्ला छ . . . मैले आफ्ना सारा सम्पत्तिको त्याग गरेकोमा हाँस्न । मेरो लागि सम्पत्तिको त्याग एउटा प्रत्यक्ष लाभ भएको छ । म मानिसहरूले मेरो सन्तोषको प्रतियोगिता गरून् भन्ने चाहन्छु । मसंग भएको सबभन्दा ठूलो धन नै यही हो । यसैले शायद यसो भन्नु उचित होला कि मैले गरीबीको प्रचार गरिहिंडे तापनि म एउटा धनी मान्छे हूँ ! १४

घोर गरीबीबाट नैतिक हिन्नति सिवाय अरू केही हुन सक्तैन भन्ने कुरा कसैले भनेको छैन । प्रत्येक मानिसको बाँच्ने अधिकार छ र यसैले आफ्नो पेट पाल्न तथा आवश्यकतानुसार लुगा तथा बासको उपाय गर्ने अधिकार छ । तर यो साधारण कामको लागि हामीलाई अर्थशास्त्री वा तिनीहरूका नियमहरूको मद्दत चाहिंदैन ।

'भोलिको लागि नसोच ।' यो एउटा यस्तो उपदेश हो जसको गुञ्जन संसारका प्रायः सबै धार्मिक ग्रन्थहरूमा सुनिन्छ । सुव्यवस्थित समाजमा मानिसले जीविकाको साधन भेट्टाउनु संसारमा सबैभन्दा सजिलो कुरा हुनुपर्छ र भएको पनि पाइन्छ । साँच्चै भन्ने हो भने कुनै देशको सुव्यवस्थितताको प्रमाण त्यहाँ भएका लखपतिहरूको संख्या होइन, बरु त्यहाँका जनताहरूको बीचमा भोकमरीको अभाव हुनु हो । १५

कुनै स्वस्थ मानिसलाई निःशुल्क खाना दिनु मेरो अहिंसालाई सह्य हुनेछैन यदि त्यस मानिसले त्यसको लागि इमान्दारीपूर्वक काम गरेको छैन भने । मेरो मात्र लाग्ने भए म ती सबै सदावर्तलाई बन्द गरिदिने थिएँ जहाँ निःशुल्क खाने कुराको वितरण हुन्छ । यसले राष्ट्रको पदभ्रष्ट गरेको छ र आलस्य, अल्छीपना, बहानावाजी र अपराधलाई पनि प्रोत्साहित गरेको छ । १६

आफ्नो कवितात्मक भावना अनुसार कवि भोलिको लागि बाँच्छ र हामीलाई पनि उस्तै गर्न लगाउँछ । उसले हाम्रो आँखा अगाडि विहान सबेरै स्तुतिगान गर्दै आकाशमा उड्दै गैरहेका चराहरूको राम्रो चित्र प्रस्तुत गर्दछ । यी चराहरूले आफ्नो दिनभरिको खाना खाएर विश्राम पाएको पखेटाले उडेका हुन्छन् र तिनीहरूको नसामा गएको नयाँ रगत राती बगेको हुन्छ । तर मैले तागत नभएर पखेटा फ्यात्फ्यात् अझ पनि गर्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नसक्ने चराहरूलाई गौरले हेरिरहने अवसर पाएको छु। भारतीय आकाशमुनिको मानव–चरा भने भोलिपल्ट उठ्छ, हिजो बेलुका आराम गर्न भनी गएको बेलामा भन्दा ज्यादा कमजोर भएको हुन्छ। दशौं लाखको लागि यो एउटा अनन्त जाग्राम वा अनन्त अचेतनावस्था हो। यो एउटा अवर्णनीय कष्टकर स्थिति हो जसलाई बुझ्न अनुभव नगरी सकिन्न। कष्ट पाइरहेको बिरामीलाई कवीरको गीतले शान्त गराउनु असम्भव नै देखेको छु। खान नपाएका दशौं लाख मानिसहरूलाई चाहिएको कविता एउटै छ– तागत दिने खानेकुरा। यो भने दिइने कुरा होइन। यसको आर्जन तिनीहरू आफैले गर्नुपर्छ। पसिना बगाएर मात्र तिनीहरू यसो गर्नसक्ने हुन्छन्। १७

यसैले तीस-तीस करोड मानिसले रोजगार नपाई, लखौंलखले बेकार वस्न परी दिन-प्रतिदिन, आत्म सम्मान, ईश्वरप्रति विश्वास गुमाउँदै हीनावस्थामा गिर्दै गइरहेको पाउनु कस्तो शोचनीय होला कल्पना गर्न सकिन्छ। जसको आँखामा कुनै तेज छैन, जसको एउटै ईश्वर खानेकुरा मात्र छ, त्यस्ता भोकाएका करोडौं मानिसलाई ईश्वरको सन्देश सुनाउनु ऊ त्यो कुकूरलाई सुनाउनु बराबर हुन्छ। तिनीहरूको सामु ईश्वरको सन्देश पुऱ्याउने नै हो भने पवित्र कामको सन्देश लिएर मात्र पुऱ्याउन सकिन्छ। बिहानको स्वादिष्ट खाजा खाइसकेपछि मध्याह्नको त्योभन्दा राम्रो दिवाभोजलाई पर्खेर यहाँ बसिरहने बेलामा मात्र ईश्वरबारे चर्चा गर्नु मज्जा आउँछ तर दिनको दुइ छाक पनि खान नपाउने ती दशौं लाख मानिससंग ईश्वरको चर्चा मैले कसरी गर्ने? तिनीहरूको अगाडि त रोटी र मखन मात्र ईश्वर भएर प्रकट हुन सक्तछ। १८

भोकले मर्न लागेका बेकार मानिसहरूको अगाडि ईश्वरले मुख देखाउनसक्ने कुनै राम्रो रूप छ भने काम र त्यसको ज्यालाको रूपमा खानेकुरा पाइने वचन छ। १९

गरीबको लागि अर्थ नै आध्यात्मिक हुन्छ। ती भोकाएका लाखौं मानिसहरूलाई तपाईं अरू अर्जी गर्नसक्नु हुन्न। त्यसले तिनीहरूमा कुनै असर पर्दैन। तर तपाईं तिनीहरूलाई खानेकुरा दिनुहोस्, तिनीहरूले तपाईंलाई ईश्वर मान्नेछन्। उनीहरू यो वाहेक अरू कुनै कुरा सोच्नै सक्तैनन्। २०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिंसाको उपायद्वारा हामीले पूंजीपतिको नाश गर्न खोजेका होइनौं, पूंजीवादको नाश गर्न खोजेका हौं। हामी पूंजीपतिलाई ती मानिसहरूको संरक्षकको रूपमा आफूलाई मान्न आह्वान गर्दछौं जसमा त्यसले आफ्नो पूंजीको निर्माण, रक्षण र वृद्धिको लागि भर गर्नुपरेको छ। श्रमजीवीलाई उसको हृदय परिवर्तनभइञ्जेल कुर्नु आवश्यक पनि छैन। पूंजी यदि शक्ति हो भने, श्रम पनि हो। ती दुवै शक्तिको प्रयोग ध्वंसात्मक वा रचनात्मक दुवैमा हुनसक्छ। ती दुवै एक अर्कामा आश्रित छन्। आफ्नो ताकतको ज्ञान पाउनेवित्तिकै कामदार पूंजीपतिको सह-हिस्सेदार हुने अवस्थामा पुग्दछ, उसको कमारो भएर रहने छैन। आफ्नै मात्र मालिक हुने विचार उसले गर्दछ भने सुनको फुल पार्ने कुखुरालाई मार्ने काम उसबाट हुनु धेरै सम्भव छ। २१

दैनिक जीवनका आवश्यकताहरूमा प्रत्येक मानिसको पशुपंछीको जत्तिकै अधिकार छ। प्रत्येक अधिकारको संगसंगै त्यही अनुसारको कर्तव्य र साथसाथै यसमा हुने आक्रमणलाई रोक्ने त्यही अनुसारका उपाय पनि जाने हुनाले, आधारभूत समानतालाई रक्षा गर्ने त्यही अनुसारको कर्तव्य तथा उपायहरू पत्ता लगाउने कुरा मात्र हो। त्यही अनुसारको कर्तव्य भन्नाले मेरो हातखुट्टाले काम गर्नु र त्यही अनुसारको उपाय भन्नाले मलाई मेरो परिश्रमको फलबाट वञ्चित गर्ने मानिसलाई असहयोग गर्नु हो। पूंजीपति र श्रमजीवीको आधारभूत समानतालाई मान्ने हो भने, जुन मैले मान्नुपर्छ, मैले उसको विनाश खोज्नुहुँदैन। मेरो कोशिश उसको हृदय परिवर्तन गर्ने हुनुपर्छ। मेरो असहयोगले, उसले गर्न लागेका कुकर्मप्रति उसको आँखा खुल्नुपर्छ। २२

कोही मानिस अरू कोही मानिसभन्दा धनी नहुने समयको म कल्पना गर्न सक्तिन। तर त्यो समयको भने म अवश्य सक्तछु जब कि धनीहरू गरीबलाई मारेर आफू मात्र धनी हुन रुचाउने छैनन् र गरीबहरू पनि धनीहरूको ईर्ष्या गर्नमा लाग्ने छैनन्। साँच्चीको पूर्णावस्थामा पुगेको संसारमा पनि हामी असमानताहरूलाई हटाउन सक्तैनौं, तर कलह र रीस-द्वेषलाई भने हामी हटाउन सक्छौं र हटाउनु पनि पर्छ। धनी र गरीबहरू साँच्ची नै मिलेर बसेको कैयौं उदाहरण पाइन्छ। हाम्रो कोशिश खालि यस्ता उदाहरणहरू बढाउने मात्र हुनुपर्छ। २३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूंजीपति र जमीन्दारहरू सबै साँच्चै परेर शोषक भएका हुन् वा तिनीहरूको र जन-साधारणको स्वार्थमा साँच्चीनै मेलै हुन नसकिने किसिमको विरोध छ भन्ने कुरामा म विश्वास गर्न सक्तिन । सबै किसिमको शोषण शोषितहरूको इच्छा वा अनिच्छा-पूर्वकको, शोषणमा आधारित छ । यो कुरा नमान्न हामी जतिसुकै खोजौं, तथ्य आखिर यही रहन्छ कि मानिसले शोषकलाई मान्दै नमानेमा शोषण भन्ने कुरा हुँदै हुनेछैन । तर स्वार्थ पस्छ र हामी डोरी कस्न थाल्छौं जसले हामीलाई बाँध्छ । यो कुरा बन्दै हुनुपर्छ । चाहिएको कुरा पूंजीपति र भूमिपतिहरूको विनाश होइन, हो तिनीहरू र जनसाधारण बीचको वर्तमान सम्बन्धलाई झन् स्वस्थ र शुद्ध रूपमा परिवर्त्तन गर्न । २४

वर्गसंघर्षको विचारले मलाई पटक्क प्रभाव पार्दैन । भारतमा वर्गसंघर्ष अनिवार्य नभएकोमात्र होइन, अहिंसाको सन्देशलाई हामीले राम्ररी सम्झनसकेमा टार्न सकिने पनि हुन्छ । वर्गसंघर्ष अनिवार्य छ भनी भन्नेहरूले या त अहिंसाको अर्थलाई बुझेकै छैनन् अथवा बुझेकै भएपनि माथिमाथिबाट मात्र बुझेका छन् । २५

गरीबको शोषणलाई एक मुठ्ठी लखपतिहरूको विनाशले निभाउन सकिंदैन; गरीबहरूको अज्ञानता हटाएर र तिनीहरूलाई शोषकहरूको सहयोग नगर्न सिकाएर मात्र त्यसो गर्न सकिन्छ । त्यसले शोषकहरूको हृदय पनि परिवर्तन हुनेछ । यहांसम्म यसले दुवैलाई समान हिस्सेदार बनाइदिनेछ। पूंजी स्वतः खराब होइन; खराब हो यसको प्रयोग । कुनै न कुनै रूपमा पूंजीको आवश्यकता त भै नै रहन्छ । २६

जसको हातमा अहिले धन छ तिनीहरूलाई गरीबको लागि धन लिएका संरक्षकको रूपमा काम गरिदिन भनिएको छ । तपाईं भन्नुहोला– संरक्षकत्व भनेको कानूनी कल्पना हो । तर, मानिसहरूले यसबारे बराबर सोच्ने र यही बमोजिम गर्ने गरेमा, पृथ्वीमाको जीवन अहिलेभन्दा धेरै नै प्रेममय हुने थियो। विशुद्ध संरक्षकत्व ईकलिड्ले गरेको विन्दुको परिभाषा जस्तो सार हो, र यो उत्तिकै अलभ्य छ । तर हामीले कोशिश गर्‍यौं भने, पृथ्वीमा समानताको स्थिति ल्याउनमा अरू कुनै उपायले भन्दा ज्यादा गर्न सक्नेछौं । २७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो सम्पत्तिको त्याग पूर्णरूपले गर्नु भनेको यस्तो कुरा हो जुन साधारण मानिस-हरूमा पनि धेरै थोरैले मात्र गर्नसक्तछन् । धनी वर्गबाट न्यायसंगत रूपले आशा गर्न, सकिने कुरा के हो भने तिनीहरूले आफ्नो धन र योग्यतालाई संरक्षणमा राखेर समाजको सेवामा उपयोग गर्नुपर्छ । यो भन्दा बढ्ता खोज्नु सुनको फुल पार्ने हाँसलाई मार्नु बराबर हो । २८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ९

प्रजातन्त्र र जनता

मेरो कल्पनाको प्रजातन्त्र त्यो हो जसमा सबभन्दा निर्धाले पनि सबभन्दा वलियाले पाउने अवसर पाउँछ। त्यो कुरा अहिंसाद्वारा बाहेक हुन सक्तैन। १

मेरो सधैंको धारणा छ कि, सबभन्दा सानो र सबभन्दा तुच्छलाई पनि, सामाजिक न्याय बलजवर्जस्तिद्वारा प्राप्त हुनु सम्भव छैन। मेरो विश्वास के छ भने सबभन्दा सानोलाई अहिंसाको उपायद्वारा उचित शिक्षा दिएर तिनीहरूले भोगेको कष्टको प्रतीकार प्राप्त गर्न सकिन्छ। त्यो उपाय हो अहिंसापूर्ण असहयोग। कहिले कहीं असहयोग पनि सहयोग बराबरकै कर्तव्य हुन्छ। आफैंले गरेको भूल वा दासत्वमा पनि कसैले सहयोग गर्नैपर्छ भन्ने छैन। अरूहरूको प्रयत्नद्वारा प्राप्त भएको स्वतन्त्रता जस्तोसुकै कल्याणकारी भए तापनि, यस्तो प्रयत्न थामिएपछि कायम राखिछोड्न सकिंदैन। अर्को शब्दमा भन्ने हो भने, यस्तो स्वतन्त्रता वास्तविक स्वतन्त्रता होइन। तर अहिंसापूर्ण असहयोगद्वारा यसलाई प्राप्त गर्ने कला जान्नेबित्तिकै सबभन्दा सानोले पनि यसको तेजको अनुभव गर्नसक्तछ। २

सविनय अवज्ञा कुनै पनि नागरिकको जन्मसिद्ध अधिकार हो। जबसम्म ऊ मानिस भएर रहन्छ तबसम्म उसले यसलाई छोड्दैन। सविनय अवज्ञाबाट अराजकता आउँदैन। अपराधपूर्ण अवज्ञाबाट यो आउँछ। अपराधपूर्ण अवज्ञालाई प्रत्येक राज्यले शक्तिको वलले दबाउँछ। यसो गरेन भने यसको नाश हुन्छ। तर सविनय अवज्ञालाई दबाउनु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवेकलाई थुन्न कोशिश गर्नु हो। ३

साँचो प्रजातन्त्र अथवा जनताको स्वराज असत्य तथा हिंसापूर्ण तरीकाद्वारा कहिल्यै आउन सक्तैन। कारण साधारण छ– ती तरीकाको स्वाभाविक परिणाम विरोधीहरूको दमन वा निर्मूल गरेर सबै विरोधलाई खतम गर्नु हुन्छ। त्यसबाट व्यक्तिगत स्वतन्त्रताको निर्माण हुन सक्तैन। व्यक्तिगत स्वतन्त्रताले विशुद्ध अहिंसाको राज्यमा मात्र पूरा खेल खेल्न पाउँछ। ४

संसारमा यत्तिका मानिसहरू अझ पनि जिउँदै रहेको तथ्यले के देखाउँछ भने यो हतियारको बलमा होइन कि सत्य वा प्रेमको बलमा अडेको छ। यसैले, यो शक्तिको सबभन्दा ठूलो र सबभन्दा धेरै निर्दोष प्रमाण यस कुरामा पाउन सकिन्छ कि कतिपय लडाईंहरूको अतिरिक्त पनि संसार चलिनै रहेको छ।

यही शक्तिको सक्रिय परिचालनमा हज्जारौं, अझ दशौं हज्जार, मानिसहरूको जीवन निर्भर रहेको छ। दैनिक जीवनमा हुने दशौं लाख परिवारका ससाना झगडाहरू यो शक्तिको प्रयोग हुनुभन्दा अगाडि साम्य हुन्छन्। सयौं राष्ट्रहरू शान्तिपूर्वक बस्तछन्। इतिहासले यस कुराको टिपोट गर्दैन, गर्न पनि सक्तैन। इतिहास साँच्चै भन्ने हो भने प्रेमको शक्तिको वा आत्माको एकनासको परिचालनमा हुने प्रत्येक बाधा-अड्काउको टिपोट हो। दुइजना दाजुभाइ लड्छन्; एकजनाले पछुताउ गर्छ र आफूमा सुषुप्त रहेको प्रेमलाई जगाउँछ; दुवैजना फेरि मिलेर बस्नथाल्छन्; यो कुराको कसैले ख्याल राख्तैन। तर यदि ती दुइजना दाजुभाइहरू, वकिलहरूको हस्तक्षेपले या कुनै अरू कारणले हतियार उठाउँछन् वा अदालतमा पुग्छन् भने– यो पनि पाशविक शक्तिको अर्को प्रकटित रूप हो– तिनीहरूको क्रियाकलापहरू तुरुन्तै देखिन थाल्छन्, तिनीहरू छर–छिमेकीका चर्चाका विषय हुन्छन् र शायद इतिहासमा पनि ठाउँ लिन पुग्छन्। जुन कुरा परिवार र समाजको लागि सत्य हुन्छ त्यो कुरा राष्ट्रहरूको लागि पनि सत्य हुन्छ। परिवारको लागि एउटा नियम राष्ट्रहरूको लागि अर्को नियम भन्ने कुरा हुन सक्तैन। इतिहास, यसैले, प्रकृतिको नियममा भएको बाधा विरोधको टिपोट हो। आत्माको शक्ति, प्राकृतिक भएको हुनाले, इतिहासमा लेखिएको हुँदैन। ५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म हा त्मा गा न्धी

स्वराज्य हाम्रो आफ्नै भित्री शक्ति, जस्तोसुकै अप्ठ्यारोसंग पनि लड्नसक्ने हाम्रो सामर्थ्यमा निर्भर गर्दछ। साँच्चै भन्ने हो भने, प्राप्त गर्न र धारण गर्नलाई निरन्तर प्रयत्न गर्न नपर्ने स्वराज्य स्वराज्य होइन। मैले यसैले काम र वचनदुवैले यो देखाउन प्रयत्न गरेको छु कि राजनैतिक स्वराज्य– अर्थात् बहुसंख्यक नरनारीको स्वराज्य– व्यक्तिगत स्वराज्यभन्दा कम राम्रो छैन, र यसैले यसको प्राप्ति पनि व्यक्तिगत स्वराज्यलाई चाहिने उपायद्वारा नै गर्न सकिन्छ । ६

अधिकारहरूको साँचो श्रोत कर्तव्य हो । हामी सबैले हाम्रा कर्तव्यहरूको पालन गर्‍यौं भने, अधिकारलाई खोज्न धेरै टाढा जानुपर्दैन । कर्तव्यको पालन नगरी अधिकारको पछाडि मात्र दगुर्न थाल्यौं भने, राँके भूत जस्तै भएर तिनीहरू हामीदेखि भाग्नेछन् । जतिजति हामी पछ्याउँछौं उतिउति उनीहरू टाढा पुग्नेछन् । ७

मेरो लागि राजनैतिक शक्ति नै साध्य होइन, यो त जीवनको प्रत्येक क्षेत्रमा आफ्नो अवस्था सुधार्न मानिसहरूलाई समर्थ तुल्याउने एउटा साधन मात्र हो । राजनैतिक शक्तिको माने राष्ट्रिय प्रतिनिधिहरूद्वारा राष्ट्रिय जीवन नियमित पार्ने क्षमता हो । राष्ट्रिय जीवन आफै नियमित हुनसक्नेगरी सम्पूर्ण भएमा, प्रतिनिधित्वको आवश्यकै हुंदैन । त्यसबेला त्यहाँ प्रबुद्ध अराजकताको स्थिति हुन्छ । यस्तो अवस्थामा प्रत्येक मान्छे आफै आफ्नो शासक हुन्छ। उसले आफूलाई यसप्रकार शासन गर्छ कि छिमेकीको लागि ऊ कहिल्यै बाधा बन्दैन । आदर्श राज्यमा, यसैकारण, कुनै राजनैतिक शक्ति हुँदैन, कारण त्यहाँ राज्यै छैन । आदर्श भनेको जीवनमा कहिल्यै पूरा हुँदैन । यसैले थोरेको भनाइ छ–त्यो सरकार सबभन्दा असल सरकार हो जसले सबभन्दा कम्ती शासन गर्छ । ८

म विश्वास गर्छु–विशुद्ध प्रजातन्त्र अहिंसाको मात्र उपज हुन सक्छ । विश्वसंघको बनोट अहिंसाको जगमा मात्र खडा हुनसक्छ, र विश्वमामलामा हिंसालाई सर्वथा त्यागिदिनु पर्दछ । ९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले बुझेको समाज त्यो हो जसमा हामी जन्मले समान भए तापनि अर्थात् समान अवसरको अधिकारी भए तापनि, सबैको उही क्षमता हुँदैन । स्वभावतः यो सम्भव पनि हुँदैन । उदाहरणको लागि, सबै मानिसहरूको उचाइ, रंग, बुद्धिको तीव्रता, आदि फरक–फरक हुन्छ; यसैले, प्रकृतिगत स्वभाव अनुसार कसैमा ज्यादा आर्जन गर्ने क्षमता हुन्छ, कसैमा कम । योग्यता भएका मानिसहरूले ज्यादा पाउँछन् र यही उद्देश्य पूर्तिको लागि उनीहरू आफ्नो योग्यताको उपयोग गर्छन् । यो उपयोग उनीहरूले दयापूर्वक गरे भने, तिनीहरूले राज्यको लागि काम गरेको ठहरिने छ । यस्ता मानिसहरूको अस्तित्व संरक्षककै रूपमा रहने छ । बुद्धि भएको मानिसले ज्यादा कमाओस्, म उसको योग्यतालाई वउँडन चाहन्न । तर उसको ज्यादा कमाइको धेरै-जसो भाग राज्यको भलाइमा प्रयुक्त हुनुपर्छ, जस्तो कि एउटा बाबुका कमाइ गर्ने सबै छोराहरूको आम्दानी साझा परिवार कोषमा जान्छ । तिनीहरूले संरक्षकको रूपमा मात्र आफ्नो कमाइ पाउने गर्छन् । हुनसक्छ, म यस कुरामा नराम्रोसंग असफल होऊँ, तर मेरो प्रयत्न त्यसै कुराको लागि हो । १०

म यो दर्शाउने आशा गर्छु कि साँचो स्वराज एक दुइजना मानिसले अधिकार प्राप्त गरेर आउँदैन, यो आउँछ दुरूपयोग भएमा अधिकारको प्रतिरोध गर्ने शक्ति सबैले हासिल गरेर । अर्को शब्दमा भन्ने हो भने स्वराज प्राप्त गर्नको निम्ति जनतालाई अधिकारको व्यवस्था र नियन्त्रण गर्न तिनीहरूमा भएको क्षमताबारे तिनीहरूलाई शिक्षित तुल्याउनु पर्दछ । ११

अंग्रेजी भाषालाई मात्र हटाउनु स्वतंन्त्रता होइन । स्वतन्त्रताको माने औसत ग्रामीण जनतामा यो कुराको सचेतनता कि ऊ आफ्नो भाग्यको निर्माता आफै हो, ऊ आफ्नो चुनिएको प्रतिनिधिद्वारा आफै कानून–वनाउने हो । १२

शक्ति भनेको व्यवस्थापिका सभाद्वारा मात्र आउँछ भनी सोच्ने हाम्रो धेरै अगाडिदेखि वसेको बानी हो । मैले यस विश्वासलाई आलस्य वा कृत्रिम निद्राजन्य गम्भीर भूल भनी सम्झेको छु । ब्रिटिश इतिहासको सतही अध्ययनले हामीलाई सबै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्ति संसदहरूबाट छानिएर आउँछ भनी सोच्ने बनाएको छ । सत्य कुरा के हो भने शक्ति जनतामा रहन्छ र केही कालको लागि यो ती मानिसहरूको जिम्मा लगाइएको हुन्छ जसलाई तिनीहरूले आफ्नो प्रतिनिधिको रूपमा छान्न सक्तछन् । जनताबाट अलग्ग संसदको केही शक्ति हुँदैन, न अस्तित्व नै हुन्छ । विगत एक्काइस वर्षदेखि जनतालाई मैले यही साधारण सत्य सम्झाउन कोशिस गर्दै आइरहेको छु । सविनय अवज्ञा शक्तिको ढुकुटी हो । सारा जनताले व्यवस्थापिकाका कानूनहरू पालन गर्न नमान्ने र त्यसको परिणाम भोग्न तयार रहने कुराको कल्पना गर्नुहोस् ! तिनीहरूले सारा व्यवस्थापिका तथा कार्यकारिणी यन्त्रलाई ठप्पै पार्ने छन् । जत्तिसुकै शक्तिशाली भए पनि अल्पसंख्यकलाई दबाउन प्रहरी र सैनिक कामलाग्ने हुन्छन् । तर जति पनि कष्ट सहन गर्न तयार भएर निस्केका जनताको दृढ इच्छालाई झुकाउनमा कुनै पनि प्रहरी वा सैनिकको बलप्रयोगले काम गर्दैन ।

अर्को कुरा ससंदीय कार्य प्रणाली त्यो बेला मात्र जाति हुन्छ जब यसमा सदस्य-हरू बहुसंख्यकको इच्छा अनुसार चल्न राजी हुन्छन् । अर्को शब्दमा भन्ने हो भने, उस्तै उस्तै मानिसहरूको बीचमा मात्र यो राम्ररी प्रभावकारी हुन्छ । १३

हामीले चाहेको, म आशा गर्छु, त्यो सरकार हो जुन अल्पसंख्यकको भए पनि बल जबर्दस्तीमा नभै हृदय परिवर्तनमा आधारित छ । यसको माने गोरो सैनिक शासन-बाट खैरोमा परिवर्तन हुने हो भने, हामीले यसबारे होहल्ला गर्नु कुनै आवश्यक छैन । कम–से–कम जनतालाई केही मतलब हुँदैन । बढी नभए पनि अहिले जत्तिकै नै तिनीहरूको शोषण भइरहने छ । १४

मलाई लाग्छ–मौलिक रूपले यो रोग यूरोपमा पनि भारतमा जस्तै नै छ, यद्यपि यूरोपमा जनताले राजनैतिक स्वराज्य भोग्न पाएका छन् ।...त्यही उपाय यसैकारण लागू हुन सक्तछ । सबै प्रकारको ढाकछोपलाई छोड्दा, यूरोपका जनताहरूको शोषण हिंसामा टिकेको देखिन्छ ।

जनताबाट हुने हिंसाले कहिल्यै रोगको निवारण हुन सक्तैन । जेहोस्, अहिलेसम्मको अनुभवले हिंसाबाट भएको सफलता केही काल मात्र रहने गरेको देखाएको छ । यसबाट अरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो हिंसा हुने गरेको छ । अहिलेसम्म जेजति प्रयत्न भएका छन् सबै विभिन्न प्रकारका हिंसा खासगरी हिंसा गर्नेहरूको इच्छामा निर्भर भएको कृत्रिम रोकथाम भएका छन् । संकटको घडीमा यी रोकथाम स्वभावतः टुट्ने गरेका छन् । यसैले मलाई लाग्छ, ढिलो–चाँडो, यूरोपेली जनताले पनि मुक्ति पाउने नै हो भने अहिंसाको बाटो अप्नाउनुपर्ने हुन्छ । १५

मेरो इच्छा भारतलाई अंग्रेजी जुवाबाट मात्र छुटकारा दिलाउने होइन । म भारतलाई सबै प्रकारको जुवाबाट मुक्त पार्न प्रवृत्त छु । 'राजा मूढोलाई राजा बकुल्लोसंग' साट्ने मेरो इच्छा छैन । यसैले मेरो लागि स्वराजको आन्दोलन आत्म–शुद्धिको आन्दोलन हो । १६

हाम्रो स्वेच्छाचार, हामीले आफ्नो इच्छा अरूमा लादयौं भने, कर्मचारीको शासन चलाइरहेका एक मुट्ठी अंग्रेजहरूभन्दा अति नै नराम्रो हुनेछ । तिनीहरूले चलाएको चाहीं यस्तो आतंकवाद हो जसलाई विरोधको माझमा बाँचिरहन अल्पसंख्यकले लादेको हुन्छ । हाम्रोचाहीं बहुसंख्यकले लादेको र यसैकारण पहिलोभन्दा धेरै नराम्रो र साँच्चि नै धेरै नास्तिक किसिमको आतंकवाद हो । यसैले हामीले आफ्नो संघर्षमा कुनै पनि प्रकारको जबजंस्तिलाई ठाउँ दिन हुन्न । असहयोगको सिद्धान्तलाई स्वतन्त्र रूपले लिने हामी एक मुट्ठी मात्र भयौं भने अरूलाई हाम्रो विचारमा ढाल्ने कोशिस गर्दा हाम्रो ज्यान पनि जानसक्ने छ तर त्यस अवस्थामा हामीले आफ्नो लक्ष्यको इमान्दारीपूर्वक रक्षा गरेको र प्रतिनिधित्व गरेको हुनेछ । तर त्यसो नगरी हामीले आफ्नो झण्डामुनि मानिसहरूलाई बलजबर्जस्ति गर्न गर्ना थाल्यौं भने, हामीले हाम्रो लक्ष्यलाई र ईश्वरलाई अस्वीकार गरिरहेका हुनेछौं, र त्यो बेला हामीलाई सफलता प्राप्त भए जस्तो लागे तापनि, सफलता त हाम्रो धेरै नै नराम्रो आतंक स्थापना गर्नमा भएको हुनेछ । १७

जन्मजात प्रजातन्त्रवादी जन्मदेखि नै अनुशासनको पालन गर्ने हुन्छ । प्रजातन्त्रको भावना प्रकृतिले नै उसैमा विकसित हुन्छ, जो सामान्यतः समस्त मानवीय तथा ईश्वरीय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कानूनहरूको स्वेच्छाले पालन गर्न अभ्यस्त भएर जान्छ । म आफूलाई प्रशिक्षण र चेतना दुवैले प्रजातन्त्रवादी भएको दावा गर्छु । प्रजातन्त्रको सेवा गर्ने आकांक्षा भएका मानिसहरूले पहिले प्रजातन्त्रको यही कठोर परीक्षामा उत्तीर्ण भएर आफूलाई योग्य साबित गरून् । उसले आफ्नो र पार्टीको दृष्टिले होइन कि प्रजातन्त्रको दृष्टिले मात्र सोच्ने र विचार गर्ने गर्नुपर्छ । अनि पछि मात्रै सविनय अवज्ञाको अधिकार उसलाई प्राप्त हुन्छ । कसैले पनि आफ्नो विश्वासलाई त्यागोस् वा आफ्नो इच्छालाई दवाओस्–म यो कुरा चाहन्न । स्वस्थ तथा इमान्दारपूर्ण मतभेदले हाम्रो लक्ष्यलाई कुनै क्षति पुऱ्याउला भन्ने कुरामा म विश्वास गर्दिन । पुऱ्याउँछ त अवसरवाद, ढाकछोप वा टालटुल गरेको मेलमिलापले मात्र । तपाईंलाई मत फाट्नै छ भने, तपाईंको मतले तपाईंको अन्तरतम विश्वासलाई अभिव्यक्त गरोस् र त्यसबाट दलगत नाराको मात्र काम नगरोस् भनी खूब विचार गर्नुपर्छ ।

म व्यक्तिगत स्वतन्त्रतालाई महत्व दिन्छु तर मानिस मूलतः सामाजिक प्राणी हो भन्ने कुरा बिर्सनु हुँदैन । आफ्नो व्यक्तिवादलाई सामाजिक प्रगतिको आवश्यकतासंग मिलाउन शिकेर नै ऊ अहिलेको स्थितिमा पुगेको हो । कुनै अंकुश नलागेको व्यक्तिवाद जङ्गलको पशुको कानून हो । हामीले व्यक्तिगत स्वतन्त्रता र सामाजिक अंकुश बीचको मध्यस्थलमा हान्न शिकेका छौं । सम्पूर्ण समाजको भलाइको लागि सामाजिक अंकुशलाई स्वेच्छापूर्वक मान्नाले व्यक्ति र व्यक्ति सदस्य रहेको समाज दुवै सम्पन्न हुन्छ । १८

आचारको सुवर्ण नियम यसैले पारस्परिक सहिष्णुता हुन्छ, यस दृष्टिले कि हामीहरू सबै एकै प्रकारले सोच्नेनौं र सत्यलाई पनि हामीहरू टुक्राटुक्रामा र त्यो पनि विभिन्न कोणबाट हेर्नेछौं । विवेक सबैको लागि उही होइन । यसैले यो कुरा व्यक्तिगत आचरणको लागि राम्रो निर्देशन भए तापनि, त्यो आचरण सबैमा लाद्नाले हरेकको विवेक स्वतन्त्रतामा असह्य हस्तक्षेप हुनजानेछ । १९

मतभिन्नताको माने कहिल्यै शत्रुता हुनु हुन्न । यस्तो हुने भए, म र मेरी जहान आपसमा कट्टर दुश्मन हुनुपर्ने भयो । आपसमा मत भिन्नता नभएका कुनै दुई मानिस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले संसारमा देखेको छैन । गीताको अनुयायी भएको हुनाले मसंग मत नमिल्नेहरूलाई पनि मैले सधैं मेरा निकटका अतिशय मनपर्ने मानिसहरूलाई जस्तै स्नेहपूर्वक व्यवहार गर्ने कोशिस गरेको छु । २०

जतिपटक मानिसहरू भूल गर्छन् त्यति पटक म ती भूलहरू प्रकट गर्दै जाने छु । मैले संसारमा मानेको एउटै स्वेच्छाचारी हो मभित्रको 'शान्त सानो अवाज'। एकजनाको अल्पमतमा पर्नुपर्ने सम्भावना भए तापनि म विनम्रतापूर्वक विश्वास गर्छु कि यस्तो नराम्रो अल्पमतमा पर्ने आँट ममा छ । २१

म सत्यतापूर्वक भन्न सक्छु कि म आफैमा त्रुटिहरू भरिपूर्ण भएको हुनाले, र त्यसैले तिनीहरूको दयाको आवश्यक भएको हुनाले अरूहरूको दोष स हत्पति देखिन । कसैको बारे पनि कठोरतापूर्वक निर्णय नगर्न र मेरो आँखामा पर्न गएका त्रुटिहरूमा आँखा चिम्लिने नगर्न मैले शिकेको छु । २२

मलाई अक्सर झुक्नै नजान्ने प्रकृति भएको भनी दोष लगाउने गरेका छन् । बहुसंख्यकको निर्णयमा पनि म झुक्दिन भनी भन्दछन् । मलाई स्वेच्छाचारी भएको दोष लगाएका छन् ··मैले भने आफूलाई हठी वा स्वेच्छाचारी कहिल्यै मान्न सकेको छैन । यसको ठीक उल्टो, महत्व नभएको कुरामा पनि झुक्ने आफ्नो स्वभाव भएकोमा मैले गौरव मानेको छु । म स्वेच्छाचारलाई घृणा गर्छु । आफ्नो स्वाधीनता र स्वतन्त्रतालाई महत्व दिने भएको हुनाले अरूको लागि पनि यी कुराहरूको म उत्तिकै इच्छा गर्छु । अरूको विवेकमा लाग्ने कुरा गर्न नसक्ने हो भने, आफूभित्र एउटै मात्र आत्मा लिएर हिंड्ने मेरो इच्छा छैन । पुराना पुराना शास्त्रहरूले मेरो विवेकलाई चित्त बुझाउन नसकेमा म तिनीहरूको पवित्रतालाई अस्वीकार गर्ने अव्यावहारिकतासम्म पनि गर्न पुग्दछु । तर अनुभववाट मैले के शिकेको छु भने मैले समाजैमा बस्ने हो र बसेर पनि आफ्नो स्वतन्त्रतालाई कायम राख्ने हो भने मैले सम्पूर्ण स्वतन्त्रताका अवस्थाहरूलाई पहिलो दर्जाको महत्वका विषयहरूमा मात्र सीमित राख्नुपर्छ । अरू कुरामा जसमा व्यक्तिगत धर्म वा आचार संहितावाट अलग हुनुपर्दैन, मानिसले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहुमतलाई मान्नुपर्दछ । २३

सबभन्दा धेरैलाई सबभन्दा धेरै फाइदा भन्ने सिद्धान्तमा म विश्वास गर्दिन । यसको मतलब स्पष्टत: ५१ प्रतिशतको अनुमानित फाइदा उठाउनलाई ४९ प्रतिशतको स्वार्थलाई त्यागे हुन्छ वा त्याग्नुपर्छ भन्ने हो । यो एउटा हृदयहीन सिद्धान्त हो र यसले मानवजातिको नोक्सान गरेको छ । एउटा यथार्थ, मर्यादापूर्ण मानव सिद्धान्त सबैको सबैभन्दा ठूलो फाइदा गर्नु हो, र यसको प्राप्ति सबैभन्दा धेरै आत्मत्यागबाट गर्न सकिन्छ । २४

हामीले हूलको नियमलाई हटाउने हो र देशको लागि व्यवस्थित प्रगति चाहने हो भने जनताको नेतृत्व गर्छौं भनी दावा गर्नेहरूले जनताको नेतृत्वमा हिंड्न दृढतापूर्वक इन्कार गर्नुपर्छ । मेरो विचारमा अरूको रायको प्रतिवाद गर्नु तथा जनताको मतमा शिर झुकाउनु अपर्याप्त नभएको मात्र होइन, अति नै महत्त्वका कुराहरूमा नेताहरूले जनताको धारणाको विपरीत पनि चल्नुपर्छ जब त्यो धारणा तिनीहरूलाई नराम्रो लाग्न जान्छ । २५

सबै किसिमका विचारधारा भएका मानिसहरूद्वारा घेरिएर बस्नु पर्ने भएको हुनाले, जब कुनै नेता आफ्नो विवेकको इच्छा विपरीत चल्दछ तब त्यो बेकार हुन्छ । उसलाई दृढतापूर्वक समातेर बाटो देखाउने अन्तरतम आवाज भएन भने लंगुर नभएको जहाज जस्तै त्यो यताउति लाग्दछ । २६

मानिस वस्तुत: बानीले बाँच्ने हुनाले, मेरो के विचार छ भने उसले इच्छाको प्रयोग गरेर बाँच्ने गरे राम्रो हुन्छ । मलाई यो पनि विश्वास छ कि मानिसहरू आफ्नो इच्छालाई त्यति हदसम्म विकसित गर्न समर्थ हुन्छन् जसले गर्दा शोषण धेरै कम हुन-जान्छ । राज्यको शक्तिको वृद्धिलाई म हुनसम्मको भय लिएर हेर्ने गर्दछु किनभने, बाहिरबाट हेर्दा यसबाट शोषण घट्न गै राम्रो हुन लागेको देखिए तापनि, सबै प्रगतिको मूलमा भएको व्यक्तित्वलाई मासेर यसले मानवजातिलाई हुनसम्मको क्षति पुऱ्याउँछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसहरूले संरक्षकत्वमा लिएको धेरै घटनाहरू हामीलाई थाह छ, तर राज्यले सांच्चीनै गरीवहरूको लागि जीवन धानेको कुनै घटना थाहा छैन । २७

राज्यले केन्द्रित र संगठितरूपमा हिंसाको प्रतिनिधित्व गर्छ। व्यक्तिसंग आतमा छ, तर राज्य एउटा आत्मा नभएको यन्त्र हुनाले, यसलाई हिंसाबाट छटयाउन सकिंदैन, किनकि हिंसैले यसको अस्तित्व कायम भएको हो । २८

यो मेरो दृढ विश्वास हो कि राज्यले हिंसाद्वारा पूंजीवादको दमन गर्‍यो भने, यो हिंसाकै भुमरीमा पर्छ र कुनै पनि समयमा अहिंसाको विकास गर्न निष्फल हुनेछ। २९

स्वशासनको मतलव विदेशी होस् या स्वदेशी सरकारी नियन्त्रणबाट स्वतन्त्र हुने निरवच्छिन्न प्रयत्न हो । स्वराज सरकार एउटा दयनीय वस्तु हुनेछ यदि यसबाट मानिसहरूले जीवनमा प्रत्येक कुराको व्यवस्था आशा गर्न थाले भने । ३०

स्वतन्त्र नरनारी भएर हामी बाँच्न सक्तैनौं भने हामीले मनैंमा सन्तोष मान्नुपर्छ । ३१

वहुमतको शासनको उपयोग संकुचित हुन्छ, अर्थात् मानिसले तपसीलका कुराहरूमा वहुमतको अगाडि शिर झुकाउनुपर्दछ । तर बहुमतको निर्णय–चाहे जस्तोसुकै होस् मानेर हिंड्नुको अर्थ गुलामी हो । प्रजातन्त्र त्यो अवस्था होइन जसमा मानिसहरू भेंडा वरावर हुन्छन् । प्रजातन्त्रमा व्यक्तिको विचार र कामको स्वतन्त्रताको राम्रो रक्षा गरिएको हुन्छ । ३२

विवेकको विषयमा वहुमतको कानूनलाई ठाउँ हुंदैन । ३३

यो मेरो पक्का विश्वास हो कि कसैले पनि आफ्नो कमजोरीले वाहेक अरू कुराले आफ्नो स्वतन्त्रतालाई गुमाउँदैन । ३४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म हो त्मा गा न्धी

हाम्रो परतन्त्रताको लागि अंग्रेजहरूको बन्दूक त्यति साह्रा जिम्मेदार छैनन् जत्ति कि हाम्रै स्वेच्छापूर्वकको सहयोग छ । ३५

जस्तोसुकै स्वेच्छाचारी शासन पनि शासितको मञ्जूरी नभै टिक्न सक्तैन । त्यो मञ्जूरी अक्सर स्वेच्छाचारीले बलजबर्जस्ति प्राप्त गरेको हुन्छ । स्वेच्छाचारी शक्तिदेखि दुनियाँले डर मान्न छोड्नेबित्तिकै, स्वेच्छाचारीको शक्ति बिलाउँछ । ३६

धेरैजसो मानिसहरू सरकारको जटिल यन्त्र बुझ्दैनन् । प्रत्येक नागरिकले नबोलिकन तर निश्चयपूर्वक आफूलाई ज्ञान नभएको तरीकाले सरकारको समर्थन गरिरहेको हुन्छ भन्ने कुरा तिनीहरू बुझ्दैनन् । प्रत्येक नागरिकले यसैले आफूलाई आफ्नो सरकारको प्रत्येक कारबाइको जिम्मेवार बनाउंछ । सरकारका काम– कारबाइहरू सहनसकिने होइञ्जेल त्यसको समर्थन गर्नु उचित पनि छ । तर जब ती कारबाइहरूले उसको र उसको नोक्सान हुन थाल्छ, उसले आफ्नो समर्थन गर्न छोड्नु उसको कर्तव्य हुन जान्छ । ३७

सत्य हो कि धेरै जसो मामलाहरूमा, आफ्नो जीवनमाथि असर नपरुञ्जेल, साबिकको प्रक्रिया निष्फल भएको अवस्थामा खराब कुराहरूलाई नै मानेर हिंड्नु दुनियाँको कर्तव्य हुन्छ । तर सहनै नसकिने खराबीको बिरुद्ध उठ्नु प्रत्येक राष्ट्र र प्रत्येक व्यक्तिको अधिकार छ, र उसको कर्तव्य पनि हो । ३८

जतिसुकै ठूलो भएतापनि, पार्थिव शक्तिको अगाडि दृढतापूर्वक, त्यो पनि आत्मा मात्र बाँच्तछ भन्ने पूर्ण विश्वास लिएर, घुंडा टेक्न इन्कार गर्नुभन्दा ठूलो बहादुरी छैन । ३९

बाहिरी स्वतन्त्रता जुन हामी प्राप्त गर्नेछौं भित्री स्वतन्त्र –ा ेक अनुपातमा मात्र हुनेछ जुन हामीले कुनै खास क्षणमा विकसित गरेको हुनसक्छ । र यही नै हाम्रो स्वतन्त्रताको शुद्ध विचार हो भने, हाम्रो मुख्य शक्ति भित्रबाट सुधार गर्नमा केन्द्रित गरिनुपर्दछ । ४०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चा प्रजातन्त्रवादी त्यो हो जसले शुद्ध अहिंसात्मक साधनहरूद्वारा आफ्नो र, यसैकारण, आफ्नो देशको र अन्ततः सारा मानवजातिको पनि स्वतन्त्रताको रक्षागर्दछ । ४१

अनुशासनबद्ध र जाग्रत प्रजातन्त्र संसारको सबैभन्दा राम्रो वस्तु हो । पूर्वाग्रहले ग्रस्त भएको, अज्ञान र अन्ध–विश्वासमा परेको प्रजातन्त्र विशृँखल अवस्थामा पुग्छ र आफ–से–आफ नाश हुन्छ । ४२

प्रजातन्त्र र हिंसा साथसाथै चल्न सक्तैन । नाम मात्रले आज प्रजातन्त्रवादी भएका राज्यहरूले या त खुल्लमखुल्ला हुनुपर्ने हुन्छ अथवा, साँच्चै नै प्रजातन्त्रात्मक हुने हो भने, साहसपूर्व अहिंसक हुनुपर्दछ । अहिंसाको पालन व्यक्तिहरूबाट मात्र हुन सक्तछ र व्यक्तिहरूद्वारा बनेका राष्ट्रहरूबाट कहिल्यै हुनसक्तैन भनी भन्नु ईश्वरको निन्दा गर्नु हो । ४३

मेरो लागि हामीलाई चाहिएको स्वराजसम्बन्धी एउटै तालीम सारा संसारको विरुद्ध आफूलाई रक्षागर्ने र त्रुटिहरूले युक्त भएतापनि शुद्ध स्वतन्त्रतामा जीवन यापन गर्ने सामर्थ्य हो । सुशासन स्वशासनको सट्टा होइन । ४४

म अंग्रेजहरूलाई दोष दिन्न । हामी पनि अंग्रेजहरू जस्तै जनसंख्यामा निर्धा भएको भए, हामीले पनि शायद तिनीहरूले प्रयोग गरे जस्तै किसिमका तरीकाहरू अपनाउँथ्यौं । आतंक र छल कमजोरका हतियार हुन्, बलियाका होइनन् । अंग्रेजहरू कम जनसंख्या भएर कमजोर छन्, हामी जनसंख्या धेरै भएको भएर पनि कमजोर छौं । परिणाम यो भयो कि प्रत्येकले प्रत्येकलाई थचार्न खोजिरहेको छ । सबैलाई अनुभव भएको कुरा हो कि अंग्रेजहरू भारतमा बसेपछि चरित्रहीन भएर जान्छन् र भारतीयहरू अंग्रेजहरूको संपर्कमा आएपछि साहस र पुरुषार्थहीन भएर जान्छन् । कमजोरी हुँदै जाने प्रक्रिया न हाम्रो दुइ राष्ट्रमध्ये कसैलाई न संसारलाई नै फाइदा गर्दछ ।

तर हामी भारतीयहरूले हाम्रो वास्ता राख्यौं भने अंग्रेजहरू र संसारका अरू बाँकी जातिहरूले आफ्नो वास्ता राख्तछन् । संसारको प्रगतिप्रतिको हाम्रो अनुदान,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैले, हाम्रै घरलाई व्यवस्था गर्नुमा रहनुपर्छ । ४५

त्यसो भए कष्ट–सहनको नियमको शब्दमा असहयोगको अर्थ के हुन्छ ? हाम्रो इच्छाको विरुद्ध शासन गरिरहेको सरकारलाई हामीले समर्थन गर्न छोड्दा हुने क्षति र असुविधालाई हामीले स्वेच्छापूर्वक सहन तयार रहनुपर्छ । थोरेको शब्दमा 'अन्यायी सरकारको अन्तर्गत धन र शक्ति जोड्नु अपराध हो, गरीवी धर्म हो ।' संक्रान्तिकालमा हामीबाट भूलहरू हुन सक्छ; दु:ख-कष्ट सहनै पर्ने हुन्छ । राष्ट्र नै नपुंसक भएर जानुभन्दा यी कुराहरू जाति हुन्छन् ।

कुकर्म गर्ने मानिसले कुकर्म गरें भनी जानेर त्यो कुकर्मलाई सुधारिहाल्ला भनी हामीले पर्खेर बस्न इन्कार गर्नुपर्छ । हामीले अथवा अरूले दु:खकष्ट भोग्नु पर्ला भनी डराएर, यस्तोमा मतियार भएर बस्नु हुँदैन । हामीले त त्यो कुकर्मीको प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सहायता गर्न छोडेर त्यो कुकर्मको विरुद्ध लडाईं छेड्नुपर्छ ।

बाबुले अन्याय गर्‍यो भने त्यो बाबुको साथै छोडिदिनु कर्तव्य हो । प्रधानाध्यापकले अनैतिक आधारमा पाठशालाको सञ्चालन गर्न थाल्यो भने, विद्यार्थीहरूले त्यो पाठशाला नै छोड्नुपर्छ । कुनै संस्थानको अध्यक्ष भ्रष्ट भयो, भने त्यसका सदस्यहरूले राजीनामा दिएर उसको भ्रष्टाचारबाट आफ्नो हात सफा राख्नुपर्छ । यस्तै नै कुनै सरकारले त्यस्तै भयानक अन्याय गर्‍यो भने, शासकको दुष्टता छुट्ने गरी, पूर्ण वा आंशिक रूपले दुनियाँले सहयोग गर्न छोड्नुपर्छ । मैले भनेको प्रत्येक उदाहरणमा मानसिक वा शारीरिक कुनै न कुनै प्रकारको कष्टसहनको तत्व छ । यस्तो कष्ट सहन विना स्वतन्त्रता प्राप्त गर्नु सम्भव हुँदैन । ४६

सत्याग्रही भएको घडीदेखि म दुनियाँ हुन छोडेको छु, नागरिक भने हुन छोडेको छैन । नागरिकले ऐनकानूनको पालन स्वेच्छापूर्वक गर्दछ, बलजबर्जस्ति अथवा भंग गर्दा हुने सजायँको डरले गर्दैन । आवश्यक ठानेको बखतमा उसले कानून भंग गर्छ र सजायँलाई खुशीसाथ स्वागत गर्छ । यसबाट कानून भंगको तीखो धार भुत्तिन्छ र यसो गर्नु अपमानित हुनु हो भन्ने भावना हट्तछ । ४७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण सविनय अवज्ञा हिंसाको तत्व नभएको आन्दोलन हो। कट्टर सविनय अवज्ञाकारीले राज्यको अधिकारको अवज्ञा गर्दछ। राज्यको प्रत्येक अनैतिक कानूनलाई नमान्ने दावा गर्दै ऊ कानूनद्वारा अरक्षित हुन जान्छ। यसरी, दृष्टान्तको लागि, उसले कर नतिर्न सक्छ, दैनिक कामकारवाइमा ऐन कानूनको पर्वाह नगर्न सक्छ । विना हकको प्रवेश सम्बन्धी कानूनको वास्ता नगरेर सिपाहींहरूसंग कुराकानी गर्न सैनिक खलंगामा पस्न सक्छ । यस्तै पिकेटिङ्गको रीतसम्बन्धी सीमाभित्र बस्न इन्कार गरेर तोकिएको क्षेत्रभित्र पनि उसले पिकेटिङ्ग गर्ला । इत्यादि सबै काममा उसले बलप्रयोग गर्दैन र उसमाथि बलप्रयोग हुँदा प्रतिवाद पनि कहिल्यै गर्दैन । वास्तवमा उसले कैदलाई र आफूमाथि बलको प्रयोगलाई निम्त्याउँछ । बाहिरबाट हेर्दा उसले उपभोग गरिरहे-जस्तो देखिएको शारीरिक स्वतन्त्रता एउटा असह्य बोझ हुन जाने बेलामा अथवा हुनाले उसले यो गर्छ । उसले आफूसंग के तर्क गर्छ भने राज्यले व्यक्तिगत स्वतन्त्रता त्यति हदसम्म मात्र दिन्छ जति हदसम्म नागरिकले यसका नियमहरूको अधीनता स्वीकार गर्दछ । राज्यको कानूनको अधीनता स्वीकार नै त्यो मोल हो जुन नागरिकले आपनो व्यक्तिगत स्वतन्त्रताको लागि चुक्ता गर्दछ । पूर्ण वा विस्तृत रूपले अनुचित भएको, राज्यको ऐनकानूनलाई मान्नु, यसै कारणले, स्वतन्त्रताको अनैतिक मोल हुन जान्छ । यसरी राज्यको दुष्प्रवृत्तिदेखि परिचित भएको नागरिक यसको पीर खपेर बस्न मान्दैन र यसैले उसको विश्वासमा सहमत नहुने मानिसहरूको अगाडि, कुनै किसिमको नैतिकता भंग हुने काम नगरिकन नै, सरकारलाई उसको गिरफ्तार गर्न बाध्य गराउन खोजिरहँदा ऊ एउटा अवाञ्छित तत्त्वको रूपमा देखापर्छ । यसरी विचार गर्दा, सविनय अवज्ञा भनेको मानसिक वेदनाको सबभन्दा धेरैशक्तिशाली अभिव्यक्ति हो र खराब सरकारको टिकाइको विरुद्ध उठाइने बुलन्द आवाज हो। के यही नै सबै सुधारको इतिहास होइन र? के सुधारकहरूले आफ्ना साथीहरूको इच्छा विपरीत, दुष्कर्मसंग सम्बन्धित निर्दोष प्रतीकहरूलाई पनि आफालेका छैनन् र?

जब एक हूल मानिसले त्यो सरकारलाई मान्न छोड्दछन् जसको अन्तर्गत तिनीहरू अहिलेसम्म बसी आएका हुन्, तिनीहरूले झण्डै आफ्नै सरकार स्थापना गर्न पुग्छन् । मैले झण्डै शब्दको प्रयोग गरेको छु, किनभने सरकारद्वारा प्रतिरोध गरिएको खण्डमा बल प्रयोग गर्ने स्थितिसम्म तिनीहरू पुग्दैनन् । तिनीहरूको 'काम' व्यक्तिको जस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै, राज्यले तिनीहरूको छुट्टै अस्तित्वलाई नमानेसम्म अर्थात् तिनीहरूको इच्छामा शिर नझुकाएसम्म, राज्यद्वारा थुनिनु वा गोलीले मारिनु हो । यसरी दक्षिण अफ्रीकाका तीन हजार भारतीयहरूले ट्रान्सभल सरकारलाई रीतपूर्वक सूचना दिएर १९६५ सालमा ट्रान्सभल प्रवास कानूनको बिरोधमा ट्रान्सभल सीमाना पार गरे र सरकारलाई तिनीहरूको पक्राउ गर्न बाध्य गराए ! उनीहरूलाई हिंसामा उतार्न अथवा अधीनता स्वीकार गर्न लगाउन नसकेपछि सरकारले उनीहरूको मांगलाई पूरा गऱ्यो । सविनय अवज्ञाकारीहरूको दल, यसै कारणले, सैनिक अनुशासनसा रहेको फौज जस्तै हो । खालि के भने साधारण सैनिक जिन्दगीमा हुने उत्तेजनाको अभावले यो ज्यादा कठोर हुन्छ । अर्को कुरा, प्रतिशोधको भावना नभै सबै किसिमको उद्वेगबाट सविनय अवज्ञाकारी फौज मुक्त हुने र हुनुपर्ने हुनाले; यसलाई धेरै जवानको दरकार पर्दैन । साँच्चै भन्ने हो भने अन्यायविरुद्धको युद्ध जित्नलाई एउटै विशुद्ध सविनय अवज्ञाकारी भए प्रशस्त पुग्दछ । ४८

अहिंसात्मक रणकौशलमा अनुशासनको स्थान हुन्छ, तर त्यतिले पुग्दैन । सत्याग्रहको फौजमा सबै सिपाहीं सबै सेवक हुन्छ । तर कठिन घडीमा हरेक सत्याग्रही सिपाहीं आफ्नै जर्णेल र नेता पनि हुनुपर्छ । नेतृत्वलाई खालि अनुशासन भएर पुग्दैन । त्यसको लागि श्रद्धा र विश्वासको दरकार पर्दछ । ४९

जहाँ आत्मनिर्भरता नै चलन भएको हुन्छ, जहाँ कसैले कसैको मुख ताक्नपर्ने हुँदैन, जहाँ कोही नेता हुँदैन, पछुवा हुँदैन, जहाँ सबै नेता, पछुवा हुन्छन्, त्यहाँ जस्तोसुकै ठूलो नेताको मृत्युले पनि संघर्षलाई कत्ति कमजोर पार्दैन बरु तीव्र नै तुल्याउँछ । ५०

प्रत्येक राम्रो आन्दोलनको पाँच चरण हुन्छः बेवास्ता, गिल्ला, गाली, दमन र सम्मान । केही महीनासम्म हाम्रो बेवास्ता गरियो । अनि भायसरायले यसलाई हाँसोमा उडाए । आज गाली र झूठो प्रचार गरिएको छ । प्रादेशिक गभर्नरहरू र असहयोग बिरोधी समाचारपत्रहरूले यस आन्दोलनको शक्तिले भ्यायसम्म निन्दा गरेका छन् । अब दमन हुन्छ, अहिले सम्मत मझौलै खालको भएको छ । प्रत्येक आन्दोलन, जो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरम वा कडा, जस्तोसुकै दमन भए पनि नदब्ने भएर रहन्छ, सम्मानको भागी हुन्छ । यही सम्मान नै सफलताको अर्को नाम हो । यही दमनलाई हामी इमान्दार छौं भने, निकटवर्ती विजयको साँच्चिको लक्षण भनेर मान्न सकिन्छ । तर, हामी इमान्दार छौं भने, न हामीलाई दबाउनै सक्नेछन्, न हामीले रिसाएर प्रतिशोध लिने तथा हिंसात्मक काम नै गर्नेछौं । हिंसा भनेको अपहर्त्ता हो । ५१

मेरो विश्वास दृढ छ । एउटा मात्र सत्याग्रही अन्तसम्म अडेर बस्न सक्यो भने पनि विजय अवश्यम्भावी हुन्छ । ५२

शरीरको जतिसुकै कमजोर भए पनि प्रत्येक मानिस अथवा स्वास्नीमानिस आ–आफ्नो आत्मसमानको संरक्षक हो भन्ने कुरा प्रत्येक मानव परिवारसम्म पुऱ्याउन सफल भएँ भने मेरो काम तमाम हुनेछ । सारा संसार नै एकजना अवज्ञारीकाको विरोधमा भए-पनि यसले पूरा बचाउको काम गर्नेछ । ५३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद १०

शिक्षा

साँच्चिको शिक्षा आफूमा रहेको उत्तम कुरा निकाल्नुमा रहन्छ । मानवताको पुस्तकभन्दा राम्रो पुस्तक के हुन सक्छ ? १

मेरो विचारमा—बुद्धिको साँच्चिको शिक्षा हात, खुट्टा, आँखा, नाक, कान आदि शरीरका अवयवहरूको उचित अभ्यास र प्रशिक्षणद्वारा मात्र हुन सक्छ । अर्को शब्दमा भन्ने हो भने, बालकको शरीरका अवयवहरूको बुद्धिमत्तापूर्ण प्रयोगले उसको बुद्धि विकास गर्ने उत्तम र छिटो उपाय जुटाइदिन्छ । तर शरीर र मनको विकासको साथसाथै आत्माको पनि उस्तै प्रकार जागृति नभएमा पहिलो त एउटा असन्तुलित कुरा मात्र हुनेछ । आध्यात्मिक प्रशिक्षण भन्नाले मेरो मतलब हृदयको शिक्षाले मनको उचित तथा सर्वदेशीय विकास, यसैले, त्यही बेलामात्र हुन सक्छ जब यो बालकको शारीरिक तथा आध्यात्मिक शक्तिहरूको शिक्षा साथसाथै जान्छ । तिनीहरू मिलेरै एउटा अविभाज्य पूर्णाङ्ग बनेको हुन्छ । यो सिद्धान्त अनुसार, यसैले यसो भनी सम्झनु ठूलो भ्रम हुनेछ कि तिनीहरूको विकास अलग–अलग वा स्वतन्त्र रूपले हुन सक्छ । २

शिक्षा भन्नाले मेरो मतलब बालक तथा ठूलो मानिसमा भएको शरीर, मन तथा आत्मामा भएको उत्तम कुरावाट यथेष्ट निकाल्नु हो । साक्षरता नै शिक्षाको अन्त होइन, न आदि नै । यो त एउटा साधन मात्र हो जसबाट मानिस र स्वास्नी मानिसले शिक्षा पाउन सक्तछन् । साक्षरता आफै शिक्षा होइन । बालकको शिक्षा यसैले म,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसले प्रशिक्षण शुरू गरेको घडीदेखि नै यसलाई कुनै उपयोगी हस्तकला सिकाएर र उत्पादन गर्न समर्थ तुल्याएर श्रीगणेश गर्न मनपराउँछु। यस प्रकारले प्रत्येक पाठशाला लाई स्वावलम्बी बनाउन सकिन्छ—यस शर्तमा कि यी पाठशालाहरूका उत्पादनहरू राज्यले लिइदेओस् ।

मन र आत्माको उच्चतम विकास यही किसिमको शिक्षामा सम्भव छ भन्ने मेरो विचार छ। खालि कुरा के भने प्रत्येक हस्तकला आज जस्तो यान्त्रिक तवरले मात्र होइन कि वैज्ञानिक ढंगले पनि शिकाउनु पर्दछ, अर्थात् बालकलाई प्रत्येक क्रिया किन र केको लागि हुन् थाह हुनु आवश्यक छ । मैले यो कुरा कुनै विश्वासै नभैकन लेखिरहेको होइन , किनभने यसमा अनुभवको आधार छ । कार्यकर्ताहरूलाई धागो काट्ने काम जहाँसुकै शिकाएतापनि धेरै थोरै पूर्णरूपले यो तरीका अपनाइएको छ । मैले आफैंले यस तरीकाले चट्टी बनाउने र धागो काट्ने काम शिकाएर राम्रो नतिजा पाएको छु । यस तरीकाले भूगोल र इतिहासको ज्ञानलाई हटक गर्दैन । तर मैले के देखेको छु भने यो कुरा मुखजवानी यस्तो सामान्य ज्ञान दिएर शिकाउने गरिएको छ । यस तरीकाबाट पढाइ–लेखाइबाट भन्दा दशगुणा बढी शिकाउन सकिन्छ । वर्णमालाका चिन्हहरू बालकले गहुँबाट ढुटो छुट्याउन जानेपछि तथा कुनै प्रकार आफ्नो रुचिको विकास गरिसकेपछि शिकाउन सकिन्छ । यो एउटा क्रान्तिकारी प्रस्ताव हो, तर यसबाट श्रम प्रशस्त बच्तछ र विद्यार्थीलाई जुन कुरा शिक्न धेरै समय लाग्छ त्यो कुरा एकै वर्षमा जान्न समर्थ तुल्याउँछ । यसको माने हो सर्वक्षत्रीय किफायती-पना. । वास्तवमा हस्तकला शिकिरहेको बखतमा बालकले गणित पनि शिक्तछ । २

म संग कमजोरीहरू छन्—म मान्छु । मैले भन्न लायकको विश्वविद्यालयको शिक्षा पाएको छैन। मेरो माध्यमिक पाठशालाको चरित्र औसतभन्दा माथि कहिल्यै भएन । म मेरा जाँचहरूमा उत्तीर्ण हुन सकें, यति नै मेरो अहोभाग्य हो । पाठशालामा विशिष्ट स्थान प्राप्त गर्नु मेरो आकांक्षाको परको कुरा थियो । त्यसो भए तापनि उच्च शिक्षा भनाउँदो समेत सबै शिक्षामा मेरो आफ्नै धारणा बनेकोछ । र मेरो देशले गर्दा मेरा विचारहरू स्पष्टसंग सर्वविदित भएका छन् र यथायोग्य ग्रहण पनि गरिएका छन् । मैले त्यो भीरुतालाई छोड्नुपर्छ जसले मलाई झण्डै आत्मदमन गर्न सम्मन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाएको छ। मैले खिस्सीटयूरीको तथा नाम र इज्जत जति कुराको समेत डर मान्नु हुँदैन । मैले विश्वासलाई लुकाएर हिंडे भने, मैले फैसला गर्दा हुने गल्तिको सुधार गर्न सक्ने छैन । म ती गल्तिहरू पत्ता लगाउन सधैं उत्सुक छु र तिनीहरूको सुधार गर्न अझ धेरै उत्सुक छु।

कैयौं वर्ष अगाडि देखि ठहर गरिराखेको र मौका परेको बखतमा लागू गर्ने गरि आएका मेरा निष्कर्षहरू अब म भन्छु:

१. संसारमा हासिल गर्न सकिने उच्चतम किसिमको पनि शिक्षाको म विरोध गर्दिन।
२. जहाँ-जहाँ यसको खास उपयोग हुन्छ त्यहाँ-त्यहाँ राज्यले यसको लागि खर्च दिनुपर्छ।
३. सबै उच्च शिक्षाको खर्च साधारण राजस्वबाट वेहोर्ने कुराको म विरोध गर्छु।
४. यो मेरो दृढ विश्वास हो कि हाम्रा महाविद्यालयहरूमा दिइने गरेको, कलासम्बन्धी तथाकथित त्यत्तिका शिक्षा वेकार गइरहेकोछ र त्यसबाट शिक्षितवर्गमा वेकारी बढ्न गएको छ। यसको अतिरिक्त यसबाट, हाम्रा महाविद्यालयहरूमा पिंधिने दुर्भाग्य भएका लडका-लडकीहरूको शारीरिक तथा मानसिक दुवै, स्वास्थको नाशै हुन गएको छ।
५. विदेशी भाषाको माध्यम जसबाट भारतमा उच्च शिक्षा दिइने गरी आएको छ राष्ट्रको अकथनीय नैतिक तथा बौद्धिक हिन्नतिको कारण भएको छ । यसबाट कतिसम्म क्षति भएको छ जाँच्न हामी हाम्रै जमानाको धेरै नजीक छौं। र यस्तो शिक्षा पाएका हामीहरूले शिकार र न्यायाधीश दुवै हुनुपरेको छ– जुन कि एउटा झण्डै असम्भवको काम हो।

माथि दिइएका निष्कर्षहरूमा म कसरी पुगें त्यो भन्नु उचित होला । यसको लागत म मेरा आफ्नै अनुभवको एक परिच्छेद उद्धृत गर्दछु।

बाह्र वर्षसम्म मैले जे जति ज्ञान हासिल गरें त्यो मेरो मातृभाषा, गुजरातीबाट थियो। त्यसबेला मैले गणित, इतिहास र भूगोल थलिअलि जानिसकेको थिएँ। अनि एउटा माध्यामिक पाठशालामा भर्ना भएँ । पहिलो तीनवर्षसम्म त मातृभाषा नै शिक्षाको माध्यम रह्यो। तर शिक्षकको मुख्य काम बालकको टाउकोमा अंग्रेजी घुसाउनु थियो। यसैले हाम्रो आधाभन्दा बढी समय अंग्रेजी शिक्नमा र यसको उच्चारण र हिज्जेगर्नमा जान्थ्यो। जस्तो लेखिन्छ उस्तो उचारण नहुने भाषा शिक्न लागेको पाउँदा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दु:ख अवश्य लाग्थ्यो । हिज्जे कण्ठस्थ गर्न पर्नु एउटा विचित्रको अनुभव थियो। हुन त यो कुरा मैले प्रसंगवश मात्र भनेको हूँ, र मैले भन्न लागेको कुरासंग सम्बन्धित छैन। जेहोस्, पहिलो तीनवर्ष सरलैसंग बित्यो।

वास्तविक शासना त चौथो वर्षदेखि शुरू भयो । ज्यामिति, बीजगणित, रसायनशास्त्र, खगोल, इतिहास, भूगोल– सबै अंग्रेजीको माध्यमबाट पढ्नुपर्‍यो । अंग्रेजीको स्वेच्छाचार यत्तिको थियो कि संस्कृत र फार्सीसमेत मातृभाषामा पढ्न पाइंदैनथ्यो, अंग्रेजी भाषाकै माध्यमबाट पढ्नुपर्थ्यो। आफूले बुझ्ने‌को भाषा गुजरातीमा कसैले बोल्यो भने उसले सजायँ पाउँथ्यो। आफूले नबुझेको र शुद्धसंग उच्चारण गर्न नजानेको अंग्रेजी भाषा बालकले नराम्रो बोलोस्– शिक्षकलाई पर्वाह थिएन। उसले पनि टाउको दुखाउनै किन पर्‍यो र ? उसको आफ्नै अंग्रेजी अशुद्धिरहित थिएन। यो अन्यथा हुन पनि सक्तैन। अंग्रेजी भाषा उसको चेलाको लागि जस्तै उसको लागि पनि विदेशी भाषा नै थियो। परिणाम भद्रगोल हुने नै भयो। राम्ररी र ज्यादाजसो पटक्कै नबुझ्ने अरू पनि हामीलाई धेरै कुरा मुखाग्र गर्नुपर्थ्यो । ज्यामितिको पाठ हाम्रो मगजमा घुसोस् भनी शिक्षकले भरमजदूर गरिरहँदा मेरो टाउको चक्कर खान्थ्यो। ईकलिडको पहिलो भागको तेह्रौं प्रमेय (थ्योरम) मा नपुगेसम्म मैले ज्यामितिको सिंगपुच्छर केही बुझ्न सकिन। म नढाँटी भन्छु– मातृभाषाप्रति मेरो त्यो विघ्न प्रेम भए तापनि आजसम्म मैले ज्यामिति, वीजगणित, यस्तै कुराहरूमा भएका प्राविधिक शब्दहरूको गुजराती लवजहरू जानेको छैन। अहिले पो मलाई थाहा भयो अङ्कगणित, ज्यामिति, वीजगणित, रसायनशास्त्र र गणित ज्योतिष जुन पढ्न मलाई चारचार वर्ष लगाउनु परेको थियो, अंग्रेजीको माध्यमबाट पढ्न नपरी गुजरातीको माध्यमबाट मात्र पढ्न पाएको भए एक वर्षमा सजिलैसंग पढिसक्ने थिएँ। धेरै सजिलो र राम्रोसंग ती विषयहरू बुझ्थें पनि। गुजरातीको मेरो दाब्शवलि पनि धेरै हुन्थ्यो। यस्तो ज्ञानको प्रयोग म आफ्नै घरमा पनि गर्न पाउँथें। यो अग्रेजी माध्यमले अंग्रेजी भाषामा शिकाउने पाठशालामा नपढेका मेरो परिवारका सदस्यहरू र मेरो बीचमा एउटा ठूलो पर्खाल लगाइदियो । म के गरिरहेको छु भन्ने कुरा मेरो पिताज्यूलाई थाह- थिएन । मैले खोजेकै भए पनि, मैले शिकिरहेको कुराहरूमा उहाँको मन खिच्न सकिनथें। निक्कै बुद्धि भए पनि उहाँलाई अंग्रेजीको एक शब्दको पनि ज्ञान थिएन । आफ्नै घरमा म दिनप्रतिदिन अपरिचित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैजान लागें। निश्चय नै म एउटा ठूलो मान्छे भएँ। मेरो जुगैमा पनि नदेखिने हिसाबले परिवर्तनहरू आउन लागे। ममा जे भयो त्यो कुनै असाधारण कुरा थिएन। यो धेरैलाई अनुभव भएको कुरा हो।

माध्यमिक पाठशालाको पहिलो तीन वर्षले सामान्यज्ञानको मेरो ढुकुटीमा अरू थप्ने काम केही गरेन। सबै कुरा अंग्रेजीबाट शिकाउन लडकाहरूलाई तयार गर्ने काम मात्र भयो। माध्यमिक पाठशालाहरू वास्तवमा अंग्रेजी माध्यमबाट सांस्कृतिक विजय गर्ने पाठशालाहरू थिए। मैले पढेको माध्यामिक पाठशालामा पढ्ने तीनसय छात्रहरूले प्राप्त गरेको ज्ञान वार लागेको सम्पत्ति भयो। यो जनतालाई दिनको लागि थिएन।

साहित्यबारे एउटा शब्द भन्छु। अंग्रेजी गद्य-पद्यका धेरै कितावहरू हामीलाई पढ्नु पर्थ्यो। निःसन्देह यो सबै राम्रै थियो। तर जनताको सेवा गर्ने तथा सम्पर्कमा आउने काममा त्यो ज्ञान मेरो लागि कुनै कामको भएको छैन। मैले अंग्रेजी गद्य-पद्य पढेर त्यसमा भएको ज्ञान नपाएको भए, मैले साँच्चिको दुर्लभ ज्ञानको ढुकुटी गुमाउँथें भन्न म सक्तिन। यसको उल्टो, मैले ती अमूल्य सात वर्ष गुजराती भाषाको पूरा ज्ञान हासिल गर्नमा लगाएको भए र गणित, विज्ञान, संस्कृत र अरू विषयहरू गुजरातीको माध्यमबाट पढेको भए, यस प्रकारवाट मलाई प्राप्त भएको ज्ञान म सजिलैसित मेरा छिमेकीहरूलाई पनि बाँड्न सक्थें। म गुजरातीको ढुकुटी भर्थें, र को भन्न सक्छ— उपाय-प्रयोग गर्ने मेरो बानी र देश र मातृभाषाप्रतिको मेरो प्रेमले मवाट जनताको सेवामा अझ बढी र राम्रो देन पुग्न जाँदैनथ्यो ?

म अंग्रेजी भाषा र यसको राम्रो साहित्यको हेला गर्छु भनी कसैले नसम्झिदेओस्। अंग्रेजी भाषालाई म कत्तिको प्रेम गर्छु भन्ने कुराको साक्षी र 'हरिजन' का पृष्ठहरू नै छन्। तर यसको साहित्यको महानताले भारतीय राष्ट्रलाई लाभ हुन्छ भन्नु बिलायतको समशीतोष्ण जलवायु र दृश्यले हुन्छ जत्तिकै हो। भारतलाई आफ्नै जलवायु, वातावरण र साहित्य लिएर हुर्कनु छ, यद्यपि यी तीनै कुरा अंग्रेजी जलवायु, वातावरण र साहित्यभन्दा घटीया छन्। हामीले र हाम्रा सन्तानले हाम्रै परम्परामा हाम्रो भविष्यको निर्माण गर्नुपर्छ। अर्काको लिने गर्नथाल्यौं भने हाम्रो आफ्नोपनालाई हीन गर्न थाल्नेछौं। विदेशको रसद खाएर हामी बढ्न सक्तैनौं। म राष्ट्रको ढुकुटी त्यही भाषामा, त्यसको तात्पर्यको लागि संसारका अरू भाषाहरूमा, आफ्न भाषाको माध्यमबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरियोस् भन्ने म चाहन्छु । रवीन्द्रनाथका बेजोडका रचनाहरूको सौन्दर्य-पान गर्नको लागि बङ्गाली भाषा नै जान्नुपर्छ भन्ने छैन। म त्यसको राम्रो अनुवादबाट पनि गर्न सक्तछु। गुजराती लडकालडकीले टाल्स्टायका लघु कथाहरूको रसपान गर्न रूसी भाषा जान्नुपर्दैन । राम्रो अनुवादबाटै ती कथाहरू पढ्छन् । अंग्रेजहरू गर्व गर्छन् कि संसारको श्रेष्ठ साहित्यिक रचना त्यो राष्ट्रको हातमा सरल अंग्रेजीमा प्रकाशनको एक हप्ता भित्रै पुग्दछ। मिल्टन र शेक्सपियरले लेखेसोचेको उत्तम कुरा पढ्न अंग्रेजी नै मलाई किन शिक्न पर्‍यो र ?

संसारका विभिन्न भाषाहरूमा जान्नुपर्ने उत्तम कुराहरू के छन् त्यो शिकेर आ-आफ्ना स्वदेशी भाषाहरूमा उलथा गरेर दिने काम भएका विद्यार्थीहरूकै छुट्टै कक्षा खोलिदिनु धेरै किफायतको काम हुने थियो। हाम्रा शिक्षकहरूले हाम्रो लागि गलत बाटो रोजे, र बानीले गर्दा बेठीक पनि ठीक जस्तो देखिन आएको छ।

विश्वविद्यालयहरूलाई स्वावलम्बी बनाउनुपर्छ । राज्यले त तिनीहरूलाई मात्र शिक्षा दिनुपर्छ जसको सेवाको तिनीहरूलाई जरूरत छ। अरू सबै ज्ञानका हांगाहिंगाको निम्ति निजी प्रयत्नलाई प्रोत्साहन दिनुपर्दछ। प्रादेशिक भाषालाई तिनीहरूको अधिकारपूर्ण स्थान दिएर, शिक्षाको माध्यमलाई तुरुन्तै र कुनै पनि हालतमा फेर्नुपर्दछ। उच्च शिक्षामा दिनदिनै थुप्रिंदै गैरहेको त्यो अधिकारपूर्ण अपव्ययभन्दा त केही दिन गोलमाल भएकै जाति सम्झन्छु।....

यसरी म कुनै हालतमा पनि उच्च शिक्षाको विरोधी होइन। हूँ त यस दिशामा दिई आएको रूपको यस्तो शिक्षाको मात्र । मेरो योजनामा धेरै र राम्रा पुस्तकालयहरू, धेरै र राम्रा अनुसन्धान संस्थानहरू हुनेछन्। यस योजना अनुसार हामीसंग रसायनविद्, इन्जिनीयर तथा अरू दक्षहरूको फौजै हुनुपर्छ जो राष्ट्रका साँच्चिका सेवक हुन्छन् र जसले आफ्नो अधिकार र खाँचोप्रति दिनप्रतिदिन बढी मात्रामा सजग हुँदै गैरहेका मानिसहरूको विभिन्न प्रकारको र बढ्दो आवश्यकताको पूर्ति गर्नेछन्। र यी सबै दक्षहरूले, विदेशी होइन कि, जनताको भाषा बोल्नेछन्। उनीहरूले प्राप्त गरेको ज्ञान जनताको साझा सम्पत्ति हुनेछ। काम नक्कल मात्र नभै साँच्चिको मौलिक हुनेछ। र मूल्यको वितरण समानरूपले र न्यायपूर्वक गरिनेछ। ४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो युगको भारतीय संस्कृति निर्माणावस्थामा छ। हामीहरूमध्ये धेरै जसो आपसमा वाझिएका जस्ता देखिएका सबै संस्कृतिहरूको मिश्रण तयार पार्न प्रयत्न गरिरहेका छौं। अलगगै बस्ने कोशिश गरे कुनै पनि संस्कृति वाँच्न सक्तैन। भारतमा आज विशुद्ध आर्य संस्कृति भन्ने केही कुरा छैन। आर्यहरू भारतका स्वदेश जाति हुन् वा अवाञ्छित जबर्जस्ति प्रवेश गरी आएका मानिस हुन् भन्नं कुराको त्यति साह्रो मलाई चासो छैन। मलाई चासो भएको कुरा के हो भने मेरा टाढाका पुर्खाहरू आपसमा खूब स्वतन्त्रता पूर्वक मिसिए र वर्तमान पुस्ताका हामीहरू त्यही मिश्रणका परिणाम हौं। हामीले हाम्रो जन्मभूमि र हामीलाई धारण गर्ने सानो भूमण्डलको असल गरिरहेका छौं वा छैनौं अथवा हामी बोझमात्र भएका छौं कि– त्यो कुरा भविष्यबे मात्र देखाउला। ५

म मेरो घरको चारैतिर पर्खाल लगाउन र मेरा झ्यालहरू टम्म पार्न म चाहन्न। मेरो घरमा सबै देशका संस्कृतिहरू हावा जस्तै स्वच्छन्द घुमफिर गर्न पाउन्— यही मेरो चाहना छ। त्यसो भनेर कुनैको पनि जोडमा म उडेर जान मान्दिन। साहित्यिक रुचि भएका हाम्रा जवान केटा र केटीहरूले आफूलाई मनलागे जति अंग्रेजी र अरू विश्वभाषाहरू शिकुन् र अनि भारत र संसारलाई बोस, राय, अथवा कविज्यू* स्वयंले झैं आफ्नो विद्याको फाइदा भारत र संसारलाई दिउन् भन्ने म चाहन्छु। तर एकजना पनि भारतीयले आफ्नो मातृभाषालाई विर्सेको, वास्ता नगरेको अथवा त्यसबारे संकोच मानेको अथवा उत्तम–उत्तम विचारहरू आफ्नै स्वदेशी भाषामा सोच्न वा प्रकट गर्न नसकेको अनुभव गरेको हेर्न म चाहन्न। मेरो धर्म कैदखानाको धर्म होइन। ६

संगीत भनेको ताल हो, व्यवस्था हो। यसको असर विजुलीसमान हुन्छ। यसले तत्कालै शान्ति दिन्छ। दुर्भाग्यले हाम्रा शास्त्रहरू जस्तै, संगीत पनि केही मानिसहरूको मात्र पेवा भएको छ। आधुनिक अर्थमा यो कहिल्यै पनि राष्ट्रियकरण भएको छैन। स्वयं-ब्वाई स्काउट र सेवा समिति दलहरूमाथि मेरो कुनै प्रभाव भएको भए म राष्ट्रिय गीतको साथ–साथै राम्रो गीतलाई पनि नगाइन हुने गरिदिन्थें। र त्यही उद्देश्यले मैले

***सर जगदीश चन्द्र बोस र सर पी. सी. राय भारतका ठूला कवि हुन्; 'कवि' भनेर यहाँ रवीन्द्रनाथ ठाकुरलाई भनिएको छ।**

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलठूला गवैयाहरूलाई प्रत्येक सभा–गोष्ठीहरूमा उपस्थित हुने र समूह गान शिकाउन लाउने प्रबन्ध गर्नुपर्छ । ७

विस्तृत अनुभवमा आधारित भएको, पण्डित खरेको मतमा, संगीत प्रारम्भिक शिक्षाको पाठ्यक्रमको अंश हुनुपर्छ। म यस कुरालाई हार्दिक समर्थन गर्दछु। आवाजले सुर मिलाउनु हातलाई तालीम दिनु जतिकै आवश्यक छ। लडका लडकीको योग्यता बढाउन र तिनीहरूको शिक्षामा साँच्चिको अभिरुचि जगाउन शारीरिक शिक्षा, शिल्पकला, चित्रलेखन र संगीत साथसाथै जानुपर्छ। ८

आँखा, कान र जिभ्रो हातभन्दा अगाडि आउँछन् । पढ्न लेखनभन्दा अगाडि आउँछ र चित्रलेखन बर्णमालाका अक्षरहरू कोर्नुभन्दा अगाडि आउँछ। यो स्वाभाविक तरीकाको अनुसरण गरिएमा केटाकेटीहरूको सम्झने शक्तिले वर्णमाला शिक्न थालेको अवस्थामा नियन्त्रणमा रहने बेलामा भन्दा ज्यादा विकसित हुने अवसर पाउँछ। ९

हामीहरू अलग्गै बस्नुपर्छ अथवा वार लगाएर रहनुपर्छ भन्नु जस्तो मेरो विचारभन्दा टाढाको कुरा अरू केही हुन सक्तैन। तर मेरो विनम्र तर्क के छ भने हाम्रो आफ्नै संस्कृतिको सम्मान अर्काको संस्कृतिको सम्मान गर्न जानेपछि मात्र गर्न जानिने हुन्छ, अगाडि होइन··व्यवहारविनाको किताबी ज्ञान एउटा कुहुन नदिनको लागि तेल अथवा कुनै सुगान्धित वस्तु घसिएको लाश जस्तै हो– हेर्नमा साह्रै सुन्दर तर प्रेरणा दिने अथवा मन उच्च पार्ने केही कुरा नभएको। मेरो धर्मको जोड सविनय आत्महत्याको कष्ट सहन गरेर मेरो आफ्नै संस्कृतिलाई मनमा लिई सजीव तुल्याउने भएको हुनाले यसले मलाई अरू संस्कृतिको अपमान गर्न अथवा त्यसलाई होच्याउन दिंदैन । १०

बुद्धि भनेको पुस्तक पढेपछि मात्र आउँछ भन्ने जुन भ्रान्त धारणा छ त्यसलाई हटाएर त्यसको ठाउँ मनको अतिशय छिटो विकास वैज्ञानिक ढंगले शिकिएको शिल्पकारको कामबाट हुन सक्छ भन्ने सत्यलाई दिनुपर्छ। हात अथवा ज्यावलको कुनै खास तरीकाको संचालन किन चाहिएको हो भन्ने कुरा शिकारूलाई हर पलामा शिकाउने बित्तिकै मनको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकास शुरु हुन्छ। विद्यार्थीहरूले आफूलाई साधारण श्रमजीवीहरू सरह मान्न सकेमा तिनीहरूको बेरोजगारीको समस्या सजिलैसंग हलगर्न सकिने छ। ११

केटाकेटीहरूलाई प्रारम्भिक शिक्षामध्ये धेरैजसो मुखैले दिनु राम्रो हुँदैन भन्ने कुरा म यसै भन्न सक्तिन। कलिलो उमेरका बालकहरूमाथि तिनीहरूले सामान्य ज्ञान प्राप्त गर्न सक्नुभन्दा अगाडि तिनीहरूमाथि वर्णमालाको ज्ञान र पढ्ने सामर्थ्य लाद्नु, तिनीहरू ताजा छँदैमा, मुखजवानी शिक्षाको लाभ उठाउने शक्तिवाट वञ्चित गर्नु हो। १२

अक्षर-शिक्षा स्वयंले मानिसको नैतिक उचाईमा एक ईन्च पनि थप्ने काम गर्दैन र चरित्रनिर्माणको, अक्षर-शिक्षासंग केही सम्बन्ध छैन। १३

भारतको लागि निःशुल्क तथा अनिवार्य प्रारम्भिक शिक्षाको सिद्धान्तमा मेरो दृढ विश्वास छ। यो कुरा हामीले बालकलाई उपयोगी काम शिकाएर र यसको प्रयोग त्यसको मानसिक, शारीरिक तथा आत्मिक शक्तिहरूको विकास गर्नमा लगाएर पूरा गर्न सकौंला भन्ने पनि मेरो धारणा छ। शिक्षासंग यी आर्थिक हिसाव-किताव ल्याएर जोड्न अप्रासांगिक वा नराम्रो भनी कसैले नसोचून्। आर्थिक हिसाब-किताबमा नराम्रो भन्ने कुरा केही पनि छैन। साँचो अर्थशास्त्र कहिल्यै पनि उच्चतम नैतिक स्तरको बिरोधी हुँदैन, जस्तो कि साँचो नीतिशास्त्र नामयोग्य हुनको लागि, उस्तै प्रकारले, असल अर्थशास्त्र पनि हुनुपर्छ। १४

विभिन्न विज्ञानको शिक्षामा म महत्व देख्तछु। हाम्रा केटाकेटीले भौतिक र रसायन शास्त्र धेरै ग्रहण गर्न सक्तैनन्। १५

बालकमा उसको हात, मगज र आत्माको विकास गर्न चाहन्छु। हातहरू प्रायः झीना भएका छन्। आत्माको त पूरै बेवास्ता गरिएको छ। १६

जिन्दगीका तथ्यहरूबारेको बालकहरूको उत्सुकताको हकलाई, हामीलाई थाह भए हामीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिदिनु पर्छ, र नभए हामीलाई थाहा छैन भन्नुपर्छ। भन्न नहुने कुरा भए हामीले तिनीहरूलाई रोक्नुपर्छ र यस्तो कुरा अरू कसैसंग पनि नगर्नू भन्नुपर्छ। हामीले तिनीहरूलाई टार्नु हुँदैन। हामीले कल्पना गरेभन्दा धेरै कुराहरू तिनीहरू जान्दछन्। तिनीहरूलाई थाहा भएन र हामीले भन्न चाहेनौं भने तिनीहरूले सन्देहपूर्ण तरीकाले थाहा पाउने कोशिस गर्दछन्। यस्तो कुरा हुन नदिने हो भने हामीले यस्तो खतरा लिनै पर्छ। १७

बुद्धिमान् आमाबावु केटाकेटीलाई भूल गर्न दिन्छन्। तिनीहरूलाई एकबाजी औंला आगोमा पोल्न दिनु जाति नै हुन्छ। १८

आँखा मात्र चिम्लिदिएर हामीले यौन प्रकृतिलाई राम्ररी जित्न वा नियन्त्रण गर्न सक्तैनौं। यसैले म जवान लड्का लडकीलाई प्रजनन अंगहरूको महत्त्व र उचित प्रयोग शिकाउने पक्षमा छु। मेरो जिम्मामा रहेका साना-साना बालक-बालिका दुवैलाई आफ्नै तरीकाले यो ज्ञान दिने कोशिस गरेको छु। तर मेरो विचारको यौन शिक्षाको उद्देश्य यौन प्रवृत्ति उपरको विजय र निरोध हुनुपर्छ। यस्तो शिक्षाबाट स्वतः, बालकहरूमा मानिस र पशुवीचको भेदको ज्ञान घुसाउने, र मन र मगज दुवैको शक्तिले सम्पन्न हुनु मानिसको विशेष गौरवको कुरा हो, मानिस एउटा अनुभव मात्र गर्ने नभै सोच्ने पनि प्राणी हो र यसैले, अन्धसहज प्रवृत्तिका लागि तर्क शक्तिलाई त्याग गर्नु मानिस हुनुको अवस्थैलाई त्याग गर्नु हो भन्ने कुरा बोध गराउने काम हुनुपर्छ। मानिसमा, बुद्धिले भावनालाई जगाइदिन्छ र बाटो देखाउँछ; पशुमा आत्मा सधैं सुषुप्तावस्थामा रहन्छ। हृदयलाई जगाउनु सुषुप्त आत्मालाई जगाउनु हो, बुद्धिलाई जगाउनु हो र असल र खराबको भेद सम्झाउनु हो। आज, हाम्रो सारा वातावरण– हाम्रो पढाइ, हाम्रो सोचाइ र हाम्रो सामाजिक व्यवहार– साधारणतः यौन प्रवृत्तिलाई पोस्न र सहायता दिने तालको छ। यो जालबाट निस्कनु सजिलो छैन। तर यो काम हाम्रो उच्चतम प्रयत्नको लायक छ। १९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद ११

नारी

मेरो दृढ मत छ कि भारतको मुक्ति त्यहाँका नारीहरूको त्याग र जागृतिमा रहेको छ। १

अहिंसा भनेको असीम प्रेम हो र असीम प्रेम भनेको कष्ट सहन गर्ने असीम शक्ति हो। यो शक्ति नरकी जननी, नारीले सिवाय अतिशय मायामा अरू कसले देखाउन सक्तछ? यो कुरा तिनले वालकलाई नौ-नौ महीना बोकी खुवाई, त्यसो गर्दा सहन परेको दुःखबाट आनन्द लिएर देखाउँछे। प्रसव वेदनाभन्दा ठूलो अरू के दुःख हुन सक्छ? तर त्यो दुःखलाई तिनले सृष्टिको आनन्दमा विर्सिदिन्छे। फेरि आफ्नो बच्चालाई हुर्काउनको लागि दिनदिनै त्यस्तो दुःख कसले गर्छ? उनले त्यो प्रेम सारा मानवजातिमा सारून्, तिनी कहिल्यै पुरुषको कामवासना पूर्ति गर्ने साधन थिई वा हुनसक्छे भन्ने कुरा बिर्सिदिऊन्। र तिनीले पुरुषको छेउमा माता, निर्माता र नबोल्ने नेता भएर आफ्नो गौरव पूर्ण स्थान बनाउँछे। शान्तिरूपी अमृतको लागि तिर्खाएको, जुटेको संग्राममम संसारलाई शान्तिको कला शिकाउने उनको काम हो। २

मेरो व्यक्तिगत मत छ कि, पुरुष र स्त्री भौतिक रूपले एक भए जस्तै, तिनीहरूको समस्या पनि सार रूपमा एउटै हुनु पर्छ। आत्मा दुवैमा उही छ। एउटा अर्कोको पूरक हो। एउटा अर्कोको सक्रिय सहयोग विना बाँच्न सक्तैन।

तर पुरुषले कुनै न कुनै तरहले युगौंअगिदेखि स्त्रीमाथि प्रभुता जमाइ आएको छ, र यसैले नारीमा हीन-भावनाको विकास भएको छ। नारी पुरुषभन्दा सानो छ भन्ने पुरुषको स्वार्थपूर्ण शिक्षाको सत्यतामा तिनले विश्वास गरेकी छ। तर पुरुषहरूमध्येका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टाले उनको स्थिति पुरुषकै बराबर हो भन्ने कुरा मानेका छन् ।

त्यस्तो भए तापनि कुनै कुरामा भिन्नता छ भन्नेमा शङ्का छैन । मूलरूपमा दुइटै एउटै भए तापनि, यो पनि उत्तिकै साँचो हो कि शरीर रचनाको हिसाबले दुइजनामा ठूलो अन्तर छ । यसैले दुइजनाको काम पनि फरक फरक हुनुपर्छ । बहुसंख्यक नारी-हरूले सधैं नै बेहोर्नुपर्ने, मातृत्वको कर्तव्य पूरा गर्नको लागि पुरुषहरूलाई नचाहने गुणहरूको आवश्यकता छ । तिनी सहनशील हुन्छे, ऊ सक्रिय । तिनी आवश्यक रूपले घरकी मालिक्नी हुन्छे । ऊ चाहीं कमाउने । तिनी खानेकुरोको जोगार गर्ने हुन्छे त ऊ हुन्छ वितरण गर्ने । तिनी पूरापूर अर्थमा हेरविचार गर्ने हुन्छे । आफ्ना जातिका बालक-हरूको पालन-पोषण गर्ने कला तिनको आफ्नै विशेष पेवा हो । तिनको सेवा सुश्रूषा नभए मानव जाति नै सखाप हुन्छ ।

मेरो रायमा आइमाईलाई चुल्हो छोड्न लगाई त्यही चुल्होको रक्षाको लागि बन्दूक बोक्न लगाउनु स्त्रीपुरुष दुवैको लागि नराम्रो कुरा हो । यो त जङ्गली अवस्थामा फर्कनु हो र अन्त्यको प्रारम्भ हो । पुरुषले चढ्ने गरेको घोडा चढ्ने प्रयत्नमा तिनीले आफूलाई र पुरुषलाई समेत खसाल्छे । आफ्नी संगीलाई उनको खास काम छोड्न प्रलोभन दिने वा बाध्य गराउने पाप पुरुषलाई नै लाग्छ । घरलाई ठीक र व्यव-स्थित रूपमा चलाउनुमा उत्तिकै बहादुरी छ जत्तिको यसलाई बाहिरबाट हुने आक्रमण-बाट रक्षा गर्नुमा छ । ३

म मात्रै आइमाई भएको भए, आइमाई भनेको पुरुषको खेलौना बन्न जन्मेको हो भनी पुरुषजातिले गर्ने गरेको कुनै पनि दावीको बिरोधमा म आन्दोलन गर्थें । आइमाईको हृदयभित्र पस्नको लागि म मनमनै आइमाई भएको छु । मैले पहिले-पहिले गर्ने गरेको भन्दा बेग्लै किसिमले उनीप्रति व्यवहार गर्ने निधो नगरेसम्म मैले मेरी जहानको हृदयभित्र प्रवेश गर्न सकिन, र यसैले मैले लोग्ने भएर पाएको तथाकथित अधिकार-हरू सबै छोडेर तिनका सबै अधिकारहरू तिनीलाई नै फर्काइदिएँ । ४

पुरुषजाति जिम्मेवार भएका सबै खराबीहरूमा मलाई, मानवजातिको अर्द्धाङ्गिनी—निर्धो होइन कि कोमलाङ्गी— को दुरुपयोग जस्तो अपमानजनक, घृणाजनक अथवा क्रूर अरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही पनि लाग्दैन । दुइमा यो भाग राम्रो छ, किनभने आज पनि यो भाग, मूक कष्ट सहन, विनम्रता, श्रद्धा र ज्ञानको प्रतिमूर्ति भएर रहेको छ । ५

आइमाईले आफूलाई पुरुषको वासना पूर्तिको साधन सम्झन छोड्नुपर्छ । तिनको अवस्था सुधार गर्ने उपाय पुरुषकोभन्दा तिनकै हातमा बढ्ता छ । ६

सतीत्व भनेको गरम-घरको उद्भिद् होइन । यसलाई पर्दाको चारैतिरको पर्खालले रक्षा गर्न सकिंदैन । यो भित्रैबाट पलाएर आउनुपर्छ, र साँच्चीको अमूल्य हुनको लागि हरेक आइपर्ने प्रलोभनलाई प्रतिरोध गर्नसक्ने हुनुपर्छ । ७

आइमाईको शुद्धताको लागि यत्तिको चिन्ता किन ? पुरुषको शुद्धताको लागि आइमाई-हरू के केही भन्छन् ? पुरुषहरूको चोखोपनाबारे आइमाईहरूले चिन्ता लिएको हामी केही सुन्दैनौं । पुरुषहरू मात्र आइमाईहरूको चोखोपना कायम राख्ने अधिकारमाथि दावा गरेर किन हिंड्छन् ? यो बाहिरबाट थुपार्न सकिने कुरा होइन । यो भित्रबाटै विकसित भएर आउने र यसैले व्यक्तिले आफै प्रयत्न गरेर आउने कुरा हो । ८

आइमाई, मेरो दृष्टिमा आत्मबलिदानको मूर्ति हो, तर दुर्भाग्यवश आज तिनीले आफूसँग भएको त्यो ठूलो लाभलाई बुझिनन् जुन पुरुषसंग छैन । टाल्स्टायले भन्ने गरे जस्तै, आइमाईहरूलाई पुरुषको मोहिनी लागेको छ । अहिंसामा कत्ति बल छ भन्ने मात्र बुझेको भए तिनीहरू निर्धा जाति भनी भनाई हिंड्न मान्दैनथे । ९

आइमाईलाई निर्धा जाति भन्नु मानहानि गर्नु हो, पुरुषको स्त्रीमाथिको अन्याय हो । बल भनेको पशु बल हो भने, आइमाई, निःसन्देह, पुरुषभन्दा कम पाशविक हुन्छ । बलको माने नैतिक शक्ति हो भने, आइमाई पुरुषभन्दा कैयौं दुगुना श्रेष्ठ छ । के तिनीसंग बढी सहज ज्ञान छैन, के तिनीसंग बढी आत्म-त्याग छैन, के तिनीसंग बढी साहस छैन, के तिनीसंग बढ्ता सहनशक्ति छैन ? तिनी नभएको भए पुरुष हुनै सक्तै नथे । अहिंसा हाम्रो जीवनको धर्म हो भने भविष्य स्त्रीको हातमा छ ।...

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदयलाई छुने अर्ती स्त्रीले जत्तिको अरू कसले दिन सक्तछ ? १०

स्त्रीहरू, जीवनमा जे जति पवित्र र धार्मिक छन्, त्यसको विशेष संरक्षिका हुन् । स्वभावैले रक्षणशील भएको हुनाले जुन किसिमले तिनीहरू अन्ध विश्वासपूर्ण बानीहरूलाई विस्तार-विस्तारै छोड्छन् उस्तै किसिमले जीवनमा जे जति पवित्र र उदास छन्, तिनीहरूलाई पनि उनीहरू तुरुन्त छोड्दैनन् । ११

आइमाईहरूलाई उचित शिक्षा दिनुपर्छ भन्ने कुरामा म विश्वास गर्छु । तर मेरो विचार छ कि पुरुषहरूको नक्कल गरेर अथवा तिनीहरूसंग घोडदौड गरेर स्त्रीले संसारलाई केही देन दिन सक्तिनन् दौड्न त सक्ली, तर पुरुषको नक्कल गरेर तिनीले त्यो ठूलो उचाइमा पुग्न सक्ने छैनन् । तिनीलाई पुरुषको पूरक हुनुपरेको छ । १२

स्त्री पुरुषको समान मानसिक क्षमता भएको संगी हो । पुरुषको तुच्छमा तुच्छ गतिविधिमा पनि भाग लिने तिनको अधिकार छ । तिनको पनि पुरुषको जत्तिकै स्वाधीनता र स्वतन्त्रतामा हक छ। तिनको आफ्नो क्षेत्रमा तिनी सर्वोच्च स्थानकी अधिकारीणी छे जस्तो कि पुरुष उसको आफ्नो क्षेत्रमा छ । स्वाभाविक रूपले हुनपर्ने कुरा यो हो, र अर्को कुरा, लेख–पढ गर्न जान्नुको परिणाम हुनु हुँदैन । खालि नराम्रो चलनको बलमा साह्रै नै अज्ञान र बेकामका पुरुषहरू पनि स्त्रीहरूमाथि श्रेष्ठताको उपभोग गरिरहेका छन्, जुन तिनीहरूको लायक छैन र जुन तिनीहरूले उपभोग गर्नु वाञ्छनीय नै छैन । १३

आइमाईहरूले आफूलाई निर्धा जातिका हौं भनी बिर्सि मात्र दिएको खण्डमा, मलाई शङ्का छैन, उनीहरूले लडाईंको विरोधमा पुरुषहरूलेभन्दा असंख्य ठूलो काम गर्न सक्नेछन् । तपाईं आफै सोच्नोस् तपाईंका रथी र सैनिकहरूले के गर्थे यदि तिनीहरूका स्वास्नी, छोरी र आमाहरूले तिनीहरूलाई कुनै पनि सैनिक कारवाइमा भाग लिन जानदिन मानेनन् भने । १४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रो कार्यकर्ता भएकी, देशको सेवा गर्न अविवाहित भएर बस्ने विचारमा रहेकी, एउटी बहिनीले हालसालै आफ्नो सपना अनुसारको लोग्नेमान्छे पाएर विवाह गरिन् । तर त्यसो गरेर गल्ती गरें र आफूले अगाडि राखेको उच्च आदर्शबाट च्यूत भएँ भनी तिनी सोचेर हिंड्न लागिन् । मैले तिनको यो भ्रमलाई हटाउने कोशिस गरेको छु । सेवा गर्नको लागि लडकीहरू अविवाहित भएर रहनु साह्रै राम्रो कुरा हो । यसमा कुनै शङ्का छैन । तर कुरा के हो भने लाखमा एकजनाले मात्र त्यसो गर्न सक्तछ । विवाह भनेको जीवनको स्वाभाविक कुरा हो र यसलाई कुनै पनि अर्थमा नराम्रो सम्झनु सरासर गलत हो । आफूले कुनै काम गरेर पतीत भएँ भनी सम्झन थाल्यो भने, जतिसुकै मिहेनत गरे पनि, आफूलाई उठाउन गाह्रो हुन्छ । आदर्श त विवाहलाई धार्मिक संस्कार मान्नु र, यसैले विवाहित स्थितिमा आत्म-संयमको जीवन बिताउनु हो । हिन्दू धर्मअनुसार विवाह चार आश्रममध्ये एउटा हो । निःसन्देह अरू तीनवटा यसैमा आधारित छन् ।

माथि भनिएकी तथा तिनको जस्तै विचार भएका अरू बहिनीहरूको कर्तव्य, यसैले, विवाहलाई नराम्रो दृष्टिले हेर्नु होइन, बरु यसलाई यसको उचित स्थान दिएर धार्मिक संस्कारको योग्य बनाउनु हो । आवश्यक आत्मसंयम गरेमा तिनीहरूले आफूभित्र सेवाको लागि अझ वढी नै बल बढ्दै गइरहेको पाउने छन् । सेवा गर्न चाहने आइमाईले स्वभावैले उस्तै विचार भएको मानिसलाई आफ्नो जीवनसंगी रोज्नेछिन्, र तिनीहरूको संयुक्त सेवा देशको लागि लाभदायी हुनेछ । १५

विवाहले अरू सारालाई छोडेर दुईजना साझेदारको संयोगको अधिकारलाई अनुमोदन गर्छ जब उनीहरूको संयुक्त रायमा यस्तो संयोगलाई तिनीहरूले वाञ्छनीय सम्झेका हुन्छन्, तर यसले एउटाको संयोगको इच्छालाई अर्कोले मान्नुपर्छ भनी माग गर्न कुनै पनि साझेदारलाई कुनै अधिकार दिंदैन । एकजना साझेदारले नैतिक अथवा अरू कारणमा अर्कोको इच्छाको पूर्ति गर्न नसकेमा के गर्नुपर्ला भन्ने बेग्लै प्रश्न हो । व्यक्तिगत रूपले पारपाचुके नै एउटा मात्र विकल्प हो भने, विशुद्ध नैतिक कारणमा आफूलाई नियन्त्रण गर्न चाहेको खण्डमा आफ्नो नैतिक प्रगति-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई छेका ह्राल्नुको सट्टा, म यसैलाई स्वीकार गर्न हिच्किचाउन्न । १६

दुःखको कुरा हो कि साधारण अर्थमा हाम्रा छोरीहरूलाई मातृत्वको कर्तव्य शिकाइंदैन । वैवाहिक जीवन धार्मिक कर्तव्य हो भने, मातृत्व पनि त्यस्तै हुनुपर्छ । आदर्श आमा हुनु सजिलो कुरा होइन । सन्तान जन्माउने कामलाई पूर्ण जिम्मेदारीका साथ अंभर गर्नुपर्छ । गर्भ धारण गरेको बेलादेखि बालकको जन्म नभएसम्म तिनको कर्तव्य के हुन्छ भन्ने कुरा आमा हुनेलाई थाहा हुनुपर्छ । जसले देशलाई बुद्धिमान्, स्वस्थ र राम्ररी हुर्केका बालकहरू दिन्छे तिनीले नै साँचो अर्थमा सेवा गरिरहेकी छे भन्न सुहाउँछ । यी बालकहरू पनि ठूला भएपछि सेवा गर्न तयार हुन्छन् । सत्य कुरा के हो भने सेवा गर्ने सजीव भावनाले ओतप्रोत भएका मानिसहरू जिन्दगीमा आफ्नो स्थिति जस्तोसुकै भए तापनि सधैं नै सेवा गरिरहन्छन् । सेवालाई बाधा दिने जीवन क्रम उनीहरू कहिल्यै पनि अपनाउँदैनन् । १७

'आइमाईको आर्थिक स्वतन्त्रताले स्त्रीजातिमा अनैतिकता फैलिन्छ र गार्हस्थ्य जीवन छिन्नभिन्न हुन्छ भनी कोही कोही मानिसहरू विवाह भएका आइमाईको सम्पत्तिमा दखल गर्न पाउने अधिकारसम्बन्धी ऐनको विरोध गर्छन् । यस विषयमा तपाईंको के विचार छ ?'

म यो प्रश्नको जवाफ प्रतिप्रश्नले दिन्छु : मानिसको स्वतन्त्रता र उसको सम्पत्ति-माथिको अधिकारले के मानिसहरूमा अनैतिकता फैलिएको छैन ? 'छ' भन्नुहुन्छ भने, आइमाईहरूमा पनि त्यस्तै होस् । आइमाईहरूले पनि पुरुषहरूले जस्तै स्वामित्व र यस्तै कुराको अधिकार पाए भने, तिनीहरूको पाप अथवा धर्मको जवाफदेही यस्ता अधिकारहरूको उपभोग होइन भन्ने कुरा स्पष्ट हुनेछ । स्त्री वा पुरुषको विवशतामा निर्भर हुने नैतिकतामा यसको शिफारिस गर्ने कुरा धेरै छैन । नैतिकताले हाम्रो हृदयको पवित्रतामा जरा गाडेको हुन्छ । १८

एकजना जवान मानिसले मलाई एउटा चिठ्ठी लेखेका छन् जसको यहाँ मजबून मात्र दिन सकिन्छ । यो यस प्रकार छ;

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'म एक विवाहित मान्छे हुँ । म परदेश गएको थिएँ। मेरा एक मित्र थिए जसमाथि मेरो र मेरा आमावावुको पूरा भरपत्यार थियो । मेरो अनुपस्थितिमा उनले मेरी स्वास्नीलाई बिगारेछन् र तिनमा गर्भ रहन गएछ । तिनले त्यो गर्भ फाल्नुपर्छ भनी वा सधैं कराउनु थाल्नुभएको छ; अन्यथा, उहाँ भन्नु हुन्छ, ठूलो वेइज्जती हुनेछ । यसो गर्नु उचित हुँदैन जस्तो मलाई लाग्छ । ती विचरीलाई साह्रै पछुताउ लागेको छ । तिनी न खान्छिन् न पिउँछिन्, तर सधैं रोएर वस्छिन् । यस मामलामा मैले के गर्ने–कृपया सल्लाह दिनु भए हुने थियो ।'

मैले यो चिट्ठी ठूलो संकोचसाथ छापेको छु । सबैलाई थाहा छ, यस्ता कुराहरू समाजमा वरावर नहुने गरेका होइनन् । यसैले यसबारे सँयमित सार्वजनिक छलफल अप्रासांगिक होओइन जस्तो लाग्छ ।

गर्भपात भनेको अपराध हो भन्ने कुरा दिनको उज्यालो जतिकै स्पष्ट लाग्छ । यी विचरी आइमाईले गरे जस्तो गल्ती असंख्य लोग्नेहरूले गरेका छन्, र तिनीहरू कोही कुरा गर्दैनन् । समाजले तिनीहरूलाई माफी दिएको मात्र होइन, तिनीहरूको निन्दासम्म पनि गर्दैन । अर्को कुरा, आइमाई आफ्नो शरम छोप्न सक्तिन जब कि पुरुष आफ्नो पाप सजिलोसंग लुकाउन सक्तछ ।

जुन आइमाईको यहाँ चर्चा छेडिएको छ तिनी दयायोग्य छिन् । आफूले सकेको माया प्रेम दिएर त्यो बालकको स्याहार संभार गर्नु र आफ्ना वावुको सल्लाहलाई नमान्नु लोग्ने चाहींको पवित्र कर्तव्य हुनेछ । त्यो आइमाईसंग उसले बस्ने कि नबस्ने भन्ने चाहीं गंभीर प्रश्न हो । परिस्थितिले छुट्टिन पनि लाउन सक्तछ । त्यस अवस्थामा उसले तिनलाई खान–लाउन र शिक्षाको प्रवन्ध गर्नुको साथै पवित्र जीवन बिताउन तिनलाई सहायता दिनुपर्छ साथै तिनको पश्चाताप विशुद्ध र इमान्दारी छ भने त्यसलाई उसले स्वीकार गर्नुमा म केही नराम्रो पनि देख्तिन । म त, अझ, यस्तो पनि स्थितिको कल्पना गर्न सक्छु जब कि भूल गर्ने त्यस्ती स्वास्नीलाई पुनग्रहण गर्नु लोग्नेको पवित्र कर्तव्य हुनेछ । जसले आफ्नो भूलको पूरा प्रायाश्चित गरिसकेकी हुन्छन् । १९

सहिष्णतापूर्ण प्रतिरोधलाई निर्धाको हतियार भन्छन्, तर त्यो प्रतिरोध जसको लागि मैले नयाँ नाउँ दिनुपर्छ त्यो पूर्णतः सबभन्दा बलियोको अधिकार हो । मैले के भन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहेको हुँ त्यो बोध्र गराउनको लागि मलाई नयाँ शब्द बनाउनुपरेको हो । तर यसको बेजोडको सौन्दर्य के कुरामा रहेको छ भने, सबभन्दा बलियो हतियार भए तापनि, मुटु मात्र बलियो भएमा यसको प्रयोग कमजोर शरीर भएका, उमेर पुगेका र केटाकेटीहरूले पनि गर्न सक्तछन् । सत्याग्रहमा आफैले कष्ट—सहन गरेर विरोध गरिने भएको हुनाले, यो हतियार खासगरी आइमाईहरुको हतियार भएको छ । विगत वर्षमा हामीले देखेकै हौं कि भारतका आइमाईहरूले, धेरै कुरामा, कष्ट सहन गर्नृमा पुरुषहरूलाई मात गरेथे र दुईजनाले त्यो आन्दोलनमा धेरै नै राम्रो काम गरे । कष्टसहनको आदर्श फैलिंदै गयो र यसबाट आत्म—अस्वीकृतिको गजबको काम भयो । यूरोपका आइमाई केटाकेटीहरूमा पनि मानव—प्रेमको आगो दन्किन गएमा तिनीहरूले पुरुषहरूलाई गजबसंग उछिन्ने थिए र साँच्चिनै थोरै समयमा सैनिकवादलाई शून्य पारिदिन्थे । भित्री कुरा के हो भने आइमाई, केटाकेटी र अरूमा पनि त्यही आत्मा, त्यही सामर्थ्य छ । प्रश्न खालि सत्यताको असीमित शक्तिलाई परिचालन गर्नसक्नुको हो । २०

कुनै आइमाईमाथि हमला हुँदा यो हिंसा यो अहिंसा भनी सोच्न तिनी नबस्न सक्छे। त्यो वेला आत्मरक्षा नै तिनको मुख्य कर्त्तव्य हुन्छ । आफ्नो इज्जतको रक्षाको लागि मनमा जुन उपाय वा तरीका सुझ्छ त्यसैको तिनी प्रयोग गर्न सक्तछे । परमेश्वरले तिनलाई दाँत र नङ दिनुभएको छ । आफ्नो तागतले भ्याएसम्म तिनले तिनीहरूको प्रयोग गर्नुपर्छ र त्यसो गर्दा, आवश्यक परे, ज्यान पनि दिनुपर्छ । जसले मृत्युको सारा भयलाई छोडेको हुन्छ त्यो स्त्री वा पुरुष आफूलाई मात्र रक्षा गर्न समर्थ हुने होइन कि आफ्नो ज्यान अर्पण गरेर अरूलाई पनि बचाउन सक्तछ । साँच्चै भन्ने हो भने हामीलाई सबैभन्दा बढ्ता मृत्युको डर हुन्छ, र यसैले अन्ततः हामी ठूलो शारीरिक शक्तिको अगाडि शीर झुकाउँछौं । कोही आक्रमकको अगाडि घुँडा टेक्छन्, कोही घुस लिन थाल्छन्, कोही पेटको बलले घिस्रन थाल्छन् अथवा अरू किसिमको अपमानलाई घुटुघुटु पिउँछन्, र कोही आइमाईहरु मर्नुको साटो शरीर दिइदिन्छन् । मैले यो कुरा त्यसै कसैको निन्दा गर्ने हेतुले लेखेको होइन । मानव स्वभाव नै यस्तो हुन्छ भनी दृष्टान्त दिइरहेको हूँ । हामी आफ्नो पेटको बलले घिस्रेर हिंडौं, अथवा कुनै आइमाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै लोग्नेमान्छेको इच्छाको नतमस्तक होउन्,— यो कुरा जीवनको त्यही मायाको प्रतीक हो जसले हामीलाई कुनै पनि कुराको अगाडि शीर निहुराउने तुल्याउँछ। यसैले, जसले आफ्नो ज्यान दिन्छ उसैले मात्र यसलाई बचाउँछ। जीवनको मज्जा लुट्ने हो भने मानिसले जीवनको लालसालाई छोड्न सक्नुपर्छ। त्यही नै हाम्रो प्रकृतिको अंश हुनुपर्छ। २१

मेरो लागि हिंसाको केही तयारी हुन सक्तैन। उत्तम दर्जाको साहसको विकास गर्ने हो भने सबै तयारी अहिंसाको लागि हुनुपर्छ। ··· बदमाशहरूले हमला गर्दा आफूलाई हतियार नभै बचाउन नसक्ने आइमाईहरू छन् भने, तिनीहरूलाई हतियार लिएर हिड्ने सल्लाह दिइरहनु आवश्यक छैन। तिनीहरू त्यस्तै गर्नेछन् उठाउने वा नउठाउने भन्ने बारेको यो नित्यप्रतिको खोजीमा नमिलेको अवश्य केही छ। मानिसहरूले स्वाभाविक रूपले स्वतन्त्र हुन सिक्नुपर्छ। तिनीहरूले केन्द्रिय शिक्षा, अर्थात्, यथार्थ, प्रभावकारी प्रतिरोध अहिंसामा छ भन्ने कुरा सम्झे भने, त्यही हिसावले तिनीहरूले आफ्नो आचरणलाई ढाल्नेछन्। नसोचिकन भए पनि संसारले गरिरहेको त्यही हो। योसंग उत्तम दर्जाको साहस, अर्थात्, अहिंसाबाट आउने साहस नभएको हुनाले, यो, अण बम जस्तो हतियार समेत भिर्न पुगेको छ। यसमा हिंसाको निरर्थकता देख्न नसक्नेहरूले स्वभावतः आफूलाई सामर्थ्यले भ्याएसम्म हतियारले लैस गर्ने भै नै हाले। २२

आइमाईहरूले संसारमा कत्तिको महत्वपूर्ण भाग लिन सक्छन् भनी देखाउने काम अमेरिकाली आइमाईहरूको हो। तर यो काम त्यो बेला मात्र सम्भव होला जब तपाईंहरू लोग्नेमानिसहरूको कठपुतली भएर बस्न छोड्नसक्नु होला। तपाईंहरूले स्वतन्त्रता पाउनुभएको छ। शान्तिको स्थापनामा तपाईंहरूले धेरै महत्वपूर्ण भाग लिन सक्नुहुन्छ। तपाईंहरूले आफूलाई आजकालको पश्चिमी भूभागमा व्याप्त आत्म–आसक्तिलाई महत्व दिने तथाकथित विज्ञानको प्रवाहमा बग्न नदिएर आफ्नो मनलाई अहिंसाको विज्ञानमा लगाउनुपर्छ; किनकि तपाईंहरूको स्वभाव नै क्षमा गर्नु हो। पुरुषहरूको नक्कल गरेर, तपाईंहरू न पुरुषै बन्नसक्नु हुन्छ न यथार्थ रूपमा आफू नै भएर काम गर्न तथा प्रकृतिले दिएको विशेष योग्यताको विकास गर्नसक्नु हुन्छ। प्रकृतिले आइमाईहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहिंसाको शक्ति पुरुषलाईभन्दा ज्यादा दिएको छ । यो धेरै गुणा प्रभावकारी छ कारण यो मूक छ । आइमाईहरू अहिंसा मतका सन्देशवाहक हुन् : खालि तिनीहरूले आफ्नो उच्च स्थितिलाई बुझ्नु मात्र पर्दछ । २३

तर मेरो दृढ विश्वास छ कि भारतका नरनारीले वीरतापूर्वक तथा अहिंसात्मक तरीकाले मृत्युको सामना गर्ने साहसको विकास गर्न सके भने, तिनीहरू हात हतियारले सज्जित सैनिकदलको शक्तिलाई तुच्छ ठानी हाँस्न सक्नेछन् र संसारलाई नै एउटा नमूनाको काम गर्ने विशुद्ध स्वतन्त्रताको आदर्श प्रस्तुत गर्न समर्थ हुनेछन् । यस कुरामा आइमाईहरूले नेतृत्व लिन सक्छन् कारण कष्ट सहन गर्नसक्ने शक्तिका तिनीहरू सजीव प्रतिमूर्ति हुन् । २४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद १२

विविध

म भविष्यको कल्पना गर्न चाहन्न । मेरो सरोकार वर्तमानको हेरविचार गर्नुमा छ । ईश्वरले मलाई पछिको क्षणमाथि नियन्त्रण गर्ने शक्ति दिनुभएको छैन । १

म वेढंगी, सन्की, पागलको रूपमा जानिएको छु । यो प्रतिष्ठा स्पष्टतः उपयुक्त छ । जहाँसुकै गए पनि म वेढंगी, सन्की र पागलहरूलाई नै आकर्षित गर्दछु । २

मूक, इमान्दार, समर्थ तथा विशुद्ध, स्त्री–पुरुष दुवै, कार्यकर्त्ताहरूको निरन्तरको कठिन परिश्रममा मेरो तथाकथित महत्ता कत्तिको रहेको छ भन्ने संसारलाई कम्ती मात्र थाहा छ । ३

म आफूलाई मन्दबुद्धिको मान्छु । केही कुरा बुझ्न मलाई अरूलाईभन्दा ज्यादा समय लाग्छ, तर मलाई यसको पर्वाह छैन । मानिसको बुद्धिको प्रगतिको सीमा हुन्छ; तर हृदयको गुणको विकासको कुनै हद हुँदैन । ४

मेरो जीवनमा बुद्धिले कुनै ठूलो भाग लिएको छैन—यो राम्ररी भन्न सकिन्छ । जहाँसम्म मलाई लाग्छ मेरो बुद्धि मन्द छ । श्रद्धा गरेर हिँड्ने मानिसलाई प्रकृतिले चाहिए जति मात्र बुद्धि दिन्छ भन्ने कुरो मेरो हकमा यथार्थ सत्य हो । मैले सधैं ज्येठा–बाठा र बुज्रुगहरूको श्रद्धा गरी आएको छु । तर मेरो सबैंभन्दा गहिरो श्रद्धा सत्यतामा छ जसले गर्दा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो मार्ग हिंड्न कठिन भए तापनि, मेरो लागि सुगम देखिएको छ । ५

मलाई दिइएका अभिनन्दनहरूमा अधिकांशतः यस्ता विशेषणहरू छन् जसलाई म राम्ररी बुझ्न सक्तिन । तिनीहरूको प्रयोगले न लेखक न मलाई नै केही फाइदा हुन्छ । अनावश्यक रूपले तिनीहरूले मलाई मात्र लज्जित पार्छन्, किनकि मैले मान्नुपर्छ म तिनीहरूको लायक छैन । तिनीहरू जब लायक हुन्छन्, तिनीहरू प्रयोगको अनावश्यक हुन्छ । तिनीहरूबाट ममा भएका गुणहरूको शक्तिमा केही वृद्धि हुनसक्तैन । तिनीहरूले, मैले राम्रो विचार गर्न सकिन भने, मेरो टाउकैलाई घुमाइदिन्छन् । मानिसले गरेको असल कामलाई उल्लेखै नगर्नु बरु जाति छ । त्यसको अनुसरण गर्नु नै सबभन्दा ठूलो प्रशंसा गर्नु हो । ६

लक्ष्य सधैं टाढा रहन्छ । हामी जति उन्नति गर्दै जान्छौं उति हाम्रो अयोग्यता खुल्दै जान्छ । सन्तुष्टि कोशिशमा रहन्छ, प्राप्तिमा होइन । पूर्ण कोशिश नै पूर्ण विजय हो । ७

मैले आफ्नो जीवनको उद्देश्य, ठाउँ ठाउँ घुमी दुःखमा परेका मानिसहरूलाई उद्धार गर्दै हिंड्ने वीर मान्छे हुने, बनाउने विचार गरेको छैन । मानिसले आफ्नो दुःख के गरे हटाउन सक्छ भनी देखाउनु नै मैले आफ्नो विनम्र काम बनाएको छु । ८

मैले राजनीतिमा भाग लिएको जस्तो देखिन्छ भने, यसको मुख्य कारण राजनीतिले आज हामीलाई, जतिमुकै कोशिश गरे पनि फुकाएर उम्कन नसकिने सर्पको बेराइजस्तो भैं, घेरिराख्ने गरेकोले हो । यसैकारण म त्यो सर्पसंग कुश्ती खेल्न चाहन्छु । ९

समाज सुधारको मेरो काम कुनै पनि हदमा राजनैतिक कामभन्दा सानो वा कम थिएन । मुख्य कुरा के भने जब मलाई लाग्थ्यो कि मेरो सामाजिक काम राजनैतिक कामको मद्दत नभै हुनै सक्तैन, तब म राजनीतिमा लाग्थें र त्यो पनि त्यति मात्र जति मेरो सामाजिक कामलाई चाहिने हुन्थ्यो । यसैले मैले स्वीकार गर्नुपर्छ, समाज सुधारको काम अथवा यस हिसाबको आत्म–शुद्धिकरणको काम विशुद्ध राजनैतिक भनिने कामभन्दा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सयगुना ज्यादा मलाई मनपर्छ । १०

म आफै चारजना छोराको बावु हूँ जसलाई मैले आफूले जानेसम्म गरी हुर्काएको छु। म आफ्ना आमाबाबुको साह्रै न आज्ञाकारी छोरो, र मेरा गुरुहरूको पनि उत्तिकै आज्ञा मान्ने शिष्य भएको छु । म छोराछोरीको कर्त्तव्यको महत्व जान्दछु। तर यी सबैभन्दा पनि ईश्वरप्रतिको कर्त्तव्यमा म ज्यादा महत्व दिन्छु । ११

म द्रष्टा होइन । म सिद्ध पनि होइन । म पृथ्वीकै हूँ, पार्थिव हूँ । …ममा पनि तपाईंहरूमा जत्तिकै कमजोरीहरू छन् । तर मैले संसार देखेको छु। दुवै आँखा खुल्ला राखेर मैले संसार भोगेको छु । मानिसमाथि आइपर्ने कठिन–कठिन परीक्षामा पनि परेको छु । मैले यस्तो मानसिक तालीम लिएको छु । १२

मैले कहिल्यै एक समानताको पूजा गर्ने गरेको छैन। म सत्यको उपासक हुँ, र कुनै खास घडीमा मलाई लागेको, मैले सोचेको कुरा, यसभन्दा अगाडि यसै वारेमा मैले के भनेको थिएँ त्यसको कुनै वास्ता नगरिकन म भन्छु । … मेरो दृष्टि स्पष्ट हुँदै गए अनुसार मेरो विचार पनि रोज प्रतिरोजको अभ्यासले स्पष्ट हुँदै जान्छ । मैले जानी जानी राय बदलेको कुरामा, भएको परिवर्तन स्पष्ट हुनुपर्छ । खुब होशियार आँखाले मात्र विस्तारै सूक्ष्म रूपले भएको विकास क्रमलाई देख्तछ । १३

एक-समान देखिनुमा म त्यति साह्रो प्रयोजन देख्तिन । सत्यको खोजीमा मैले धेरै विचारहरू त्यागेर धेरै नयाँ नयाँ कुराहरू सिकेको छु। उमेरले बूढो भए तापनि, अभ्यन्तरमा मेरो बढ्ने काम रोकिएको छ अथवा मासुको विच्छेदनको साथै मेरो वृद्धि रोकिने छ भन्ने मलाई लाग्दैन। मेरो चासो पलापलामा सत्यता, अर्थात् मेरो परमेश्वरको आवाज-लाई मान्ने तत्परतासंग छ । १४

लेख्ने वेलामा, पहिले मैले के भनेको थिएँ त्यसको म विचार गर्दिन । मेरो उद्देश्य कुनै खास प्रश्नमा आफूले पहिले भनेको कुरासंग एक समान हुनु होइन; मेरो उद्देश्य त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन बखतमा जुन सत्यता मेरो अगाडि जुन रूपमा उपस्थित भएको हुन्छ त्यसको अनुकूल हुनु हो। परिणामस्वरूप म एक सत्यबाट अर्को सत्यमा पुगेको छु; मैले आफ्नो सम्झना शक्तिलाई नचाहिने परिश्रमबाट बचाएको छु; यसभन्दा बढ्ता पचास वर्षभन्दा अगाडि मैले लेखेको कुरालाई हालसालै मात्र लेखिएको मेरो लेखसंग दाँजेर हेर्दा मैले कहिल्यै पनि यी दुइमा विचारको भिन्नता पाएको छैन । तर यस्तो भिन्नता देख्ने साथीहरूले मेरा पुराना लेखहरूमा अन्तर्निहित कुरालाई मनपराउन नसके मेरा हालसालैका लेखहरूमा भएको कुरा मात्र लिए पनि केही आपत्ति छैन । तर यसरी छनोट गर्नुभन्दा पहिले, वाहिरवाट देखिएका यी दुइ विभिन्नताको बीचमा अन्तर्निहित र केही स्थायी सादृश्यता छ कि छैन हेर्न तिनीहरूले कोशिश गर्नुपर्दछ। १५

प्रार्थनामा हृदयरहित शब्दभन्दा शब्दरहित हृदय हुनु जाति छ। १६

मेरो असहयोगको पछाडि सधैं सानो–सानो कुरामा पनि खराबभन्दा खराब विरोधीको पनि सहयोग गर्ने उत्कट इच्छा हुन्छ । सधैं ईश्वरको निगाह चाहिने, अति नै अपूर्ण मर्त्य, मेरो विचारमा कोही पनि उद्धार हुन नसक्ने छैन। १७

मेरो असहयोगको मूल घृणामा होइन कि प्रेममा छ। मेरो व्यक्तिगत धर्मले निश्चित रूपले मलाई कसैमाथि पनि घृणा गर्न निषेध गर्छ। मैले यो सरल तर महान् सिद्धान्त म वाह्र वर्षको छँदा एउटा पाठ्यपुस्तकबाट सिकेको हूँ र त्यो विश्वास अहिलेसम्म कायम रहेको छ। यो ममा दिनप्रतिदिन वढ्दै गैरहेको छ। यो मेरो जल्दो उद्वेग हो। १८

व्यक्तिहरूको विषयमा सत्य भएको कुरा राष्ट्रहरूको विषयमा पनि सत्यै हुन्छ। मानिसले क्षमा धेरै गर्न सक्तैन । निर्धोले गर्न सकिने त कुरै भएन । क्षमा बलियाहरूको गुण हो १९

कष्ट-सहनको आफ्नो निश्चित सीमा हुन्छ । कष्ट-सहनु बुद्धिमानीपूर्ण र अपूर्ण दुवै हुनसक्छ । सीमा पुगेपछि यसलाई लम्ब्याउनु बुद्धिमानी हुँदैन, वरु मूर्खता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराकाष्ठा हुन्छ । २०

हाम्रो राष्ट्र त्यो वेला मात्र साँच्चिको आध्यात्मिक राष्ट्र हुनेछ जब हामी सुनभन्दा ज्यादा सत्यता देखाउने छौं, धन र शक्तिको रवाफभन्दा ज्यादा निडरता देखाउने छौं, आत्म प्रेमभन्दा ज्यादा उदारता देखाउने छौं । हामीले हाम्रा घर, दरवार र मन्दिरहरूबाट धनदौलत, चीजबीज हटायौं र तिनीहरूलाई नैतिकताको गुणले सजायौं भने, थुप्रो फौजको भारी बोक्न नपरिकन नै मानिसले कस्तै पनि संयुक्त दुश्मन फौजलाई लडाईंको हाँक दिनसक्छ । २१

सत्यताको परित्याग गरेर स्वतन्त्रता प्राप्त गर्नुपर्‍यो भने त भारतले वरु मरेरै जानु मलाई धेरै जाति लाग्छ । २२

ममा रसिक भावना मात्र नभएको भए मैले कति अगाडि नै अपहत्ते गरिसकेको हुन्थें । २३

मेरो दर्शनमा, यदि दर्शन भन्ने कुरा नै मसंग केही छ भन्नसकिन्छ भने, वाहिरी कुराहरूवाट कसैको लक्ष्यलाई हानि हुने सम्भावना हुँदैन । हानि त यथायोग्य त्यो वेला मात्र हुन्छ जब उद्देश्य नै खराब हुन्छ, अथवा असल भए पनि, यसका समर्थकहरू झूठा, कमजोर दिलका अथवा अशुद्ध हुन्छन् । २४

कुनै प्रकारले मानवजातिमा भएका असल–असल गुणहरूलाई बाहिर ल्याउन म समर्थ भएको छु, र यसैले मलाई ईश्वर र मानव प्रकृतिमा श्रद्धा राखिछोड्न समर्थ तुल्याएको छ । २५

म जे हुन चाहन्छु त्यही भएको भए मलाई कसैसंग बहस गरिरहने दरकार पर्दैनथ्यो । मेरो शब्दले सीधा काम गर्थ्यो । निःसन्देह मलाई त्यो शब्द वोल्ने पनि दरकार पर्दैनथ्यो । मैले खालि इच्छा मात्रै गर्नुपर्थ्यो, त्यही नै आवश्यक प्रभाव पार्न यथेष्ट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्थ्यो । तर मलाई आफ्नो सीमित शक्तिको कष्टपूर्ण ज्ञान छ । २६

विवेकवादीहरू गजबका प्राणी हुन् । अपरिमित शक्ति खोज्न थालेपछि विवेकवाद पनि भयानक राक्षस हुन्छ । विवेकलाई अपरिमित शक्ति दिनु ईश्वर सम्झेर ढुंगा–मूढालाई पूजा गर्नु जत्तिकै नराम्रो मूर्तिपूजा हो । मेरो भनाइको मतलब विवेकलाई दमन गर्नु भनेको होइन । मेरो भनाइ हो – हामीभित्र भएको त्यो कुराको उचित प्रतिस्थापन गर्नु जसले विवेकलाई शुद्ध तुल्याउँछ । २७

सुधारको हरेक क्षेत्रमा आफ्नो विषयमा पूरा ज्ञान दिने खालका अनवरत अध्ययनको जरुरत छ । गुणकारक भनी मानिएका सबै सुधार आन्दोलनहरूको, आँशिक वा पूरा नै, विफलताहरूको जडमा अज्ञानता नै हुन्छ, किनकि सुधारको झठो नाम धारण गर्ने हरेक तर्जुमा तर्जुमा नै भन्न लायक हुनुपर्छ भन्ने केही छैन । २८

जीवित अस्तित्वहरूसंगको व्यवहारमा शुष्क तर्कपूर्ण तरीकाबाट कुतर्क मात्र हुने होइन कि कहिले कहीं मर्ममा पर्ने खालको तर्क पनि हुनजान्छ । किनकि तपाईंले एउटा सानो कुरालाई मात्र छुटाउनुभयो भने पनि–वास्तवमा मानिसहरूको व्यवहारमा आउने सबै कुराहरूमा तपाईं कहिल्यै पनि नियन्त्रण राख्न सक्नुहुन्न––तपाईंको निष्कर्ष गलत हुनु धेरै सम्भव छ । यसैकारण, तपाईं कहिल्यै पनि अन्तिम सत्यमा पुग्नुहुन्न, खालि नजीकै मात्र पुग्नुहुन्छ; र त्यो पनि आफ्नो व्यवहारमा ज़्यादै होशियार हुनुभयो भने मात्र । २९

अर्काको विचार राम्रो छैन, हाम्रो मात्रै राम्रो छ र हाम्रो जस्तो विचार नभएका मानिसहरू देशका शत्रु हुन् भनेर भन्नु राम्रो होइन । ३०

हाम्रो जस्तै इमान्दारी र देशभक्तिको भावना भएका हाम्रा विरोधीहरूको पनि इज्जत गरौं । ३१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो सत्य हो कि मैले वरावर हार खाएको छु। कत्तिले मलाई छक्याएका छन् र कति त उपस्थितै नभएको देखिएका छन् । तर मलाई तिनीहरूसंग सम्बद्ध हुनगएकोमा केही दु:खमनाउ छैन । किनकि सहयोग कसरी गर्ने भन्ने जस्तै सहयोग कसरी नगर्ने भन्ने पनि म जान्दछु । संसारमा गर्नुपर्ने सबभन्दा व्यावहारिक, सबभन्दा मर्यादापूर्ण उपाय नै, मानिसहरूको, तिनीहरूको कुरा, अनुसार विश्वास गर्नु हो, जबकि यसको विपरीत तपाईं केही निश्चित कारण नै पाउनु हुन्न । ३२

उन्नति नै गर्ने हो भने, हामीले इतिहास दोहो-याउनु हुन्न वरु नयाँ इतिहासको निर्माण गर्नुपर्छ । पुर्खाहरूबाट पाएका कुराहरूमा हामीले थप्ने गर्नुपर्छ । यो दृष्टिगोचर संसारमा हामी नयाँ–नयाँ आविष्कार, नयाँ–नयाँ खोजी पता लगाउने गर्न सक्छौं भने, आध्यात्मिक क्षेत्रमा के आफूलाई बुद्धिको टाट पल्टेको घोषणा गर्ने ? अपवादहरू अपवादै नरहने गरी बढाउँदै जान नसकिएला ? मान्छेले के सधैं पहिले पशु पछि मात्र मानिस भएर रहनु पर्ला ? ३३

हरेक ठूलो–ठूलो लक्ष्यको लागि गरिएको संघर्षमा मुख्य चाहिने कुरा योद्धाहरूको संख्या होइन तर तिनीहरू निर्मित भएको त्यो गुण हो जो निर्णायक हुन्छ । संसारका महापुरुषहरू सधैं एक्लै उभिएका हुन्छन् । जोरोष्टर, बुद्ध, यीशु, महम्मद जस्ता महान् उपदेशकहरू नै लिनुहोस्—तिनीहरू सारा कतिपय अरू जस्तै एक्लै उभिए जसको नाउँ म बताउन सक्छु । तर तिनीहरूको आफूमा र आफ्नो ईश्वरमा जिउँदो भक्ति थियो, र ईश्वर आफ्नो पक्षमा छ भन्ने विश्वास भएको हुनाले नै तिनीहरूले आफूलाई कहिल्यै एक्लो ठानेनन् । ३४

सभा संगठनहरू बेसै छन् । तिनीहरूबाट केही मद्दत हुन्छ तर धरै थोरै मात्र । तिनीहरू कालिगढले बनाएको मचान जस्ता छन् —अस्थायी र अनित्य जोहो गरिएका कुरा । साँच्चि नै महत्वको कुरा त अजेय श्रद्धा हो जसको तिर्खा मेट्न नै सकिँदैन । ३५

तपाईंले गर्नुपर्ने काम जस्तोसुकै तुच्छ नै किन नहोस्, तपाईं यसलाई सकेसम्म राम्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुहोस्, तपाईंले धेरै महत्वपूर्ण सम्झनु हुने कुरालाई तपाईं कति ध्यान र विचार पुर्‍याउनु हुन्छ त्यति नै ध्यान विचार पुर्‍याउनु होस्। किनकि ती नै सानासाना कुरा हुन् जसबाट तपाईंको बारे विचार गरिन्छ। ३६

ज्ञानको लागि पश्चिमी देशतिर फर्कने बानीको हकलाई, म केही भन्न सक्तिन किनकि मेरो सम्पूर्ण जिन्दगीले पनि केही ज्ञान दिन सकेको छैन। उज्यालो त्यो वेला पूर्वबाट जाने गर्थ्यो। पूर्वीय जलाशय सुकिसकेकै हो भने, स्वभावतः पूर्वले पश्चिमबाट सापट लिनुपर्ने नै हुन्छ। उज्यालो भनेको कुरा, यदि यो उज्यालै हो र दूषित वायु होइन भने, कहिल्यै रित्तिन्छ जस्तो मलाई लाग्दैन। जति दिइयो उत्ति बढ्दै जान्छ भनी बाल्यकालमा सुनेको थिएँ। जे होस्, मैले त्यो विश्वासमा काम गरेको छु र यसैले, पुर्खौली पूंजीबाट कारबार गरेको छु। यसले मलाई कहिल्यै धोका दिएको छैन। त्यसो भनेर यसको मतलब यो होइन कि म कुवाको भ्यागुतो जस्तै होऊँ। पश्चिमबाट आउने उज्यालोबाट फाइदा उठाउन मलाई रोक्ने कुरा केही छैन। खालि होश गर्नुपर्ने कुरा के छ भने मैले आफूलाई पश्चिमको झिलिमिलीद्वारा वशीभूत पार्नदिनु हुँदैन। मैले झिलिमिलीलाई साँचो उज्यालो सम्झने भूल गर्नु हुँदैन। ३७

पुरानो जति छ सबै राम्रै हुन्छ भन्ने अन्धविश्वासमा म छैन। त्यस्तै जे जति भारतीय छ सबै राम्रै हुन्छ भन्ने म विश्वास गर्दिन। ३८

'पुरानो' संज्ञाको अन्तर्गत आउने सबै कुरालाई आँखा चिम्ली पूजा गर्ने म होइन। जस्तोसुकै पुरानो किन नहोस् खराब अथवा अनैतिक जे जति छन् सबैलाई नाश गर्न म कत्ति हिच्किचाउन्न। तर त्यति अधिकार सुरक्षित राखेर, म तपाईंलाई नढाँटी भन्छु, कि म पुराना रीतिस्थितिको प्रशंसक हुँ र मानिसहरू जस्तोसुकै भए पनि आधुनिक भएपछि हुरुक्क भै पुराना रीतिरिवाज जति जम्मैलाई घृणा गर्ने र आफ्नो जीवनमा तिनीहरूको केही पर्वाह राख्ने छैनन् भन्ने सुन्दा मलाई साह्रै दुःख लाग्छ। ३९

साँचो नैतिकता भनेको अरूले बनाएको बाटो हिंड्नुमा रहँदैन, बरु आफैले साँचो बाटो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्ता लगाएर निर्भीकतापूर्वक हिंड्नुमा रहन्छ। ४०

स्वेच्छापूर्वक नगरिएको कुनै पनि कामलाई नैतिक भन्न सकिँदैन जबसम्म हामी यन्त्रले जस्तै काम गर्छौं तबसम्म नैतिकताको प्रश्नै उठ्न सक्तैन । कुनै कामलाई नैतिक भन्ने हो भने, त्यो काम जानी–जानीकन र कर्तव्य भनी मानेर गरिएको हुनुपर्छ । कुनै प्रकारको डर अथवा दबावमा परेर कुनै काम गर्न थालियो भने त्यो काम नैतिक हुनछोड्छ । ४१

जब मानिसले आफ्नो वरिपरि भएका मानिसहरूलाई तिनीहरूप्रति भएको स्नेह र आफ्नो सन्तुलित विचारबारे विश्वस्त तुल्याएको हुन्छ, र जब उसको विचार स्वीकृत नहुँदा अथवा लागू नहुँदा पनि पटक्क विचलित नहुने कुरामा ढुक्क भएको हुन्छ, तब उसले अतिशय भयानक आलोचना गर्ने अधिकारलाई उपलब्ध गर्छ । अर्को शब्दमा भन्ने हो भने, सबै कुरा छर्लङ्ग बुझ्नको लागि प्रेम गर्नसक्ने शक्ति र आलोचना गर्न समर्थ हुनलाई पूर्ण सहिष्णुता हुनुपर्छ । ४२

'अपराधी' भन्ने शब्द हाम्रो शब्दकोषबाट वर्जित हुनुपर्छ। अन्यथा हामी सबै अपराधी हुनेछौं । 'तिमीहरूमध्ये जो जो पापरहित छौ पहिले ढुङ्गा हान ।' तर त्यो पापी वेश्यामाथि ढुङ्गा हान्न आँट गर्ने कोही निस्केन। एकजना काराध्यक्षले एकचोटि भने झैं, हामी सबै भित्रभित्रै अपराधी छौं । ख्याल ठट्टा गरेर भनिएको त्यो कुरामा ठूलो सत्यता छ। यसैले तिनीहरूलाई असल साथी बन्न देऊं । मलाई थाहा छ यो भन्नुभन्दा गर्नु गाह्रो छ। गीता र सारा धर्मशास्त्रहरूका उपदेश वास्तवमा त्यही नै हो। ४३

मानिस आफ्नो भाग्यको निर्माता हो यस अर्थमा कि उसले आफ्नो स्वतन्त्रता प्रयोग गर्ने तरीकाको सम्बन्धमा चयन गर्ने स्वतन्त्रता पाएको छ । तर परिणाममा भने उसको केही हात छैन । ४४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सद्‌गुणको साथसाथै ज्ञान पनि हुनुपर्छ । खालि सद्‌गुण मात्र ज्यास्ति कामको हुँदैन । मानिसमा विशुद्ध विवेचना शक्ति पनि हुनुपर्छ जुन आध्यात्मिक साहस र चरित्रको साथसाथै रहन्छ । संकटको वेलामा मानिसले कहिले बोल्ने, कहिले नबोल्ने, कहिले गर्ने; कहिले नगर्ने भन्ने कुरा जान्नुपर्दछ । यस्तो अवस्थामा गर्नु र नगर्नु परस्पर विरोधी नभै बराबर हुनजान्छ । ४५

ईश्वरबाट सृष्टि भएका सजीव–निर्जीव, सबैमा असल–खराव दुवै कुरा छन् । बुद्धिमान् मानिसले, पानीबाट दूध मात्र छुट्‌याएर लिने कथाको हाँसले जस्तै, सबैबाट खराबलाई छोडी असल मात्र लिने गर्छन् । ४६

चालिस वर्षअगाडि, जब म शङ्का र सन्देहको कठोर यन्त्रणामा परिरहेको थिएँ, अकस्मात् 'ईश्वरको अधिराज्य तिमीभित्रै छ' भन्ने टाल्स्टायको किताब मेरो हातमा पऱ्यो । र यसबाट म साह्रै प्रभावित भएँ । त्यो वेला म हिंसामा विश्वास गर्दथें । यो किताबले मेरो सन्देहलाई दूर गऱ्यो र म अहिंसाको कट्टर पक्षपाती भएँ । टाल्स्टायको जीवनीको कुन कुराले मलाई धेरै अपील गऱ्यो भने उनी जे भन्थे त्यही गर्थे र सत्यको अनुसरणमा उनले कुनै पनि कुरालाई ठूलो भन्दैनथे । उनको जीवनको सरलतालाई नै लिऊँ, यो साँच्चिकै गजबको थियो । एउटा सम्पन्न सम्भ्रान्त कुलको ऐश आरामको बीचमा जन्मी हुर्केका, इच्छाले चाहेजति पृथ्वीका सारा अमूल्य कुराहरू प्रशस्त मात्रामा उपभोग गर्न पाएका, जीवनको सारा मोजमज्जाको पूर्ण ज्ञान पाएका, यी मानिसले शुद्ध जवानीमै यी सारा कुराबाट विमुख भए र पछि एकपटक पनि तिनीहरूतिर फर्केर गएनन् ।

यस युगका उनी सबैभन्दा बढ्ता सत्यवादी मानिस थिए । उनको जिन्दगी सत्यको खोजी गर्ने, यसलाई आफूले देखेको रूपमा व्यवहार गर्ने प्रयत्नको, एउटा निरन्तरको चेष्टा, एउटा अटूट प्रवाह थियो । उनले सत्यलाई लुकाउन अथवा होच्याउन कहिल्यै खोजेनन् बरु यसलाई संसारको सामू पृथ्वीको कुनै पनि शक्तिको भय नमानी निःशङ्क भै, कुनै पनि शर्त नराखी, पूर्ण रूपमा प्रस्तुत गरे ।

वर्तमान युगका उनी सबैभन्दा ठूला अहिंसाका उपदेशक थिए । उनीभन्दा अगाडि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र पछाडि पश्चिमी देशका कसैले पनि अहिंसाबारे कहिल्यै पनि उनले जत्तिको पूर्ण रूपले अथवा दृढ भावले तथा त्यत्तिको तीक्ष्ण ज्ञान र अन्तर्दृष्टिले लेखे तथा बोलेको छैन। यसको अतिरिक्त यस सिद्धान्तमा उनले गरेको अपूर्वको विकासले हाम्रो यस देशका अहिंसाका पुजारीहरूले यस विषयमा प्रस्तुत गर्ने गरेको आजकालको संकुचित तथा एक पक्षीय दृष्टिकोणलाई लज्जित तुल्याएको छ। भारतले आफूलाई कर्मभूमि हूँ भनी जतिसुकै दावा गरे तापनि, अहिंसाको क्षेत्रमा हाम्रा प्राचीन ऋषिमुनिहरूले जतिसुकै ठूला ठूला कुराहरूको प्रतिपादन गरे तापनि, अहिंसाको नाममा आज हाम्रो बीचमा जे जति चलेको छ त्यो सबै यसको हाँसोउठ्दो रूप मात्र हो। साँचो अहिंसाको माने सबैप्रतिको रीस–राग द्वेष–घृणाबाट पूर्ण रूपले स्वतन्त्र रहनु हो। यस्तो साँचो तथा उच्च किसिमको अहिंसाको भावना मनमा लिनलाई सागरतुल्य प्रेम भएको टाल्स्टायको जीवनीले आकाशदीपको तथा कहिल्यै पनि विफल नहुने प्रेरणाको स्रोतको काम गर्छ। टाल्स्टायका आलोचकहरूले कहिलेकहीं के भनेका छन् भने उनको जीवन एउटा भयानक विफलता हो, उनले आफ्नो आदर्श, त्यो रहस्यमय हरियो लहुरो, कहिल्यै भेट्टाएनन्, जसको खोजीमा उनको सम्पूर्ण जिन्दगी बित्यो। म यी आलोचकहरूको कुरा मान्दिन। सत्य हो, उनले नै त्यसो भने। तर त्यसले उनको महत्त मात्र देखाउँछ। हुनसक्छ, उनले जिन्दगीमा आफ्नो आदर्श पूर्णतवरले पूरा गर्न सकेनन्, तर त्यो खालि मानिसको स्वभाव थियो। शरीरधारी भएसम्म कसैले पनि पूर्णता प्राप्त गर्न सक्तैन; कारण स्पष्टै छ–मानिसले आफ्नो अहम् उपर पूर्ण विजय प्राप्त नगरुन्जेलसम्म आदर्श अवस्था असम्भव हुन्छ, र मानिस मासुको बन्धनमा बाँधिएर रहुन्जेलसम्म अहम्बाट छुटकारा पाउन सकिदैन। उनी बराबर भन्ने गर्थे– मानिसलाई आफ्नो आदर्शमा पुगें भन्ने विश्वास लाग्नेबित्तिकै उसको अरू उन्नति रोकिन्छ र अवनति शुरू हुन्छ र आदर्शको गुण नै त्यो कुरामा रहन्छ जुन पछि पछि सर्दै जान्छ जब हामी नजीक नजीक बढ्दै जान्छौं। टाल्स्टायले उनको आफ्नै स्वीकृति अनुसारको आदर्श प्राप्त गर्न सकेनन् भनेर, उनको महत्तालाई एक रत्ति कम गर्दैन यसले त बरु उनको विनम्रता मात्र देखाउँछ। टाल्स्टायको जीवनीमा भएका र भनिएका असंगतिहरूबाट बराबर धेरै कुरा बनाउने प्रयत्न गरिएको छ; तर तिनीहरू यथार्थभन्दा धेरै स्पष्ट छन्। अटूट विकास न जीवनको नियम हो र संगत देखिनको लागि आफ्ना मतहरू कायम राखिछोड्न सधैं प्रयत्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने मानिसले आफूलाई नराम्रो स्थितिमा पार्छ । यसैकारण मूर्खतापूर्ण संगति छोटा मनहरूको पिशाच हो भनी एमर्शनले भनेका । टाल्स्टायका तथाकथित असंगतिहरू उनको विकास र सत्यताप्रतिको उनको उत्कट श्रद्धाको चिह्न हुन् । उनको आफ्ना सिद्धान्तहरूभन्दा उनी निरन्तर बढ्दै गरहेको हुनाले उनी बराबर असंगत देखिएका हुन् । उनका विफलताहरू अगुप्त थिए, र उनका संघर्ष र विजयहरू गुप्त थिए । संसारले विफलता मात्र देख्यो, सघर्ष र विजयहरू धेरै जस शायद टाल्स्टायले नै नदेखिने भएर रहे । उनका आलोचकहरूले उनका कमजोरीहरूबाट फायदा उठाउन खोजे, तर उनको विषयमा उनी आफै जत्तिको दोषग्राही अरू कुनै पनि आलोचक हुन सकेन । आफ्ना कमजोरीहरूप्रति सदा जागरुक रहने उनले, आलोचकहरूले देखाइदिनुभन्दा अगाडि नै, ती कुराहरू हजारगुना बढाएर संसार सामु देखाएर आवश्यक देखिएको प्रायश्चित्त आफूमाथि थोपार्न लगाए । बढीचढी गरिएको भए तापनि उनी आलोचनाको स्वागत गर्थे र साँच्चिका महापुरुषहरूले जस्तै संसारको प्रशंसादेखि तर्सन्थे । उनी उनका विफलताहरूमा पनि महान् थिए र उनका विफलताहरूले हामीलाई उनको आदर्शका निरर्थकताहरूको होइन कि उनको सफलताको नापो दिन्छ ।

तेस्रो ठूलो बूंदा 'खानेकुराको लागि परिश्रम' को सिद्धान्त थियो । अर्थात् खानेकुराको लागि सबैले शारीरिक श्रम गर्नु आवश्यक छ र संसारमा धेरैजसो भै रहेको दुःख–कष्ट मानिसहरूले यही कर्त्तव्य पूरा गर्न नसक्नाले भएको हो । जुन धनीहरू आफू भने पटक्क श्रम गर्दैनन् र ऐश आराममा डुबेर रहन्छन्, तिनीहरूको दान धर्मद्वारा जनताको गरीबीलाई हटाउन सकिन्छ भन्ने कुराहरूलाई उनी खालि छलकपट र वहानावाजी सिवाय केही मान्दैनथे । उनी के भन्दथे भने मानिसले गरीबको पिठ्यूंमा सवार हुन मात्र छोड्नुपर्छ लोकोपकार भनेका कामहरू धेरैजसो अनावश्यक हुन जान्छ ।

उनको विचार अनुसार विश्वास गर्नु भनेको नै काम गर्नु हो । यसैले जिन्दगीको मध्याह्नमा, यो मानिसले, जसले आफ्ना सारा दिन ऐश आरामको कोमल काखमा बिताएका थिए, मिहेनत र कठिन परिश्रमको जीवन अपनाए । उनले जुत्ता सिउने र खेती गर्ने काम गर्न थाले । यसमा उनी दिनको पूरा आठ घण्टा संलग्न हुन्थे । तर उनको शारीरिक श्रमले उनको तीक्ष्ण बुद्धिलाई भुत्ते पारेन, झन् उल्टो यसलाई अझ बढी धारिलो र तेजिलो बनाइदियो । उनको जिन्दगीको यही अवधिमा उनले आफ्नो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वश्रेष्ठ कृति भनी सम्झेको, उनको सबैभन्दा जोडदार पुस्तक–कला के हो ?– लेखे । यसको रचना उनले आफूले रोजेको कामबाट उब्रेको समयमा गरेका हुन् ।

हाम्रो देशमा, स्वार्थको कीटाणुले भरिएको, र आकर्षक रूपमा पेश गरिएको, साहित्य पश्चिमी देशबाट ओइरिँदै आइरहेको छ र हाम्रा युवक–युवतीले सजग रहनुपर्ने ज्यादै ठूलो आवश्यकता छ । वर्तमान काल तिनीहरूको लागि आदर्श र अग्नि–परीक्षाको संक्रान्तिकाल हो; संसारलाई, यहाँका खासगरी भारतका युवक–युवतीलाई यस्तो स्थितिमा आवश्यक भएको एउटा कुरा टाल्सटायको प्रगतिशील आत्म–संयम हो, यसैले नै मानिसलाई, देशलाई र संसारलाई सच्चा स्वतन्त्रतामा पुर्‍याइदिन्छ । विलायत अथवा अरू कसैले भन्दा पनि ज्यादा हामीले नै हाम्रो आलस्य, जुम्सेपना र सामाजिक कुरीतिले नै हाम्रै स्वतन्त्रताको बाटोलाई बन्द गरिएका हौं । हामीले आफूलाई आफ्ना कमजोरी तथा दोषहरूबाट मुक्त पार्नसक्यौं भने पृथ्वीमा कुनै पनि शक्तिले हामीबाट स्वराज अपहरण गर्न सक्तैन । ···टाल्सटायको जीवनका तीन महत्वपूर्ण गुणहरूको जुन चर्चा मैले गरें त्यो संसारको यस संकटमय स्थितिमा युवक–युवतीहरूलाई ठूलो कामलाग्ने कुरा हो । ४७

समर्थन नपाएर कुनै पनि लायक संस्थाको मृत्यु हुँदैन भन्ने मेरो दृढ विश्वास हो । ती संस्थाहरू जसको यसरी मृत्यु भएको छ या त जनतालाई लाभ हुने तिनीहरूमा केहीं गुण नभएर अथवा तिनीहरूलाई नियन्त्रण गर्नेहरूमा विश्वासको कमी, अथवा शायद त्यही कुरा हो, बलको कमी हुन गएर त्यसो हुनगएको हो । यसैले म यस्ता संस्थाका संचालकहरूलाई सामान्य कुरामै उत्साहहीन भएर नजाने आग्रह गर्छु । अहिले लायक लायक संस्थाहरूको परीक्षाको बेला छ । ४८

पैसा सापट लिएर सार्वजनिक काम गर्नुहुँदैन भन्ने कुरा मैले शुरूमै सिकेको थिएँ । मानिसले पैसाको कुरामा बाहेक अरू सबैजसो कुरामा जनताको वचनमा विश्वास गर्न सक्नुपर्छ । ४९

मानिसले मानिसलाई धर्म परिवर्तन गराउने कुरामा म विश्वास गर्दिन । मेरो काम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्काको विश्वास वा धर्मलाई सानो देखाउनु होइन बरु त्यसलाई उसको आफ्नै धर्मको अझ राम्रो अनुयायी बनाउनु हो । यसको मतलब सबै धर्मको सत्यतामा विश्वास र सन्मान गर्नु हो । अझ त सत्य शिष्टता, र यस कुराको ज्ञान पनि लिनु हो कि सबै धर्मले शरीरको असम्पूर्ण माध्यमबाट नै दिव्य प्रकाश पाउने गरेकोले तिनीहरूमा यही माध्यमको असम्पूर्णता धेरै थोरै रहेको हुनुपर्छ । ५०

[गान्धीजीले आफ्नो आंगमा एउटा बिषालु सर्पलाई हिंड्न दिनुभएको थियो भन्ने कुरा साँचो हो भनी एकजना सज्जनले एकचोटि उहाँलाई सोधेका थिए । त्यसको जवाफमा उनले लेख्नुभयो:] यो कुरा हो पनि, होइन पनि । सर्प मेरो आंगमाथिबाट गैरहेको थियो । यस्तो वेला मैले अथवा अरू कसैले पनि चूपचाप बसिरहनुको सट्टा अरू के नै गर्न सकिन्थ्यो ? यसमा तारीफको केही कुरा छैन । फेरि त्यो सर्प विषालु थियो वा थिएन भन्ने कुरा कसलाई थाहा छ ? मृत्यु भनेको कुनै भयानक घटना होइन भन्ने कुरा मलाई धेरै वर्ष अगाडिदेखि नै लागिरहेको थियो, र यसको कारण साह्रै नै निकटका प्रियजनहरूको मृत्युको दुःखबाट पनि म चाँडै नै मुक्त हुने गर्छु । ५१

राम्रो कुरा कामलाग्ने हुनैपर्छ भन्ने छैन अथवा कामलाग्ने कुरा राम्रो हुनै सक्तैन भन्ने कुरामा विश्वास गर्न हामीलाई शिकाइएको छ । कामलाग्ने कुरा राम्रो पनि हुनसक्छ भनी म देखाउन चाहन्छु । ५२

'कला कलाको निमित्त,' भन्ने मानिसहरूले आफ्नो भनाइलाई सार्थक बनाउन सक्तैनन् । कला के हो ? –भन्ने प्रश्नको अतिरिक्त जीवनमा कलाको पनि स्थान छ । तर कला भनेको हामी सबैले सिद्ध गर्नु पर्नेभएको साध्यको साधन मात्र हुनुपर्छ । तर साधन नभै आफै साध्य भइदियो भने यसले मानव जातिलाई दास बनाएर खसालिदिन्छ । ५३

हरेक कुराको दुइ पक्ष हुन्छ —बाहिरी र भित्री । मेरो लागि यो शुद्ध जोर दिने कुरा हो । भित्री कुरालाई मद्दतदिनु बाहेक अरू अवस्थामा बाहिरीको केही मतलब छैन । सबै सत्य कला यसरी आत्माका अभिव्यक्ति हुन् । मानिसको अन्तरात्माको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यक्ति भएर रहुन्जेलसम्म मात्र वाह्य रूपहरूको महत्व हुन्छ । त्यस किसिमको कलाले मलाई साह्रै नै अपील गर्छ । तर मलाई थाहा छ – धेरै मानिसहरू आफूलाई कलाकार भन्छन्, त्यसो भनेर प्रतिष्ठा पनि पाएका छन्, तर तिनीहरूको रचनाहरूमा आत्माको उच्चाभिलाषा र वेचैनी रत्ति पनि छैन । ५४

सबै सत्य कलाले आत्मालाई अन्तरात्माको दर्शन गर्न मद्दत गर्नुपर्छ । मेरै कुरा गरुँ, मेरो आत्माको दर्शनमा वाहिरी कुराहरू विना पनि मैले राम्ररी काम चलाउन सकेको छ । मेरो कोठामा रित्ता भित्ताहरू होलान्; म माथिको छानालाई हटाइदिउँला, ताकि माथिको अनन्त सौन्दर्यको फाँटमा व्याप्त भएका तारै ताराले गर्दा आकाशलाई हेरिरहन सकूँ । यसरी ताराहरूको झिलिमिलिले दीप्त भएको आकाशमा हेरिरहँदा जुन सजीव दृश्य मेरो आँखाअगाडि खुल्न आँउछ त्यो के मानिसको कुनै सचेत कलाले मलाई दिन सक्ला ? यसको माने, तर यो होइन कि कलाकृतिहरूको, खासगरी यस्तो भनी स्वीकार गरिएकाहरूको मूल्यलाई म मान्दिन, तर कुरा के हो भने प्रकृतिमा भएको अनन्त सौन्दर्यका प्रतीकहरूको दाँजोमा तिनीहरू कत्तिको अपर्याप्त छन् भन्ने मलाई लागेको छ । मानिसका यी कलाकृतिहरूको महत्व तिनीहरूले आत्मालाई आत्मदर्शनतिर जान कतिसम्म मद्दत दिनसम्म सक्छन् त्यतिसम्म मात्र हुन्छ । ५५

मलाई संगीत तथा अरू सबै कलाहरू मनपर्छ, तर म तिनीहरूमाथि त्यति साह्रो महत्व दिन्न जति अक्सर दिने गर्छन् । म, दृष्टान्तको लागि, ती गतिविधिहरूलाई महत्व दिन सक्तिन जुन बुझ्न प्राविधिक ज्ञानको दरकार पर्दछ । … जब तारा छरिएको नभमण्डलमा हेर्छु र यसले मेरो आँखाअगाडि उघारेको असीम सौन्दर्यलाई निहार्छु, त्यो मलाई सारा मानव निर्मित कलाले दिनसक्नेभन्दा ज्यादा अनुभव गर्छु । यसको मतलव यो होइन कि सामान्यतया: कलापूर्ण भनिएका कुराहरूको म वास्ता गर्दिन; तर कुरा के हो भने, व्यक्तिगत रूपले प्रकृतिको असीम सौन्दर्यको तुलनामा, म तिनीहरूको अयथार्थतालाई ज्यादा तीव्रताकासाथ अनुभव गर्छु । … जिन्दगी सबै कलाभन्दा महान् छ । म अझ अगाडि बढ्छु र भन्छु कि त्यो मानिस जो सम्पूर्णताको धेरै नजीक आउँछ सबैभन्दा महान् कलाकार हो; उच्च जीवनको पक्का जग र वनोट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नभएको कला के कला हो ? ५६

साँच्चि नै राम्रा रचनाहरू त्यो वेला मात्र हुन्छन् जब राम्रो अनुभव शक्तिले काम गरेको हुन्छ । जिन्दगीमा यस्ता घडीहरू कम भएमा यस्ता रचनाहरू पनि कमै हुन्छन् । ५७

साँचो कलाले बाहिरी रूपको मात्र होइन भित्री कुराको पनि ख्याल राख्छ । ज्यान लिने र ज्यान दिने दुइ किसिमको कला छ । सच्चा कला कलाकारको सुख, सन्तोष र पवित्रताको द्योतक हुन्छ । ५८

हामीले येनकेन आफूलाई यस विश्वासमा अभ्यस्त पारेका छौं कि कला र निजी जिन्दगीको शुद्धता भनेको दुइ विभिन्न कुरा हुन् । मेरो सम्पूर्ण अनुभवको आधारमा म के भन्न सक्छु भने यो जत्तिको असत्य कुरा कुनै पनि हुन सक्तैन । मेरो पार्थिव जीवनको अन्त्यतिर पुगिसकेको हुनाले म भन्न सक्छ कि जीवनको शुद्धता नै सबैभन्दा उच्च र सबैभन्दा सत्य कला हो । राम्रोसंग अभ्यास गरिएको आवाजबाट राम्रो संगीत निकाल्ने कला धेरैले हासिल गर्न सक्तछ, तर शुद्ध जिन्दगीको सुसङ्गतिबाट त्यो संगीत निकाल्ने कला विरलै मात्र प्राप्त गर्न सकिन्छ । ५९

कुनै गर्व नगरिकन तथा उचित शिष्टतापूर्वक भनूं भने, मेरो सन्देश र विधिहरू, निःसन्देह, सारभूत रूपमा सम्पूर्ण संसारका लागि हुन् र यसले दिनप्रतिदिन बढ्दो रूपमा पश्चिमी देशका नरनारीहरूको हृदयमा गजबको स्थान ग्रहण गर्न सकेको छ भनी थाहा पाउँदा मलाई अपार आनन्दको अनुभव भएको छ । ६०

मेरा साथीहरूले मलाई गर्नसक्ने सबैभन्दा ठूलो सम्मान केही छ भने त्यो हो— म जुन कार्यक्रमको लागि खडा भएको छु त्यसलाई आफ्नो जिन्दगीमा लागू गर्नु अथवा तिनीहरूलाई यसमा विश्वास लाग्दैन भने मलाई आफूले भ्याएसम्म प्रतिरोध गर्नु । ६१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दावलि

अद्वैत दोश्रो नभएको। भारतीय दार्शनिक, शङ्कराचार्य (८४५–८७७) संग सम्बन्धित दार्शनिक परम्परा जसले सर्वशक्तिमान् सत्य एउटै मात्र छ र अरू सबै देखौवा मात्र हो भन्ने विश्वास गर्छ।

अहिंसा बलको अप्रयोग, साक्षात् प्रेमको व्यवहार।

आश्रम तपोवन; एउटा शान्त स्थान जहाँ साझा आदर्श भएका मानिसहरू सामुदायिक जीवन यापन गरी एउटा खास अनुशासनको पालन गर्छन्। गान्धीजी आफ्ना सहकर्मीहरूकासाथ बस्नुभएको ठाउँलाई आश्रम भन्थे।

आश्रम हिन्दू आदर्शवाद अनुसार राम्रो जीवनको चार भाग अथवा अवधि मानिएको छ। ती प्रत्येक भाग अथवा अवधिलाई आश्रम भन्ने गरेका छन्। ती हुन् : अध्ययन तथा आत्म–अनुशासनको अवधि, गृहस्थ तथा सांसारिक जीवनको अवधि, ध्यान तथा सांसारिक बन्धनहरूबाट बिस्तारै अलग्ग रहने अवधि, र सन्यासको अवधि।

आत्मा हामीभित्रको एउटा अभौतिक सत्ता जसको गुण चैतन्य हो। आफू।

अवतार ईश्वरद्वारा मनुष्य देह धारण।

बनिया तेश्रो वर्णको हिन्दू, जसको कुलायनी व्यवसाय वाणिज्य-व्यापार हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागवत् भगवान् कृष्णको जीवनी र शिक्षासमेत भएको हिन्दूहरूको पवित्र ग्रन्थ ।

ब्रह्मचर्य विहा नभएको अवस्था; उच्च आदर्शको साधनामा संलग्न नियम र निष्ठाको जीवन ।

ब्राह्मण पहिलो वर्णको हिन्दू जसको कुलायनी काम पुरोहित्याइं अथवा विद्याभ्यास हो ।

चपाती सुख्खा रोटी ।

चर्खा धागो कात्ने यन्त्र ।

धर्म पुण्यकर्म, नैतिक नियम अथवा सदाचार; कर्त्तव्य ।

दिवान राजा-रजौटा भएको राज्यको मुख्य मन्त्री ।

हिंसा बल प्रयोग ।

खद्दर हातले कातेको धागोको हातैले बुनेको कपडा ।

महात्मा अक्षरार्थमा ठूलो आत्मा; साधु-सन्तलाई दिइने उपाधि । पछि गएर भारतमा गान्धीजीलाई महात्मा भन्न लागे ।

मनु एकजना प्राचीन धर्मगुरु । मनुस्मृति नामको आचारसंहिताका रचयिता ।

मोक्ष माया-मोहबाट छुट्कारा । जन्म-मृत्युको चक्रबाट मुक्ति ।

मुनि द्रष्टा; ऋषि; खासगरी जैन मतको सन्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवाब मुसल्मान उच्च पदाधिकारी अथवा शासक ।

पर्दा केही पूर्वीय देशहरूमा आइमाईले लगाउने घुम्टो ।

ऋषि साधु ।

सदाव्रत गरीबलाई सीधा दान ।

संस्कार अगाडिको कामले पारेको अमिट छाप ।

सत्याग्रह शाब्दिक अर्थमा सत्यमा अडिग रहनु । गान्धीजीले आफूले तथा आफ्नो निर्देशनमा अपनाइएको अहिंसात्मक विरोधको तरीकालाई राखेको नाम ।

सेवा समिति स्वेच्छापूर्वक सामाजिक सेवा गर्ने संस्था !

शास्त्र हिन्दू धर्मग्रन्थ ।

स्वदेशी आफ्नो देशको प्रेम अथवा देशीय कुराको संरक्षण ।

वकिल अदालती; कानूनी शास्त्रका पण्डित ।

वेद हिन्दूहरूको सबैभन्दा पुरानो तथा सबैभन्दा पवित्र ग्रन्थ ।

उपनिषद् सामान्यतया हिन्दू दर्शनशास्त्रको श्रोतसामग्री मानिएका दर्शनसम्बन्धी प्राचीन उपदेशहरू । यस्ता उपनिषद्हरू सयवटाभन्दा बढी छन्, जसमा दशवटा मुख्य छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल श्रोत

उपयोग गरिएका पुस्तकहरूको सूची तल लेखिए बमोजिम छ जसको उल्लेख निम्न-लिखित संकेतहरूद्वारा गरिएको छ:

आ क आत्मकथा (*आयन् अटोग्राफी अर् द स्टोरी अफ् माई एक्सपेरिमेन्ट विथ् त्रुथ्*), लेखक–मो. क. गान्धी । प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद । शुरूमा दुइ भागमा निस्केको: पहिलो १९८४ मा र दोश्रो १९८६ मा । प्रस्तुत संस्करण २००५ सालमा अगष्ट महीनामा प्रकाशित भएको ।

गा अ च महात्मा गान्धी, अन्तिम चरण (*महात्मा गान्धी, द लास्ट फेज्*), लेखक-प्यारेलाल । प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद, दुइखण्डमा, पहिलो खण्ड २०१३ सालको फेब्रुअरी महीनामा र दोश्रो खण्ड २०१५ सालको फेब्रुअरी महीनामा ।

म त महात्मा, मोहनदास करमचन्द गान्धीको जीवनी (*महात्मा लाइफ् अफ् मोहन-दास करमचन्द गान्धी*), लेखक डी. जी. टेण्डुल्कर । प्रकाशक–बिठ्ठलभाइ के. झावेरी एण्ड डी. जी. टेण्डुल्कर, बम्बई–६ । आठ खण्डमा: पहिलो खण्ड २००८ सालको अगष्ट महीनामा, दोश्रो खण्ड २००८ डिसेम्बर महीनामा, तेश्रो खण्ड २००९ सालको मार्च महीनामा, चौथो खण्ड २००९ सालको जुलाई महीनामा, पाँचौं खण्ड २००९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सालको अक्टूबर महीनामा, छैठौं खण्ड २०१० सालको मार्च महीनामा, सातौं खण्ड २०१० सालको अगष्ट महीनामा, आठौं खण्ड २०११ सालको जनवरी महीनामा।

वा प मी बापूको पत्र मीराको नाम (*बापूज् लेटर्स् टु मीरा*) प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद, श्रावण २००६ ।

गा र सं महात्मा गान्धीका रचना संग्रह (*द कलेक्टेड वर्क्स् अफ् महात्मा गान्धी*), प्रकाशक–प्रचारविभाग सूचना तथा प्रसार मन्त्रालय, भारत सरकार, नयाँ दिल्ली खण्ड १ को प्रकाशन २०१५ सालमा भएको थियो ।

मदेशे महादेव देसाईको रोजनाम्चा (*द ड़ायरी अफ् महादेव देसाई*)। प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद । भाग १ को प्रकाशन २०१० सालमा भएको थियो ।

हिं स्व हिन्द स्वराज (*हिन्द स्वराज अर् इण्डियन होम् रूल*), लेखक–मो. क. गान्धी। प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद । पहिलो प्रकाशन १९९५ सालमा। प्रस्तुत प्रकाशन २००३ सालको ।

ना स अ नारी र सामाजिक अन्याय (*वीमेन् एण्ड सोशल इन्जस्टीस्,*) लेखक–मो. क. गान्धी। प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदावाद। पहिलो प्रकाशन १९९९ सालमा । प्रस्तुत प्रकाशन २०११ सालको ।

म गा म महात्मा गान्धीको मन (*द माइन्ड् अफ् महात्मा गान्धी*), सम्पादक–आर. के. प्रभु तथा यू. आर्. राव। प्रकाशक–अक्सफोर्ड यूनिभर्सिटी प्रेस. लण्डन, चैत्र २००२।

गा सा गान्धी साहित्यबाट (*सिलेक्शंस फ्रम् गान्धी*), संकलनकर्ता–निर्मल कुमार बोस। प्रकाशक–नवजीवन पब्लिशिङ्ग हउस्, अहमदाबाद, २००५ साल ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन पत्र पत्रिकाहरूमा यी दफाहरूको प्रकाशन पहिलो पल्ट भएको हो ती पत्रपत्रिकाको उल्लेख उक्त पुस्तकहरूमा पाइने छ ।

परिच्छेद १

१. आ क, ४	२. आ क, ४	३. आ क, ४–५
४. आ क, ५	५. ग स, ४५	६. आ क, ११
७. आ क, १२	८. आ क, १२–१३	९. आ क, १४
१०. आ क, १५	११. आ क, १५–१६	१२. आ क, १८
१३. आ क, १९	१४. आ क, २१	१५. आ क, २३–२४
१६. आ क, २६–२७	१७. आ क, ३१	१८. आ क, ३१–३२
१९. आ क, ३२–३३	२०. आ क, ३३	२१. आ क, ३३
२२. आ क, ३३	२३. आ क, ३६	२४. आ क, ३७
२५. आ क, ३७	२६. आ क, ३८	२७. आ क, ३८
२८. आ क, ४७	२९. आ क, ५०–५१	३०. म त्त दोश्रो ४७-४८
३१. आ क, ५२	३२. आ क, ५२	३३. आ क, ५२–५३
३४. आ क, ५४	३५. गा र सं, पहिलो, ३	३६. आ क, ६३
३७. आ क, ६४–६५	३८. आ क, ६६–६७	३९. आ क, ७९–८०
४०. आ क, ८१–८२	४१. आ क, ८४	४२. आ क, १०१
४३. आ क, १०१	४४. आ क, १०२	४५. आ क, १०५
४६. आ क, ११५	४७. आ क, ११८	४८. आ क, १२३
४९. आ क, १२८	५०. आ क, १२९	५१. आ क, १३०
५२. आ क, १३४	५३. आ क, १३५	५४. आ क, १४०–४१
५५. आ क, १५७	५६. आ क, १५७–५८	५७. आ क, १६२–६३
५८. आ क, १६३–६४	५९. आ क, १६५	६०. आ क, १६८
६१. आ क, १९०	६२. आ क, १९०–९१	६३. आ क, १९१–९२
६४. आ क, १९२	६५. आ क, १९७	६६. आ क, २१२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७. आ क, २०५ ६८. आ क, २२९–३० ६९. आ क, २३१
७० आ क, २३२–३३ ७१. आ क, २३५ ७२. आ क, २३६–३७
७३. आ क, २३९–४० ७४. आ क, २४१ ७५. आ क, २४९–५०
७६. आ क, २५० ७७. आ क, २५०–५१ ७८. आ क, २५१
७९. आ क, २५६ ८०. आ क, २५७ ८१. आ क, ३३४
८२. आ क, २६१ ८३. आ क, २६२–६३ ८४. आ क, २६४
८५. आ क, २६५ ८६. आ क, ३३७ ८७. आ क, ३३८
८८. म त दोश्रो, ४९ ८९. आ क, ३४२ ९०. आ क, ३४९
९१. आ क, ३६४–६५ ९२. आ क, ३८३ ९२. आ क, ३८३
९३. आ क, ३८४ ९४. आ क, ३८५ ९५. आ क, ३८६
९६. आ क, ३९१ ९७. आ क, ३९१–९२ ९८. आ क, ३९२–९३
९९. आ क, ३९८ १००. आ क, ३९८ १०१. आ क, ४०६
१०२. आ क, ४०६ १०३. आ क, ४०९ १०४. आ क, ४११–१२
१०५. आ क, ४१४ १०६. आ क, ४१४–१५ १०७. आ क, ४१५
१०८. आ क, ४१८ १०९. आ क, ४१८–१९ ११०. आ क, ४१९
१११. आ क, ४४३–४४ ११२. आ क, ४४९ ११३. आ क, ४२१–२२
११४. आ क, ४२४–२५ ११५. आ क, ४२५ ११६. आ क, ४२७
११७. गा सा, १६७–६८ ११८. गा सा, १६८–७० ११९. गा सा, २१४
१२०. गा सा, २१४ १२१. म त, दोश्रो ११३ १२२. म त, दोश्रो ३४०
१२३. आ क, ६१४; हेर्नु. म गा म ४ पनि। १२४. आ क, ६१५ १२५. आ क, ६१६
१२६. म गा म, ७ १२७. म गा म, ८
१२८. म त, दोश्रो ४१७ १२९. गा सा, १५० १३०. म त, दोश्रो, ४२१–२३
१३१. म त, दोश्रो ४२५-२६ १३२. म त, तेश्रो १४२ १३३. म त, तेश्रो, १५५-५७
१३४. म त, चौथो ९३ १३५. म त, चौथो, ९५ १३६. म त, छैठौं, ३५६
१३७. गा सा, २१६ १३८. गा अ च, दोश्रो, ४७५ १३९. म त, चौंथो, ६६–६७
१४०. म त, छैठौं, १७७ १४१. म त, पांचौं, २४१-४२ १४२. म त, पाँचौं, ३७८-७९
१४३. म त, सातौं, १०० १४४. गा अ च, दोश्रो, ८०१ १४५. गा अ च, दोश्रो, ८०८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४६. म त, पहिलो, २८५	१४७. गा अ च, दोश्रो, ८००	१४८. गा अ च, दोश्रो, ४५३
१४९. गा अ च,दोश्रो,४६३	१५०. म त, आठौं, २२-२३	१५१. गा अ च, दोश्रो, २४६
१५२. गा अ च,दोश्रो,२४६	१५३. गा अ च, दोश्रो, ३२४	१५४. म गा म, १६
१५५. गा अ च,दोश्रो,३२४	१५६. गा अ च, दोश्रो, १०१	१५७. गा अ च, दोश्रो, ३२७
१५८. गा अ च,पहिलो५६२	१५९. म गा म, ९	१६०. म गा म, ९
१६१. गा अ च,दोश्रो,७६३	१६२. गा अ च, दोश्रो, ४१७	१६३. गा अ च, दोश्रो, ७८२
१६४. गा सा, २३८		

परिच्छेद २

१. म गा म, ८५	२. गा सा, २२३	३. आ क, ३४१
४. म गा म २१	५. म गा म, २२	६. म गा म, २२
७. म गा म, २२	८. म गा म, २२-२३	९. गा सा, ९
१०. गा अ च, पहिलो ४२१–२२	११. आ क, ६१५	१२. आ क, ६१५-१६
	१३. आ क, ६१६	१४. गा सा, ८
१५. म गा म, २४	१६. गा सा, २२४	१७. गा सा, २२४
१८. गा सा, २२५	१९. गा सा, २२५	२०. गा सा, २२६-२७
२१. गा सा, २२८	२२. गा सा, २२६	२३. गा सा, २२७-२८
२४. गा सा, २२८	२५. गा सा, २२८	२६. म गा म, ८४
२७. म गा म, ८४	२८. म गा म, ८२	२९. म गा म, ८६
३०. म गा म, ९६	३१. म त, तेश्रो १३९–४०	३२. मत, चौथो,१०८-०९
३३. मत, तेश्रो, ३४३		३४. म त, तेश्रो, ३००
३५. म त, चौथो, १२१	३६. म दे रो, १३८	३७. म दे रो, २२७-२८
३८. बा प मी, १७१	३९. म त चौथो, १६७-६८	४०. गा अ च, पहिलो, ५९९
४१. गा अ च, दोश्रो, २४७	४२. म, त, तेश्रो, ३५९-६०	
	४३. आ क, ६	४४. आ क, ६–७
४५. गा सा, २२५	४६. म गा म, २५	४७. म गा म, २३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४८. म गा म, २४	४९. म गा म, २४	५०. म गा म, २७
५१. म गा म, २७	५२. म गा म. ३०	५३. म गा म, ३३
५४. म गा म, ७०	५५. म गा म, ७०	५६. म गा म, ७१
५७. म गा म, ८०	५८. म गा म, ७८	५९. म त, तेश्रो, १७६-७७
६०. गा सा, १७	६१. म गा म, १७	६२. म गा म, १९-२०
६३. म गा म, २०	६४. म गा म, २१	६५. म गा म, २३
६६. म गा म, ३८	६७. म दे रो, २४९-५०	६८. म गा म, १२
६९. म गा म, १३	७०. म गा म, १३	७१. म गा म, १
७२. म गा म, ५	७३. म गा म, १०	७४. म गा म, १५
७५. म गा म, २३	७६. म गा म, २०	७७. म गा म, २०
७९. म गा म, ३८	८०. गा सा, ९	८१. गा सा, ४६-४७
८२. गा सा, २२३	८३. गा सा, २२३	८४. गा सा, २२३
८५. गा सा, २२३	८६. गा सा, २२३	८७. गा सा, २२४
८८. गा सा, २२९	८९. गा सा, २२९	९०. गा सा, २२९
९१. गा सा, २२९	९२. गा सा, २३०	९३. म दे रो, १६८
९४. गा सा, २३८	९५. म गा म, १	९६. म गा म, २-३
९७. म गा म, ३	९८. म गा म, ३	९९. म गा म, ३
१००. म गा म, ५	१०१. म गा म, ५	१०२. म गा म, ५
१०३. म गा म, १०	१०४. म गा म, ८१	१०५. म गा म, ८२
१०६. म गा म, १०६	१०७. म गा म, १६७	१०८. गा सा, २१०
१०९. गा अ च, पहिलो, ३४८	११०. गा अ च, दोश्रो, ७८४	१११. म त, सातौं, २६४
	११२. गा अ च, दोश्रो, १४३	११३. गा अ च, दोश्रो, ९१
११४. गा अ च, दोश्रो, १४३	११५. म गा म, १४	११६. म त, दोश्रो, ३१२

परिच्छेद ३

१. गा सा, १३	२. गा सा, ३७	३. गा सा, १४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. म गा म, १२६	५. हिं स्व, ५१-५२	६. गा अ च, दोश्रो, १४०-४१
७. गा सा, १६०-६१	८. गा सा, १६१	
९. गा सा, १६२		

परिच्छेद ४

१. म गा म, ४९	२. म त, पाँचौं, ३४४	३. गा सा, १६
४. गा सा, १८	५. गा सा, २४	६. गा सा, १८
७. गा सा, २३	८. गा सा, २४-२५	९. गा सा, १७-१८
१०. गा सा, ३१-३२	११. गा सा, २७-२८	१२. गा सा, ३३
१३. गा सा, ३२	१४. गा सा, ३३	१५. गा सा, ३३
१६. गा सा, ३४	१७. गा सा, ३८-३९	१८. गा सा, १४२-४३
१९. गा सा, १४५	२०. गा सा, १४६-४७	२१. गा सा, १४७
२२. गा सा, १६	२३. गा सा, ३३	२४. गा सा, १४४
२५. गा सा, १४५	२६. गा सा, १४७	२७. गा सा, १४९
२८. गा सा, १४९	२९. गा सा, १५१	३०. गा सा, १५१-५२
३१. गा सा, १५२	३२. गा सा, १५२	३३. गा सा, १५२
३४. आ क, ४२७-२८	३५. आ क, ४२८	३६. आ क, ४२९
३७. गा सा, १५४	३८. गा सा, १५५	३९. गा सा, १५७
४०. गा सा, १५७	४१. गा सा, १५९-६०	४२. म गा म, २०६
४३. गा सा, ४२	४४. म गा म, ३-४	४५. म गा म, ४४
४६. म गा म, ४४	४७. म गा म, ४४	४८. म गा म, ४६
४९. म गा म, ४६	५०. म गा म, ४६	५१. म गा म, ४८-४९
५२. म गा म, ४८	५३. म गा म, ५०	५४. म गा म, ५२
५५. म गा म, ५४	५६. म गा म, ५८	५७. म गा म, ६३
५८. म गा म, ६४	५९. म गा म, ६८	६०. म गा म, ६८-६९
६१. भ दे रो, २९६	६२, गा अ च, दोश्रो,१२४-२५	६३. गा अ च, दोश्रो ५०७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६४. म त, सातौं, १५२-५३
६५. गा सा, १५०-५१
६६. गा सा, १५३
६७. गा सा, १५३
६८. गा सा, १५४
६९. गा सा, १५४
७०. गा सा, १५५-५६
७१. गा सा, १५६
७२. म गा म, ४७
७३. म गा म, ४९
७४. म गा म, ५०
७५. म त, चौथो, ६१
७६. म त, दोश्रो, ५-८
७७. म त, पाँचौं, २७३
७८. म त, सातौं, १७१-७३
७९. म गा म, १३३

परिच्छेद ५

१. गा सा, ३९
२. गा सा, ३९
३. गा सा, २६८
४. गा सा, २६८
५. गा सा, २७१–७२; हेर्नु. म गा म, ४४ पनि ।
६. म गा म, ११
७. म गा म, ११
८. म गा म, १०८
९. म दे रो, ९८
१०. म दे रो, २९८
११. गा अ च, दोश्रो, २३३
१२. गा अ च, दोश्रो, ४४२
१३. गा अ च, दोश्रो, ७९२
१४. गा सा, २२१
१५. गा सा, २२१
१६. म गा म, ३२
१७. म गा म, ३३
१८. म गा म, ३२–३३
१९. गा अ च, पहिलो, ५७३
२०. गा सा, २१७
२१. गा सा, १८
२२. गा अ च, पहिलो, ५९९
२३. गा अ च, पहिलो, ६००
२४. म त, चौथो, ५७-५८
२५. आ क, २५८
२६. म दे रो, ८०
२७. गा अ च, पहिलो, ५८८–८९
२८. न दे रो, २५३
२९. म त, चौथो ७३
३०. गा सा, २१५–१६
३१. गा अ च, पहिलो, ५८६

परिच्छेद ६

१. गा सा, २७
२. गा सा, २७
३. गा सा, २२
४. म गा म, १३७
५. म गा म, १३५
६. म गा म, १३४
७. म गा म, १३५–३६
८. म गा म, १३६
९. म दे रो, २८७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०. गा अ च, पहिलो, ३५९
११. गा सा, ४३
१२. गा सा, ४३
१३. गा सा, ४४
१४ गा सा, १५२
१५. म गा म, १३३
१६. गा सा, ११३
१७. गा सा, १७१–७२
१८. म गा म, ५९–६०
१९. म गा म, ६०–६१
२०. म गा म, ६३
२१ म गा म, ६३
२२. म गा म, ६३
२३. गा अ च, दोस्रो, ९०

परिच्छेद ७

१. म गा म, १२८
२. गा सा, ७३
३. गा सा, ७१
४. म गा म, १२१
५. म त, सातौं, २२४–२५
६. गा सा, ६४–६५
७. गा सा, ६६
८. गा सा, ६६
९. गा सा, ६७–६८
१०. गा सा, ५८
११. गा सा, ५८
१२. गा सा, ५९
१३. गा सा, ६५
१४. गा सा, ६६–६७
१५. गा सा, ७१

परिच्छेद ८

१. गा सा, ४१
२. गा सा, ४०
३. गा सा, ७७
४. गा सा, १७
५. गा सा, ७५
६. गा सा, ७५–७६
७. गा सा, ७७–७८
८. गा सा, ७८–७९
९. गा सा, ५२
१०. गा सा, ५४
११. गा सा, ५०
१२. गा सा, ४९
१३. म गा म, ११
१४. म गा म, १०१
१५. गा सा, ७६
१६. गा सा, ४९
१७. गा सा, ४८–४९
१८. गा सा, ४९
१९. गा सा, ४९
२०. म गा म, १०४
२१. म गा म, ११६
२२. म गा म, ११७
२३. गा सा, ८१
२४. गा सा, ९१
२५. गा सा, ९२
२६. गा सा ९४
२७. म, त, चौथो १३–१४
२८. गा अ च, पहिलो, ६६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गान्धी शतवार्षिक समाहरोह समिति

काठमाडौंलाई चन्दा दिने दाताहरू

नाम		रकम
१. श्री मणिहर्ष ज्योति	–	"All Men Are Brothers" किताब नेपालीमा उल्था गराई छाप्न आवश्यक खर्च
२. श्री रामलालजी गोल्छा, विराटनगर	–	२५०११–
३. श्री मकालु प्रा. लि.	–	२५०११–
४. श्री अशोक टेक्स्टाइल	–	२५००१–
५. श्री रतीराम अग्रवाल	–	१५०११–
६. श्री जय नेपाल ट्रेडिंग कं.	–	१५०११–
७. श्री तोलाराम दुगड	–	१५०११–
८. श्री सुनिलकुमार एण्ड कं. प्रा. लि.	–	१५०११–
९. श्री रामनिरंजन डी जेतिया	–	१५०११–
१०. श्री रत्न स्टेन्लेस स्टील इन्डस्ट्रीज (प्रा)	–	५०११–
११. श्री नेपाल स्पिनिंग विभिंग एण्ड निटिंग (प्रा) लि.	–	५०११–
१२. श्री गिरिधरजी, एभरेष्ट वाच	–	५०११–
१३. श्री मदनलाल रामेश्वरलाल, विराटनगर	–	५२११–
१४. श्री भेरी ट्रेडर्स, नेपालगंज	–	२००१–
१५. श्री हाजी स्टील ट्रेडर्स	–	२५१–

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

This PDF you are browsing is in a series of several scanned documents containing the personal colleciton of Jagannath Bhattarai ji from Kathmandu, Nepal.

CV:

Jagannath Bhattarai
Date of Birth: 31 December 1960
Place of Birth: Kathmandu, Nepal
Address: Nagarjun (Ramkot), Kathmandu

Educational Qualifications
Bachelor of Science (B.Sc.) – Major in Biology
Master's Degree – Sociology & Anthropology
Shastri (Ongoing) – Balmiki Vidyapeeth

Professional Experience
Government School Teacher (Madhyamik Pratham Shreni)
Taught at Secondary Level (Madhyamik)
Taught at Higher Secondary Level (Uchcha Madhyamik)
Served as Head Teacher
Led academic and administrative development
Strengthened institutional performance and student outcomes

Areas of Interest
Sanskrit Vyakaran
Spiritual & Philosophical Studies
Educational Leadership

Digitization by eGangotri Trust
Funding by MIDF, New Delhi